राष्ट्रको गौरव
# गोरखापत्र
वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक
सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।
gorkhapatraonline.com




राष्ट्रिय संस्करण | विचार | प्रभावकारी जलवायु कूटनीति | विद्युत्मा सोह्र अर्ब चौँतिस करोडको क्षति १४

वर्ष १२६ | अङ्क १३२ | २०८३ साल भदौ ३० गते मङ्गलबार | भाद्र शुक्ल चतुर्थी | नेपाल संवत् ११४६ ञँलाथ्व ४ | 2026 September 15 Tuesday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

# पुनर्निर्माणमा स्रोतको कमी हुँदैन : प्रधानमन्त्री

## भोटेकोशी बाढी प्रभावित क्षेत्रमा सुरक्षित बस्ती विकासको तयारी



*तस्बिर : प्रधानमन्त्रीको सचिवालय*

**प्रधानमन्त्री वालेन्द्र शाह भोटेकोशी हिमबाढीबाट प्रभावित क्षेत्रका जनप्रतिनिधिहरूसँग सोमबार प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय सिंहदरबारमा छलफल गर्नुहुँदै ।**

> जोखिमयुक्त तटीय क्षेत्रमा पुनः बस्ती बसाउँदा भविष्यमा थप क्षति हुन सक्ने भएकाले प्रभावित नागरिकलाई नजिकैको सुरक्षित स्थानमा व्यवस्थित रूपमा पुनर्स्थापना गर्नु पर्छ ।

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २९ गते*

प्रधानमन्त्री वालेन्द्र शाहले भोटेकोशी बाढीबाट क्षतविक्षत भएका मानव बस्ती, सडक, पुललगायत भौतिक संरचनाको पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि आर्थिक स्रोतको कुनै कमी हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबारमा सोमबार बाढी प्रभावित नुवाकोट, रसुवा, धादिङ, गोरखा र तनहुँका १५ स्थानीय तहका प्रमुख तथा प्रतिनिधि सभा सदस्यसँग छलफल गर्दै उहाँले सरकारसँग उपलब्ध तथा दातृ निकायबाट प्राप्त स्रोतसाधन परिचालन गरी पुनर्निर्माण तथा पुनर्स्थापनाको काम अघि बढाउने बताउनुभएको हो ।

छलफलका क्रममा प्रधानमन्त्री शाहले भोटेकोशी बाढीको विपत्मा सङ्घ, प्रदेश र स्थानीय तहबिच तत्काल समन्वय भई उद्धार तथा राहतका काम अघि बढेकोमा खुसी व्यक्त गर्नुभयो । प्रधानमन्त्री शाहले भन्नुभयो, "यसअघि सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय हुँदैन भन्ने सुन्दै आएका थियौँ तर यस विपत्मा हामी एकै ठाउँमा उभियौँ, मिलेर काम गर्‍यौँ ।" प्रभावित क्षेत्रको वस्तुस्थिति बुझ्न जनप्रतिनिधिसँगको छलफल महत्त्वपूर्ण रहेको बताउँदै प्रधानमन्त्री शाहले स्थानीय तहका प्रमुख तथा प्रतिनिधि सभा सदस्यबाट प्रभावित क्षेत्रको अवस्थाबारे जानकारी लिनुभएको थियो ।

उहाँले प्रभावित क्षेत्रका जनप्रतिनिधिलाई निर्धक्क भएर पुनर्निर्माणमा जुट्न आग्रह गर्दै सडक सञ्जाल र पुलको पुनर्निर्माण तत्काल अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । बाढीबाट प्रभावित नागरिकलाई पूर्ववत् अवस्थामा फर्काउन सडक सञ्जालको पुनर्स्थापना पहिलो प्राथमिकतामा रहेको उहाँले बताउनुभयो ।

### सुरक्षित स्थानमा नयाँ बस्ती विकास

प्रधानमन्त्री शाहले भोटेकोशी बाढीबाट प्रभावित नदी तटीय क्षेत्रमा पुनः बस्ती बसाउन सम्भव नहुने बताउँदै सुरक्षित स्थानमा नयाँ बस्ती विकास गर्नुपर्नेमा जोड दिनुभएको थियो । उहाँले जोखिमयुक्त तटीय क्षेत्रमा पुनः बस्ती बसाउँदा भविष्यमा थप क्षति हुन सक्ने भएकाले प्रभावित नागरिकलाई नजिकैको सुरक्षित स्थानमा व्यवस्थित रूपमा पुनर्स्थापना गर्नुपर्ने बताउनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्री शाहले नयाँ बस्ती विकास गर्दा प्रभावित नागरिकको रोजगारी, शिक्षा, स्वास्थ्य, संस्कृति तथा सामाजिक जीवनलाई प्राथमिकतामा राख्नुपर्ने बताउँदै खेतीयोग्य जमिनको संरक्षण गर्दै वैज्ञानिक बस्ती व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले सुरक्षित स्थानमा बस्ती विकासका लागि आवश्यक जग्गा पहिचान गरी सङ्घीय सरकारलाई सिफारिस गर्न स्थानीय जनप्रतिनिधिलाई आग्रह पनि गर्नुभयो ।

» बाँकी पृष्ठ २ मा

## क्षतिग्रस्त सडक सञ्जाल असोजभित्रै सञ्चालनको तयारी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २९ गते*

सरकारले रसुवाको भोटेकोशीमा आएको हिमबाढीका कारण क्षतिग्रस्त सडक सञ्जाल असोजभित्रै पूर्ण रूपमा सञ्चालनमा ल्याउने गरी मर्मत तथा पुनर्निर्माणको कामलाई तीव्रता दिएको छ ।

नागरिकको आवतजावत सहज बनाउन र नजिकिँदै गरेका ठुला चाडपर्वमा आपूर्ति व्यवस्थापनमा कुनै अवरोध नआओस् भन्ने उद्देश्यसहित सरकारले यो कदम चालेको हो । विशेष गरी बाढीले बढी क्षति पुर्‍याएका राजमार्ग र रणनीतिक सडकहरूमा प्राथमिकताका साथ जनशक्ति र उपकरण परिचालन गरिएको छ ।

बाढी प्रभावित क्षेत्रमा तत्काल वैकल्पिक सडकहरू सञ्चालन, तुइन र झोलुङ्गे पुल जडानलाई तीव्रता दिइरहेको सरकारले त्यो सकिएलगत्तै पक्की सडक र पुल निर्माणतर्फ केन्द्रित हुने बताएको छ । बाढीपछि रसुवाको मुख्य राजमार्ग भदौ १० गतेदेखि नै पूर्ण रूपमा अवरुद्ध छ । मैलुङ–स्याफ्रुबेँसी सडकखण्डमा बाढी तथा पहिरोको जोखिमका कारण यातायात प्रभावित भएको छ भने टोखा–छहरे सडकखण्ड (नुवाकोट) मा पहिरोको जोखिम र रात्रिकालीन समयमा सवारी आवागमनमा रोक लगाइएको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहसँग सोमबार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा भएको छलफलमा पूर्वाधार विकासमन्त्री सुनील

» बाँकी पृष्ठ २ मा

# साइबर अपराधविरुद्ध साझा सङ्कल्प प्रस्ताव



*तस्बिर : एआई*

महिला तथा बालिकामाथि हुने बलात्कार, यौन हिंसा र साइबर अपराधका घटना नियन्त्रणमा राज्य संयन्त्रलाई प्रभावकारी बनाउन सत्तापक्ष-प्रतिपक्षका सांसदहरूको साझा सङ्कल्प प्रस्ताव ।

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २९ गते*

महिला तथा बालिकामाथि हुने बलात्कार, यौन हिंसा र साइबर अपराधका घटना नियन्त्रण र न्यूनीकरणमा राज्य संयन्त्रलाई प्रभावकारी बनाउनुपर्ने विषयमा सत्तापक्ष र प्रतिपक्षका सांसदहरू एकै ठाउँ उभिएका छन् । सत्तापक्ष तथा प्रतिपक्षका सांसदहरू सम्मिलित रहेर संयन्त्र प्रभावकारी र क्रियाशील बनाउन प्रतिनिधि सभामा सङ्कल्प प्रस्ताव दर्ता भएको छ । नेकपा (एमाले) का संसदीय दलका प्रमुख सचेतक नीता घतानी प्रस्तावक रहेको सङ्कल्प प्रस्ताव दर्ता भएको हो । प्रस्तावमा सत्तारूढ तथा अन्य विपक्षी दलका सांसदहरूले समर्थन गरेका छन् ।

घटना नियन्त्रण र न्यूनीकरणका लागि मौजुदा कानुनको प्रभावकारी कार्यान्वयन, पीडितहरूको सुरक्षा तथा पुनर्स्थापना र शीघ्र न्यायका लागि संयन्त्र आवश्यक भएको सङ्कल्प प्रस्तुत गरिएको छ । सांसद घतानीको प्रस्तावमा सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद श्रद्धा कुँवर, नेपाली कांग्रेसकी रेनुका काउचा, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सांसद बलावती शर्मा र पार्वती विकले समर्थन गर्नुभएको छ । यस्तै श्रम संस्कृति पार्टीका अम्बिका देवी सङ्ग्रौला तथा राप्रपा संसदीय दलका सचेतक खुश्बु ओलीले प्रस्तावको समर्थन गर्नुभएको छ ।

सार्वजनिक महत्त्वको कुनै पनि विषयमा राय वा सिफारिस प्रकट गर्न तथा सन्देश वा निर्देशन दिन सङ्कल्प प्रस्ताव दर्ताको अधिकार प्रतिनिधि सभा नियमावलीले सांसदहरूलाई दिएको छ । यस्तै नेपाल सरकारको कुनै कार्य वा नीतिको समर्थन वा विरोध प्रकट गर्न वा पुनर्विचारका लागि ध्यानाकर्षण गर्न पनि सङ्कल्प प्रस्ताव दर्ता गर्न सकिने व्यवस्था नियमावलीले गरेको छ । सङ्कल्प प्रस्तावको मागअनुसार सभाले सरकारलाई सम्बन्धित विषयमा आवश्यक निर्देशन दिन सक्ने छ ।

सङ्कल्प प्रस्तावमा नेपालको संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, बालबालिकाको हक तथा महिलाको हकको अधिकार प्रत्याभूत गरेको उल्लेख छ । हिंसा तथा शोषणविरुद्धको अधिकार मौलिक हकका रूपमा सुनिश्चित भए पनि व्यवहारमा महिला तथा बालिकामाथि हुने बलात्कार, यौन हिंसा र साइबर अपराध जस्ता घटना निरन्तर वृद्धि भइरहनु गम्भीर चिन्ताको विषय भएको उल्लेख गरिएको छ ।

प्रस्तावमा भनिएको छ, "बालिका तथा किशोरीमाथि हुने यौन अपराधले उनीहरूको मानसिक, शारीरिक र भविष्यमा दीर्घकालीन असर पारिरहेको छ । अर्कोतर्फ डिजिटल प्रविधिको विस्तारसँगै साइबर बुलिङ, चरित्रहत्या जस्ता नयाँ प्रकृतिका अपराधले महिलाको सम्मान र गोपनीयतामा गम्भीर आघात पुर्‍याएका छन् ।" संविधानले प्रत्याभूत गरेको मौलिक हक व्यवहारमा सुरक्षित नहुन राज्य र समाज दुवैका लागि चिन्ताको विषय भएको प्रस्तावमा उल्लेख छ । प्रस्तावमा गृह मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयलाई सम्बन्धित मन्त्रालयका रूपमा प्रस्तुत गरिएको छ ।

दर्ता प्रस्तावमा सम्बन्धित मन्त्रीसँगको परामर्शमा सभामुखले छलफलको मिति र आवश्यक समय तोक्ने अधिकार नियमावलीले दिएको छ । छलफल भई स्वीकृत प्रस्तावलाई कार्यान्वयनका लागि सभाका सचिवले मन्त्रीपरिषद् र सम्बन्धित मन्त्रीलाई पठाउने व्यवस्था नियमावलीमा छ । स्वीकृत सङ्कल्प प्रस्तावको कार्यान्वयन गरी त्यसको जानकारी सम्बन्धित मन्त्रालयले सम्बद्ध समिति र सचिवालयलाई हरेक तीन/तीन महिनामा नियमित रूपमा उपलब्ध गराउनुपर्ने व्यवस्थासमेत प्रतिनिधि सभा नियमावलीले गरेको छ ।

पारित प्रस्तावको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको समेत व्यवस्था नियमावलीले गरेको छ । कार्यान्वयनको आवधिक रूपमा अनुगमन र मूल्याङ्कन प्रतिनिधि सभाका सम्बन्धित विषय हेर्ने समितिले गर्ने व्यवस्था नियमावलीमा छ ।

## सुरुङ क्षेत्रमा खोजी जारी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २९ गते*

भोटेकोशी बाढीपछि रसुवाका जलविद्युत् आयोजनाका सुरुङ तथा प्रभावित क्षेत्रमा हराइरहेकाको खोजीलाई तीव्र पारिएको छ ।

नेपाली सेना, आयोजनाका प्रतिनिधि तथा विदेशी प्राविधिकसहितको संयुक्त टोलीले माथिल्लो त्रिशूली–१ र त्रिशूली थ्री 'ए' जलविद्युत् आयोजनामा पावरहाउस तथा सुरुङ क्षेत्रमा खोजी जारी राखेका छन् ।

सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार त्रिशूली थ्री 'बी' मा एक्साभेटर र ब्याकहो लोडर प्रयोग गरी आवासगृह, कार्यालय भवन तथा सुरुङ क्षेत्रमा खोजी गर्दै पावरहाउसतर्फ खोजी केन्द्रित गरिएको छ । त्यसै गरी रसुवागढी, लाङटाङ, चिलिमे, माथिल्लो त्रिशूली–१, त्रिशूली थ्री 'ए' र त्रिशूली थ्री 'बी' जलविद्युत् आयोजनाका सुरुङ तथा आसपासका क्षेत्रमा खोजी जारी राखेको हो ।

नेपाली सेनाले हालसम्म हवाई माध्यमबाट मात्र चार हजार १७७ जनाको उद्धार गरिएको छ । उद्धार गरिएकामध्ये तीन हजार ८९४ जना नेपाली र २८३ जना विदेशी नागरिक छन् ।

रसुवागढी जलविद्युत् आयोजनामा आयोजनाका प्रतिनिधि तथा विदेशी प्राविधिकसहितको संयुक्त टोलीले सुरुङ तथा आयोजनाका अन्य संरचनामा खोजी गरिरहेको छ । लाङटाङ जलविद्युत् आयोजनामा ड्रोन प्रयोग गरी सुरुङभित्र खोजी गरिए पनि हालसम्म कुनै व्यक्ति फेला नपरेको सेनाले जनाएको छ । त्यसै गरी चिलिमे जलविद्युत् आयोजनामा भने खोजी कार्य थप कठिन बनेको छ ।

» बाँकी पृष्ठ २ मा

# पाठ्यपुस्तक छपाइ प्रभावित

> अहिले काम नपाउँदा कर्मचारीहरू हात बाँधेर बस्नुपर्ने अवस्था आएको छ । ढिलो गरी काम आएपछि कर्मचारीलाई अतिरिक्त समयमा काम लगाउनुपर्ने हुन्छ, जसले संस्थामा आर्थिक भारसमेत बढाउँछ ।



**सूर्यप्रसाद पाण्डे**
*काठमाडौँ, भदौ २९ गते*

विद्यालय तहमा नयाँ पाठ्यक्रम लागु गर्ने कि पुरानो भन्ने अन्योलका कारण विद्यालय तहको पाठ्यपुस्तक छपाइ प्रभावित भएको छ ।

तत्काल यो अन्योलको अन्त्य नभएमा आगामी शैक्षिक सत्र २०८४/८५ मा विद्यालय तहमा पाठ्यपुस्तक अभावको समस्या निम्तिने चिन्ता बढेको छ । विद्यालय तहको पाठ्यपुस्तक छपाइ र वितरणको जिम्मेवारी पाएको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले समेत यसमा चिन्ता व्यक्त गरेको छ । विद्यालय तहमा हाल रहेको राष्ट्रिय पाठ्यक्रम प्रारूप (एनसिएफ) २०७६ को परिमार्जनका लागि सरकारले कार्यदल बनाएर काम गरिरहेको छ । कार्यदलले विभिन्न समूहमार्फत जिल्लामा गएर विद्यार्थी, शिक्षक, अभिभावक, नीति निर्मातालगायत अन्य सरोकारवाला समूहबाट पृष्ठपोषण लिइरहेको छ ।

पृष्ठपोषण सङ्कलन तथा चरणबद्ध छलफल सकेर नयाँ पाठ्यक्रम निर्माणको तहमा पुग्न केही समय लाग्न सक्छ । नयाँ पाठ्यक्रम अनुसार पाठ्यपुस्तक छपाइसम्मको चरणमा पुग्न झन कति दिन लाग्छ भन्ने यकिन छैन ।

यही अन्योलका बिच जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले पाठ्यपुस्तक छपाइका लागि आवश्यक निर्णय गरिदिन पाठ्यक्रम विकास केन्द्रलाई पटक पटक अनुरोध गरिसकेको छ । पाठ्यपुस्तक छपाइका लागि आवश्यक पर्ने मुद्रणीयप्रति (प्रिन्ट राइट कपी) पाठ्यक्रम विकास केन्द्रले दिनुपर्ने हुन्छ । मुद्रणीय प्रतिका आधारमा पाठ्यपुस्तक छपाइको काम हुन्छ ।

जनक शिक्षाका प्रबन्ध सञ्चालक यदुनाथ पौडेलले मुद्रणीय प्रति उपलब्ध गराइदिन पाठ्यक्रम विकास केन्द्रलाई अनुरोध गरिएको तर हालसम्म निर्णय नभएको बताउनुभयो । समयमै निर्णय भएर आफूहरूलाई पाठ्यक्रमको मुद्रणीय प्रति उपलब्ध गराइदिएमा पाठ्यपुस्तक छाप्न सहज हुने उहाँले बताउनुभयो ।

जनक शिक्षाले गत वर्ष साउन महिनाबाट नै पाठ्यपुस्तक छपाइ सुरु गरेको थियो । बेलैमा छपाइको काम गर्न पाएका कारण उसले प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि आवश्यक पर्ने मतपत्रसमेत छापेको थियो ।

» बाँकी पृष्ठ २ मा

## 'सुझावका आधारमा पाठ्यक्रम परिमार्जन'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २९ गते*

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विद्यार्थी, शिक्षक, अभिभावक तथा स्थानीय समुदायबाट प्राप्त सुझाव र गुनासोलाई आधार बनाएर शिक्षा प्रणाली र पाठ्यक्रममा आवश्यक सुधार गरिने बताउनुभएको छ ।

मधेश प्रदेशको भ्रमणका क्रममा सप्तरीका विभिन्न विद्यालयमा पुगेर विद्यार्थी, शिक्षक तथा अभिभावकसँग प्रत्यक्ष संवाद गर्दै उहाँले विद्यार्थीले दिएका सुझाव र गुनासो शिक्षा सुधारका लागि महत्त्वपूर्ण रहेको बताउनुभयो ।

प्राप्त सुझावलाई समेटेर अहिलेको पाठ्यक्रममा आवश्यक परिवर्तन गरी नयाँ पाठ्यक्रम निर्माणको प्रक्रिया अघि बढाइने उहाँले बताउनुभयो । उहाँले काठमाडौँमा बन्द कोठामा बसेर मात्र पाठ्यक्रम निर्माण गर्ने अभ्यासलाई अन्त्य गर्नुपर्ने बताउनुभयो ।

"विद्यार्थी भाइबहिनीले दिएका सुझाव र गुनासो अत्यन्तै मार्मिक छन्," उहाँले भन्नुभयो, "प्राप्त सुझावलाई सम्बोधन गरेर अहिलेको पाठ्यक्रममा आवश्यक परिवर्तन गरी नयाँ पाठ्यक्रम निर्माण गर्ने दिशामा अघि बढ्छौँ ।" भदौ २६ गते धनुषाबाट सुरु भएको मन्त्रीसहितको टोलीको मधेश यात्रा सप्तरीको महावीर माध्यमिक विद्यालयमा पुगेर सम्पन्न भएको थियो ।

» बाँकी पृष्ठ २ मा

**» अन्तर्राष्ट्रिय**

## साउदी अरबमाथि हुथीको आक्रमण

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २९ गते*

यमनको हुथी विद्रोहीले साउदी अरबमाथि क्षेप्यास्त्र र ड्रोन आक्रमण गरेको छ । अब्हा विमानस्थललाई लक्षित गरी ब्यालेस्टिक क्षेप्यास्त्र र विस्फोटक ड्रोनहरू प्रहार गरिएको हो । साउदी नेतृत्वको गठबन्धनका अनुसार यस नागरिक विमानस्थल र वरपरका क्षेत्रमा भएका आक्रमणहरूमा परी ७३ जनाभन्दा बढी सर्वसाधारण घाइते भएका छन् । यसमा महिला तथा बालबालिकासमेत घाइते भएका छन् ।

त्यसै गरी साउदी अरबको दक्षिणी क्षेत्रमा शक्तिशाली विस्फोट भएका छन् । स्थानीय प्रशासनद्वारा सीमावर्ती सहरका बासिन्दालाई सुरक्षा चेतावनी जारी गरिएको छ । हुथी विद्रोहीले साउदी अरबको दक्षिणी क्षेत्रमा क्षेप्यास्त्र आक्रमणको नयाँ लहर चलाएको इरानी सरकारी सञ्चारमाध्यम प्रेस टिभीले सोमबार दाबी गरेको छ ।

अल जजिरा टेलिभिजनका अनुसार साउदी नागरिक सुरक्षाले दक्षिणपश्चिमी क्षेत्रका खामिस मैसुत र आभाका बासिन्दालाई एक घण्टाभित्र दोस्रो पटक चेतावनी जारी गरेको थियो । यमनको सीमासँग नजिक रहेका यी दुवै सहरमा हुथी आक्रमणको जोखिम बढेको छ ।

हुथी सैन्य प्रवक्ता याह्या सारीले साउदी अरबको सारुराहस्थित सैन्य अड्डाको हतियार भण्डार तथा कमान्ड र नियन्त्रण कक्षमा आक्रमण गरेको दाबी गरेका छन् ।

» बाँकी पृष्ठ २ मा

# ‘बालबालिकामा लगानी सुखद भविष्यका लागि’

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २९ गते*

प्रधानमन्त्री वालेन्द्र शाहले बालबालिकामा गरिने लगानी राष्ट्रको सुखद भविष्यका लागि भएको बताउनुभएको छ । राष्ट्रिय बालदिवस–२०८३ का अवसरमा शुभकामना सन्देश जारी गर्दै प्रधानमन्त्रीले देशभित्र तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली बालबालिकामा सुख, समृद्धि, सुस्वास्थ्य, सफलता, बालमैत्री वातावरण र उत्कृष्ट भविष्यको शुभकामना व्यक्त गर्नुभएको हो।

प्रधानमन्त्री शाहले बालअधिकारको सम्मान, संरक्षण र प्रवर्धनमा निरन्तर क्रियाशील अभिभावक, शिक्षक, जनप्रतिनिधि, राष्ट्रसेवक, नागरिक समाज, विकास साझेदार, सञ्चार जगत् तथा सम्पूर्ण सरोकारवालाप्रति सम्मान व्यक्त गर्नुभयो।

बालबालिकाको वर्तमान सुरक्षित र अधिकारसम्पन्न बनाएर मात्र राष्ट्रको समृद्ध भविष्य निर्माण गर्न सकिन्छ भन्ने सन्देश उहाँले उल्लेख गर्नुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। “अबको मुख्य प्राथमिकता संवैधानिक तथा कानुनी अधिकारलाई प्रत्येक बालबालिकाको दैनिक जीवनमा वास्तविक अनुभूति गराउनु हो,” उहाँले भन्नुभयो, “यसका लागि सङ्घ, प्रदेश र स्थानीय तहबिच प्रभावकारी समन्वय, सहकार्य र उत्तरदायित्व बहन आवश्यक छ।”

यसैबिच महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीले सरकारले विपत्का कारण आमाबाबु गुमाएका, परिवारबाट अलग भएका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल उद्धारदेखि स्याहार, संरक्षण, पुनर्स्थापना र पारिवारिक पुनर्मिलनसम्मको जिम्मेवारी राज्यको भएको बताउनुभएको छ।

बालदिवसका अवसरमा शुभकामना दिँदै मन्त्री बादीले ‘बाढी प्रभावित विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको दीर्घकालीन स्याहार योजना’ कार्यान्वयनमा ल्याइएको पनि स्पष्ट पार्नुभएको छ।

“विपत्ले बालबालिकाबाट घर, परिवार वा अभिभावक खोस्न सक्छ तर उनीहरूको बालापन र भविष्य खोसिन दिँदैनौँ,” उहाँले भन्नुभयो, “विपत्पछि बालबालिकालाई तत्काल राहत र अस्थायी संरक्षण दिएर मात्र राज्यको दायित्व पूरा हुँदैन। उनीहरूको स्वास्थ्य, शिक्षा, मनोसामाजिक अवस्था, सुरक्षा, पारिवारिक पुनर्मिलन र पुनर्स्थापनालाई समेत राज्यको संरक्षण प्रणालीसँग जोड्न आवश्यक छ।”

उक्त योजना अन्तर्गत विपत्का कारण आमाबाबु गुमाएका, परिवारबाट अलग भएका वा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अवस्था पहिचान गरी उनीहरूको सर्वोत्तम हितका आधारमा आवश्यक संरक्षण तथा स्याहारको व्यवस्था गरिने भएको हो । योजनाको प्रारम्भिक कार्यान्वयन अन्तर्गत ललितपुरको गोदावरी नगरपालिका–१२, ठेचोमा विशेष संरक्षणको आवश्यकता भएका, उद्धार गरिएका बालबालिकाका लागि अस्थायी बाल संरक्षण सेवा केन्द्र सञ्चालनमा ल्याइएको मन्त्री बादीले जानकारी गराउनुभएको छ।

केन्द्रबाट बालबालिकालाई सुरक्षित आवास, खानपान, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, परिवार खोजी तथा पारिवारिक पुनर्मिलनलगायतका सेवा उपलब्ध गराइने छ । दीर्घकालीन संरक्षण आवश्यक पर्ने बालबालिकाको व्यक्तिगत अवस्था, आवश्यकता र सर्वोत्तम हितको मूल्याङ्कन गरी उपयुक्त दीर्घकालीन स्याहार तथा संरक्षणको व्यवस्था गरिने मन्त्रालयले जनाएको छ।

# बाढीपीडितका घर सफा गरिँदै

**नगेन्द्र सापकोटा**
*काठमाडौँ, भदौ २९ गते*

सरकारले रसुवाको भोटेकोशी हिमबाढीपीडितलाई उनीहरूकै घर सफा गरेर बस्न योग्य बनाई पुनर्स्थापना गर्ने काम सुरु गरेको छ।

भदौ १० गते भोटेकोशीमा बाढीसँगै आएको लेदोले पुरिएका पक्की घरको लेदो, ढुङ्गा र माटो पन्छाएर बस्नयोग्य बनाएपछि पुनर्स्थापना गर्ने कार्य सुरु गरिएको हो। धादिङ, नुवाकोट र रसुवा जिल्ला प्रशासन कार्यालयको सक्रियतामा बाढीबाट आंशिक क्षति भएका पक्की घरको पहिचान गरी पुनर्स्थापना गरिएको धादिङका प्रमुख जिल्ला अधिकारी लक्ष्मी पाण्डेय (गौतम) ले जानकारी दिनुभयो। उहाँका अनुसार धादिङको गल्छी, गजुरी, बेनीघाट, रोराङ र सिद्धलेक गाउँपालिकामा गरी ५४२ घरधुरी बाढीबाट प्रभावित भएका छन् । त्यसमध्ये एक सय जति घरको लेदो पन्छाएर पुनर्स्थापित गर्ने कार्यको सुरुवात भइसकेको छ। अन्य कतिपय पूर्ण क्षति नभएका घरलाई पनि सफा गरी पुनर्स्थापना कार्य थालनी भएको छ। जिल्ला विपत् व्यवस्थापन समितिको सक्रियतामा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी, विभिन्न सङ्घ संस्थाबाट आएका स्वयंसेवकले बाढीपीडितका घर सफाइ गर्ने काम गर्दै आएको पनि उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, “कतिपय घर दुई तलासम्म पनि लेदोले पुरिएका छन् । त्यस्ता घरको केही कोठा सफा गरेर भए पनि क्रमिक रूपमा बाढीबाट विस्थापित भएका व्यक्तिलाई आफ्नै घरमा स्थापित गर्न थालिएको छ । कतिपय भने प्रशासन कार्यालयको पहलमा घर भाडा लिएर बस्न पनि थालेका छन्।”

विदुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शुभाकर पौडेलले नगरपालिकाको वडा नं. ३ र ९ मा बाढीले कम क्षति भएका कतिपय व्यक्तिका घर सफा गरेर पीडितलाई स्थापित गर्न थालिए पनि अधिकांश घरको लेदो पन्छाउन सकिने अवस्था नभएको बताउनुभयो । नगरपालिकाको वडा नं. ३ मा एक हजार एक सयको हाराहारीमा घर बाढीले क्षति भएका छन् । त्यसमा १० प्रतिशत घर लेदो पन्छाएर बस्न सकिने सम्भावना छ । त्यस्तै वडा नं. ९ मा पनि लेदो पन्छाएर बस्नयोग्य घर छन् । त्यहाँ पनि लेदो पन्छाउने प्रयास जारी रहेको नगरपालिकाले जनाएको छ। “कतिपय पीडितले भने आंशिक क्षति भई लेदोले पुरिएका घर पन्छाउन नगरपालिकालाई आग्रह गर्ने गरेका छन् तर काम गर्ने जनशक्ति नहुँदा सबै लेदो पन्छाएर पीडितलाई पुनर्स्थापित गर्न कठिन भएको छ,” उहाँले गुनासो गर्नुभयो । नेपाली सेना, प्रहरी निरन्तर उद्धार, राहत पुनर्स्थापनामा खटिएकाले व्यक्तिको घर पन्छाउन समय अपुग भएको पौडेलले बताउनुभयो।

नगरपालिकाका १३ वटा वडामा एक हजार ७१० घरमा बाढीले क्षति पुगेको छ। त्यसमा तीन सय घर आंशिक क्षति भएका छन्। त्यसमध्ये वडा नं. २, ११ र १३ बाहेक अरू सबै वडामा बाढीले क्षति भएको छ। लेदो पन्छाएर बस्न सकिने घर छैनन्।

रसुवाको उत्तरगया गाउँपालिकाका प्रवक्ता टुकुप्रसाद सुवेदीले गाउँपालिकामा जम्मा पाँच वटा वडामा तीन वटा खोलावारि र दुई वटा खोलापारि हुँदा खोलाले भेटेका सबै घर पूर्ण क्षति भएकाले लेदो पन्छाएर बस्नयोग्य घर नभएको बताउनुभयो। बाढीबाट ६९२ घरधुरी प्रत्यक्ष रूपमा प्रभावित भएका छन् भने उक्त घरधुरीका गरी ६१३ परिवार पूर्ण रूपमा विस्थापित छन् । कतिपय व्यक्तिले टहरा बनाएर अस्थायी रूपमा बसोबास गरेकाले त्यस्ता घरको पूर्ण विवरण गाउँपालिकासँग नभएको उहाँले स्पष्ट पार्नुभयो।

भदौ १० गते आएको बाढीबाट रसुवा, नुवाकोट, धादिङ, गोरखा र तनहुँका गरी १५ वटा जिल्लालाई सरकारले विपत् सङ्कटग्रस्त क्षेत्र घोषणा गरी उद्धार, राहत र पुनर्स्थापना गर्ने कार्यलाई उच्च प्राथमिकता दिँदै आएको छ।



तस्बिर : सुजन गुरुङ

**भोटेकोशी हिमबाढीबाट तहसनहस भएको नुवाकोटको देवीघाट क्षेत्र । यहाँका घर तथा पसलमा थुप्रिएको बालुवा, ढुङ्गा र माटो स्थानीयवासी आफैँले सफा गर्न थालेका छन् ।**

# जन्मकैदको कानुनी सीमामा सर्वोच्च अदालतको व्याख्या

**नारायण काफ्ले**
*काठमाडौँ, भदौ २९ गते*

सर्वोच्च अदालतले व्यक्तिको ज्यान मारिएको मात्र अवस्थामा मुलुकी अपराध संहिताको दफा ४१ (क) स्वतः आकर्षित नहुने व्याख्या गरेको छ । सर्वोच्चको संयुक्त इजलासले नाबालक हत्यासम्बन्धी एक मुद्दामा हत्या हुँदैमा क्रूर यातना तथा निर्ममतापूर्वक हत्या भएको नमानिने व्याख्या गरेको हो । अदालतले क्रूरतापूर्वक हत्यामा अपराधको परिणाम मात्र नभई हत्या गर्ने तरिका, प्रयोग भएको हिंसाको प्रकृति, पीडितलाई दिइएको यातना, अपराधको मनसाय र समग्र परिस्थितिको वस्तुगत मूल्याङ्कन आवश्यक हुने व्याख्या गरेको छ।

न्यायाधीशद्वय महेश शर्मा पौडेल र टेकप्रसाद ढुङ्गानाको संयुक्त इजलासले संहिताको दफा ४१(क) लागु गर्न सामान्य ज्यान मार्ने कसुरभन्दा अतिरिक्त रूपमा क्रूर यातना वा विशेष प्रकारको निर्ममता रहेको तथ्य स्थापित हुनुपर्ने दृष्टिकोण अघि सारेको छ। ज्यान मार्ने मनसाय र क्रूर यातना दिई वा निर्ममतापूर्वक ज्यान मार्ने मनसाय एउटै कानुनी अवस्था नभएको अदालतको निष्कर्ष छ। जन्मकैद र व्यक्ति जीवित रहेसम्म हुने कैदको कानुनी सीमामा अदालतले विवेचना गरेको हो।

सर्वोच्चको फैसलामा भनिएको छ, “विधायिकाले जन्मकैद र कसुरदार जीवित रहेसम्म कैद सजायको फरक व्यवस्था गरेको छ भने सामान्य जन्मकैदको अवस्थाभन्दा कसुरदार जीवित रहेसम्मको जन्मकैदका लागि सामान्य मार्ने कार्यभन्दा अगाडि बढी चरम यातना दिई मारिएको गम्भीर दोषीपना पुष्टि हुनु पर्छ । यसमा सामान्य ज्यान मार्ने मनसाय र कार्यभन्दा अझ अगाडि बढी क्रूरतापूर्वक यातना दिई वा निर्ममतापूर्वक मार्ने मनसाय र तदनुरूप आपराधिक कार्यमा चरम क्रूरता, बीभत्स र निर्ममता हुनुपर्ने गरी विधायिकी मनसाय रहेको अर्थबोध गर्नुपर्ने हुन्छ।”

सर्वोच्चले मुद्दामा बालकलाई धारिलो हतियार प्रयोग गरी हत्या गरिएको तथ्य गम्भीर भए पनि त्यसलाई दफा ४१ अन्तर्गतको चरम क्रूरता वा निर्ममता लागि पर्याप्त आधार र पृष्ठभूमि नरहेको निक्र्योल गरेको छ। सर्वोच्चले सोही आधारमा प्रतिवादीलाई जन्मकैदको मात्र सजाय हुने उच्च अदालत तुलसीपुर, बुटवल इजलासको २०८० माघ २४ गतेको फैसलालाई नै सदर गरेको छ । सुरु जिल्ला अदालत रुपन्देहीले भने २०७९ फागुन २८ मा प्रतिवादीलाई कर्तव्य ज्यानको कसुरमा दोषी ठहर गरी सजाय घटाउनेसम्बन्धी कानुनी व्यवस्था अनुसार जनही १० वर्ष कैदको सजाय सुनाएको थियो।

सर्वोच्चले क्रूरतापूर्वक हत्यामा आजीवन कैदका लागि हत्याअघि समेत योजनाबद्ध षड्यन्त्र, अत्यधिक हिंसा वा अतिरिक्त यातना स्थापित हुनुपर्ने अदालतको व्याख्या छ। जसका पूर्वसर्तमा पटक पटक हतियार प्रहार गर्ने, शरीर टुक्रा टुक्रा पार्ने, अङ्गभङ्ग गर्ने, जलाउने तथा अमानवीय यातना दिएर हत्या गर्ने जस्ता आपराधिक तत्त्व विद्यमान हुनुपर्ने व्याख्या गरिएको छ।

## आठ महिनाको नाबालकको हत्या

रुपन्देहीको गैडहवा गाउँपालिका–६, सूर्यपुराका श्रीराम मल्लाह र पत्नी रेनुले आफ्नो आठ महिनाको छोराको घाँटी रेटी हत्या गरेको विवाद तिनै तहको अदालतबाट न्यायिक परीक्षण भएको हो। २०७८ भदौ २५ को उक्त घटनामा सर्वोच्चले २०८२ भदौ २ गते अन्तिम फैसला सुनाएको हो। श्रीरामकी आमा भानमतीले आफ्नो नामको जग्गा विवाहित छोरी अकालमतीका नाममा पास गरिदिएको विषयमा पारिवारिक विवाद भएको थियो।

सम्पत्ति स्वामित्व दिदीका नाममा हस्तान्तरण भएपछिको परिणाम श्रीराम र पत्नी रेनुले आफूहरू पनि मर्ने र नाबालक छोरालाई समेत मार्ने योजना अनुसार कर्तव्य भएको बयान दिएका थिए तर अदालतमा भने आरोप अस्वीकार गरेका थिए। रेनुले श्रीमान् श्रीरामले नै छोराको हत्या गरेको आरोप लगाउनुभएको थियो। श्रीरामले पत्नी रेनुले नै छोरालाई मारेको दाबी गर्नुभएको थियो।

## जीवित रहेसम्म कैद माग

अभियोग दाबी अनुसार सरकारी वकिलले भने प्रतिवादीले आफ्नै दुधेबालकलाई क्रूरता र निर्ममतापूर्वक हत्या गरेको भन्दै अपराध संहिताको दफा ४१(क) बमोजिम आजीवन कैद सजायको माग गरेको थियो । अभियोजन पक्षले आजीवन कैद दाबी गर्दा प्रतिवादीद्वयले कसुर इन्कार गर्दै सफाइको माग गरेका थिए।

जिल्ला अदालतले भने नाबालक हत्या र आफूहरूसमेत आत्महत्या गर्ने परिस्थितिलाई आधार मानेर १० वर्ष मात्र कैद गर्ने राय दिएको थियो तर उच्च अदालतले जन्मकैदको सजाय हुने ठहर गरेको थियो । फैसलाउपर दुवै पक्षले सर्वोच्चमा पुनरावेदन गरेका थिए । फैसलाका क्रममा सर्वोच्चले दुवै पक्षको पुनरावेदन जिकिर भने अस्वीकार गरेको छ।

# बिचौलियामुक्त सेवा प्रवाहमा जोड

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २९ गते*

गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवालाई बिचौलियामुक्त, छिटोछरितो, सरल र प्रभावकारी बनाउन पाँचबुँदे परिपत्र जारी गरेको छ।

गृह मन्त्रालयका सहसचिव आनन्द काफ्लेद्वारा जारी परिपत्रमा सेवाग्राहीलाई सहज र प्रभावकारी सेवा उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिइएको हो । परिपत्रमा सरकारी कार्यालय वरिपरि सेवाग्राहीलाई सहयोग र सहजीकरण गर्ने नाममा गैरकानुनी रूपमा रकम असुल्ने व्यक्तिमाथि निगरानी बढाई कानुनबमोजिम कारबाही गर्न भनिएको छ । मन्त्रालयले अपाङ्गता भएका तथा अशक्त व्यक्ति, गर्भवती महिला, सानो बच्चा भएका महिला, ज्येष्ठ नागरिक र टाढाबाट सेवा लिन आएका सेवाग्राहीलाई सेवा प्रवाहमा प्राथमिकता दिन निर्देशन दिएको छ । त्यसै गरी नागरिक सहायता कक्षबाट जिल्ला प्रशासन कार्यालयमा प्रयोग हुने सबै प्रकारका निवेदन तथा फाराम, राष्ट्रिय परिचयपत्र र राहदानी सेवाका लागि अनलाइन फाराम भर्ने, फोटोकपी तथा स्क्यान गर्ने, इमेलमार्फत पत्राचार गरी अभिलेख बुझ्न पठाउने र प्राप्त गरी प्रिन्ट गर्ने सेवा निःशुल्क उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको छ।

परिपत्रमा भनिएको छ, “नागरिक सहायता कक्षबाट जिल्ला प्रशासन कार्यालयबाट प्रयोग हुने सबै प्रकारका निवेदन र फाराम, राष्ट्रिय परिचयपत्र र राहदानी सेवाका लागि अनलाइन फारम भर्ने सेवा, फोटोकपी र स्क्यान सेवा, इमेलबाट पत्रचार गरी अभिलेख बुझ्न पठाउने र प्राप्त गरी प्रिन्ट गर्ने सेवा निःशुल्क रूपमा उपलब्ध गराउनुपर्ने छ।” गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयमा मात्र नभई जिल्लास्थित सबै सरकारी तथा गैरसरकारी कार्यालयबाट समेत सम्बन्धित कार्यालयको सेवा प्रकृति अनुसार नागरिक सहायता कक्षमार्फत निःशुल्क सहायता उपलब्ध गराउने व्यवस्था मिलाउन निर्देशन दिएको छ । सेवा प्रवाहलाई प्रभावकारी बनाउन सेवाग्राहीलाई आवश्यक सूचना, जानकारी तथा कार्यविधिगत विषय नियमित रूपमा सम्प्रेषण गर्न पनि मन्त्रालयले निर्देशन दिएको छ । कार्यालयका वेबसाइट, सामाजिक सञ्जाल तथा अन्य उपयुक्त माध्यमबाट सेवासम्बन्धी जानकारी सार्वजनिक गर्न र वेबसाइट नियमित रूपमा अद्यावधिक गर्न भनिएको छ।

मन्त्रालयको पाँचबुँदे परिपत्रले सरकारी सेवा लिन सेवाग्राहीले भोग्नुपर्ने अनावश्यक झन्झट, बिचौलियाको हस्तक्षेप र अतिरिक्त आर्थिक भार कम गर्ने उद्देश्य लिएको छ। नागरिक सहायता कक्षलाई प्रभावकारी बनाएर सेवा प्रक्रियामा पारदर्शिता र सहजता कायम गर्नसमेत परिपत्रले जोड दिएको छ।

## साउदी...

सो आक्रमणमा केही मानिस घाइते भएका छन्। सिबिएस न्युजका अनुसार साउदी युवराज मोहम्मद बिन सलमानले हुथी विद्रोहीविरुद्ध सैन्य कारबाही गर्न अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पसँग आग्रह गर्नुभएको छ।

यसैबिच यमनको पश्चिमी तटका अस्पतालहरू हिंसा र स्वास्थ्य प्रणालीमा आएको अवरोधका कारण सेवा सञ्चालन गर्न कठिनाइमा परेका छन् । ‘डक्टर्स विदाउट बोर्डर्स’ का यमन निर्देशक लु कोर्म्याकिले केही अस्पताल पुनः सञ्चालनमा आए पनि स्वास्थ्यकर्मी र अन्य जनशक्तिको ठुलो अभाव रहेको बताउनुभएको छ । उपचारका लागि पर्याप्त स्वास्थ्य सुविधा नहुँदा सर्वसाधारणको ज्यान जोखिममा पर्न सक्ने उहाँले बताउनुभयो। हुथी विद्रोहीले लालसागर र बाब अल–मन्देब जलघाँटीमा साउदी अरबको तेल निर्यातसँग सम्बन्धित जहाजलाई समेत लक्षित गर्दै आएको अल जजिराले जनाएको छ।

यता नयाँ दिल्लीमा सम्पन्न ब्रिक्स शिखर सम्मेलनमा जारी गरिएको संयुक्त घोषणापत्रमा साउदी अरब, इरान र संयुक्त अरब इमिरेट्ससहित सदस्य राष्ट्रहरूले पश्चिम एसियामा बढ्दो तनावप्रति चिन्ता व्यक्त गर्दै संयम अपनाउन आग्रह गरेका छन्। घोषणापत्रमा नागरिक तथा नागरिक पूर्वाधारको सुरक्षा, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मान तथा स्थायी शान्तिका लागि संवाद र कूटनीतिक प्रयासमा जोड दिइएको छ।

## सुरुङ...

संयुक्त टोलीले एक्साभेटर र लोडर प्रयोग गरी सुरुङमा थुप्रिएको करिब एक सय मिटर माटो तथा भग्नावशेष हटाएको छ । सुरुङभित्र पानी भेटिएपछि पानी हटाउने कामसँगै उद्धार टोलीले डोरीको सहायताले भित्र प्रवेश गर्ने प्रयास गरिरहेको छ । चिलिमे क्षेत्रमा खोला वारपार गर्न तुइनसमेत जडान गरिएको छ। तुइन सञ्चालनमा आएपछि स्याफ्रुबेँसीलाई स्थलमार्ग हुँदै धुन्चेसँग जोड्न तथा खोज तथा उद्धार टोली र आवश्यक सामग्री ओसारपसारमा सहयोग पुगेको छ। यसैबिच प्रभावित बस्ती तथा सडक आसपासको जमिनमा पनि खोजीलाई निरन्तरता दिइएको छ । रसुवा र नुवाकोटका त्रिशूलीपारि कोलोनी, तुप्चे, दानसिङ, सामरी भञ्ज्याङ, कालिकास्थान र मान्चेतलगायत क्षेत्रमा नेपाली सेनाको टोलीले पैदल गस्तीमार्फत खोजी गरिरहेको छ।

## पाठ्यपुस्तक...

यस पटक भने पुस्तक नै छाप्न नपाउँदा कर्मचारीहरूलाई काम लगाउनसमेत मुस्किल भएको केन्द्रले जनाएको छ।

प्रबन्ध सञ्चालक पौडेलले भन्नुभयो, “अहिले काम नपाउँदा कर्मचारी हात बाँधेर बस्नुपर्ने अवस्था आएको छ । ढिलो गरी काम आएपछि कर्मचारीलाई अतिरिक्त समयमा काम लगाउनुपर्ने हुन्छ, जसले संस्थाको आर्थिक भारसमेत बढाउँछ।”

पाठ्यक्रम विकास केन्द्रले पनि जनक शिक्षाको गुनासो सम्बन्धित निकायमा जानकारी गराएको बताएको छ । केन्द्रका निर्देशक पुरुषोत्तम घिमिरेले भन्नुभयो, “हाम्रोतर्फबाट काम गरिरहेका छौँ। सम्बन्धित निकायबाट छिट्टै निर्णय हुन्छ होला ।” अबको एक साताभित्र मुद्रणीय प्रति उपलब्ध गराए पनि शैक्षिक सत्रअघि नै पाठ्यपुस्तक छपाइ सक्ने जनक शिक्षाले जनाएको छ। यस केन्द्रसँग अहिले छ वटा छापाखाना सञ्चालनमा छन्। ती छापाखाना पूर्ण रूपमा सञ्चालन भएमा दैनिक एक लाखको हाराहारीमा पाठ्यपुस्तक छाप्न सक्छन् । जनक शिक्षासँग गत वर्ष छापिएको ३० लाख थान पुस्तक मौज्दात छन्। नयाँ पाठ्यक्रम अनुसार पुस्तक छाप्नुपर्ने अवस्था आयो भने यी पुस्तक खेर जान्छ, जसबाट जनक शिक्षालाई ४० करोड रुपियाँ जति नोक्सान हुन सक्छ।

अहिलेकै अवस्थामा पुरानो पाठ्यक्रम अनुसार पुस्तक छाप्ने अधिकार दिने हो भने कक्षा १ देखि १२ सम्मै पुस्तक एक्लैले छाप्न सक्ने र शैक्षिक सत्र सुरु हुनुअघि पनि विद्यालयमा पुस्तक पुर्‍याउन सकिने जनक शिक्षाको दाबी छ । गत वर्ष कक्षा १, २ र ४ को पाठ्यपुस्तक छपाइको जिम्मा सरकारले निजी मुद्रण संस्थालाई दिएको थियो। बाँकी कक्षाका पाठ्यपुस्तक जनक शिक्षाले छापेको थियो।

## पुनर्निर्माणमा...

### सडक सञ्जाल पुनर्स्थापनामा जोड

प्रधानमन्त्री शाहले बाढी प्रभावित क्षेत्रमा सडक सञ्जाल जतिसक्दो चाँडो सञ्चालनमा ल्याउने गरी सरकारले निरन्तर काम गरिरहेको बताउनुभयो । सडक सञ्जाल सञ्चालनमा आएपछि प्रभावित नागरिकलाई राहत, स्वास्थ्य सेवा तथा दैनिक उपभोग्य वस्तुको पहुँच सहज हुने र पूर्ववत् अवस्थातर्फ फर्कन मद्दत पुग्ने उहाँको विश्वास छ।

बाढीबाट क्षतिग्रस्त सडक तथा पुल, मानव बस्ती र अन्य भौतिक संरचनाको पुनर्निर्माण तत्काल सुरु गर्ने विषयमा छलफलमा विशेष जोड दिइएको थियो। प्रभावित क्षेत्रको तत्कालीन आवश्यकता, पुनर्स्थापना तथा पुनर्निर्माणका लागि चाल्नुपर्ने कदम र आगामी कार्ययोजनाबारे समेत छलफल भएको थियो।

छलफलमा सहभागी नुवाकोटको तारकेश्वर गाउँपालिकाका अध्यक्ष शिव अधिकारी अविरलले प्रधानमन्त्री शाहले प्रभावित क्षेत्रमा पुनर्निर्माणका लागि आर्थिकलगायत कुनै पनि स्रोतको अभाव हुन नदिने बताउनुभएको जानकारी दिनुभयो।

अध्यक्ष अधिकारीले भन्नुभयो, “प्रधानमन्त्रीज्यूसँगको छलफल निकै सकारात्मक रह्यो, प्रभावित क्षेत्रको पुनर्स्थापना र पुनर्निर्माणका लागि आर्थिकलगायत कुनै पनि स्रोतको अभाव हुन नदिने प्रतिबद्धता व्यक्त गर्दै यथासक्य छिटो काम अघि बढाउने विषयमा प्रधानमन्त्रीले जोड दिनुभयो।”

अध्यक्ष अधिकारीका अनुसार प्रधानमन्त्री शाहले खोज तथा उद्धार, पुनर्स्थापना र पुनर्निर्माणमा सबैको सहयोग र सद्भाव प्राप्त भएकाले विषम परिस्थितिबाट छिट्टै सामान्य अवस्थामा फर्कन सकिने विश्वास व्यक्त गर्नुभएको थियो।

छलफलमा सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना, प्रतिनिधि सभा सदस्य डा. अच्युतम लामिछानेसहित नुवाकोटका विदुर नगरपालिकाका प्रमुख राजन श्रेष्ठ, बेलकोटगढी नगरपालिकाका प्रमुख जगतबहादुर गुरुङ, किस्पाङ गाउँपालिकाका अध्यक्ष वीरबल तामाङ र तारकेश्वर गाउँपालिकाका अध्यक्ष अधिकारी सहभागी हुनुहुन्थ्यो।

त्यसै गरी रसुवाका उत्तरगया गाउँपालिकाका अध्यक्ष माधवप्रसाद अर्याल, कालिका गाउँपालिकाका अध्यक्ष हरिकृष्ण देवकोटा, आमाछोदिङमो गाउँपालिकाका अध्यक्ष बुचुङ तामाङ र गोसाइँकुण्ड गाउँपालिकाका अध्यक्ष कैसाङनुर्पु तामाङ अनलाइनमार्फत सहभागी हुनुहुन्थ्यो।

धादिङका गल्छी गाउँपालिकाका अध्यक्ष केदारनाथ खतिवडा, सिद्धलेक गाउँपालिकाका अध्यक्ष परशुराम खतिवडा, गजुरी गाउँपालिकाका अध्यक्ष गणेशलाल श्रेष्ठ र बेनीघाट रोराङ गाउँपालिकाका अध्यक्ष कृष्णबहादुर थपलिया, तनहुँको देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापा र आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमान तथा गोरखाको गण्डकी गाउँपालिकाका अध्यक्ष दीपक तिमिल्सिना पनि छलफलमा सहभागी हुनुहुन्थ्यो।

छलफलले बाढी प्रभावित क्षेत्रको तत्कालीन आवश्यकता पहिचान, पुनर्स्थापना तथा पुनर्निर्माणका लागि स्रोतसाधन परिचालन र आगामी कार्ययोजना निर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ।

## क्षतिग्रस्त...

लम्सालले विभिन्न विषयगत आठ वटा कार्यदल निर्माण गरी सडक र पुल निर्माणलाई तीव्रता दिइरहेको जानकारी गराउनुभयो।

त्यसै गरी मन्त्री लम्सालले प्रभावित क्षेत्रमा आगामी मङ्सिरसम्म खानेपानी प्रणाली पुनर्स्थापना गर्ने गरी सरकारले काम गरिरहेको जानकारी गराउनुभएको थियो। प्रभावित क्षेत्रमा स्वास्थ्य, शिक्षालगायत पूर्वाधार निर्माणमा समेत तीव्र गतिमा काम भइरहेको उहाँले उल्लेख गर्नुभयो।

छलफलमा सहभागी नुवाकोटका प्रतिनिधि सभा सदस्य एवं सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले प्रभावित क्षेत्रमा पुगेर गैरसरकारी संस्थाहरूले बाढी प्रभावितहरूलाई घर बनाइदिने, ज्येष्ठ नागरिक तथा बालबालिकालाई संरक्षण गरिदिने जस्ता आश्वासन दिँदै हिँडिरहेको भन्दै उनीहरूले राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँगको समन्वयमा मात्रै काम गर्नुपर्ने बताउनुभयो।

### अल्पकालीन र दीर्घकालीन योजना

बाढीका कारण क्षतिग्रस्त सडक तथा पुलहरूको अस्थायी एवं स्थायी पुनर्निर्माणका लागि सरकारले अल्पकालीन र दीर्घकालीन योजनाहरू अगाडि सारेको छ । राष्ट्रिय योजना आयोगका सदस्य इन्जिनियर अर्जुनजङ्ग थापाले बाढी प्रभावित क्षेत्रको पुनर्निर्माणका लागि अल्पकालीन र दीर्घकालीन योजना अगाडि सारेर काम सुरु गरिएको जानकारी दिनुभयो।

अल्पकालीन योजना अन्तर्गत दसैँअघि नै नेपाल–चीन सीमा (रसुवागढी) जोड्ने सडक र स्थानीय आवागमन सुचारु गर्न सरकारले तीव्रताका साथ काम गरिरहेको छ। यसै योजना अन्तर्गत ट्र्याक खोल्ने र बेलिब्रिज जडान गर्ने कार्य अगाडि बढाइएको छ । बाढीले बगाएको करिब ६९ किलोमिटर सडकखण्डमा अस्थायी ट्र्याक खोल्न, पहिरो पन्छाउन र नदी डाइभर्सनका लागि तीन अर्ब १९ करोड रुपियाँ विनियोजन गरिएको छ । चिनियाँ नाका जोड्ने सडकखण्ड खुलाउन विभिन्न स्थानमा बेलिब्रिज राख्ने योजना छ।

त्यसै गरी यातायात विच्छेद भएका क्षेत्रमा नेपाली सेनाको सहयोगमा ‘एक्रोब्रिज’ जडान भइरहेका छन् । नुवाकोटको देवीघाटस्थित तादी नदीमा सेनाले ५७.९ मिटर लामो ‘एक्रोब्रिज’ निर्माण गरी सञ्चालनमा आइसकेको छ । सो पुल सञ्चालनमा आएसँगै सो क्षेत्रको सडक सञ्जाल पुनः जोडिएको छ।

क्षतिग्रस्त ६८ झोलुङ्गे पुलमध्ये तत्काल मर्मत गर्न सकिने २० वटा पुलको मर्मत कार्य भदौ १७ गतेबाटै सुरु भइसकेको छ, जुन एक महिनाभित्र सकिने लक्ष्य छ । नागरिकलाई तत्काल राहत दिन स्याफ्रुबेँसीस्थित भोटेकोशीमा तुइन निर्माण गरिएको छ।

### दीर्घकालीन योजना

बाढीले क्षति पुर्‍याएका संरचनाहरूको स्थायी निर्माणका लागि दीर्घकालीन (स्थायी) योजनाहरू अगाडि सारिएको छ। बाढीले बगाएका संरचनाहरूको स्थायी निर्माणका लागि विशेष योजना तय गरिएको राष्ट्रिय योजना आयोगका सदस्य इन्जिनियर थापाले जानकारी दिनुभयो।

क्षतिग्रस्त संरचनाको स्थायी निर्माणका लागि अर्थ मन्त्रालयले बजेट अभाव हुन नदिने प्रतिबद्धता जनाउँदै आन्तरिक राजस्वको प्रयोग, वैदेशिक अनुदान, सहुलियतपूर्ण ऋण र छिट्टै नै दाता सम्मेलन आयोजना गर्ने योजना बनाएको छ।

क्षतिग्रस्त संरचनाहरूको निर्माणका लागि चीन सरकारसँग सहकार्यको समेत प्रस्ताव गरिएको छ। रसुवागढी सीमातर्फ चिनियाँ पक्षले आफ्नो क्षेत्रमा तीव्र गतिमा काम गरिरहेकाले नेपाली भूभागतर्फको सडक स्थायी रूपमा पुनर्निर्माण गर्न सोही चिनियाँ जनशक्ति र प्रविधि परिचालन गर्न सरकारले चीन सरकारलाई औपचारिक रूपमा सहयोगको प्रस्ताव गरेको जनाइएको छ।

दीर्घकालीन योजना अन्तर्गत नै पूर्वाधार विकास मन्त्रालयले विषयगत कार्यदल (थिमेटिक टाक्स फोर्स) गठन गरी काम अगाडि बढाएको छ। पुनर्निर्माण कार्यलाई तीव्र गतिमा अगाडि बढाउन र काम दोहोरिन नदिन आठ वटा विषयगत कार्यदल गठन गरी विस्तृत् अध्ययन र कार्यान्वयन सुरु गरिएको हो।

भविष्यमा आउन सक्ने यस्ता विपत्बाट जोगाउन अब बन्ने स्थायी सडक र पुलहरू पुराना संरचना भएका स्थानभन्दा केही परिवर्तन गरी प्राविधिक रूपमा सुरक्षित कोरिडोर पहिचान गरेर मात्र डिजाइन गरिने योजना अगाडि सारिएको छ।

राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको प्रतिवेदन अनुसार सडक र यातायात पूर्वाधार पुनरुत्थानका लागि मात्रै ७३ अर्ब ३४ करोड रुपियाँ लाग्ने अनुमान गरिएको छ । पुल र सडकको स्थायी पुनर्निर्माणका लागि १८ अर्ब १६ करोड रुपियाँ आवश्यक पर्ने देखिएको छ।

## ‘सुझावका...

यात्राका क्रममा विद्यार्थी, शिक्षक, अभिभावक र स्थानीय समुदायसँग शिक्षा क्षेत्रका समस्या, आवश्यकता तथा सुधारका विषयमा सुझाव सङ्कलन गरिएको थियो। मन्त्री पोखरेलका अनुसार यात्राका क्रममा काठमाडौँमा बसेर सहजै जानकारी नहुने शिक्षा क्षेत्रका स्थानीय समस्या तथा व्यावहारिक चुनौतीबारे प्रत्यक्ष जानकारी प्राप्त भएको छ।

कक्षाकोठादेखि समुदायसम्म पुगेर सङ्कलन गरिएका अनुभव र सुझावले आगामी शिक्षा ऐनलगायतका कानुन तथा नयाँ राष्ट्रिय पाठ्यक्रम निर्माणमा महत्त्वपूर्ण आधार प्रदान गर्ने मन्त्री पोखरेलको भनाइ छ।

## कृष्णभिरमा 'सर्फेस ड्रेनेज' निर्माण

# असोज १ देखि राजमार्ग पूर्ण सञ्चालनमा आउने



तस्बिर : वसन्त पराजुली

**पृथ्वी राजमार्गको कृष्णभिरमा सवारीसाधन पूर्ण रूपमा सञ्चालनका लागि सडक ग्रेडिङ र रोलिङ गरिँदै ।**

**वसन्त पराजुली**
*मुग्लिङ, भदौ २९ गते*

पहाडी राजमार्गमा पानीको निकास नहुनु पहिरोको दृष्टिले अति जोखिम मानिन्छ। यही जोखिम नियन्त्रण गर्ने उदेश्यले पृथ्वी राजमार्गको कृष्णभिरमा राजमार्गसँगै 'सर्फेस ड्रेनेज' (सतही पानी निकास प्रणाली) निर्माण गरिएको छ।

कृष्णभिरबाट निस्कने पानीले राजमार्गलाई असर नगरोस् भन्ने उद्देश्यले 'सर्फेस ड्रेनेज' निर्माण गरिएको हो। यससँगै त्यहाँ जम्मा हुने पानी नालीमार्फत निकास हुने छ। आइतबार सवारीसाधन सञ्चालन गरी परीक्षण गरिएको र बिहीबारबाट पूर्ण रूपमा यातायात सञ्चालन गर्ने तयारी भइरहेका बेला कृष्णभिरमा ड्रेनेज निर्माण गरिएको पृथ्वी राजमार्ग नौबिसे–मुग्लिङ आयोजना पश्चिम कार्यालयका इन्जिनियर धिरण ढकालले जानकारी दिनुभयो।

"अहिले उच्च घनत्वको पोलिथिनबाट बनेको पाइप जडान गरेर 'सर्फेस ड्रेनेज' बनाएका छौँ। यसको उद्देश्य नै पानी निकास गर्नु हो," उहाँले भन्नुभयो। "कृष्णभिरमा २५२ मिटर लामो पाइप बिच्छाइएर 'सर्फेस ड्रेनेज' बनाइएको छ," उहाँले बताउनुभयो। "पहिरो क्षेत्रमा जम्मा भएको पानीलाई पाइपबाट हामीले कलभर्टसम्म लगेका छौँ। कलभर्टबाट राजमार्गको तल्लो भाग हुँदै त्रिशूलीमा कटाइएको छ," उहाँले भन्नुभयो। ड्रेनेजसँगै राजमार्गमा स्तरवृद्धिको काम पनि भइरहेको छ।

"राजमार्गको यात्रा थप सहज बनाउन ग्राभेल गर्दै रोलिङ लगाएर बाटोसम्म बनाउने काम नियमित भइरहेको छ। जसले राजमार्गलाई थप मजबुत बनाउँछ," उहाँले भन्नुभयो। सडक विभागले एक विज्ञप्ति जारी गर्दै राजमार्ग बिहीबारबाट पूर्ण रूपमा सञ्चालनमा ल्याइने भएको छ। जमिन नै भासिएपछि भदौ १४ गतेदेखि अवरुद्ध रहेको सो राजमार्गलाई पूर्ण रूपमा सञ्चालनमा ल्याइने भएको हो। सडक पुनर्स्थापनाको काम अन्तिम चरणमा पुगेकाले राजमार्गलाई पूर्ण रूपमा सञ्चालन गर्न लागिएको विभागले जनाएको छ। "सडक विभागले आवश्यक स्रोत, साधन, जनशक्ति तथा उपकरण परिचालन गरी नयाँ ट्र्याक निर्माण गरी सडक पुनर्स्थापनाको काम अघि बढाएकाले राजमार्ग सञ्चालनको अवस्थामा पुगेको हो," विभागको विज्ञप्तिमा भनिएको छ, "निर्माणाधीन ट्र्याकको अवस्था र सवारी आवागमनको सम्भाव्यता परीक्षण गरिसकिएकाले असोज १ गतेबाट पूर्ण रूपमा सञ्चालनमा ल्याइने छ।"

# तीन स्थानीय तहबाट जग्गा प्रशासन सेवा

**बनेपा समाचारदाता**
*बनेपा, भदौ २९ गते*

काभ्रेपलाञ्चोक जिल्लाका तीन स्थानीय तहले स्थानीयस्तरबाटै जग्गा प्रशासन सेवा सुरु गरेका छन्। भुम्लु र रोसी गाउँपालिका तथा नमोबुद्ध नगरपालिकाले साबिकमा मालपोत र नापी कार्यालयबाट प्रदान हुँदै आएको जग्गा प्रशासनसम्बन्धी सेवा स्थानीय तहबाटै सुरु गरेका हुन्।

काभ्रेपलाञ्चोकमा १३ वटा स्थानीय तह छन्। पहिलो चरणमा रोसी र भुम्लु गाउँपालिकाले वैशाख १० गतेको मन्त्रीस्तरीय बैठकको निर्णय अनुसार असारको दोस्रो सातादेखि स्थानीय तहबाटै जग्गा प्रशासनसम्बन्धी सेवा सुरु गरेका थिए। दोस्रो चरणमा छनोट भएका चार स्थानीय तहमध्ये नमोबुद्ध नगरपालिकाले भदौ २४ गते बुधबारदेखि सेवा सञ्चालनमा ल्याएको हो।

नमोबुद्ध नगरपालिकाका प्रमुख कुन्साङ लामाले स्थानीय तहबाट जग्गा प्रशासन सेवा सुरु भएपछि जग्गा कित्ताकाट, नक्सा बनाउने, जग्गा पासलगायतका सेवा लिन सदरमुकाम धुलिखेल पुग्नुपर्ने अवस्थाको अन्त्य भएको बताउनुभयो। स्थानीयस्तरमै नगरवासीलाई जग्गासम्बन्धी सेवा छिटो, सरल र सहज रूपमा उपलब्ध गराउने उद्देश्यले सेवा सुरु गरिएको उहाँले बताउनुभयो।

नापी कार्यालय काभ्रेपलाञ्चोकका प्रमुख नापी अधिकृत अशोक भुसालका अनुसार पहिलो चरणमा रोसी र भुम्लु गाउँपालिकामा सेवा सुरु गरिएको थियो। दोस्रो चरणमा छनोट भएका स्थानीय तहमध्ये नमोबुद्धले सेवा सञ्चालनमा ल्याएको उहाँले बताउनुभयो। "दोस्रो चरणमा नमोबुद्ध, पनौती र मण्डनदेउपुर नगरपालिका तथा चौँरीदेउराली गाउँपालिका छनोट भएका थिए। नमोबुद्धले गत बुधबारदेखि सेवा सुरु गरेको छ," प्रमुख नापी अधिकृत भुसालले भन्नुभयो। उहाँका अनुसार पनौती र मण्डनदेउपुर नगरपालिकाले सेवा सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्थापन, पूर्वाधार तथा उपकरणको व्यवस्थापन र जडानको काम अघि बढाएका छन्। चौँरीदेउराली गाउँपालिकाले भने जग्गा प्रशासन सेवा सञ्चालनका विषयमा नापी कार्यालयसँग समन्वय नगरेको उहाँले बताउनुभयो।

स्थानीय तहमा जग्गा प्रशासन सेवा सञ्चालन गर्न एक जना नापी अधिकृत, दुई जना सर्वेक्षक, जग्गा प्रशासनतर्फ एक जना अधिकृत र दुई जना सहायकस्तरका कर्मचारी आवश्यक पर्ने नापी कार्यालयले जनाएको छ। स्थानीय तहले प्राविधिक कर्मचारी करारमा नियुक्त गर्न सक्ने तथा प्रशासनतर्फ पालिकामा कार्यरत कर्मचारीलाई जिम्मेवारी दिन सक्ने व्यवस्था रहेको भुसालले बताउनुभयो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय जग्गाको नापनक्सा, कित्ताकाट, हालसाबिक, रजिस्ट्रेसन, नामसारी तथा दाखिल खारेजसम्बन्धी अधिकार स्थानीय तहलाई दिएको छ। ऐनले जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन, नापीनक्सा तथा जग्गाको स्वामित्व निर्धारणमा समन्वय र सहजीकरणलगायतका अधिकार पनि स्थानीय तहलाई दिएको छ।

ऐनमा भएको व्यवस्था अनुसार स्थानीय तहबाटै जग्गा प्रशासन सेवा सुरु गरिएको हो। स्थानीयस्तरमै सेवा उपलब्ध हुन थालेपछि जग्गासम्बन्धी कामका लागि सदरमुकाम धाउनुपर्ने बाध्यता हट्नुका साथै सेवाग्राहीको समय र खर्चसमेत बचत हुने अपेक्षा गरिएको छ।

# कटान जोखिमसँगै रोकथामको प्रयास



**सेतीदेवी–मझुवा क्षेत्रमा नारायणी नदीले कटान गरेपछि रोकथामका लागि राखिएका ठुला ढुङ्गा ।**

**शालिग्राम नेपाल**
*चितवन, भदौ २९ गते*

रसुवाको भोटेकोशीमा आएको बाढीपछि त्रिशूली हुँदै नारायणी नदीमा बढेको बहावले चितवनको पश्चिम दक्षिण क्षेत्रमा नदीको धार परिवर्तन गराउँदै कटानको जोखिम बढाएको छ। नदीले यसअघि कटान नगरेका स्थानमा समेत धार परिवर्तन गरी किनारतर्फ पस्न थालेपछि भरतपुर महानगरपालिकाका विभिन्न नदी तटीय क्षेत्र जोखिममा परेका छन्।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय, भरतपुरले जोखिमयुक्त क्षेत्रमा ठुला ढुङ्गा राखेर तत्कालका लागि नदी नियन्त्रणको प्रयास गरिरहेको छ। आयोजनाका इन्जिनियर शैलेन्द्र विष्टले भरतपुर महानगरपालिका–१७ को मझुवा, वडा नं. १६ को सेतीदेवी र वडा नं. २७ को हिरापुर क्षेत्रमा नदीले अपेक्षा नगरिएको स्थानबाट कटान सुरु गरेपछि तत्काल रोकथामको काम गरिएको जानकारी दिनुभयो।

मझुवामा नारायणी नदीले करिब तीन सय मिटर क्षेत्रमा कटान गरेको छ। नदी करिब २५ देखि ३० मिटर भित्री भागसम्म पसेर कटान गरेपछि बस्ती तथा आसपासका क्षेत्र जोखिममा परेका छन्। कटान रोक्न हालसम्म ३८ ट्रिप ठुला ढुङ्गा ल्याएर राखिएको र केही ढुङ्गा नदीमै हालेर मुख्य धारको वेग कम गर्ने प्रयास भएको आयोजनाले जनाएको छ।

आयोजना प्रमुख डा. नारायण सुवेदीले वर्षायाममा ठुलो परिमाणमा ढुङ्गा व्यवस्थापन गरेर जोखिम तत्कालका लागि घटाइएको जानकारी दिनुभयो। नदीले निरन्तर कटान गरिरहे पश्चिम चितवनलाई नै दुई भागमा विभाजन गर्ने अवस्था आउन सक्ने भएकाले दीर्घकालीन रूपमा नदी नियन्त्रणको काम गर्न आवश्यक रहेको उहाँले बताउनुभयो।

"यस वर्ष यसरी नारायणी नदीको प्रभाव पर्छ भन्ने सोचेका थिएनौँ। नदी नियमित रूपमा बग्ने स्थानभन्दा फरक धारबाट बग्न थालेपछि कटान सुरु भएको हो," इन्जिनियर विष्टले भन्नुभयो। सेतीदेवीको वन क्षेत्र तथा मझुवाको वन क्षेत्रमा समेत नदीले कटान गरेको छ। तत्काल ठुला ढुङ्गा राखेर कटान रोक्ने प्रयास गरिए पनि पूर्ण रूपमा सुरक्षित भइसकेको अवस्था नरहेको आयोजनाले जनाएको छ। रसुवाको बाढीले ठुलो मात्रामा लेदो, ढुङ्गा, बालुवा तथा अन्य सामग्री बगाएर ल्याएका कारण नदीको बहाब र धारमा परिवर्तन आएको प्राविधिकहरूको भनाइ छ।

मझुवा क्षेत्रमा करिब तीन सय मिटर र सेतीदेवी क्षेत्रमा समेत नदी किनार कटान भएपछि नदी बस्तीको दिशातर्फ पस्ने जोखिम बढेको थियो। समयमा नै रोकथामको काम गरिएकाले तत्कालको जोखिम टरे पनि नदीको दबाब कायमै रहेको डा. सुवेदीले बताउनुभयो। उहाँका अनुसार नारायणी नदीको पश्चिम चितवनतर्फ अझै करिब साढे १० किलोमिटर क्षेत्रमा नदी नियन्त्रणको काम गर्न बाँकी छ। यसअघि जोखिम पहिचान गरिएका तथा काम हुन बाँकी रहेका स्थानमा दीर्घकालीन संरचना निर्माणका लागि प्रक्रिया अघि बढाइएको छ। मझुवा तथा आसपासका क्षेत्रमा नदी नियन्त्रणका लागि यसअघि नै ठेक्का लगाइएको छ। करिब आठ करोड २४ लाख ६७ हजार रुपियाँमा पशुपति निर्माण सेवा प्रालिले ठेक्का पाएको र २०८४ जेठ २५ गतेसम्म काम सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

नदी नियन्त्रणका लागि बिग बोल्डरसँगै आरसिसी प्रोकुपाइनलगायतका संरचना निर्माण गर्ने तयारी गरिएको छ तर बर्खायाममा नदीको बहाब उच्च रहेकाले स्थायी संरचना निर्माणभन्दा तत्कालका लागि आपत्कालीन रोकथामलाई प्राथमिकता दिइएको आयोजनाले जनाएको छ।

यसअघि पनि नारायणी नदीको कटानबाट मझुवा क्षेत्र प्रभावित हुँदै आएको थियो तर रसुवाको बाढीपछि नदीमा आएको लेदो तथा बाढीजन्य सामग्रीका कारण बहाबको प्रकृति नै फरक देखिएको प्राविधिकहरूको भनाइ छ। भदौ १० गते रसुवामा आएको बाढीपछि नारायणीको बहाब बढ्ने र धार परिवर्तन हुन सक्ने भन्दै नदी किनारका बस्तीलाई उच्च सतर्कता अपनाउन आग्रहसमेत गरिएको थियो।

# बालबालिकामा बाथ मुटुरोग समस्या गम्भीर बन्दै

**सरोज ढुङ्गेल**
*काठमाडौँ, भदौ २९ गते*

बालबालिकामा घाँटीको सङ्क्रमणपछि देखिने बाथ मुटुरोगको रोकथामका लागि सरकारले प्रारम्भिक पहिचान र नियमित उपचारमा जोड दिन थालेको छ। रोग लागिसकेपछि उपचारमा करोडौँ रुपियाँ खर्च भइरहेकाले सरकारले रोकथामलाई प्राथमिकतामा राख्न थालेको हो। वरिष्ठ मुटुरोग विशेषज्ञ डा. प्रकाशराज रेग्मीले पटक पटक घाँटी दुख्ने, टन्सिल बढ्ने वा पाक्ने समस्या भएका बालबालिकाको समयमै उपचार हुन नसके बाथ ज्वरो हुँदै मुटुको भल्बमा क्षति पुग्न सक्ने जानकारी दिनुभयो। उहाँले बाथ ज्वरो भएका बालबालिकामध्ये करिब ५० प्रतिशतमा बाथ मुटुरोग हुने जोखिम रहेको जानकारी गराउनुभयो। नेपालमा बाथ मुटुरोगका कारण बर्सेनि करिब एक हजार बालबालिकाको मृत्यु हुने गरेको छ।

बाथ मुटुरोग लागिसकेपछि मुटुको भल्ब फेर्नुपर्ने अवस्थामा नेपाल सरकारले बर्सेनि करिब ६० देखि ७० करोड रुपियाँ खर्च गर्दै आएको छ। उपचारमा ठुलो रकम खर्च भइरहेको भए पनि रोगको मूल कारण रोक्न विद्यालय तथा समुदायस्तरमा पर्याप्त कार्यक्रम हुन नसकेको उहाँको भनाइ छ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सचिव डा. विकास देवकोटाले बाथ मुटुरोगलाई उपचारमा मात्र सीमित नराखी जनचेतना बढाउनुपर्नेमा जोड दिनुभयो। बाथ मुटुरोगको उपचार मात्र नभई प्रारम्भिक पहिचान, रोकथाम र नियमित उपचारलाई स्वास्थ्य सेवाको नियमित प्रणालीसँग जोडेर अघि बढाउनुपर्ने बताउनुभयो। बालबालिकामा रोगको जोखिम समयमै पहिचान गरी उपचारमा ल्याउन सके जटिल अवस्था नआउने उहाँको भनाइ छ। सरकारले बाथ मुटुरोग नियन्त्रणका लागि राष्ट्रियस्तरको मापदण्ड तयार गर्ने प्रक्रिया अघि बढाएको छ। विज्ञ तथा सरोकारवालासँगको छलफलबाट बाथ, ज्वरो तथा बाथ मुटुरोगको पहिचान, उपचार र रोकथामलाई व्यवस्थित बनाउने तयारी भइरहेको छ। बाथ मुटुरोगबाट जोगाउन रोग पहिचान भएका बालबालिकालाई नियमित पेनिसिलिन उपलब्ध गराउनु महत्त्वपूर्ण मानिन्छ। नेपाल सरकारको निःशुल्क आधारभूत औषधीको सूचीमा पेनिसिलिन सुई समावेश भए पनि मुखबाट खाने पेनिसिलिनसमेत समावेश गर्नुपर्ने डा. रेग्मीको सुझाव छ। उहाँले रोग पहिचान भएका बालबालिकाको छुट्टै अभिलेख तयार गरी स्थानीय स्वास्थ्य संस्था तथा आधारभूत अस्पतालमार्फत नियमित औषधी उपलब्ध गराउन सुझाव दिनुभयो। यसबाट उपचारको निरन्तरता कायम हुनुकासाथै रोग पुनः बल्झिने जोखिम घटाउन पनि सकिन्छ।

डा. रेग्मीले विभिन्न सङ्घ संस्था तथा स्थानीय तहसँगको सहकार्यमा विभिन्न जिल्लाका विद्यालयमा बालबालिकाको मुटु परीक्षण गर्दै आएको जानकारी दिनुभयो। उहाँले परीक्षणका क्रममा रोग पहिचान भएका बालबालिकालाई थप परीक्षण र उपचारका लागि काठमाडौँ ल्याउने तथा उपचारपछि घर फर्काउने कार्यसमेत हुँदै आएको बताउनुभयो।

डा. रेग्मीले बाथ मुटुरोग रोकथामको सबैभन्दा प्रभावकारी उपाय बालबालिकामा घाँटीको सङ्क्रमणको समयमै उपचार गर्न सुझाव दिनुभयो। पटक पटक घाँटी दुख्ने वा टन्सिल हुने बालबालिकालाई स्वास्थ्य संस्थामा पुऱ्याउने, बाथ ज्वरो पहिचान भएका बालबालिकालाई नियमित औषधी दिने तथा विद्यालयस्तरमै परीक्षण विस्तार गर्न सके बाथ मुटुरोगबाट हुने मृत्यु र उपचारमा लाग्ने राज्यको ठुलो खर्च घटाउन सकिने उहाँको भनाइ छ।

बाथ मुटुरोग लागिसकेपछि उपचारमा राज्यले ठुलो रकम र स्रोतसाधन खर्च गर्नुपरे पनि यसको रोकथाममा पर्याप्त ध्यान पुग्न सकेको छैन। डा. रेग्मीले बाथ मुटुरोगको रोकथाम थोरै खर्चमा गर्न सकिने भए पनि यसको परिणाम देखिन ५–१० वर्ष लाग्ने बताउनुभयो। बाल तथा मातृ मृत्युदर घटाउन सरकारले बाथ मुटुरोग रोकथाम कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्ने उहाँको भनाइ छ।

## बढ्दै मुटुरोग समस्या

**बनेपा समाचारदाता**
*बनेपा, भदौ २९ गते*

अस्वस्थकर खानपान, धूमपान, मद्यपान र शारीरिक व्यायामको कमीका कारण पछिल्लो समय हृदयाघातका बिरामी बढ्दै गएको चिकित्सकले बताएका छन्। धुलिखेल अस्पतालमा पछिल्लो तीन दिनमा हृदयाघात भएका सात जना बिरामीको सफल उपचार गरिएको छ। धुलिखेल अस्पतालका मुटुरोग विशेषज्ञ प्राडा राजेन्द्र कोजुका अनुसार तीन दिनको अवधिमा हृदयाघात भएर अस्पताल आएका सातै जनाको एनजिओप्लास्टीमार्फत उपचार गरिएको हो।

"अहिले गाउँदेखि सहरसम्म र युवा उमेरदेखि ज्येष्ठ नागरिकसम्म हृदयाघातको समस्या देखिन थालेको छ। महिलामा समेत हृदयाघात बढ्दो छ," उहाँले भन्नुभयो। छाती दुखेपछि तत्काल स्वास्थ्य संस्थामा पुग्नु पर्छ भन्ने जनचेतना बढेकाले समयमै अस्पताल ल्याइएका बिरामीको उपचार सफल भएको उहाँले बताउनुभयो। धुलिखेल अस्पतालको तथ्याङ्कले मुटुको रक्तनलीसम्बन्धी उपचार सेवा लिने बिरामी बढ्दै गएको देखाएको छ। अस्पतालमा सन् २०२१ मा ६० जनाको एनजिओग्राफी र नौ जनाको एनजिओप्लास्टी गरिएको थियो। सन् २०२२ मा २४४ जनाको एनजिओग्राफी र ३९ जनाको एनजिओप्लास्टी गरिएको थियो।त्यस्तै सन् २०२३ मा ३५४ जनाको एनजिओग्राफी र ७९ जनाको एनजिओप्लास्टी तथा सन् २०२४ मा ३०९ जनाको एनजिओग्राफी र ८१ जनाको एनजिओप्लास्टी गरिएको अस्पतालले जनाएको छ।

**Government of Nepal**
**Ministry of Infrastructure Development**
**Department of Roads**
**Federal Roads Supervision and Monitoring Office, Kathmandu**
**Road Division Hetauda**
**Makwanpur**

**Invitation for Bids**

**Tender Notice Number: 04-2083/084**
**Date of Publication: 2083/05/30 (September 15, 2026)**

1. Road Division Hetauda invites Sealed Bids (Hard Copy) from eligible bidders for following works:

| S. N. | Contract ID | Work Descriptions & Site | Est. Amount (Without VAT & Contingencies) NRs. | Bid Security Amount (NRs.) | Bid Validity Period/ Bid Security Validity Period | Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | RDHTD/ 33701136/ 2083/084-21 | Road and Traffic Safety Works along Hetauda-Sarashwati Khola-Lothar Section of MRM (NH01), Makwanpur | 86,20,502.07 | 2,20,000.00 | 90 Days/120 Days | 3000.00 |
| 2 | RDHTD/ 33701136/ 2083/084-22 | Road and Traffic Safety Works along Pathlaiya-Chure Section of MRM (NH01), Bara | 86,19,567.37 | 2,20,000.00 | 90 Days/120 Days | 3000.00 |
| 3 | RDHTD/ 33701136/ 2083/084-23 | Road and Traffic Safety Works along Hetauda-Samari-Bhainse-Lamidanda Section of TRP (NH41), Makwanpur | 86,19,380.44 | 2,20,000.00 | 90 Days/120 Days | 3000.00 |
| 4 | RDHTD/ 33701136/ 2083/084-24 | Road and Traffic Safety Works along Chure-Ratmate-Hetauda Section of MRM (NH01), Makwanpur | 86,20,274.14 | 2,20,000.00 | 90 Days/120 Days | 3000.00 |
| 5 | RDHTD/ 33701136/ 2083/084-25 | Road and Traffic Safety Works along Lamidanda-Simbhanjyang-Palung-Tistung-Sopyang(DB) Section of TRP (NH41), Makwanpur | 86,16,869.06 | 2,20,000.00 | 90 Days/120 Days | 3000.00 |

2. Information to deposit the cost of Bidding Document & Bid Security in the bank:

| Office Name | District Treasury Controller Office (Ko. Le.Ni.Ka.) Hetauda, Makwanpur | Contract No.: | Pre-bid meeting | Last date of Submission | Opening |
|---|---|---|---|---|---|
| Name of Bank | Nepal Bank Limited, City Office, Hetauda | All | Sep 28, 2026 (2083/06/12) Time: 11:00 A.M. | Oct 08, 2026 (2083/06/22) Time: 12:00 P.M. | Oct 08, 2026 (2083/06/22) Time: 13:00 P.M. |
| Rajaswa khata No. | 00101000000001001001 | | | | |
| Rajaswa shirshak No.: | 14229 | | | | |
| Deposit Account No.: | 02501000002003000001 | | | | |
| Office code No.: - | 337013201 | | | | |

3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document. Whereas under the Single Stage, Single Envelope Procedure, Bidders are required to submit mandatory documents and price bid in one Sealed Envelope as per the provision of ITB 18 of the Bidding Document.
4. A complete set of Bidding Documents shall be purchased from Road Division, Hetauda by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee in the account as specified above till 2083/06/21 [S.No.:(1-5)] during office hours or Eligible Bidders can also download the Bidding Documents from the Website of Road Division Hetauda i.e. www.dor.gov.np/hetauda
5. Sealed bids (Hard Copy) must be submitted to Road Division, Hetauda on or before 12:00 Hrs. on 2083/06/22 [S.No.:(1-5)]. Bids received after this deadline will be rejected.
6. If the last date of purchasing and or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bidders must submit Bid Security along with the Technical Bid as mandatory document.
8. Eligible Bidders may obtain further information at Road Division, Hetauda (Tel: 057-520311, email: roaddivisionhetauda@gmail.com).

**Division Chief**

**Mahalaxmi Municipality**
**Office of the Municipal Executive**
**Kamalpokhari, Lalitpur**
**Bagmati Province, Nepal**

**Notice for the Letter of Intent (LOI)**

**First date of publication: 30th Bhadra, 2083 (15th September, 2026)**

This is to notify to all concerned bidders that, it is our intention to award the below mentioned contract to the following bidder (substantially responsive) with bid price closet to the average bid of all substantially responsive bids. Corresponding Substantially Responsive Bids is selected in accordance with ITB 38.1 of bidding document and this notice is published as per PPA 2063 clause 27.1 & 27.2.

| S. No. | Name of Contract | Contract Identification No. | Substantially Responsive Evaluated Bidders | Bid Amount including VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1. | Siddhipur Chihandnda Conservation and Park Development, Mahalaxmi-6, Siddhipur | Mahalaxmi/W/ NCB/46/2082/83 | M/S N.G.S Construction engineering and Suppliers Pvt. Ltd, Kathmandu | 45,28,624.81 |
| 2. | Construction of Community Multipurpose Building at Bhagavatisthan | Mahalaxmi/W/ NCB/47/2082/83 | M/S Thakur Devi B.M.J. Construction, Kathmandu | 35,00,183.05 |

**Chief Administrative officer**

"अनुशासन र लक्ष्यबिचको पुल नै सफलता हो ।"
– *जिम रोन*



## सम्पादकीय

# अपरिहार्य रज्जुमार्ग

**विद्युतीय शक्ति तथा तारको सहायताले जमिनभन्दा माथिबाटै यातायात विकास गर्न सकिने प्रविधिलाई सामान्यतया रज्जुमार्ग अर्थात् 'रोपवे' भन्न सकिन्छ । विश्वले रज्जुमार्गको विकास धेरैपहिले गरेको हो । भौगोलिक विविधता र विकटता भएको मुलुकमा यस्तो यातायात अति सुहाउँदो हुन्छ । लागतका हिसाबले पनि सस्तो र वातावरणमैत्री हुन्छ । हिमाली र पहाडी मुलुक नेपालको प्राकृतिक सुन्दरताको बयान गरिसाध्य छैन । नदीनाला, भिरपाखा, पहाडी शृङ्खला नेपालका प्राकृतिक सम्पदा हुन् तर यो सुन्दरतामा कठिन भौगोलिक जटिलता पनि सँगसँगै छ । सडक यातायात विकास र विस्तारको लागत असाध्यै ठुलो हुन्छ । ठुलो लगानीले मात्र सडक यातायात सम्भव भए पनि वातावरणीय विनाश तीव्र हुँदै छ । यस्ता धेरै कारणले नेपाल जस्तो भूगोलका निम्ति रज्जुमार्गका विकास र विस्तार अपरिहार्य छ । रज्जुमार्गबाट विकट भौगोलिक अवस्थितिमा पनि सरसामान ढुवानी गर्न सकिन्छ । नेपालका निम्ति दिगो र भरपर्दो हुन सक्ने रज्जुमार्गतिर ध्यान पुगेको छैन । युगौँ पुरानो हेटौँडादेखि काठमाडौँ जोड्ने रज्जुमार्ग बन्द छ । छोटो दुरीका निम्ति निजी क्षेत्रबाट व्यावसायिक केबुलकार विकास भए पनि अझै राज्यको नीति, योजना र कार्यक्रमले यो विद्युतीय हवाईमार्गलाई उच्च प्राथमिकता दिन सकेको छैन ।**

**भन्नै पर्छ, नेपालमा रज्जुमार्गको इतिहास गौरवपूर्ण थियो । हेटौँडाबाट काठमाडौँलाई जोड्ने रज्जुमार्ग राम्ररी चलेको थियो । पहिलो पञ्चवर्षीय योजना (२०१३–१८) अन्तर्गत यो रज्जुमार्ग निर्माण भयो । यसलाई एसियाकै पुरानो रज्जुमार्ग पनि भनिन्छ । कुल लम्बाइ ४२.२ किलोमिटर थियो । यसमा ३६० वटा डब्बा थिए । यो 'रोपवे' दैनिक १० घण्टा सञ्चालनमा रहँदा २२० टन मालसामान हेटौँडादेखि काठमाडौँसम्म ओसार्थ्यो । हेटौँडाबाट चार घण्टामै काठमाडौँमा सामान ढुवानी भइसक्थ्यो । प्रतिकिलोको पाँच पैसामा ढुवानी वास्तवमै सस्तो थियो । न्यून लागतमा हेटौँडाबाट काठमाडौँसम्म सरसामान ढुवानी हुने यो भरपर्दो माध्यमले एक हजार जनालाई रोजगारी दिएको थियो । २०५६ सालमा रज्जुमार्ग बिग्रियो । त्यसबेला सामान्य लगानीले त्यसलाई मर्मतसम्भार गर्न सकिन्थ्यो । मात्रै चार लाख रुपियाँको अभावमा मर्मतसम्भार नभएको तथ्य दुःखलाग्दो छ । मर्मतसम्भार नगरिएपछि गौरवपूर्ण इतिहास कायम भएको रज्जुमार्ग बन्द भयो । बन्द हुनुको मुख्य कारण हेटौँडाको भैँसेस्थित सबस्टेसनमा रहेको ट्रान्सफर्मर बिग्रनु नै थियो । जानकारका अनुसार त्यो ट्रान्सफर्मर चार लाख रुपियाँमा बन्न सक्ने थियो । मर्मतसम्भार गरेर चलाउनुभन्दा तत्कालीन सरकारले बन्द गर्ने बाटो लियो । विसं २०५९ मा रज्जुमार्गको इतिहासलाई संस्थागत रूपमै खारेज गरेको दुःखद विगत पीडादायी छ ।**

**अति उपयोगी यो रज्जुमार्ग सरकारले चलाउन नसकेपछि निजी क्षेत्रलाई दिने प्रयास भए पनि सफल हुन सकेन । अर्थ मन्त्रालयले २०६१ सालमा मूल्याङ्कनकर्ता नै नियुक्त गरी निजीकरणको प्रयास गरेको थियो । २०६२ सालमा 'रोपवे' सञ्चालन गर्न अर्थ मन्त्रालयले आशयपत्र मागेपछि तीन वटा कम्पनीले प्रस्ताव पेस गरे पनि कुनै निर्णय हुन सकेन । नेपाल सङ्घीयतामा गएपछि रज्जुमार्ग चलाउन बागमती प्रदेश सरकारले भने प्रयास गरेको थियो । बागमती प्रदेश सरकारको २०७६ माघ १३ गते बसेको मन्त्रीपरिषद्को बैठकले 'रोपवे' पुनः सञ्चालनमा ल्याउने निर्णय नै गरेको देखिन्छ । प्रदेश सरकारले 'रोपवे' पुनः सञ्चालनमा ल्याउने शीर्षकमा आर्थिक वर्ष २०७७/७८ मा बजेटसमेत विनियोजन गरेको थियो तर निर्णय कार्यान्वयनमा आउन सकेन । विज्ञहरूका अनुसार नेपाल जस्तो हिमाली र पहाडी विकट भौगोलिक अवस्थिति भएको मुलुकमा रज्जुमार्ग अति उपयोगी छ । सडक पूर्वाधारविज्ञ इन्जिनियर राजेन्द्र शर्मा मुलुकमा वार्षिक करिब आठ हजार सडक दुर्घटना भइरहेको अहिलेको अवस्थामा रज्जुमार्ग र केवल कारण विस्तार अपरिहार्य भएको ठान्नुहुन्छ । डोजरे विकासले वातावरणीय विनाश भइरहेको छ । बाढी र पहिरोको प्रकोप बढिरहेको छ । भोटेकोशी हिमबाढीको महाविनाश ताजै छ । काठमाडौँलाई तराई/मधेशसँग जोड्ने सडक यातायात बर्सातमा पटक पटक अवरुद्ध भई आपूर्ति प्रणालीमा अवरोध भइरहेको दुःखदायी अवस्था छ । यो बर्सेनिको दुःख नै हो । देशभर हिमाली र पहाडी भेगमा अब रज्जुमार्गका विविध आयाम विस्तार गरिनु अपरिहार्य छ । देशभित्रै स्वच्छ ऊर्जाको स्रोत विद्युत् उत्पादन बढिरहेको छ । अहिलेको अवस्थामा अब रज्जुमार्गतर्फ नयाँ दृष्टिकोण विकास गरिनु पर्छ । सरसामान ढुवानीका निम्ति रज्जुमार्ग विस्तार गर्नै पर्छ । सीमित अवस्थामा रहेको केबुलकारलाई व्यापक बनाउन सहजीकरण गरिनु पर्छ । राज्यसँगै निजी क्षेत्रको लगानी प्रवर्धन गर्न विशेष योजना, नीति र कार्यक्रम अपरिहार्य भएको छ । यसले जलवायु परिवर्तनको असरलाई पनि न्यूनीकरणमा योगदान दिने स्पष्ट छ ।**

## १९३ वर्ष अघिको गोर्खापत्र

१९७० साल आषाढ ३१ गते सोमबार


रेल बोर्ड,
भारत-सर्कार रेल-बोर्ड द्वारा भारतीय रेलहरुको काम चलाउने विषयमा विचार गर्नलागी रहेछन्, जुन विचारको समाप्ति भयपछि रेल-बोर्डका विषयमा टेष्ट् सिकत्तर लार्डक्रू का सेवा मा एक पत्र पठाउनेछन्.

### रेल बोर्ड

भारत-सर्कार रेल-बोर्ड द्वारा भारतीय रेलहरुको काम चलाउने विषयमा विचार गर्नलागी रहेछन्, जुन विचारको समाप्ति भयपछि रेल-बोर्डका विषयमा टेष्ट् सिकत्तर लार्डक्रू का सेवा मा एक पत्र पठाउनेछन् ।

अरक्षितं तिष्ठति दैवरक्षितं
सुरक्षितं दैवहतं विनश्यति
कृत प्रयत्नोऽपि गृहे विनश्यति ॥



### चिन्तन

अरक्षित मान्छेलाई दैवले रक्षा गर्दछन्, जो सुरक्षित छ उसलाई दैवले नै दुःख दिन्छन् । यो जीवन त हो वनमा पनि विसर्जित हुन सक्छ र घरमा जति प्रयत्न गरे पनि विनाशको सिकार हुनु नै पर्छ ।

– नीतिवचन

**लेखक तथा साहित्यकारहरूमा अनुरोध**

गोरखापत्र दैनिकको 'विचार' पृष्ठ तथा शनिबार परिशिष्टाङ्कका लागि लेख, रचना तथा पाठक प्रतिक्रिया तलको ठेगानामा पठाउनुहुन अनुरोध गर्दछौँ :

**विचार तथा पाठक पत्रका लागि**
gopafeature@gmail.com

**शनिबार परिशिष्टाङ्कका लागि**
gopashanibar@gmail.com

# प्रभावकारी जलवायु कूटनीति


युवनाथ लम्साल



विश्वभरका नेता तथा कूटनीतिज्ञ संयुक्त राज्य अमेरिकाको न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा भेला हुँदै छन् । उनीहरूले विश्वव्यापी सरोकारका विषय तथा मानव समुदायले सामना गरिरहेका विविध समस्या र चुनौतीमाथि बहस, छलफल र विचार–विमर्श गर्ने छन् । राष्ट्रसङ्घको महासभाको नियमित अधिवेशन प्रत्येक वर्ष सेप्टेम्बर महिनाको तेस्रो मङ्गलबारदेखि सुरु हुन्छ । यस वर्ष ८१ औँ महासभामा सदाझैँ नेपालको उच्चस्तरीय प्रतिनिधिमण्डलले पनि सहभागिता जनाउँदै छ । सन् १९५६ मा सम्पन्न ११ औँ महासभादेखि नेपालले संयुक्त राष्ट्रसङ्घको महासभामा नियमित रूपमा सहभागिता जनाउँदै आएको छ । दोस्रो विश्वयुद्धको विनाशपछि सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घको स्थापना भएको हो । राष्ट्रसङ्घले आठ दशक पूरा गरी परिपक्वता हासिल गरेको छ ।

### राष्ट्रसङ्घ र नेपाल

सन् १९५५ मा संयुक्त राष्ट्रसङ्घको सदस्य बनेदेखि नै नेपालले यस विश्व संस्थामा सक्रिय भूमिका निर्वाह गर्दै आएको छ । नेपाल संयुक्त राष्ट्रसङ्घको दृढ समर्थक राष्ट्र हो र संयुक्त राष्ट्रसङ्घको बडापत्रमा निहित सिद्धान्त तथा मूल्य–मान्यताप्रति प्रतिबद्ध रहँदै आएको छ । यस वर्षको संयुक्त राष्ट्रसङ्घको महासभा नेपालका लागि विशेष रूपमा महत्त्वपूर्ण छ । नेपालको हिमाली क्षेत्रमा हालै आएको विनाशकारी बाढी तथा त्यसबाट भएको ठुलो जनधनको क्षति र भौतिक पूर्वाधार विनाशको पृष्ठभूमिमा यो महासभा आयोजना हुँदै छ । हिमाली क्षेत्रमा देखा परेको यो विनाशकारी अवस्था जलवायु परिवर्तन र विश्वव्यापी तापक्रम वृद्धिका कारण तीव्र बन्दै गएको जलवायुजन्य जोखिमको एउटा गम्भीर अभिव्यक्ति हो । प्रकृतिमाथिको मानवीय अतिक्रमण, अविवेकी विकास तथा हरितगृह ग्यासको अत्यधिक उत्सर्जनले पृथ्वीको वातावरणीय प्रणालीमा गम्भीर असन्तुलन ल्याएको छ । त्यसको प्रत्यक्ष असर हिमालय जस्ता संवेदनशील वायुमण्डलीय क्षेत्रमा देखिन थालेको छ ।

### जलवायु परिवर्तनको असर

राष्ट्रसङ्घको मञ्चमा नेपालले जलवायु परिवर्तन र यसका असर, विशेष गरी हिमालय क्षेत्रको बाढीले निम्त्याएको विनाशको विषयलाई सशक्त रूपमा उठाउने अपेक्षा गरिएको छ । हिमालय क्षेत्रमा तापक्रम निरन्तर बढ्दै जाँदा हिमनदीहरू तीव्र गतिमा पग्लने, हिमताल विस्फोट तथा हिमताल फुट्दा आउने बाढी, पहिरो र अन्य प्राकृतिक विपत्को जोखिम बढ्दै गएको छ । हालै नेपालमा आएको विनाशकारी बाढी पनि जलवायु परिवर्तनका कारण बढ्दै गएका यस्ता जलवायुजन्य विपत्को शृङ्खलाकै एउटा हिस्सा हो । विश्वव्यापी तापक्रम वृद्धि र जलवायु परिवर्तन विश्वले सामना गरिरहेका अत्यन्तै गम्भीर समस्यामध्ये पर्छन् । यदि यी समस्याको बेलैमा सम्बोधन गरिएन र वायुमण्डलीय तापक्रमलाई पेरिस सम्झौताले तोकेको सीमाभित्र राखिएन भने विश्वले निश्चित रूपमा जलवायुसम्बन्धी विनाशकारी परिणामको गम्भीर मार खेप्नुपर्ने छ । विश्वव्यापी तापक्रम वृद्धिले राष्ट्रसङ्घले निर्धारण गरेको सीमा र मापदण्ड नाघ्न लागेको सङ्केत देखिएका छन् ।

विसं २०७२ को पेरिस सम्झौताले विश्वको औसत तापक्रम वृद्धिलाई औद्योगिक क्रान्तिपूर्वको तापक्रम वृद्धिको तुलनामा दुई डिग्री सेल्सियसभन्दा तल सीमित गर्ने र दीर्घकालीन रूपमा तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियससम्म सीमित गर्न आवश्यक प्रयास गर्ने उद्देश्य राखेको छ तर राष्ट्रसङ्घको पछिल्लो प्रतिवेदनले यस शताब्दीको अन्त्यसम्ममा विश्वको तापक्रम औद्योगिक युगपूर्वको तुलनामा करिब २.५ देखि तीन डिग्री सेल्सियसले बढ्ने सम्भावना देखाएको छ । यसको मुख्य कारण कोइला, पेट्रोलियम र प्राकृतिक ग्यासको अधिक दोहन र खपतलाई जिम्मेवार मानिन्छ । कोइला, पेट्रोलियम पदार्थ र प्राकृतिक ग्यास, जीवाश्म इन्धनको अधिक प्रयोगबाट वायुमण्डलमा कार्बनडाइअक्साइड जस्ता 'हरितगृह ग्यास' उत्सर्जन हुन्छन्, यसले तापलाई वायुमण्डलभित्र थुनेर राख्छन् । औसत तापक्रम १.५ डिग्री सेल्सियसको सीमापार हुँदा अत्यधिक मात्रामा हिउँ पग्लिने, समुद्री सतह बढ्ने, अत्यधिक गर्मी, खडेरी, बाढी तथा डढेलो जस्ता जोखिम अझ बढ्ने छन् तर हिन्दु–कुश हिमालय क्षेत्रको औसत तापक्रम वृद्धि विश्वको औसत वृद्धिभन्दा बढी भएको विभिन्न अध्ययनले देखाएका छन् । त्यसैले हिमालय क्षेत्र जलवायु परिवर्तनको प्रभावको दृष्टिकोणबाट बढी जोखिममा देखिन्छ । विश्वव्यापी तापक्रम वृद्धिको वर्तमान दर कायम रहेमा, यस शताब्दीको अन्त्यसम्ममा हिमालयको अधिकांश हिउँ लोप हुन सक्छ भन्ने केही विज्ञको राय छ ।

> जलवायु परिवर्तनले नेपालमा अकल्पनीय क्षति
>
> पेरिस सम्झौताले विश्वको तापक्रम वृद्धिलाई सीमित गर्ने लक्ष्य
>
> नेपालले जलवायु कूटनीतिलाई विशेष सक्रिय बनाउनु पर्छ
>
> हिमालयको संरक्षण गर्नु समग्र मानवजातिको रक्षा गर्नु हो

राष्ट्रसङ्घको महासभा विश्वको सबैभन्दा ठुलो र सर्वाधिक समावेशी बहुपक्षीय संस्था हो । राष्ट्रसङ्घमा १९३ सदस्य राष्ट्र छन् र भ्याटिकन सिटी र प्यालेस्टाइन गैरसदस्य पर्यवेक्षकका रूपमा छन् । संयुक्त राष्ट्रसङ्घमा सानाठुला तथा शक्तिशाली र शक्तिहीन सबै देशको समान हैसियत र अधिकार हुन्छ । तसर्थ, विश्वले सामना गरिरहेका ज्वलन्त मुद्दामाथि छलफल गर्न र यी विषयमा निर्णय लिनका लागि संयुक्त राष्ट्रसङ्घको महासभा अन्तर्राष्ट्रिय कूटनीतिको उत्कृष्ट र उपयुक्त मञ्च हो । जलवायु परिवर्तनले सिर्जना गरेका सबै खाले समस्या र खास गरी नेपालले भर्खरै भोगेको जलवायुजन्य पीडा विश्वलाई सुनाउन र यसबाट सिर्जित समस्या समाधानको साझा प्रयासका लागि अन्तर्राष्ट्रिय समुदायको ध्यान आकर्षित गर्न संयुक्त राष्ट्रसङ्घको मञ्चलाई अधिकतम उपयोग गर्नु नेपालका लागि जरुरी छ । जलवायु परिवर्तनका कारण नेपालले सामना गरिरहेका समस्या नेपाल एक्लैले सिर्जना गरेको होइन । यो एउटा विश्वव्यापी समस्या भएकाले यसको समाधान पनि विश्वव्यापी तथा सामूहिक रूपमा खोजिनु पर्छ । जलवायुजन्य समस्या समाधान गर्न र जलवायु परिवर्तनको सङ्कटविरुद्ध लड्न संयुक्त राष्ट्रसङ्घले नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्छ र सम्पूर्ण विश्वलाई परिचालन गर्न सक्नु पर्छ ।

नेपाल जलवायु परिवर्तनको प्रभावबाट सबैभन्दा बढी जोखिममा रहेका मुलुकमध्ये एक हो । जलवायु परिवर्तनका कारण नेपालले गम्भीर मानवीय, आर्थिक तथा वातावरणीय क्षति बेहोर्नु परिरहेको छ । हिमालय क्षेत्रमा आएको बाढीले नेपालमा ठुलो जनधनको क्षति पुऱ्याएको छ । पुनर्स्थापना र पुनर्निर्माणका लागि ठुलो धनराशि आवश्यक पर्छ, यसको जोहो नेपाल एक्लैले गर्न सक्ने स्थिति छैन । विकसित राष्ट्र र संयुक्त राष्ट्रसङ्घले नेपालको विपत्पश्चात्को पुनर्स्थापना, पुनर्निर्माण तथा जलवायु अनुकूलन र असर न्यूनीकरणमा योगदान पुऱ्याउने अपेक्षा छ । जलवायु परिवर्तनका कारण हिमालय क्षेत्रले सामना गरिरहेको सङ्कट समाधान गर्न आवश्यक स्रोतसाधनको सुनिश्चित गर्दै सम्पूर्ण अन्तर्राष्ट्रिय समुदायलाई परिचालन गर्ने दायित्व राष्ट्रसङ्घको पनि हो । यसका लागि नेपालले आफ्नो जलवायु कूटनीतिलाई विशेष सक्रिय बनाउनु पर्छ ।

### हिमालयको संरक्षण

जलवायु कूटनीतिले विदेश नीति र कूटनीतिको समग्र प्राथमिकता तथा कार्यसूचीमा वातावरणीय र जलवायुसम्बन्धी विषयलाई समावेश गर्ने कार्यलाई जनाउँछ । जलवायु कूटनीति अन्तर्गत सरकारले जलवायु परिवर्तनका मुद्दा तथा तिनले हाम्रो मुलुकमा पार्न सक्ने र पार्ने प्रभावलाई स्पष्ट रूपमा प्राथमिकतामा राख्नु पर्छ । सोही अनुरूप द्विपक्षीय तथा बहुपक्षीय कूटनीतिक मञ्चमा प्रस्तुत हुनु पर्छ । कुनै खास देशलाई दोष दिनुको सट्टा, हामीले राष्ट्रसङ्घको मञ्चबाट विश्व समुदायलाई प्रभावकारी रूपमा आह्वान गर्नु पर्छ र द्विपक्षीय कूटनीतिक वार्तामार्फत अन्य देशलाई पुनर्स्थापना, पुनर्निर्माण तथा जलवायु अनुकूलन र न्यूनीकरणका कार्यमा योगदान पुऱ्याउन सहमत गराउन सक्नु पर्छ । स्रोतसाधनको सीमितता भएका तर जलवायु परिवर्तनको उच्च जोखिममा रहेका मुलुकलाई आर्थिक सहयोग उपलब्ध गराउन राष्ट्रसङ्घसँग 'हरित जलवायु कोष', 'अनुकूलन कोष' र 'हानि तथा क्षति कोष' जस्ता संयन्त्र तथा कोष उपलब्ध छन् । यी संयन्त्रबाट आर्थिक सहयोग प्राप्त गर्नका लागि निश्चित प्रक्रिया छन्, जसका निम्ति बहुपक्षीय कूटनीतिलाई अझ बढी सक्रिय, प्रभावकारी र सक्षम बनाउनुपर्ने हुन्छ ।

सर्वप्रथम, नेपालले वैज्ञानिक तथ्य र प्रमाणमा आधारित भएर ठोस दाबी पेश गर्नु पर्छ र आवश्यक प्रक्रिया पूरा गरी विभिन्न बहुपक्षीय कोषबाट क्षतिपूर्ति तथा सहयोगको माग गर्नु पर्छ । अहिलेसम्म हामीले विभिन्न संस्थाद्वारा गरिएका अनुसन्धान तथा अध्ययनमा मात्र भर पर्दै आएका छौँ । नेपालले आफ्नै वैज्ञानिक अनुसन्धान गरी क्षतिको परिमाण र प्रकृतिको वास्तविक मूल्याङ्कन र यसलाई पुष्टि गर्ने वैज्ञानिक तथ्य र प्रमाणसहित क्षतिपूर्ति र सहयोगका लागि दाबी पेस गर्नुपर्ने हुन्छ । साथै हालसम्म जलवायुसम्बन्धी मुद्दालाई विज्ञानको विषयका रूपमा मात्र लिइँदै आएको छ तर जलवायु परिवर्तनका मुद्दा अब कूटनीतिको अभिन्न अङ्ग बन्नु पर्छ । हाम्रा कूटनीतिज्ञलाई जलवायु विज्ञानको आधार भूत अवधारणा र जलवायु कूटनीतिबारे प्रशिक्षित बनाउनु पर्छ ताकि नेपाली कूटनीतिज्ञले जलवायुसम्बन्धी मुद्दालाई उचित र प्रभावकारी रूपमा समाल्न तथा जलवायु परिवर्तनका कारण भएको क्षतिबापत नेपालले पाउनुपर्ने सहयोग र क्षतिपूर्ति सुनिश्चित गर्न सफलता प्राप्त गर्ने सक्ने छन् । यसका साथै, नेपालले हिमालय–हिन्दुकुश क्षेत्रका अन्य मुलुक तथा जलवायु परिवर्तनको उच्च जोखिममा रहेका अन्य देशलाई पनि साथ लिएर सामूहिक रूपमा अघि बढेमा थप सफलता प्राप्त गर्न सक्ने छ । हिमालय क्षेत्रको अग्रपङ्क्तिको मुलुक भएको हुँदा नेपालले हिमालयको संरक्षणमा समग्र विश्वलाई परिचालन गर्ने कार्यको नेतृत्व गर्न सक्नु पर्छ । किनभने हिमालयको संरक्षण गर्नु भनेको समग्र एसियाली मानवजातिको रक्षा गर्नु हो ।

# ऋषिपञ्चमीको मर्म


विजयप्रसाद मिश्र

नेपालमा मनाइने ऋषिपञ्चमी पर्वको हिन्दु संस्कृतिमा ठुलो धार्मिक र आध्यात्मिक महत्त्व छ । धार्मिक मान्यता अनुसार महिलाले वर्षभरि रजस्वला हुँदा अञ्जानमा भएका नियम उल्लङ्घन वा धार्मिक त्रुटिका लागि सप्तऋषि तथा देवी अरुन्धतीको पूजा गर्छन् । यस दिन दतिउनले दाँत माझ्ने, माटो, तिल र गोबर लगाउने तथा पवित्र नदी वा जलाशयमा स्नान गर्ने परम्परा छ । यसलाई शारीरिक र आत्मिक शुद्धिको प्रक्रियाका रूपमा लिइन्छ ।

आधुनिक समयमा रजस्वलालाई अशुद्धिका रूपमा नहेरी प्राकृतिक प्रक्रियाका रूपमा बुझ्न थालिएको छ । त्यसैले यस पर्वलाई महिला स्वास्थ्य र सरसफाइको चेतनासँग जोडेर पनि व्याख्या गर्न थालिएको छ । यो आफैँमा एउटा सकारात्मक पाइला हो । वैदिककालका सिद्ध सप्तर्षि र देवी अरुन्धतीको सम्मानमा मनाइने यो पर्व पछिल्ला शताब्दीमा आएर खुम्चिँदै गएकाले कतै यसलाई महिलाको 'महिनावारी र त्यसबाट सिर्जित दोष निवारण गर्ने दिन' का रूपमा मात्र बुझिन थालिएको त होइन भन्ने भान हुन्छ । महिनावारी मानव सृष्टिको निरन्तरताका लागि प्रकृतिले नारीलाई दिएको पवित्र र अनिवार्य जैविक वरदान हो । यो चक्र नहुने हो भने मानव सभ्यताकै अस्तित्व समाप्त हुन्छ । त्यसैले प्रकृतिको यति सुन्दर नियमलाई पापसँग जोडेर हेर्नु आफैँमा एउटा ठुलो वैचारिक भ्रम हो ।

ऋषिपञ्चमीका दिन गरिने परम्परागत स्नानको आफ्नै विशिष्ट वैज्ञानिक र वातावरणीय महत्त्व छ । जुनबेला प्रकृति अझ शुद्ध थियो, स्थानीय जातका गाई वनमै चर्न पुग्थे, वनबाट बटुलिएका दाउराको आगोमा भोजन पकाइन्थ्यो र अग्निहोत्र गरिन्थ्यो । त्यसबेला गोबर र खरानीमा पनि शुद्धता र आरोग्य प्रदान गर्ने गुण प्रचुर मात्रामा रहेको हुनु पर्छ । त्यस समयमा दतिउनका रूपमा अपामार्गले दाँत माझ्नु, वनमै चरेका गाईको गोबर, स्वच्छ ठाउँको माटो, खरानी र कुशको प्रयोग गरेर पवित्र नदी प्रवाहमा स्नान गर्नु फगत कर्मकाण्ड पूरा गर्नु पक्कै थिएन । यो प्राचीनकालको एउटा उत्कृष्ट शारीरिक शुद्धीकरण विधि पनि थियो कि !

दतिउनमा पाइने औषधीय गुणले मुख र दाँतको स्वास्थ्यलाई सबल तुल्याउँथ्यो । माटो र खरानीको लेपले छालाका रोगबाट बचाउन प्राकृतिक एन्टिसेप्टिकको काम गर्थे । आधुनिक अध्ययनले पनि माटो र मानव शरीरबिचको प्रत्यक्ष सम्पर्क स्वास्थ्यका लागि महत्त्वपूर्ण देखाएका छन् । माटोसँगको सम्पर्कले शरीरमा रहेका सूक्ष्मजीवको विविधता बढाउन र आन्द्रामा रहेका हितकारी जीवाणुको सन्तुलन कायम राख्न सहयोग पुग्ने देखिन्छ । नाङ्गो खुट्टाले माटोमा हिँड्ने वा हातले माटो छुने जस्ता सरल अभ्यासले प्रकृतिसँगको हाम्रो सम्बन्धसँगै शरीरको सूक्ष्म संसारलाई पनि स्वस्थ राख्न मद्दत गर्न सक्छ ।

> ऋषिपञ्चमी चेतनाको उन्नत अवस्था
>
> परम्परागत स्नानको आफ्नै वैज्ञानिक र वातावरणीय महत्त्व
>
> ऋषित्व जगाउनु भनेको सुविचार र विवेक अपनाउनु हो

यस्तै प्रकृतिसँग एकाकार भएर गरिने स्नानले मानिसलाई प्राकृतिक जीवनशैलीसँग जोड्थ्यो । उसलाई प्रकृतिमा रमाउन र त्यससँग आफ्नो सम्बन्ध अनुभूत गर्न प्रेरित गर्थ्यो । यदि यसको उद्देश्य 'पाप पखाल्नु' नै हुन्थ्यो भने पनि शरीरमा आइपरेका रोग निवारण गर्दै आरोग्य हासिल गर्नु यसको एउटा महत्त्वपूर्ण पक्ष हुनु पर्छ । 'देवो भूत्वा देवं यजेत्' अर्थात् देवत्वको उपासनाका निम्ति तिमी पनि देवतुल्य वन, दिव्य वन भन्ने हाम्रो परम्पराले पूजाको अर्थ गन्ध, अक्षता र पुष्प अर्पण गर्नु मात्र हो भन्दैन । पूजाको अर्थ जसलाई हामीले पूजनका निम्ति वरण गरेका छौँ, त्यस्तै बन्नुमा छ । पूजा भनेको आफ्ना आराध्यका सद्गुणको स्मरण गर्नु, तिनको आदर्शलाई आत्मसात् गर्नु र आफ्नो आचरणमा उतार्नु हो । ऋषिको पूजनको अर्थ पनि यसरी व्यापक नै रहेको हुनु पर्छ ।

'ऋषि' कुनै जात, वर्ग वा लिङ्गविशेषको नाम होइन । ऋषि त उच्च विचार, आत्मसंयम, त्याग, अनुसन्धान र लोककल्याणको भावना बोकेको चेतनाको एउटा उन्नत अवस्था हो । वेदका ऋचाका द्रष्टा कयौँ ऋषि त नारी नै थिए । वैदिक वाङ्मयमा यी विदुषी र मन्त्रद्रष्टा महिलालाई 'ऋषिका' वा 'ब्रह्मवादिनी' भनिएको छ । त्यसैले ऋषिपञ्चमीको वास्तविक मर्म सप्तऋषिको मूर्ति पूजा गर्नुमा मात्र सीमित छैन । उनीहरूले देखाएको ज्ञान, साधना र अनुसन्धानको मार्गलाई आफ्नो जीवनमा उतार्नुमा यसको सार हुनु पर्छ । यो पर्वले हामीलाई जिज्ञासु बन्न, अध्ययन र अनुसन्धान गर्न तथा समाजोपयोगी ज्ञान र आविष्कारतर्फ अग्रसर हुन प्रेरित गर्छ ।

जब हामी ऋषिपञ्चमीलाई महिनावारीसँग जोडिएका सङ्कुचित धारणाबाट मुक्त गरेर यसको व्यापक मर्ममा बुझ्छौँ तब यसले 'ऋषित्वको जागरण' को अर्थ ग्रहण गर्छ । ऋषिपञ्चमीको वास्तविक अर्थ 'ऋषित्वको पूजा' अर्थात् आफ्ना विचार र चरित्रलाई ऋषिहरू जस्तै पवित्र, संयमित र परमार्थी बनाउने सङ्कल्प लिनु हो । ऋषित्व जगाउनु भनेको समाजमा व्याप्त अन्धविश्वास, कुरीति र सङ्कुचित सोचलाई त्यागेर विवेकपूर्ण, न्यायपूर्ण र मानवीय समाज निर्माणतर्फ अघि बढ्नु पनि हो । यस दृष्टिले, ऋषिपञ्चमी महिला वा पुरुष कुनै एक वर्ग मात्रको पर्व होइन । यो हरेक व्यक्तिले आफ्ना कुविचार त्यागेर सुविचार अपनाउने, अज्ञानबाट ज्ञानतर्फ अघि बढ्ने र आफ्नो जीवनलाई लोककल्याणसँग जोड्ने सङ्कल्प गर्ने दिन हो ।

### कर्मको मर्म र धर्म

हाम्रो संस्कृतिमा परम्परागत कर्मकाण्डको आफ्नै विशिष्ट महत्ता छ । कतिपय अवस्थामा यसको गूढ अर्थ वा विज्ञान तत्काल बुझ्न नसकिए पनि सदियौँदेखि चलिआएका यस्ता कर्म र विधिले नै हाम्रा अमूल्य वैदिक विरासतलाई निरन्तरता दिँदै पुस्तौँपुस्तासम्म जीवन्त राख्न महत्त्वपूर्ण योगदान दिएका छन् । यसलाई आजको परिवेशसँग तुलना गरेर हेर्न सकिन्छ, आज हाम्रा हात हातमा अत्याधुनिक डिजिटल उपकरण छन् । हामी तिनलाई सहजै चलाउँछौँ तर तिनले भित्रभित्रै कसरी काम गरिरहेका छन् भन्ने विस्तृत विज्ञान हामीमध्ये धेरैलाई थाहा हुँदैन । विज्ञान थाहा नभए पनि उपकरणको उपयोगिता जति सत्य हो, हाम्रा कतिपय सांस्कृतिक कर्मको प्रभाव पनि त्यस्तै हो । सम्भवतः त्यसैले हाम्रा पुर्खाले कतिपय कर्मका पछाडिको वैज्ञानिक कारण थाहा नभए पनि त्यसलाई 'धर्म', 'पुण्य' वा 'पाप पखाल्ने' माध्यम भनेर नियममा बाँधिदिए, ताकि मानिसले डर वा श्रद्धाका कारण भए पनि त्यसलाई निरन्तरता दिइरहोस् र त्यो विरासत जोगियोस् ।

कर्मकाण्डले समाजलाई एउटा अनुशासन र सूत्रमा बाँधेर राख्छ तर कर्म केवल यन्त्रवत् रूपमा दोहोऱ्याइने क्रिया मात्र हुनुहुँदैन । कर्मका पछाडि लुकेको आन्तरिक जागरण र चेतनाको जुन पाटो छ, आजको सचेत समाजले त्यस पाटोतिर पनि गम्भीरतापूर्वक चिहाउन आवश्यक छ । विधिसँगै जब विवेक पनि जोडिन्छ तब मात्र जुनसुकै पर्व वा परम्पराले समाजलाई सही दिशा र रूपान्तरणतर्फ डोऱ्याउन सक्छ ।

# नेपालले भोगेका जलवायु विपत्



डा. अनिल पोखेल

विसं २०८३ भदौ १० गते रसुवा र नुवाकोट जिल्लामा गएको विनाशकारी बाढी तथा पहिरोका कारण भएको क्षति विकराल छ। यसबारेमा विश्व समुदायमा जलवायु परिवर्तनले पुर्‍याउने क्षतिबारेमा गहिरो विश्लेषण तथा बहस हुनु अति जरुरी छ। यसलाई किन पनि जलवायु परिवर्तनको ठुलो सङ्कटका रूपमा हेर्नु पर्छ भने हिमनदी र पहाड भत्किँदा भोटेकोशी–त्रिशूली नदीमा आएको बाढी नेपालकै अझ भन्नुपर्दा विश्वकै इतिहासमा भयानक थियो। यस बाढीमा परी हजारौँको सङ्ख्यामा मानिसको मृत्यु र बेपत्ता भएका छन् भने खर्बौं रुपियाँका भौतिक संरचना ध्वस्त भएका छन्। यति मात्र नभएर यसले गरेको जैविक विविधताको क्षति, जनावर र जलचर प्राणीको लोप तथा सामाजिक र मानवीय क्षतिको हिसाब गर्ने हो भने स्थिति अझ विकराल, गम्भीर र चुनौतीपूर्ण देखिन्छ।

### जलवायु परिवर्तनका कारक

लामो समयको अन्तरालमा विश्वव्यापी रूपमा तापमान र मौसमी वातावरणमा आउने फरकलाई जलवायु परिवर्तन भनिन्छ। प्राकृतिक रूपमा यो धेरै विस्तारै हुने प्रक्रिया हो भने मानवनिर्मित गतिविधिका कारण हालका दिनमा जलवायु परिवर्तनको गति निकै छिटो भएको पाइन्छ। यसको मुख्य स्रोत भनेको पृथ्वीको वायुमण्डलमा उत्पन्न हुने हरितगृह ग्यासहरू जस्तैः कार्बनडाइअक्साइड (७९.७), मिथेन (११.१), नाइट्रस अक्साइड (६.१) र फ्लोरिनेटेड (३.१ प्रतिशत) हुन् जसले सूर्यबाट आएको तापलाई सोस्छ र पृथ्वीलाई तातो बनाउँछ। साधारणतया यी ग्यास बढ्दो औद्योगिकीकरण जस्तैः औद्योगिक उत्पादन (सिमेन्ट, धातु, रासायनिक पदार्थ), यातायात (पेट्रोल, डिजेल, आदिको प्रयोग), विद्युत उत्पादन (कोइला र प्राकृतिक ग्यासको प्रयोग), कृषि तथा पशुपन्छी (उत्पादन, प्रशोधन) साथै व्यावसायिक तथा आवासीय क्षेत्र (फोहोर व्यवस्थापन, खाना पकाउने आदि) का माध्यमबाट उत्पादन हुने गर्छन् भने हालको अवस्थामा युद्धका कारण हतियार उत्पादन, विस्फोटन, विस्फोटनपश्चात्को आगलागी र पुनर्निर्माणका कारणले अझ छिटो र धेरै गुणा बढी मात्रामा उत्सर्जन भइरहेको देखिन्छ। विश्वव्यापी रूपमा हरितगृह ग्यासको उत्पादन तुलनात्मक रूपमा बढ्दो औद्योगीकरणमा होमिएका राष्ट्रहरू क्रमशः चीन, संयुक्त राज्य अमेरिका, भारत, रुस, इन्डोनेसिया र ब्राजिल अगाडि देखिन्छन् भने अन्य देशले दुई प्रतिशतभन्दा कम उत्सर्जन गरेको विश्व जनसङ्ख्या समीक्षाको तथ्याङ्कले देखाउँछ।

### जलवायु परिवर्तनका सङ्केत

नेपाल जलवायु परिवर्तनको सङ्कटबाट निकै प्रभावित भइरहेको छ। कुल विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान अत्यन्त न्यून भए पनि यसको संवेदनशील भूबनोट, कमजोर पूर्वाधार र कृषिमा निर्भर अर्थतन्त्र तथा समुदायका कारण जलवायु परिवर्तनको असर नेपालले गम्भीर रूपमा भोगिरहेको छ। हिमाली क्षेत्रमा विश्वव्यापी औसतभन्दा उच्च दरमा तापक्रम वृद्धि हुने हुँदा हिमाली समुदायको अस्तित्वमा गम्भीर खतरा निम्त्याउनुका साथै तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने करोडौँ मानिसको जीवन र जीविकोपार्जनमा ठुलो जोखिम बढाइरहेको छ। नेपालमा जलवायु परिवर्तनको प्रमुख सङ्केत भनेको तापक्रम वृद्धि, अत्यधिक गर्मी दिन/रातको सङ्ख्यामा वृद्धि र वर्षाको मात्रामा र स्वरूपमा भएको बढ्दो अनिश्चित हो।

नेपालमा औसत वार्षिक तापक्रम आगामी दशकमा उल्लेख्य रूपमा बढ्ने देखिन्छ। विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाका तथ्याङ्कलाई केलाउँदा नेपालमा प्रतिवर्ष औसत ०.०४ देखि ०.०६ डिग्री सेल्सियसका दरले तापक्रम बढिरहेको छ। यो विश्वव्यापी औसतभन्दा बढी हो। सन् २०३० को दशकसम्म तापक्रम ०.५ देखि २.० डिग्री सेल्सियससम्मले बढ्ने अनुमान छ। सन् २०९० को दशकसम्म ३.० देखि ६.३ डिग्री सेल्सियससम्मले बढ्न सक्ने प्रक्षेपण छ।

नेपालको जल तथा मौसम विज्ञान विभागको तथ्याङ्क अनुसार सन् १९८१–२०१० लाई आधार अवधि मान्ने हो भने नेपालमा भविष्यको औसत वार्षिक तापक्रम वृद्धि सन् २०३० सम्म करिब १.३ देखि १.४ डिग्री सेल्सियसले, २०५० सम्ममा २.१ देखि २.५ डिग्री सेल्सियसले र २०८० सम्म ३.२ देखि ५.६ डिग्री सेल्सियससम्म पुग्न सक्ने प्रक्षेपण छ। सन् २०२५ मा नेपालको औसत न्यूनतम तापक्रम सन् १९८१ यताकै सबैभन्दा उच्च थियो र विगत ३० वर्षमा नेपालका हिमाली क्षेत्रले करिब एक तिहाइ हिउँ गुमाइसकेको छ।

नेपालमा मनसुनको समयमा हुने वर्षामा पनि ठुलो अनिश्चित देखिन थालेको छ। अल्पवृष्टि, अतिवृष्टि, खण्डवृष्टि र अनावृष्टिको क्रम बढ्नु पनि जलवायु परिवर्तनको एक प्रमुख र प्रत्यक्ष सङ्केत हो। यसले देशमा प्राकृतिक जलचक्र पूर्ण रूपमा बिग्रिएको र मौसम थप आक्रामक तथा अनपेक्षित बन्दै गएको स्पष्ट सङ्केत गर्छ। आवश्यक समयमा पानी नपर्नु र छोटो समयमा धेरै पानी पर्दा माटोले सोस्न पाउँदैन जसका कारण पहिरो र खहरेखोलामा अचानक भयानक बाढी आएर क्षति बढी गर्छ। यसले नेपालमा एकातर्फ खडेरी र अर्कोतर्फ बाढी तथा पहिरोको जोखिम बढाउन सक्ने देखिन्छ।

### प्रमुख विपत्का घटना

नेपाल विश्वमै जलवायु परिवर्तनको असरबाट सबैभन्दा बढी प्रभावित हुने जोखिमपूर्ण देशमध्ये एक हो। यहाँ पछिल्ला दशकमा तापमान वृद्धि, हिमताल विस्फोट, लामो खडेरी र असामान्य वा बेमौसमी भारी वर्षाका कारण थुप्रै विनाशकारी प्राकृतिक प्रकोपसँगै मानवीय र भौतिक तथा आर्थिक क्षति भएका छन्। जलवायु परिवर्तनका कारण नेपालमा भएका प्रमुख तथा ऐतिहासिक घटनाको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

### जलवायु न्याय

नेपाल जलवायु सङ्कटको प्रमुख कारक नभए पनि यसले जलवायु परिवर्तनको असर भोग्नेमा अग्रपङ्क्तिमा छ। जलवायु परिवर्तनको विपत्को चपेटामा नेपाल बारम्बार पर्दै आएको छ र भविष्यमा पनि पटक पटक पर्ने जोखिम कायमै छ। नेपाल जस्तो विकासोन्मुख मुलुकले ऋण लिएर बारम्बार यस्ता विपत्सँग जुध्न सामर्थ्य राख्न सक्दैन। त्यसै गरी पर्यावरणीय योगदानमा नेपालले पुस्तौँदेखि वनजङ्गल र हिमाली क्षेत्रको संरक्षण गरेर सिङ्गो पृथ्वीको पर्यावरणलाई सन्तुलनमा राख्न सहयोग गरेको छ। विश्व मानचित्रमा नेपाल ९२ औँ ठुलो देश भए पनि जैविक विविधताका हिसाबले ४९ औँ नम्बरमा छ।



| मिति | घटना र प्रभावित क्षेत्र | पुऱ्याएको असर |
|---|---|---|
| २०३८ साउन | भोटेकोशी हिमताल विस्फोट : भोटेकोशी-सुनकोशी जलाधार क्षेत्र | तिब्बत (चीन) स्थित झाङजाङ्बो हिमताल फुट्दा अरनिको राजमार्ग र जलविद्युत् आयोजनामा ठुलो क्षति पुग्यो भने धेरै पक्की र झोलुङ्गे पुल ध्वस्त । |
| २०४२ साउन २० | दिगा छो हिमताल विस्फोट, सोलुखुम्बु | सोलुखुम्बुको दिगा छो हिमताल फुट्दा निर्माणाधीन जलविद्युत् आयोजना, पुल र घर बगायो । |
| २०५० साउन | मध्यनेपालमा भीषण वर्षा र बाढी | कुलेखानी र बागमती क्षेत्रमा ऐतिहासिक मुसलधारे वर्षा भई पाँच सयभन्दा बढीको मृत्यु । |
| २०६९ वैशाख २३ | सेती नदीको बहाब आकस्मिक रूपमा बढेको | अन्नपूर्ण क्षेत्रमा हिमपहिरो र हिमढिस्को खस्दा सेती नदीमा अचानक आएको बाढीले गर्दा ७० भन्दा बढी मानिस बेपत्ता । |
| २०७१ साउन १७ | जुरे पहिरो, सिन्धुपाल्चोक | बाढी र निरन्तरको वर्षाका कारण जुरेमा ठुलो पहिरो जाँदा सुनकोशी नदी थुनिएर ताल बन्यो र १५६ जनाको ज्यान गयो । |
| २०७४ साउन | देशव्यापी डुबान र बाढी | मनसुनको समयमा छोटो अवधिमा अत्यधिक वर्षा हुँदा तराईका अधिकांश जिल्ला डुबानमा परी अर्बौंको क्षति । |
| २०७८ असार १ | मेलम्ची र हेलम्बुमा भीषण बाढी, सिन्धुपाल्चोक | हिमाली क्षेत्रमा भएको भारी वर्षा र भौगोलिक गलनका कारण मेलम्ची नदीमा भीषण बाढी आउँदा राष्ट्रिय गौरवको मेलम्ची खानेपानी आयोजनामा गम्भीर क्षति । |
| २०७८ कात्तिक | बेमौसमी वर्षले धानबाली नष्ट | मनसुन सकिएपछि अचानक आएको भारी वर्षा र हावाहुरीले देशैभरि पाकेको धानबाली नष्ट गरी किसानलाई ठुलो आर्थिक सङ्कट । |
| २०८१ असोज ११-१२ | काठमाडौँ उपत्यकासहित देशव्यापी भीषण बाढी र पहिरो | मनसुनको अन्त्यतिर परेको भारी वर्षाले बागमती, काठमाडौँका नदीमा बाढी आई र अन्य क्षेत्रमा २४० जनाभन्दा बढीको ज्यान लियो भने कृषि क्षेत्रमा ठुलो क्षति । |
| २०८३ भदौ १० | भोटेकोशी-त्रिशूली विनाशकारी हिमबाढी पहिरो | हिमनदी र पहाड भत्किँदा भोटेकोशी नदीमा आएको नेपालको इतिहासकै भयानक बाढीमा परी एक हजारभन्दा बढीको मृत्यु र हजारौँ बेपत्ता । उद्धार तथा खोजीको कार्य जारी, विस्तृत विवरण आउन बाँकी । |

*स्रोत : विभिन्न वेबसाइट*

जलवायु न्याय भनेको दया वा सहानुभूति नभई ठुला औद्योगिक राष्ट्रबाट पाउनुपर्ने कानुनी र प्राकृतिक अधिकार हो। हालै मलेसियामा भएको एसिया–प्यासिफिक क्षेत्रका सांसदको सम्मेलनलगायतका अन्तर्राष्ट्रिय मञ्चमा नेपालले 'हामीलाई सहानुभूति होइन, जलवायु न्याय र अधिकार चाहिएको छ' भनेर स्पष्ट रूपमा कुरा उठाएको छ र उठाइरहनु पर्छ। नेपालले अन्तर्राष्ट्रिय मञ्चमा 'हानि तथा नोक्सानी कोष' बाट उचित क्षतिपूर्ति पाउनुपर्ने जोडदार माग गर्नु आवश्यक देखिन्छ।

जलवायु परिवर्तनको सङ्कटबाट बच्न र अनुकूलनका लागि नेपालले अन्तर्राष्ट्रियस्तरमा बलियो कूटनीतिक पैरवी, प्रविधि हस्तान्तरण तथा जलवायु वित्तमा समान पहुँचको माग गर्नु पर्छ। त्यसै गरी नेपालले जलवायु परिवर्तनसँग सम्बन्धित प्राकृतिक विपत्बाट बच्न पारदर्शी रूपमा योजना र खर्चको सुनिश्चित गरी हिमाली तथा नदी तटीय क्षेत्रको संरक्षण, खहरे खोलामा ठाउँ ठाउँमा बाँध निर्माण, नदी तटीय क्षेत्रका बासिन्दाको व्यवस्थापन, बलिया संरचनाको निर्माण, सम्भावित जोखिमबारे प्रभावकारी अध्ययन गर्नु पर्छ। समयमै सूचना तथा चेतावनी दिने प्रणाली, हिमाली क्षेत्रमा सीमापार जलवातावरणीय जोखिम पूर्वसूचना प्रणालीको आवश्यकता र यसको स्थानीय तहसम्म सहज पहुँच र जोखिमयुक्त क्षेत्रका बासिन्दालाई त्यससम्बन्धी जनचेतना, जलवायु उत्थानशील कृषिलगायतका पूर्वतयारीका प्रविधिको विकास गरिनु जरुरी छ। त्यसका लागि आगामी नोभेम्बरमा हुने कोप–३१ मा दाबी गर्न सकिने गरी तयारी गर्नु पर्छ। त्यसै गरी यससँग सम्बन्धित विभिन्न वित्तलाई नेपालले पनि आफूले पुऱ्याएको योगदानमा आधारित रही आफ्नो अधिकारका साथ पाउनुपर्ने कुरा बलियो मुद्दा बनाएर अगाडि बढ्नु पर्छ।

- हरितगृह ग्यासको उत्सर्जनले तीव्र गतिमा तापक्रम वृद्धि
- नेपालले जलवायु परिवर्तनको असर गम्भीर रूपमा भोग्दै
- अनिश्चित वर्षाका कारण बाढी र पहिरोको जोखिम बढ्दै
- अन्तर्राष्ट्रिय मञ्चमा जलवायु न्यायको जोडदार माग

### निष्कर्ष

नेपालले जलवायु तथा वातावरण संरक्षणमा धेरै महत्त्वपूर्ण योगदान दिँदै आइरहेको छ। नेपालको कुल क्षेत्रफलको करिब ४६.०८ प्रतिशत भूभाग वन जङ्गलले ढाकेको छ। यसले गर्दा वार्षिक रूपमा अनुमानित तीन करोड ४१ लाखदेखि सात करोड ६० लाख टन कार्बन सञ्चित गर्छन्। नेपाल आफैँको विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा न्यून हिस्सा भए पनि क्षेत्रीय र विश्वव्यापी उत्सर्जनलाई सन्तुलनमा राख्न मद्दत गरिरहेको छ। त्यसै गरी वार्षिक रूपमा बहुवर्षीय फलफूल बालीका लाखौँ बोट रोपेर देशको हिमाल, पहाड, तराई गरी सबै कृषिपारिस्थितिक क्षेत्रमा बिरुवा रोपेर हरियाली प्रवर्धन गर्दै जलवायु तथा वातावरण संरक्षणमा थप योगदान गरिरहेको छ। विभिन्न महासन्धिमा हस्ताक्षर गरेर उनीहरूले तोकेका लक्ष्यहरू प्राप्त गर्दै आफ्नो दायित्व वा कर्तव्य पूर्ण रूपमा पालना गरिरहेको छ।

यी पहलबिच आइपर्ने विपत् र वायुमण्डलीय परिवर्तन नेपालको मात्र बसमा नभएका कुरा हुन् र यिनीहरू पूरा पृथ्वीका विभिन्न मुलुकका गतिविधिसँग निर्भर भई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिएका विषय पनि हुन्। यद्यपि बढ्दो तापक्रम, अनियमित वर्षा, बाढीपहिरो, खडेरी र प्राकृतिक विपत् केवल प्रकृतिका समस्या होइनन्, यी हाम्रो भविष्यसँग जोडिएका चुनौती हुन्। पृथ्वी हामीले मात्र होइन, आउँदो पुस्ताले पनि पाउने साझा घर हो। त्यसैले प्रकृतिको संरक्षण, प्रदूषण न्यूनीकरण र जलवायु परिवर्तनका असरबाट जोगिन र जोगाउन जलवायु वित्त सुनिश्चित गर्नु र विकसित तथा विकासशील राष्ट्रबिच विश्वास, समन्वय र सहकार्य बलियो बनाउनु आजको टड्कारो आवश्यकता हो।

# बालबालिकामा प्रविधिको असर



रुद्रहरि भण्डारी

मानव जीवनमा चार दशकको समय एउटा युग परिवर्तनको साक्षी बन्न पर्याप्त हुन्छ। निजामती सेवामा बिताएका मेरा चार दशकमध्ये झन्डै तीन दशक शिक्षा प्रशासनमै समर्पित रहे। यस अवधिमा शिक्षा मन्त्रालय, जिल्ला शिक्षा कार्यालय, राष्ट्रिय परीक्षा बोर्ड, बागमती प्रदेशको शिक्षा हेर्ने मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्रदेखि नीति निर्माण र कार्यान्वयनसँग सम्बन्धित विभिन्न निकायमा रहेर काम गर्ने अवसर पाएँ। ती वर्षहरू केवल सरकारी सेवाका अभिलेख मात्र थिएनन्; ती नेपालको शिक्षाप्रणाली, सामाजिक रूपान्तरण र नयाँ पुस्ताको विकास यात्रालाई नजिकबाट नियाल्ने मात्र होइन; त्यसलाई दिशा दिने नीति निर्माण, कार्यक्रम विकास र कार्यान्वयनका अनेकौँ प्रयासमा प्रत्यक्ष सहभागी बन्ने अमूल्य अवसर पनि थिए।

यस यात्रामा चक, डस्टर र कालोपाटीबाट सुरु भएको शिक्षण प्रणाली ह्वाइट बोर्ड, कम्प्युटर ल्याब, मल्टिमिडिया प्रोजेक्टर हुँदै आज स्मार्टफोन, ट्याब्लेट र कृत्रिम बौद्धिकता (एआई) सम्म आइपुगेको प्रत्यक्ष देख्ने अवसर मिल्यो। कुनै समय शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्न नीति, योजना र कार्यक्रम बनाउँदा हामी शिक्षाकर्मी उत्साहित थियौँ। उद्देश्य स्पष्ट थियो– दुर्गम गाउँसम्म कम्प्युटर पुऱ्याउने, विद्यालयमा इन्टरनेटको पहुँच विस्तार गर्ने र नेपाली विद्यार्थीलाई विश्वस्तरीय प्रतिस्पर्धाका लागि सक्षम बनाउने।

त्यस समयको सोच गलत थिएन। प्रविधिले सिकाइका नयाँ अवसर सिर्जना गऱ्यो, सूचना प्राप्त गर्ने माध्यम विस्तार गऱ्यो र शिक्षामा पहुँच बढाउन भूमिका निर्वाह गऱ्यो। विशेष गरी भौगोलिक विकटता, स्रोतको अभाव र आकस्मिक परिस्थितिमा प्रविधि उपयोगी बन्यो तर आज शिक्षा क्षेत्रको लामो अनुभव बोकेको शिक्षाकर्मी, अभिभावक र सचेत नागरिकका रूपमा वर्तमान अवस्था नियाल्दा चिन्ता उत्पन्न हुन्छ। प्रविधि आफैँ समस्या होइन; यसको अनियन्त्रित, असन्तुलित र उमेर अनुसार अनुपयुक्त प्रयोग मुख्य चुनौती बनेको छ।

### बदलिएको बालसंसार

हामीले साक्षरता दर, डिजिटल पहुँच र इन्टरनेट प्रयोगका सूचकाङ्क बढायौँ तर सँगसँगै बालबालिकाको एकाग्रता, पठन संस्कार, सिर्जनशीलता र सामाजिक अन्तर्क्रियामा चुनौती देखिन थालेका छन्। धेरै अभिभावक र शिक्षकले विद्यार्थीको ध्यान पढाइभन्दा मोबाइलतर्फ बढी केन्द्रित भएको अनुभव गर्छन्। यही अवस्थाले बालमनोविज्ञान र शिक्षाको गुणस्तरबारे गम्भीर बहस आवश्यक बनाएको छ।

नेपाली समाजमा बालबालिकाका हातमा स्मार्टफोन व्यापक रूपमा पुग्ने मुख्य मोड कोभिड–१९ महामारी बन्यो। विद्यालय बन्द भए, नियमित पठनपाठन अवरुद्ध भयो र सिकाइलाई निरन्तरता दिन वैकल्पिक माध्यम अपनाउनु अपरिहार्य बन्यो। यही परिस्थितिमा अनलाइन कक्षा, डिजिटल सामग्री र मोबाइलमा आधारित सिकाइलाई सरकारले प्राथमिकता दियो। अभिभावकले पनि कठिन आर्थिक अवस्थाबिच आफ्ना छोराछोरीका लागि मोबाइल र इन्टरनेटको व्यवस्था गरे। त्यो निर्णय तत्कालीन परिस्थितिको आवश्यकता थियो। अनलाइन सिकाइको विकल्प खोजिएको नहुने हो भने लाखौँ विद्यार्थी लामो समय शिक्षाबाट वञ्चित हुने अवस्था आउन सक्थ्यो। त्यसैले महामारीका बेला प्रविधिको प्रयोगले शिक्षाप्रणालीलाई निरन्तरता दिन महत्त्वपूर्ण योगदान पुऱ्याएको तथ्य स्वीकार गर्नु पर्छ।

तर महामारीपछि देखिएको अर्को यथार्थ भने अझ चुनौतीपूर्ण बन्यो। विद्यालय खुले, नियमित कक्षा सञ्चालनमा आए तर धेरै बालबालिकाको हातबाट मोबाइल छुटेन। अध्ययनका लागि किनिएका उपकरण बिस्तारै सामाजिक सञ्जाल, छोटा भिडियो, अनलाइन गेम र अन्य मनोरञ्जनका माध्यम बन्दै गए। कतिपय विद्यार्थीका लागि मोबाइल पढाइको साधनभन्दा मनोरञ्जनको केन्द्र बन्न पुग्यो। यही अवस्थाले विद्यालय, परिवार र समाजलाई नयाँ चुनौतीको सामना गर्न बाध्य बनाएको छ।

आज धेरै शिक्षकले विद्यार्थीको घट्दो एकाग्रता, पठनप्रतिको अरुचि, हस्तलेखन अभ्यासमा आएको कमी तथा छोटो उत्तर खोज्ने प्रवृत्तिबारे चिन्ता व्यक्त गरिरहेका छन्। यस्ता चुनौती नेपालमा मात्र होइन, विश्वका धेरै मुलुकमा पनि बहसको विषय बनेका छन्। त्यसैले अबको प्रश्न प्रविधि प्रयोग गर्ने कि नगर्ने भन्ने होइन; त्यसलाई बालबालिकाको उमेर, आवश्यकता र सिकाइको उद्देश्य अनुसार कसरी सन्तुलित बनाउने भन्ने हो।

### प्रविधिको प्रभाव

विश्वका विभिन्न देशमा विद्यालय शिक्षामा डिजिटल उपकरणको प्रयोगबारे पछिल्ला वर्षहरूमा पुनर्विचार हुन थालेको छ। यसको अर्थ प्रविधिलाई विद्यालयबाट हटाउने भन्ने होइन। कुन उमेरका बालबालिकालाई, कस्तो अवस्थामा र कुन सिकाइका लागि प्रविधि प्रयोग गर्ने भन्ने विषयमा ध्यान दिन थालिएको हो। केही देशले प्राथमिक तहमा हस्तलेखन, पुस्तक पढ्ने बानी, शिक्षक र विद्यार्थीबिचको प्रत्यक्ष सम्बन्ध तथा खेलबाट सिकाइलाई बढी महत्त्व दिएका छन्। कतिपय देशले विद्यालयमा व्यक्तिगत मोबाइलको प्रयोगमा कडाइ गरेका छन् भने केहीले उमेर अनुसार डिजिटल उपकरण प्रयोग गर्ने व्यवस्था गरेका छन्। अन्तर्राष्ट्रिय संस्थाले पनि डिजिटल प्रविधि प्रयोग गर्दा त्यसको शैक्षिक उपयोगिता, सन्तुलन र उपलब्ध प्रमाणलाई आधार बनाउनुपर्नेमा जोड दिएका छन्।



*चित्र : एआइ*

यसबाट एउटा कुरा के स्पष्ट हुन्छ भने प्रविधि आफैँ शिक्षा होइन। यो सिकाइलाई सहज बनाउने साधन हो। प्रविधि उपलब्ध हुँदैमा मात्र शिक्षाको गुणस्तर सुधार हुन्छ भन्ने मान्न सकिँदैन।

नेपालमा पनि डिजिटल पहुँच बढाउनु आवश्यक छ तर त्यससँगै बालबालिकाको पढ्ने बानी, शिक्षकसँगको प्रत्यक्ष सम्बन्ध, सामाजिक व्यवहार, मानसिक विकास र सिर्जनात्मक क्षमतामा पर्ने असरलाई पनि ध्यान दिनु पर्छ। त्यसैले प्रविधि प्रयोग गर्ने वा नगर्ने भन्नेभन्दा पनि कहाँ, कति र कुन उद्देश्यका लागि प्रयोग गर्ने भन्ने विषयमा स्पष्टता आवश्यक छ। नेपालले वर्तमान अवस्था र प्रविधिको प्रयोगबाट पर्न सक्ने दीर्घकालीन असरलाई समेत ध्यानमा राखी स्पष्ट र व्यावहारिक नीति तयार गर्न आवश्यक छ। अन्तर्राष्ट्रिय अभ्यासबाट नेपालले लिनुपर्ने मुख्य सन्देश पनि यही हो।

आज विभिन्न विद्यालयको अवस्था नियाल्दा एउटा नयाँ चुनौती स्पष्ट देखिन्छ। धेरै स्थानीय तहले स्मार्ट बोर्ड, इन्टरनेट र अन्य डिजिटल उपकरण उपलब्ध गराएका छन्; जुन सकारात्मक प्रयास हो तर प्रविधि उपलब्ध गराउनु मात्र पर्याप्त हुँदैन; त्यसको उद्देश्यपूर्ण, जिम्मेवार र सन्तुलित प्रयोग सुनिश्चित गर्नु अझ महत्त्वपूर्ण हुन्छ। कतिपय विद्यालयमा शिक्षकले पढाइरहेका बेला विद्यार्थीको ध्यान बारम्बार मोबाइल वा अन्य डिजिटल माध्यमतर्फ आकर्षित हुने गरेको अनुभव सुनिन्छ। यसले सिकाइको गुणस्तर, एकाग्रता र कक्षाकोठाको शैक्षिक वातावरणमा असर पार्ने सम्भावना बढाउँछ। धेरै अभिभावकले पनि नयाँ प्रकारका समस्याबारे गुनासो गर्न थालेका छन्। मोबाइल नपाउँदा बालबालिका असहज र अधैर्य हुने तथा अत्यधिक प्रयोगको बानीका कारण पढाइमा ध्यान दिन कठिनाइ हुने, परिवारसँग संवाद कम गर्ने वा अधिकांश समय कोठाभित्रै डिजिटल उपकरणमा व्यस्त रहने प्रवृत्ति बढेको अनुभव उनीहरूले सुनाउने गरेका छन्। यस्ता सबै समस्या एउटै कारणले मात्र उत्पन्न भएका होइनन् तर अत्यधिक र अनियन्त्रित डिजिटल प्रयोग एउटा महत्त्वपूर्ण कारणका रूपमा देखिन थालेको छ। यसैले आजको बहस प्रविधिको विरोध गर्ने होइन, बालबालिकाको विकाससँग सन्तुलित रूपमा जोड्ने उपाय खोज्ने हुनु पर्छ।

- प्रविधिको अनियन्त्रित प्रयोगले बालबालिकामा निर्भरता बढ्दै
- कोभिड महामारीले बालबालिकाको हातमा स्मार्टफोन पुऱ्यायो
- अत्यधिक स्क्रिन प्रयोगले शारीरिक र मानसिक विकासमा असर
- बालबालिकालाई मोबाइलसँगै प्रकृति र खेलसँग पनि जोड्नु पर्छ
- प्रविधिको विवेकपूर्ण प्रयोगको संस्कार विकास गर्नु जरुरी

धेरै अभिभावक र शिक्षकले विद्यार्थीको ध्यान पढाइभन्दा मोबाइलतर्फ बढी केन्द्रित भएको अनुभव गर्छन्। यही अवस्थाले बालमनोविज्ञान र शिक्षाको गुणस्तरबारे गम्भीर बहस आवश्यक बनाएको छ।

अत्यधिक स्क्रिन प्रयोगले बालबालिकाको शारीरिक, मानसिक र सामाजिक विकासमा विभिन्न प्रकारका चुनौती ल्याउन सक्छ। गुगल वा कृत्रिम बौद्धिकता (एआई) जस्ता साधन उपयोगी भए पनि त्यसैमा पूर्ण निर्भर हुने बानीले विश्लेषणात्मक सोच र सिर्जनशीलतालाई कमजोर बनाउन सक्छ। स्वास्थ्यका दृष्टिले पनि लामो समय स्क्रिनमा बिताउने बानीले आँखामा तनाव, निद्राको समस्या, शारीरिक निष्क्रियता, मोटोपन तथा घाँटी/ढाड दुख्ने समस्या बढाउन सक्छ। त्यस्तै असुरक्षित डिजिटल प्रयोगले साइबर बुलिङ, अनलाइन ठगी, अनुपयुक्त सामग्रीमा पहुँच र गोपनीयतासम्बन्धी जोखिम पनि बढाउन सक्छ। त्यसैले डिजिटल साक्षरताको अर्थ उपकरण चलाउन सिकाउनु मात्र होइन; सुरक्षित, जिम्मेवार र नैतिक प्रयोगको संस्कार विकास गर्नु पनि हो। यस्ता जोखिमबारे अन्तर्राष्ट्रिय अध्ययनले पनि सावधानी अपनाउनुपर्ने देखाएका छन्।

### कसको जिम्मेवारी ?

बालबालिकाका समस्या उनीहरूको मात्र कमजोरी होइनन्; यसमा परिवार, विद्यालय र समाजको समेत प्रभाव रहन्छ। डिजिटल प्रविधिको अनियन्त्रित प्रयोगले बालबालिकामा निर्भरता बढाएको छ। सहरीकरणसँगै खेलमैदान र बालमैत्री स्थान घट्दा बालबालिका मोबाइलतर्फ आकर्षित भएका छन्। बच्चालाई शान्त गराउन मोबाइल दिने अभिभावकीय बानीले समस्यालाई अझ गहिरो बनाएको छ।

यो चुनौतीको सामना गर्न राज्य, विद्यालय र परिवारको साझा प्रयास अपरिहार्य छ। शिक्षानीतिले प्रविधिलाई सिकाइको सहयोगी मात्र बनाउनु पर्छ भने प्राथमिक तहमा खेल, पुस्तक पठन र सिर्जनात्मक गतिविधिलाई प्राथमिकता दिनु पर्छ। स्थानीय तहले बालमैत्री सार्वजनिक स्थान र पुस्तकालय निर्माण गर्नु पर्छ। परिवारभित्र पनि 'नो–फोन' अभ्यास जस्ता अनुशासन बसाल्नु जरुरी छ।

हामी डिजिटल युगमा भएकाले प्रविधिलाई पूर्ण रूपमा अस्वीकार गर्न सकिँदैन तर यसको विवेकपूर्ण प्रयोगको संस्कार विकास गर्नु आजको आवश्यकता हो। बालबालिकालाई प्रविधिसँगै प्रकृति, खेल र समाजसँग जोगाइराख्नु पर्छ। सही नीति र संस्कारले मात्र उनीहरूको बौद्धिक र भावनात्मक विकासलाई सही दिशा दिन सक्छ। समयमै उचित निर्णय लिएमा प्रविधि बालबालिकाको प्रगतिको सशक्त सहयात्री बन्न सक्छ।

नयाँ नेपाल

गोरखापत्र
gorkhapatraonline.com

समावेशीकरणको दिशामा एउटा फड्को : गोरखापत्रद्वारा प्रकाशित

**वाम्बुले भाषा पृष्ठ**

# यलखोमल्वाम वाम्बुले राडु



*फोटो प्ल्वाचोः आरबी लामा सिङदन*

**यलखोमल्वा 'मानेभन्ज्याङ टुँडिखेलल्वा पाइम है रंगरवास' देचो सालाङ रेकर्ड दुम्माख नौठाङ कलाकारतिचो ।**



**श्याम वाम्बुले राई**

वाम्बुले राडुतिडख्वा बडेख्वाल चाडपर्व मानेइ पाम्मे। इमस्याङ पासाख्वा यलखोमल्वा बाक्चो वाम्बुले राडुतिडख्वा नुम्बोम चाडपर्वतिचो मानैपासै गाकिमेइ बाम। यलखोमल्वा बडेख्वाल वाम्बुले राडुतिड बाकिम। आल बाक्चो वाम्बुले राडुतिडख्वा सुम (तीन) ग्वाटा चाडपर्व मानैपाइम। इम तिम्मे- ढ्वाङकुमो, बासुँरी दिवस इन्वाङ तिहारल्वा देउसि।

ढ्वाङकुमो उङतिड हिन्दु पात्रोअनुसार जनैपूर्णिमा तिथिल्वा मानैपाइम। वाम्बुलेख्वा चै भदौपुर्ने द्यान्किम। चाकुल साउन न्वा साकुल भदौल्वा परैदुम्मे। वाम्बुले समुदायख्वा ढ्वाङ्कुमपुर्ने वातिम। आम थोचे या वाम्बुले राई समाज, नेपाल (वाम्रास)ख्वा ललितपुरल्वाम य्वाक्का हात्तीवन किरात धार्मिक वनल्वा ढ्वाङ्कुम मुइतुम। भदौ १२ गते लिब्जु सामा पासै मज्जाख्वा ढ्वाङकुमो मानैपाइसिम। ढ्वाङकुमो इन्वाङ लिब्जु सामा संयोजन व्यवस्थापन युवा क्लबख्वा पौम थि। यलखोमल्वा २०५८ थोचेल्वा ढ्वाङकुम मानैइपासा बाकिम। २०८० थोचेल्वाङ लिब्जु उपो सामा पासाख्वा ढ्वाङकुमो मानैपाइम बाम।

इमस्याङ बाँसुरी दिवस उङतिडख्वा साउन १५ ल्वा मानेइ पाइम। २०७४ थोचेल्वाङ मानैपामुन्चोम आम बाँसुरी दिवस त्यापिप रान्चो दुम्सै ल्वामेइ बाम। त्यापालि या वाम्बुले समुदायख्वा यलखोम इमाडोलल्वाम सामुदायिक भवनल्वा 'क्वालस्याको बाँसुरी दिवस' मानैपाइसिम बाम। आमबेला राम्दले भाकाल्वा 'मानेभन्ज्याङ टुँडिखेलल्वा पाइम है रंगरवास' देचो सालाङ जीवन राईख्वा बाँसुरी त्वाप्सै पाइसिम बाम। गणेश वाम्बुले राईख्वा प्रुइतुमेइ आम सालाङ एरेन्ज आरबी लामा सिङदनख्वा पौमेइ तिम। आम सालाङल्वा उःच्वा स्वान्ढोम बुद्ध राई, राज राई, नवीन राई न्वा बिअःच्वा स्वान्ढोम अम्बिका राई, एलिना राई न्वा नुमा राईख्वा ग्वाक्बिम बाम। बाँसुरी दिवसल्वा काइसा पामुन्चोम सित्लि ,सालाङ इन्वाङ बासुँरी त्वाब्बुन्चो खासि मिडियाल्वा प्रचारप्रसार दुम्मेइ।

वाम्रासख्वा तिहारल्वा द्यालपाङल्वा पामुन्चो देउसि यलखोमल्वा २०५४ थोचेल्वाङ पासै ह्यातुम बाम। बाजियोरल्वाम रम्बाइन ख्रिप्सै मान्दल, बाँसुरी ट्वाप्सै देउसि पासै हेब्बुन्चो बाम। देउसिल्वा राडुयोरल्वाङ मुन्दुम खिप्चाम देसाख् योर बुमेइ बडेब्रोस दुम्मेइ बाम तिवाइ ड्आम्बिम चलन मास्सि चाब्बुन्चो आबा। देउसिल्वा बडेख्वाल्से दान ग्वाक्बिमेइख्वा वाम्रास संस्था आर्थिक रुपल्वा बल्ल्यो खासि पासिचाप्तुमेइ बाम।

भ.पु.जि., भ.न.पा. वडा नं. २ को हाल परिवर्तित वडा नं. ८ बस्ने धर्मलाल बासीले मेरो पिता विकु बहादुर बासीका नाममा मोहीयानी हक कायम भई दर्ता बाँकी रहेको तपसिल बमोजिमका कित्ता जग्गा, साविक मोही विकु बहादुर बासीको मिति २०५३।०२।१७ मा, निजकी पत्नी आस माया बासीको मिति २०७२।०९।१९ मा मृत्यु भई हक खाने छोराहरू धर्मलाल बासी–१, लक्ष्मी प्रसाद बासी–१, कृष्ण प्रसाद बासी–१ समेत जना–३ भएकोमा, लक्ष्मी प्रसाद वासी र कृष्ण प्रसाद वासीको मञ्जुरी भएको, सो कित्ता जग्गा म निवेदकले नै जोत कमोद गरी कमाई आएको 'ख' श्रेणीको विर्ता जग्गा भएकोले, विर्ता उन्मूलन ऐन २०१६, विर्ता उन्मूलन नियमावली २०१७ तथा अन्य प्रचलित कानून बमोजिम मेरा नाउँमा एकलौटी रै.प. दर्ता/ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको, विर्ता लगत खोज तलास गर्दा हाल फेला नपरेको, ३/७५७ ताथली ८/ट कि.नं. १६७ मा ज.ध. गणेश भ.पु. गोलमढी र मोही विकु वहादुर बासीका नाउँमा दर्ता बाँकी मोठ कायम छ भनी सम्बन्धित फाँटबाट लेखि आएको, १ नं. मोही लगत, २ नं. अनुसूची समेत पेश गरेको, फि.बु. मा देखिएका ज.ध. गणेशलाई म्याद जारी गर्दा, भ.पु.जि. भ.न.पा. ७ नं. वडा कार्यालयको सूचना पाटीमा टाँस भई आएको देखिँदा यसमा निवेदक बाहेक अन्य कसैको हकलाग्ने भए वा माग बमोजिम हुनु नपर्ने कुनै मनासिव कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामूदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे. फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| ताथली | ८/ट | १६७ | ०–७–०–० | वीकु वहादुर वासी भ.पु. जेला | भ.पु. गोलमढी बस्ने गणेशको कमाई मैले तिरी आएको छु |

**Shahidnagar Municipality**
**Office of the Municipal Executive**
**Yadukuha, Dhanusha, Madhesh Province , Nepal .**

**Invitation For Bids**

**Date of Publication: 2083/05/30( 15 th Sep 2026)**

1. Shahidnagar Municipality , Office of the municipal Executive , Yadukuha , Dhanusha invites Sealed bids ( Hard copy only ) from eligible Nepalese bidders for the following works under National Competitive bidding Single stage two envelope bidding procedure.

| S. N. | Contract Name | Contract ID No | Bid Document Fee NRs (Non refundable ) | Bid Security (NRs) | Bid Validity / Bid security validity Period | Last date of Bid Purchase | Last Date of Bid submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Installation of Drinking Water Hand Pupms within Shahidnagar Municipality | SNM / NCB / WORKS / 01/ 2083-84 | 5,000.00 | 7,76,000.00 | 90 /120 days | 5th Oct 2026, during office hrs | 6th Oct 2026, within 12:00 hrs | 6th Oct 2026, within 13:00 hrs. |

2. Account Details for Bid documents & Bid Security Deposit

| | |
|---|---|
| For Bid Document Fee | **Name of the Bank:** Rastriya Banijay Bank **Account no.:** 1220100301010010<br>**Name of Office :** Shahidnagar Municipality , Yadukuha , Dhanusha . **Office Code no.** : 80217408300<br>**Rajaswa (revenue) Shirshak no.** :14229 |
| For Bid security | **A/C Name:** Shahidnagar Na.Pa.(Ga-3) - Dharauti A/C **Account Number:** 1220100303000010<br>**Bank Name:** Rastriya Banijay Bank (RBB) **Address:** Bhanuchauk Janakpurdham Dhanusha.<br>**Office Code:** 80217408300 |

3. Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs 1,94,13,000.00
4. Minimum Work experience of similar size and nature: One (1 ) No. of Project Completed with a value of NRs 1,03,54,000.00
5. Pre-bid meeting shall be held at 13:00 hrs on 2083/06/12 ( 28th Sep 2026 ) at Shahidnagar Municipality , Yadukuha , Dhanusha .
6. Under 1S2E , Bidders are required to submit simultaneously two separate sealed envelope, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the bidding document.Sealed bids ( Hard Copy ) must be submitted to the office Shahidnagar Municipality , Yadukuha, Dhanusha , Nepal by hand/courier on or before 12:00 on 2083/06/20 (6 th Oct 2026 ). Bids received after this deadline will be rejected.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. For more information contact Shahidnagar Municipality , dhanusha. Or 9851151425 or Shahidnagarmun.gov.np
9. Matters not covered by this notice shall be in accordance with Public procurement act 2063 ( 2nd ammendment ) , Public Procurement regulations 2064 (16th Ammendment ) & Prevailing Rules & Regulations .
10. Shahidnagar Municipality reserves the right to accept or reject any or all bids without assigning any reason , whatsoever .

**Chief administrative Officer**

# घटेन कम उमेरको प्रसूति

**दैलेख समाचारदाता**
*दैलेख, भदौ २९ गते*

बालविवाह न्यूनीकरणका नाममा सरकारी तथा गैरसरकारी सङ्घ संस्थाले बर्सेनि लाखौँ रुपियाँ खर्च गर्दै आए पनि दैलेखमा कम उमेरमै प्रसूति हुने किशोरीको सङ्ख्या घट्न सकेको छैन ।

जिल्ला अस्पताल दैलेखको चार आर्थिक वर्षको तथ्याङ्कले बालविवाह न्यूनीकरण अभियानको प्रभावकारितामाथि नै प्रश्न उठाएको छ । जिल्ला अस्पतालमा प्रसूतिसेवा लिने महिलामध्ये २० वर्षमुनिको उमेरमै प्रसूति हुनेको सङ्ख्या पछिल्ला वर्षमा उच्च देखिएको छ ।

आव २०७९/८० मा अस्पतालमा कुल ५७० जना प्रसूति भएका थिए । तीमध्ये २० वर्षमुनिका प्रसूतिको हिस्सा १५.४४ प्रतिशत थियो । आव २०८०/८१ मा कुल ५२२ जना प्रसूति भएकामा २० वर्षमुनिको प्रसूति १५.५२ प्रतिशत थियो । आव २०८१/८२ मा भने कुल ६४२ जना प्रसूति भएकामा २० वर्षमुनिको प्रसूति १८.३८ प्रतिशत पुगेको छ ।

आव २०८२/८३ मा अस्पतालमा ६५८ जना प्रसूति भएकामा २० वर्षमुनिको प्रसूति १७.७८ प्रतिशत रहेको जिल्ला अस्पतालले जनाएको छ । चार वर्षको तथ्याङ्क हेर्दा २० वर्षमुनिको प्रसूति १५ प्रतिशतको हाराहारीबाट बढेर १८ प्रतिशतभन्दा माथिसम्म पुगेको देखिन्छ । पछिल्लो वर्ष केही कमी आए पनि कम उमेरमा प्रसूति हुने दर अपेक्षित रूपमा घट्न सकेको छैन ।



फाइल तस्बिर : कमल शर्मा
**बालविवाह न्यूनीकरणसम्बन्धी छलफल कार्यक्रममा किशोरी ।**

बालविवाह न्यूनीकरणका लागि सरकारी निकाय, स्थानीय तह तथा गैरसरकारी सङ्घ संस्थाले विद्यालयदेखि समुदायस्तरसम्म विभिन्न अभियान सञ्चालन गर्दै आएका छन् । बालविवाह रोकथाम, किशोरी शिक्षा, सचेतना तथा सामाजिक व्यवहार परिवर्तनका नाममा लाखौँ रुपियाँ खर्च हुँदै आए पनि अस्पतालको तथ्याङ्कले अभियानको प्रभाव प्रभावकारी हुन नसकेको देखाएको छ ।

जिल्ला अस्पताल दैलेखका कार्यालय प्रमुख डा. मनोजकुमार विश्वकर्माले २० वर्षमुनिका प्रसूति हुनेको सङ्ख्या अपेक्षित रूपमा घट्न नसकेको बताउनुभयो । उहाँका अनुसार सानै उमेरमा विवाह गर्ने र असुरक्षित यौनसम्पर्कका कारण किशोरीहरू शारीरिक रूपमा पूर्ण परिपक्व नहुँदै गर्भवती हुने तथा प्रसूति हुने समस्या रहेको छ । उहाँका अनुसार कम उमेरमै प्रसूति हुँदा बच्चा पूर्ण रूपमा स्वस्थ नहुने तथा कुपोषणको जोखिमसमेत बढ्ने गरेको छ । किशोरी आमाबाट जन्मिएका बालबालिकामा पोषणसम्बन्धी समस्या देखिन सक्ने उहाँको भनाइ छ ।

जिल्ला अस्पतालमा रहेको पोषण पुनर्स्थापना केन्द्रमा पाँच वर्षमुनिका ५६ जना शीघ्र कुपोषित बालबालिकालाई राखेर उपचार गरिएको अस्पतालले जनाएको छ । त्यस्तै १३६ जना शीघ्र कुपोषणका बिरामी फेला परेका डा. विश्वकर्माले बताउनुभयो ।

बालविवाह न्यूनीकरणका लागि बर्सौंदेखि अभियान सञ्चालन भइरहे पनि कम उमेरमै गर्भधारण र प्रसूति हुने दरमा उल्लेख्य सुधार नआउनुले कार्यक्रमको प्रभावकारितामाथि गम्भीर समीक्षा आवश्यक देखिएको सरोकारवालाले जनाएका छन् ।

महिला अधिकारकर्मी सुनिता चन्दले प्रसूति हुने किशोरी आमाको सङ्ख्यामा अभियान प्रभावकारी हुन नसकेको बताउनुभयो । उहाँले कार्यक्रम सञ्चालन र बजेट खर्चमा मात्रै केन्द्रित हुने तर त्यसको परिणाम मापन नगर्ने प्रवृत्तिले समस्या ज्युँका त्युँ रहेको उल्लेख गर्नुभयो ।

## भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्वन्धी ३५ दिने सार्वजनिक सूचना ।

भ.पु.जि., बालकुमारी-५ को हाल परिवर्तित म.थि.न.पा.-४ बस्ने धर्म लक्ष्मी श्रेष्ठले मेरा ससुरा चन्द्र बहादुर श्रेष्ठको नाममा २०२१ सालको सर्भे नापीका बखत नाप नक्सा भई मोहीयानी हक कायम रहेको तपसिल बमोजिमको कित्ता जग्गा साबिक मोही चन्द्र बहादुर श्रेष्ठको मिति २०४१।१२।१७ मा, निजकी एक मात्र पत्नी रुद्रमाया श्रेष्ठको मिति २०५४।०७।०३ मा मृत्यु भई हकदार छोराहरू गोविन्द भक्त श्रेष्ठ-१ र दुर्गामोहन श्रेष्ठ-१ भएकोमा, गोविन्द भक्त श्रेष्ठको २०७२।१०।१७ मा मृत्यु भई हकदार श्रीमती धर्म लक्ष्मी श्रेष्ठ-१, छोराहरू उमेश श्रेष्ठ-१ र महेश श्रेष्ठ-१ मात्र भएकोमा धर्म लक्ष्मी श्रेष्ठको नाममा एकलौटी रै.प. दर्ता गर्न दुर्गामोहन, उमेश र महेश श्रेष्ठको मञ्जुरी निवेदन पेश गरेको, म निवेदकले जोत कमोद गरी कमाई आएको 'ख' श्रेणीको विर्ता जग्गा भएकोले विर्ता उन्मूलन ऐन २०१६, विर्ता उन्मूलन नियमावली २०१७ तथा अन्य प्रचलित कानून बमोजिम मेरा नाउँमा रै.प. दर्ता/ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको, चन्द्र बहादुर चापासी, चन्द्र बहादुर चासीं सिबन्जार र चन्द्र बहादुर श्रेष्ठ भन्ने व्यक्ति अलग अलग नभई एक्कै व्यक्ति हो भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको, विर्ता राम प्रसाद श्रेष्ठको नामको लगत खोज तलास गर्दा हाल फेला नपरेको भनि तामेली फाँटवाट लेखि आएको, दधिकोट ठे.नं. ३६/ख/८०७२ वडा नं. ७/क कि.नं. ८९८ का ज.ध. राम प्रसाद श्रेष्ठ र मोही महलमा चन्द्र बहादुर चापसी साथै दर्ता बाँकी देखिन्छ, ज.ध. को नाममा जारी भएको २१ दिने म्याद २०८३।०४।१९ गते म.थि.न.पा. ४ नं. वडा कार्यालयमा टाँस भई आएको देखिँदा यसमा निवेदक बाहेक अन्य कसैको हकलाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मनासिव कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामूदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण हकदाबी गर्न आउनुहोला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| दधिकोट | ७/क | ८९८ | ०-७-१-० | चन्द्र बहादुर चासीं सीबन्जार भ.पु. ठिमी इनाय | भ.पु. ठिमी दथुटोल बस्ने राम प्रसाद श्रेष्ठको विर्ता हो मैले जोती आएको |

## भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

भ.पु.जि. भौखेल-८ हाल चा.न.पा. -२ बस्ने कृष्ण भक्त बजिकोले मेरो पिता गणेश बहादुर बजिकोको नाममा जोत कायम भएको तपसिलका कित्ता जग्गाको मोही पिता गणेश बहादुर बजिको ०५४।०९।२३ मा, निजकी पत्नी कान्छि बजिको ०७३।१०।२४ मा परलोक भई हक खाने छोराहरू राधेश्याम बजिको, निवेदक कृष्ण भक्त बजिको मात्र भएकोले उक्त कित्ता जग्गा हालसम्म हमी छोरा हकदारहरूले सगोलमा जोती कमाई आएको ज.ध. ले रैकरमा परिणत नगरेको ख श्रेणीको विर्ता जग्गा भएकोले विर्ता उन्मूलन ऐन २०१६, विर्ता उन्मूलन नियमावली २०१७ तथा मुलुकी देवानी संहिता २०७४ को दफा २३९ बमोजिम हामी छोराहरुका नाममा संयुक्त रै.प. दर्ता ना.सा. गरिपाऊँ भनी संयुक्त माग निवेदन परेको । मोठ स्रेस्तामा कि.नं. १५४ मा ज.ध. जित नारायण, सत्य नारायण, कृष्ण कुमारी, मोही गणेश बहादुर बजिको भ.पु. कोल्पा, जग्गा दर्ता बाँकी उल्लेख भएको, कि.नं. ८९ को ज.ध. काजीलाल कुस्ले भ.पु. भोलाछें, मोही गणेश बहादुर पुर्जा भ.पु. कोल्पा दर्ता बाँकी स्रेस्ता धेरै जिर्न भएको, पानाको विभिन्न भाग काटेको देखिन्छ, १ नं. मोही लगत, २ नं. अनुसूचीको कि.नं. १५४ मा ज.ध. भक्ति नारायण, सत्य नारायण, कृष्ण कुमारी, मोही गणेश वहादुर बजिक, कि.नं. ८९ मा मोही ऐ. ऐ. ज.ध. कांजीलाल कुस्ले, कि.नं. १५४ को १ नं. लगत फेला नपरेको, कि.नं. ८९ मा मोहि गणेश बहादुर बजिकु, ज.ध. काजीलाल कुस्ले उल्लेख भएको, २ नं. अनुसूची फेला नपरेको, विर्ता तर्फको लगत फेला नपरेको हुँदा यसमा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भएमा वा माग वमोजिम हुनु नपर्ने कुनै मनासिव कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, निजी गुठी लगायत व्यक्तिगत तथा अन्य जग्गा वा संरचनालाई असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र स-प्रमाण सहित हकदाबी गर्न आउनुहोला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | ज.ध. | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| भौखेल | ८ (छ) | १५४ | ०-८-२-० | गणेश बहादुर बजिको भ.पु. कोल्पाकोट | X | यो जग्गा भ.पु. तिनारायण, सत्य नारायण, कृष्ण कुमारी समेत जवान ३ को मैले जोती कमाएको । | |
| भौखेल | ८ (क) | ८९ | ०-१५-१-० | गणेश बहादुर बजिको भ.पु. कोल्पाकोट | | यो जग्गा काजि लाल कुस्लेको मैले जोती आएको छु । | |

# बाटोमै सुत्केरी हुनुपर्ने बाध्यता

**हुम्ला समाचारदाता**
*हुम्ला, भदौ २९ गते*

हुम्लाको दुर्गम गाउँकी एक गर्भवती बाटोमै सुत्केरी हुनुभएको छ । प्रसूतिगृहमा लैजाने क्रममा बाटोमै व्यथा लागेकी २० वर्षीय तारा बुढा आइतबार बाटोमै सुत्केरी हुनुभएको हो । चङ्खेली गाउँपालिका-६ को दुर्गम पुमागाउँकी बुढालाई पहिले हिँडाएर र त्यसपछि स्ट्रेचरमा बोकेर मेल्छाम स्वास्थ्य चौकीमा लैजाँदै गर्दा बाटोमै सुत्केरी गराउनुपर्ने बाध्यता रहेको मेल्छामा स्वास्थ्य चौकीका संयोजक हर्क बुढाले बताउनुभयो । गाउँमै रहेको पुमा आधारभूत सामुदायिक स्वास्थ्य एकाइमा प्रसूतिसेवाको सुविधा नभएका कारण यस्तो अवस्था आएको उहाँले बताउनुभयो । सुत्केरी भएकी बुढाले पहिलो शिशु जन्माउनुभएको हो ।

आइतबार बिहानबाटै व्यथा लागेकी बुढालाई गाउँबाट दिउँसो मात्र सेल्मुसासम्म हिँडाएर लगिएको थियो । व्यथा असहज भएपछि उहाँलाई त्यहाँबाट छोट्टी पुऱ्याउने ढुस्कासम्म स्ट्रेचरमा बोकेर लगिएको महिला स्वास्थ्य स्वयंसेविका तारा बुढाले बताउनुभयो । सोही स्थानमा स्वयंसेविका बुढाले सुत्केरी गराउनुभएको हो ।

बिहान ५ बजे घरमै व्यथा लाग्न सुरु भएको थियो । त्यसपछि व्यथा बढ्दै जाँदा उहाँलाई स्वास्थ्य चौकीमा पुऱ्याउने व्यवस्था गरिएको थियो । सुत्केरी भएको स्थानभन्दा केही परसम्म मेल्छाम स्वास्थ्य चौकीले चार जना स्थानीय पठाएको थियो । पछि सुत्केरी भइसकेको जानकारी पाएपछि उनीहरू फिर्ता भएका थिए ।

स्वास्थ्य चौकीका प्रमुख बुढाले सुत्केरी भइसकेको भए पनि आमा र नवजात शिशुको सुरक्षाका लागि स्वाथ्य चौकीमा ल्याउन आग्रह गर्दा परिवारले घर नै फिर्ता लगेका थिए । त्यसपछि आफूले स्वास्थ्य चौकीबाट अनमी कविता तामाङलाई सुत्केरीको घरमा पठाएको उहाँले बताउनुभयो । चालु आर्थिक वर्षमा बाटोमा सुत्केरी हुने यो पहिलो घटना हो । हाल आमा र नवजात शिशुको अवस्था सन्तोषजनक रहे पनि स्वास्थ्यकर्मीको निगरानीमा राखिएको छ ।

## भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

भ.पु.जि., बोडे वडा नं. ९ को हाल परिवर्तित म.ठि.न.पा. वडा नं. ९ बस्ने गोमा खत्रीले मेरो ससुरा दिल वहादुर खत्री क्षेत्रीका नाममा मोहियानी हक कायम भई दर्ता बाँकी रहेको तपसिल बमोजिमको कित्ता जग्गा, साबिक मोही दिल वहादुरको २०४८/०५/२५ मा, निजकी पत्नी हरि माया खत्रीको २०५७/०३/३१ मा, निजको १ मात्र छोरा मेरो पति नेत्र वहादुर खत्रीको २०६८/०२/०२ मा मृत्यु भई हक खाने श्रीमती म निवेदक गोमा खत्री, छोराहरू प्रल्हाद के.सी., माधव के.सी., पुरुषोत्तम के.सी. समेत जना ४ भएको, सो जग्गा म निवेदकले नै जोत कमोद गरी कमाई आएको 'ख' श्रेणीको बिर्ता जग्गा भएकोले बिर्ता उन्मूलन ऐन २०१६, बिर्ता उन्मूलन नियमावली २०१७ तथा अन्य प्रचलित कानून बमोजिम मेरा नाउँमा रै.प. दर्ता/ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको, बिर्ता लगत खोजतलास गर्दा हाल फेला नपरेको साथै मि.नं. ९९, ४७/०५२/०५३ नेत्र वहादुर खत्रीको मिसिल समेत खोजतलास गर्दा हाल फेला नपरेको भनी लेखिआएको, १ नं. मोही लगत पेश गरेको, २ नं. अनुसूची रेकर्डबाट फेला नपरेको भनी लेखिआएको, फि.बु.मा देखिएका ज.ध. हेरा ब. हेरा नसीं खास, तेज कुमारका नामको म्याद फेला नपरेको भनी म.थि.न.पा. ९ नं. वडा कार्यालयको सूचना पाटीमा मिति २०८३/०४/१२ मा टाँस भई आएको देखिँदा यसमा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मनासिब कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण हकदाबी गर्न आउनुहोला । अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| निलवाराही | ९/ख | ३१० | ०-१३-०-० | दिल वहादुर खत्री क्षेत्री भ.पु.ई. ठिमी कुण्डोल । | यो जग्गा भ.पु.ई. ठिमी हेरा नसि खाँस, तेज कुमार, राज कुमार, हरीधन, चन्द्र कुमार, हेरा वहादुरलाई कुत तिरी जोती आएको । |
| ऐ. | ऐ. | ३१२ | ०-१-०-० | ऐ. ऐ. | यो जग्गा भ.पु.ई. ठिमी गोङ्गचिवा लत वहादुर खाँसलाई कुत तिरी जोती खाई आएको । |

## भूमि प्रशासन कार्यालय, ललितपुरबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

ललितपुर महानगरपालिका वडा नं. १६ धपगाल बस्ने निवेदक धर्म विजय बज्राचार्य समेतका पिता सोम लाल गुभाजु भन्ने स्वयम्भु राज बज्राचार्यको नाममा भू.सु. सर्भे नापजाँच हुँदा ज.ध. कायम भई स्रेस्ता कायम तपसिल अनुसारको जग्गाहरूको दर्ता बाँकी भएको अवस्थामै ज.ध. स्वयम्भु राज बज्राचार्यको मिति २०६०/०३/०८ मा मृत्यु भइसकेको, निजकी श्रीमती हेरा माया वज्राचार्यको समेत मिति २०६५/०२/१७ मा मृत्यु भइसकेको, निज मृतकहरूको हक खाने हकदारहरूमा छोराहरू धर्म विजय वज्राचार्य १, पूर्ण उदय बज्राचार्य १ र चक्र राज बज्राचार्य १ भएकोमा चक राज बज्राचार्यको मिति २०४२/१२/२२ मा अविवाहित अवस्थामा नै मृत्यु भइसकेको हुनाले हाल हक खाने हकदारहरूमा छोराहरू धर्म विजय बज्राचार्य १, पूर्ण उदय बज्राचार्य १ समेत २ जनाका नाउँमा ज.ध.प्र.पु. नियमानुसार नामसारीका लागि अनुरोध छ भनी ललितपुर महानगरपालिका १६ नं. वडा कार्यालयको च.नं. १६८० मिति २०८२/१०/११ गतेको सिफारिस सहित साबिक गावाहल २४/५४ मा भएको भिमराज शाक्य नामको लगत भिडाई एकलौटी जग्गा नामसारी गरिपाऊँ भन्ने समेत व्यहोरा खुलाई यस कार्यालयमा द.नं. १२२८१ मिति २०८२/९ मा पुर्ण उदय राज बज्राचार्य र धर्म विजय बज्राचार्यको निवेदन मागदाबी रहेकोमा सो जग्गामा निज निवेदकको हकभोग रहेको छ/छैन ?, उक्त कित्ता जग्गा दर्ता नामसारी गर्न यी निवेदक बाहेक अन्य हकदार छन्, छैनन् ? कसैको हकदाबी छ, छैन ? उक्त जग्गाका जग्गाधनीको नाम जग्गाधनी स्रेस्ता तथा स्रेस्तामा भएको सोम लाल गुभाजु भन्ने स्वयम्भु राज बज्राचार्य जग्गा हो वा होइन ? निजका नामको उल्लिखित जग्गा साबिक नापी पालामा सरकारी सार्वजनिक, ऐलानी, पर्ती, मसान घाट, मठ मन्दिर, पानी, घाट, गौचरन, गुठी, निजी गुठी, राज गुठी, वन बुट्टेन एवं नेपाल सरकारले कुनै पनि व्यहोराले अधिग्रहण गरेको प्रकृतिको जग्गा हो, होइन तथा उल्लिखित प्रकृतिको जग्गा घुसी घुसाई नापनक्सा भएको जग्गा हो होइन ? उल्लिखित जग्गामा साबिकदेखि हालसम्म भोगचलन कसको रहेको छ ? भोगमा विवाद छ, छैन ? निवेदकको माग बमोजिम जग्गा दर्ता नामसारी गरिदिँदा अन्य कसैको हकभोग स्वामित्वमा असर पर्न जाने हो वा होइन ? सम्पूर्ण व्यहोरा खुल्ने गरी हकदाबी सम्बन्धी गोरखापत्र राष्ट्रिय दैनिकमा ३५ दिनभित्र सम्पूर्ण प्रमाण सहित हकदाबी गर्न आउनुहोला । अन्यथा कानून बमोजिम छुट जग्गा दर्ता नामसारी भइजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| सानागाउँ | ४ | २९ | ०-९-०-० | रामचन्द्र नेम्कुल | ल.पु.ढविगाल बस्ने सोम लाल गुभाजुलाई ९।५ माना धान तिरी जोती आएको छु ल्या. |
| | | २८ | ०-८-०-० | चन्द्रमान श्रेष्ठ सानागाउँ | |

## भूमि प्रशासन कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

भ.पु.जि., भौखेल-८ को हाल चा.न.पा.-२ बस्ने बाबुकाजी माकजुले मेरो बाजे विर बहादुर भन्ने विल बहादुर माकजुको नाममा मोही कायम भएको तपसिलका कित्ता जग्गाको मोही विल बहादुर माकजु ०४९।१।२४ मा, निजकी पत्नी तिलमाया माकजु ०३० सालमा परलोक भई हक खाने छोरा तेज बहादुर माकजु, चंख बहादुर माकजु, हर्ष बहादुर माकजु, सानु कान्छा माकजु समेत जना ४ भएकोमा तेज बहादुर माकजु ०७७।६।९ मा, निजकी पत्नी पुतली माकजु ०५५।१२।१४ मा परलोक भई हक खाने छोरा राम बहादुर माकजु मात्र भएकोमा निज राम बहादुर माकजु ०५९।१।२४ मा परलोक भई निजको हक खाने १ मात्र पत्नी चनमती माकजु, छोरा बावुकाजी माकजु श्याम बहादुर माकजु समेत जना ३ भएको, त्यस्तै चंख बहादुर माकजु ०७७।८।१३ मा परलोक भई हक खाने पत्नी मिश्री माया माकजु, छोरा पुष्कर माकजु, नारायण भक्त माकजु, भक्त नारायण माकजु, कृष्ण भक्त माकजु समेत जना ५ मात्र भएको, त्यस्तै हर्ष बहादुर माकजु ०४३।०५।०२ मा, निजकी पत्नी माया देवी माकजु ०२२ सालमा परलोक भई हक खाने छोरा कृष्ण बहादुर माकजु मात्र भएकोमा निज कृष्ण बहादुर माकजु २०७५।०५।२८ मा र निजकी पत्नी कान्छि माकजु २०६२।११।११ मा परलोक भई हक खाने हकदार छोरा नवराज माकजु मात्र भएको, त्यस्तै सानुकान्छा माकजु ०६५।१।५ मा, निजकी पत्नी कान्छी माकजु ०८०।७।२३ मा परलोक भई हक खाने छोरा राम कुमार माकजु, दिपक कुमार माकजु, केशव कुमार माकजु, उत्सव माकजु समेत जना ४ मात्र भएको, मृतक बाजे विल वहादुर माकजुको नामबाट चनमती माकजु, बावुकाजी माकजु श्याम वहादुर माकजु समेत जना ३ का नाममा ख श्रेणीको विर्ता जग्गा भएकोले विर्ता उन्मूलन ऐन २०१६, विर्ता उन्मूलन नियमावली २०१७ तथा मुलुकी देवानी संहिता २०७४ को दफा २३९ वमोजिम हामी निवेदकका नाममा रै.प. दर्ता ना. सा. गरिपाऊँ भनी संयुक्त माग निवेदन परेको । मोठ स्रेस्तामा ज.ध. मोहन माया कुस्ले भ.पु. टौमढी, मोही विर बहादुर माकजु कोल्पाकोटका नाममा दर्ता बाँकी उल्लेख भएको, १ नं. लगत फेला नपरेको, २ नं. अनुसूचीमा मोही विर बहादुर माकजु ज.ध. मोहन माया धोवीनी उल्लेख भएको विर्ता लगत फेला नपरेको लेखिएको हुँदा यसमा निवेदकको बाहेक अन्य कसैको हक लाग्ने भएमा वा माग बमोजिम हुनु नपर्ने कुनै मनासिव कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, निजी गुठी लगायत व्यक्तिगत तथा अन्य जग्गा वा संरचनालाई असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र स-प्रमाण सहित हकदाबी गर्न आउनुहोला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | ज.ध. | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| भौखेल | ८ (क) | ३२ | ०-३-१-० | विर बहादुर माकजु भ.पु. कोल्पाकोट | X | यो जग्गा मोहन माया डोविनिको हो मैले जोती आएको छु । | |

# जनस्वास्थ्यको अवस्था सुधारोन्मुख

**सिँजा समाचारदाता**
*सिँजा (जुम्ला), भदौ २९ गते*

जुम्लामा पछिल्लो समय जनस्वास्थ्यको अवस्था सुधारोन्मुख देखिएको छ । जिल्लाका गाउँ गाउँमा स्वास्थ्य संस्था विस्तार हुनुका साथै नागरिकले प्राथमिक तहको स्वास्थ्यसेवा स्थानीयस्तरमै पाउन थालेपछि स्वास्थ्यसेवामा पहुँच बढेको हो ।

जुम्लामा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसहित ७० वटा स्वास्थ्य संस्था छन् । जिल्लामा एउटा प्राथमिक स्वास्थ्य केन्द्र, २९ वटा स्वास्थ्य चौकी, २७ वटा आधारभूत स्वास्थ्यसेवा केन्द्र, ११ वटा सामुदायिक स्वास्थ्य एकाइ र एउटा सहरी स्वास्थ्य केन्द्र सञ्चालनमा छन् ।

यस्तै ६० वटै वडामा स्वास्थ्यसेवामा सहयोग पुऱ्याउन ५३७ जना महिला स्वास्थ्य स्वयंसेविका परिचालन गरिएको छ । गाउँमै रहेका स्वास्थ्य संस्थाबाट प्राथमिक तहको उपचारसेवा उपलब्ध हुन थालेपछि सामान्य स्वास्थ्य समस्या भएका नागरिक उपचारका लागि टाढा जानुपर्ने बाध्यता कम भएको जनस्वास्थ्य सेवा कार्यालय जुम्लाका प्रमुख किरणकुमार शर्माले बताउनुभयो ।

जटिल प्रकृतिका बिरामीबाहेक सामान्य स्वास्थ्य समस्या भएका नागरिकले गाउँमै उपचार सेवा पाउने अवस्था बनेको उहाँको भनाइ छ । शर्माका अनुसार पछिल्लो समय नागरिकमा स्वास्थ्यसम्बन्धी समस्या देखिनेबित्तिकै स्वास्थ्य संस्थासम्म पुग्ने प्रवृत्ति बढेको छ । यसले जिल्लाको समग्र जनस्वास्थ्य अवस्थामा सुधार ल्याउन सहयोग पुगेको उहाँले बताउनुभयो । जुम्लाको कुल जनसङ्ख्या एक लाख १९ हजार १८८ छ ।

त्यसमध्ये प्रजनन उमेर समूहका महिला ३४ हजार ५५३ जना, अनुमानित गर्भवती दुई हजार ७४६ जना, अनुमानित जीवित जन्म दुई हजार ३३२ जना, पाँच वर्षमुनिका बालबालिका ११ हजार १२८ जना, दुई वर्षमुनिका चार हजार ६०७ जना र एक वर्षमुनिका दुई हजार ३३२ जना छन् ।

स्वास्थ्य क्षेत्रका २६ वटा प्रमुख सूचकका आधारमा जिल्लाको स्वास्थ्य अवस्था मूल्याङ्कन हुने गरेको छ । तीमध्ये अधिकांश सूचक सुधारात्मक अवस्थामा रहेको जनस्वास्थ्य सेवा कार्यालयले जनाएको छ । स्वास्थ्य क्षेत्रमा सुधार गर्नुपर्ने पक्ष भने अझै धेरै रहेको कार्यालय प्रमुख शर्माले बताउनुभयो ।

स्वास्थ्यकर्मीको दरबन्दी अभाव, स्वास्थ्यकर्मीको सिप विकास तथा क्षमता अभिवृद्धि, मातृ मृत्युदर न्यूनीकरण, किशोरी प्रजनन दर घटाउने, घरमै हुने प्रसूति न्यूनीकरण, दक्ष प्रसूतिकर्मी (एसबिए) तथा एसएचपीसम्बन्धी तालिम र तालिमप्राप्त स्वास्थ्यकर्मीलाई जिम्मेवार बनाउने विषयमा सुधार आवश्यक रहेको उहाँले बताउनुभयो ।

यस्तै खोप खेर जाने दर न्यूनीकरण, ढुवानीमा सुधार, केन्द्र तथा सेसन सङ्ख्या व्यवस्थापन, तथ्याङ्क व्यवस्थापन, समयमा बैठक तथा समीक्षा गर्ने, समयमै प्रतिवेदन पठाउने र स्वास्थ्यसम्बन्धी तथ्याङ्क समयमै प्रविष्ट गर्ने विषयमा पनि सुधार आवश्यक रहेको शर्माको भनाइ छ ।

## TU University Campus, Office of the Principal

Kirtipur, Kathmandu

**Email: principal@tu.edu.np, Phone: 01-4330536**

**Invitation for Sealed Quotations for the Contract Identification No: TU-OP/W/SQ/01/2083-084**

Date of publication: September 14, 2026

1. The ***TU University Campus, Office of the Principal Kirtipur, Kathmandu*** invites ***sealed*** quotations from Nepalese eligible bidders for the construction of ***Construction of Waste Management Items.*** The estimated amount for the works is NPR. ***990,300.38*** **(without VAT & Contingency)**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***TU University Campus, Office of the Principal Kirtipur.***
3. A complete set of Bidding Documents may be purchased from the office ***TU University Campus, Office of the Principal Kirtipur, Kathmandu*** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till ***September 22, 2026 during office hours***.
   ***Name of the Bank: Nepal Bank Limited***
   ***Name of Office: TU University Campus***
   ***Office Account no.: 04500100099031000001***
4. ***Sealed*** quotation must be submitted to the office ***TU University Campus, Office of the Principal Kirtipur, Kathmandu*** by ***hand*** on or before ***12:00 hrs*** on ***September 22, 2026.*** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00 hrs on September 22, 2026*** at the office of ***TU University Campus, Office of the Principal Kirtipur, Kathmandu.*** Bids must be valid for a period of 45 days from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of electronic bids, amounting to a minimum of NPR. **25,000.00** which shall be valid for 30 days beyond the validity period of the bid December 05, 2026. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No: 04500100099031000001 at Nepal Bank Limited, Kirtipur Branch Account Name: TU University Campus and submit the receipt of the deposited amount of cash along with the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

## Province Public Service Commission
## Gandaki Province

**Invitation for Bids**

IFB No: 1/PPSC/2083-84

**(First Date of publication: 15th September 2026)**

1. Province Public Service Commission Gandaki Province invites Hardcopy bids for NCB Contracts from eligible bidders for the procurement of Goods mentioned below;

| S.N. | IFB No. | Description and Name of Contract | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Estimate Amount Without VAT and with PS (NRs.) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | 11/PPSC/083-084 | Procurement and Supply of Sport Utility Vehicle (SUV) (2 Nos.), PPSC (Contract ID: - 1/PPSC/G/2083-84) | 3,000 | 2,50,000.00 | NA | 120 days |

**2. Submission, Opening and Bank details :**

| Contract No. | Pre-Bid Meeting | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time |
| For NCB Contract | 28 September 2026 | 13:00 | 6 October 2026 | 12:00 | 6 October 2026 | 13:00 |

| For Revenue deposit | | For Cash deposit | |
|---|---|---|---|
| Bank Name | Revenue Account Details | Bank Name | Deposit Account Details |
| Rastriya Banijya Bank, Prithivi Chowk Branch, Kaski | Account No : 1000100200010000 Account Name : Province Public Service Commission, Gandaki Province | Rastriya Banijya Bank, Prithivi Chowk Branch, Kaski | Account No. : 3020100202030000 Account Name : Dharauti A/C (Pra.Le.Ni.Ka.) |

3. Tender Procedures shall follow Public Procurement Act (2nd Amendment, 2083) and Public Procurement Regulation (16th Amendment,2083)
4. Bidders shall download the bidding documents from official website or purchase manually from office and submit their hardcopy bids as specified in the Bidding data sheet.
5. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submitbids.
6. For further information, please refer to the official website of province public Service Commission, Gandaki Province. Any amendment in the notice or bid documents will be posted in notice board of this office or in official website.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Secretary**

### तिनाउ किनारका बस्ती

# विपत् जोखिम पहिचान गरिँदै



बुटवल तिनाउ नदी आसपासको बस्ती ।

**बुटवल समाचारदाता**
*बुटवल, भदौ २९ गते*

बुटवल उपमहानगरपालिकाले तिनाउ नदी आसपासका बस्तीको जोखिम पहिचान गरी विपत् पूर्वतयारीको योजना अघि बढाउने भएको छ।

बर्खायाममा तिनाउ नदीमा पानीको बहाब बढ्दा बुटवलका नदी किनारका बस्तीमा बाढी तथा डुबानको जोखिम रहने भएकाले सम्भावित जोखिमको अवस्था पहिचान गरी आवश्यक सुरक्षा योजना बनाउने तयारी उपमहानगरपालिकाले गरेको हो।

उपमहानगरपालिकाले वडा तहबाटै जोखिमयुक्त क्षेत्रको पहिचान गर्ने तयारी गरेको छ। त्यसका लागि प्राविधिकसहितको टोली परिचालन गरी नदीको बहाब, नदीको किनारको अवस्था, बस्तीको दुरी, भौगोलिक बनोट र विगतमा बाढी तथा डुबानको प्रभाव परेका स्थानको स्थलगत अध्ययन गरिने जनाइएको छ।

अध्ययनबाट तिनाउ किनारका कुन बस्ती तत्काल जोखिममा छन् भन्ने पहिचान गर्नुका साथै जोखिमको स्तरसमेत निर्धारण गरिने योजना रहेको छ। जोखिमका आधारमा तत्काल सुरक्षा तथा पूर्वतयारी आवश्यक पर्ने बस्ती, थप अध्ययन तथा संरक्षण आवश्यक पर्ने क्षेत्र र दीर्घकालीन व्यवस्थापन गर्नुपर्ने स्थान छुट्याइने उपमहानगरपालिकाको तयारी छ।

तिनाउ नदीमा बाढी आउँदा नदी किनारका बस्तीमा पानी पस्ने, कटान हुने तथा भौतिक संरचनामा क्षति पुग्ने जोखिम रहँदै आएको छ। नदीको प्राकृतिक बहाबमा हुने परिवर्तन, नदी किनारमा बढ्दै गएको बस्ती विस्तार र कमजोर भूभागका कारण जोखिम थप जटिल बन्न सक्ने भएकाले स्थानीय तहले जोखिमको अवस्थालाई व्यवस्थित रूपमा अभिलेख गर्नुपर्ने आवश्यकता देखिएको छ।

उपमहानगरपालिकाले जोखिम पहिचानपछि त्यसका आधारमा विपत् व्यवस्थापनका कार्यक्रम तय गर्ने जनाएको छ। जोखिममा रहेका बस्ती तथा घरधुरीको विवरण तयार गर्ने, आवश्यक स्थानमा पूर्वसूचना तथा उद्धारको व्यवस्था गर्ने, सुरक्षित स्थान पहिचान गर्ने र सम्भावित जोखिमका आधारमा सुरक्षा संरचना तथा अन्य पूर्वाधारको योजना बनाउने तयारी छ।

उपमहानगर प्रमुख खेलराज पाण्डेले विपत् व्यवस्थापनका घटना भएपछि उद्धार र राहतमा मात्रै केन्द्रित हुँदा मानवीय तथा भौतिक क्षति बढ्न सक्ने भएकाले जोखिम पहिचानलाई पूर्वतयारीको आधार बनाउन खोजिएको बताउनुभयो। उहाँले भन्नुभयो, "जोखिमयुक्त बस्तीको पहिचान भएपछि स्थानीय बासिन्दालाई सम्भावित जोखिमबारे जानकारी गराउने र विपत्का समयमा अपनाउनुपर्ने सावधानी तथा उद्धारसम्बन्धी तयारीमा समेत जोड दिइने छ।"

हरेक बर्खा तिनाउ नदीका आसपासका क्षेत्रमा बाढी पस्दा जोखिम हुने गरेको छ। नदीको बहाब र बस्तीको अवस्थालाई नियमित रूपमा निगरानीमा राखी जोखिम बढ्न सक्ने स्थानको समयमै पहिचान गर्न सके सम्भावित क्षति घटाउन सकिने उपमहानगरपालिकाको बुझाइ छ।

उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत दीपक ज्ञवालीका अनुसार जोखिम पहिचानको कामलाई एक पटकको अध्ययनमा सीमित नगरी आवश्यकता अनुसार अद्यावधिक गर्दै लैजाने योजना छ। उहाँले यसबाट तिनाउ किनारका बस्तीको जोखिमको तथ्यगत विवरण तयार हुने र सोही आधारमा विपत् पूर्वतयारी तथा व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्न सहज हुने बताउनुभयो।

# पाठेघर खस्ने समस्या जटिल

**भैरहवा समाचारदाता**
*भैरहवा, भदौ २९ गते*

ग्रामीण क्षेत्रमा महिलाले प्रजनन स्वास्थ्यसम्बन्धी समस्या लुकाएर राख्दा पाठेघर खस्ने समस्या जटिल बन्दै गएको छ। स्वास्थ्यसेवामा पहुँचको कमी, सुत्केरी अवस्थामा पर्याप्त आराम नपाउनु, भारी काम गर्नुपर्ने बाध्यता, कम उमेरमा विवाह र बारम्बार गर्भधारणलगायतका कारण महिलामा यस्तो समस्या देखिने गरेको स्वास्थ्यकर्मीले बताएका छन्।

पाल्पाको पूर्वखोला गाउँपालिकाका २८ वर्षीय मिनसरा राना (नाम परिवर्तन) तीन वर्षअघि हिँडडुल गर्न कठिन हुने, पिसाब गर्न समस्या हुने र शरीरभित्र भारी वस्तुले थिचे जस्तो महसुस हुन थालेपछि स्वास्थ्य चौकी पुग्नुभयो। उहाँले स्वास्थ्यकर्मीको सल्लाहमा बुटवलस्थित परिवार नियोजन सङ्घ पुगेपछि मात्र आफूलाई पाठेघर खस्ने समस्या भएको थाहा पाउनुभयो। अहिले उहाँको पाठेघरमा रिङ राखिएको छ। नियमित उपचारपछि उहाँको अवस्था सामान्य बन्दै गएको छ।

पाल्पाकै रैनादेवी छहरा गाउँपालिकाका २८ वर्षीय गोमा अधिकारी (नाम परिवर्तन) भने चार वर्षसम्म समस्या लुकाएर बस्नुभयो। उहाँले १६ वर्षको उमेरमै विवाह गर्नुभएको थियो। उहाँले कम उमेरमा विवाह, घरायसी कामको बोझ र सन्तान जन्माउने क्रमपछि पाठेघर खस्ने समस्या देखिए पनि लाजका कारण लामो समयसम्म कसैलाई बताउनुभएन। समस्या बढेर काम गर्नसमेत नसक्ने भएपछि मात्र स्वास्थ्य संस्थामा पुग्नुभयो। परिवार नियोजन सङ्घ बुटवलका अधिकृत विष्णु गुरुङका अनुसार गर्भावस्था र प्रसवका क्रममा तल्लो भागका मांसपेशीमा पर्ने तनावले पाठेघरलाई सहारा दिने संरचना कमजोर बनाउन सक्छ। उहाँले धेरै पटक गर्भधारण, प्रसवका क्रममा हुने जटिलता र भारी सामान उठाउने जस्ता कारणले पनि जोखिम बढ्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "स्वास्थ्य शिविरमा पाठेघर खसेका धेरै महिला भेटिन्छन्। समस्या भन्न अप्ठ्यारो मान्ने र लाजका कारण कतिपय महिला उपचारमा ढिलो आउने गरेका छन्।"

परिवार नियोजन सङ्घ बुटवलका शाखा प्रबन्धक शोभाकान्त न्यौपानेका अनुसार पाठेघर खस्ने समस्याको परीक्षण तथा उपचारसँगै पाठेघरको मुखको क्यान्सर परीक्षण र यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सेवा पनि उपलब्ध छ। गएको वर्ष पाठेघरको मुखको क्यान्सरको चार हजार ८५० जनाको परीक्षण गरिएकोमा ३४८ जनामा सम्भावित समस्या देखिएको थियो।


## नेपाल दूरसञ्चार कम्पनी लि.का सवारी साधन मर्मतका लागि मर्मत केन्द्र तथा स्पेयर पार्टस आपूर्तिकर्ता सूचीदर्ता गर्ने प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०५/३०**

यस कम्पनीका सवारी साधनहरू मर्मतका लागि मर्मत केन्द्र तथा स्पेयर पार्टस आपूर्तिकर्ता सूचीदर्ता गर्नु पर्ने भएकोले मू.अ.कर (VAT) र स्थायी लेखा नं. लिई सम्बन्धित निकायमा दर्ता नवीकरण तथा अद्यावधिक भएका इच्छुक फर्म वा संस्थालाई यो सूचना प्रकाशन भएको मितिले ७ औं दिन अर्थात मिति २०८३/०६/०५ गते कार्यालय समय अपरान्ह ५:०० बजे भित्र यस केन्द्रिय कार्यालयमा रीतपूर्वकको प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | प्रस्ताव नं.र विवरण |
|---|---|
| १. | NDCL/CHRO-GA/01/083-84 काठमाडौं उपत्यकाभित्र रहेका कम्पनीका सवारी साधनहरूको मर्मतको लागि मर्मत केन्द्र सूची दर्ता |
| २. | NDCL/CHRO-GA/02/083-84 काठमाडौं उपत्यकाभित्र रहेका कम्पनीका सवारी साधनहरूको मर्मतको लागि स्पेयर पार्ट्स आपूर्तिकर्ता सूची दर्ता |

प्रस्ताव फाराम शुल्कः रु.५००।-(अक्षेरुपी रु पाँच सय मात्र) पछि फिर्ता नहुने
प्रस्ताव फाराम पाइने र दर्ता गर्ने स्थानः नेपाल टेलिकम,सामान्य प्रशासन विभाग, सवारी शाखा के.का.।
प्रस्ताव खोल्ने स्थानः नेपाल टेलिकम, सामान्य प्रशासन विभाग, सवारी शाखा के.का.।
प्रस्ताव फाराम उपलब्ध हुने मितिः २०८३/५/३० गतेदेखी
प्रस्ताव फाराम उपलब्ध हुने अन्तिम मिति र समयः २०८३/०६/०५ गते अपरान्ह ४:०० बजेसम्म।
प्रस्ताव फाराम बुझाउने अन्तिम मिति र समयः २०८३/०६/०५ गते अपरान्ह ५:०० बजेभित्र ।
प्रस्ताव फाराम खोल्ने मिति र समयः २०८३/०६/०६ गते मध्यान्ह १२:०० बजे।

प्रस्ताव दर्ता तथा खोल्ने दिनमा सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको दिन तोकिएको समयमा नै प्रस्ताव दर्ता गर्ने तथा खोल्ने कार्य गरिनेछ।

**नेपाल टेलिकम**
**नेपाल दूरसञ्चार कम्पनी लिमिटेड**
**सामान्य प्रशासन विभाग, सवारी शाखा,**
**केन्द्रीय कार्यालय, भद्रकाली प्लाजा।**
**फोन नं. ४२१०४२४, ४२१०४६०**


# अवैध हतियारसहित पक्राउ



बरामद गरिएका हतियार र सामग्री ।

**रेसुङ्गा समाचारदाता**
*रेसुङ्गा (गुल्मी), भदौ २९ गते*

गुल्मीको छत्रकोट गाउँपालिका मानकोटबाट अवैध हतियार र जनावरको अङ्गसहित पक्राउ परेका तीन जनालाई बिहीबार हातहतियार तथा खरखजाना मुद्दा दर्ता गरिएको छ। गोप्य सूचनाका आधारमा प्रहरी निरीक्षक सुदीप नेपाली नेतृत्वको प्रहरी टोलीले सुरुमा छत्रकोट गाउँपालिका–५, मानकोटका बुद्धिबहादुर कामीको घर र आरान खानतलासी गरेको थियो।

जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वीरेन्द्रवीर विश्वकर्माका अनुसार बुद्धिबहादुरको घरबाट बन्दुकसहित हतियार बनाउन प्रयोग गर्ने ठुलो परिमाणमा सामग्री बारुद तथा जङ्गली जनावरका आखेटोपहारसमेत बरामद गरेको जानकारी दिनुभयो।

विश्वकर्माका अनुसार विभिन्न साइजका ३२ थान फलामका बन्दुकका नाल, काठको नालसहित फिट भएको एक थान भरुवा बन्दुक, निर्माणाधीन काठका कुन्दा तथा बन्दुकका बट, ग्राइन्डर, ड्रिल र वेल्डिङ मेसिनलगायत सामग्री बरामद भएका छन्। त्यसै गरी २२१ थान विभिन्न साइजका फलामका गोली र छर्रा, बन्दुकको पुर्जा, ग्राइन्डरमा प्रयोग हुने २४ थान ब्लेड, करिब ८९.८५० ग्राम बारुद जस्तो पदार्थ, भरुवा बन्दुकमा लाग्ने तीन थान गोली तथा बन्दुक निर्माणमा प्रयोग हुने अन्य पार्टपुर्जा बरामद भएको प्रहरी नायब उपरीक्षक विश्वकर्माले बताउनुभयो। त्यसै गरी प्रहरीले जङ्गली जनावरका तीन थान आखेटोपहार र छालाका पाँच टुक्रासमेत बरामद गरेको जनाएको छ। खानतलासीकै क्रममा छिमेकी झगबिन विक र प्रेमबहादुर सिञ्जालीको घरमा लुकाइराखेको भरुवा बन्दुक फेला परेको छ।

प्रहरीका अनुसार तीन जनालाई हातहतियार तथा खरखजाना मुद्दा दर्ता गरेर अनुसन्धान भइरहेको र जनावरको अङ्गसमेत चोरीसिकारीको विषय डिभिजन वन कार्यालयतिर पनि मुद्दा दर्ता हुने बताउनुभयो। गुल्मी प्रहरीले २०७५ सालमा पनि धुर्कोट गाउँपालिका–४ का शेरबहादुर जिसीलाई अवैध हतियार बनाउने उद्योगबाट हतियार र हतियार बनाउन प्रयोग हुने सामग्रीसहित पक्राउ गरेको थियो।

पछिल्लो समय बेवारिसे अवस्थामा भरुवा बन्दुक भेटिने क्रम पनि बढेको छ। जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रमुख प्रहरी उपरीक्षक भीमकिरण बोगटीका अनुसार दुई महिनाको अवधिमा मात्रै बेवारिसे चार र ११ गरेर १५ बन्दुक प्रहरीले फेला पारेको छ। बोगटीले गत आवमा तीन बन्दुक बेवारिसे अवस्थामा फेला परेको जानकारी दिनुभयो।

# गाउँमै सहज उपचार

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, भदौ २९ गते*

राप्तीसोनारी गाउँपालिकाका अस्पताल बनेपछि ग्रामीण भेगका बासिन्दालाई उपचारमा सहज भएको छ।

भदौ १ गतेदेखि राप्तीसोनारी अस्पताल सञ्चालनमा आएपछि ग्रामीण क्षेत्रका स्थानीयवासीले गाउँमा स्वास्थ्यसेवा पाउन थालेका छन्। अस्पताल सञ्चालनसँगै विशेष गरी आकस्मिक अवस्थामा तत्काल उपचार पाउने स्थानीयको आशा बढेको छ।

गाउँपालिकाका अध्यक्ष तप्तबहादुर पौडेलले हाल एक जना चिकित्सकसहित पाँच जना स्वास्थ्यकर्मीबाट नियमित तथा आकस्मिक सेवा सञ्चालन भइरहेको बताउनुभयो। उहाँले सामान्य उपचारसँगै आकस्मिक, प्रसूति र बाल स्वास्थ्य सेवालाई प्राथमिकता दिइएको जानकारी दिनुभयो।

अध्यक्ष पौडेलका अनुसार गाउँमै अस्पताल सञ्चालन भएपछि रातको समयमा बिरामी हुँदा तत्काल उपचार पाउने अवस्था बनेको छ। सर्पदंश, दुर्घटना, अचानक बिरामी पर्ने अवस्था तथा प्रसूतिका समयमा देखिन सक्ने जटिलतामा समयमै स्वास्थ्य संस्था पुग्नु महत्त्वपूर्ण हुने भएकाले चौबिसै घण्टाको सेवाले ग्रामीण बस्तीका बासिन्दालाई प्रत्यक्ष राहत पुग्न थालेको छ।

गाउँपालिकाले अस्पतालको सेवा थप विस्तार गर्ने तयारी गरेको छ। आगामी असोजदेखि प्रसूतिसम्बन्धी शल्यक्रियासहित केही अन्य शल्यक्रिया सेवा सञ्चालन गर्ने योजना रहेको पनि उहाँले जानकारी दिनुभयो। विशेषज्ञ सेवा गाउँमै उपलब्ध गराउन नेपालगन्जस्थित भेरी अस्पतालसँग सहकार्य गर्ने तयारी भइरहेको अध्यक्ष पौडेलले बताउनुभयो। सहकार्य अन्तर्गत भेरी अस्पतालका विशेषज्ञ चिकित्सकलाई मासिक रूपमा राप्तीसोनारी अस्पतालमा ल्याउने योजना रहेको छ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मणिराम खरालका अनुसार अस्पताललाई प्रभावकारी र दिगो बनाउन आवश्यक जनशक्ति, औषधी, उपकरण र पूर्वाधार क्रमशः थप गरिँदै छ। अस्पताल व्यवस्थापन समितिका अध्यक्ष मीनराज खड्काका अनुसार यो सेवा ग्रामीण स्वास्थ्य पहुँच विस्तारको महत्त्वपूर्ण सुरुवात हो। उहाँले अस्पताललाई नाम मात्रको स्वास्थ्य संस्था नभई भरपर्दो र प्रभावकारी उपचारको केन्द्र बनाउने लक्ष्य रहेको बताउनुभयो।


**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**भन्सार विभाग**
**त्रिभुवन विमानस्थल भन्सार कार्यालय**
**(मुद्दा तथा लिलामी शाखा)**
**गौचर, काठमाडौं।**

## पत्रु चारपाङ्ग्रे/दुइपाङ्ग्रे सवारी साधनहरू लिलाम बिक्री सम्बन्धी सूचना (सिलबन्दी बोलपत्रको माध्यमबाट)

**सूचना प्रकाशित मिति : २०८३।०५।३०**

भन्सार छली चोरी निकासी/पैठारी लगायतका अभियोगमा विभिन्न मितिमा यस कार्यालयमा प्रतिवेदन सहित भन्सार ऐन, २०८२ बमोजिम दाखिला भएका पत्रु सवारी तथा ढुवानी साधनहरूको गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले भन्सार नियमावली, २०८३ को नियम ८५ अनुसार १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। सोको विस्तृत विवरण भन्सार विभाग र यस कार्यालयको वेबसाइट **www.customs.gov.np/tia** मा समेत हेर्न सकिनेछ। इच्छुक फर्म वा संस्थाबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सूचनामा उल्लिखित सर्तहरूको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएको व्यहोरा जानकारी गराइन्छ।



**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**स्तर निर्धारण तथा सम्बन्धन महाशाखा**
**सानोठिमी, भक्तपुरको**

## संस्था दर्ता ऐन २०३४ को दफा ४ बमोजिम दर्ता भई सम्बन्धन प्राप्त शिक्षण संस्थाहरूका लागि अत्यन्त जरुरी सूचना।

**प्रकाशित मिति : २०८३।०५।३०**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट संस्था दर्ता ऐन २०३४ को दफा ४ बमोजिम गैह्रनाफामूलक/सेवामूलक/सामाजिक संस्था/सामुदायिक संस्था/सार्वजनिक संस्था/प्रतिष्ठान/गुठी आदिको हैसियतमा दर्ता भई सम्बन्धन/स्वीकृत प्राप्त गरी सञ्चालनमा रहेका शिक्षण संस्थाहरूले सम्बन्धन/स्वीकृत लिएका कार्यक्रमहरूका हकमा त्यस्ता शिक्षण संस्थाहरूले दर्ता भएको निकायमा अद्यावधिक र नवीकरण नगराई मिल्दोजुल्दो नाममा अन्य निजी (प्रा.लि.) मा दर्ता गरी संस्थाको नामसारी, स्वामित्व हस्तान्तरण, शेयर खरिद बिक्री आदि गर्न नपाइने र परिषद्सँग सम्बन्धन/स्वीकृतिका लागि प्रस्तावना (आवेदन) गर्दा जुन हैसियतमा सम्बन्धन प्राप्त गरेको हो सोही हैसियतमा संस्था दर्ता भएको निकायबाट अद्यावधिक गरी सोको प्रमाणहरू नोटरी प्रमाणित गरी यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यथार्थ प्रमाण सहित पेश गर्नुहुन परिषद् कार्यालयको मिति २०८३/०५/२६ गतेको निर्णयानुसार सम्बन्धित शिक्षण संस्थाहरूलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ साथै तोकिएको समयसीमाभित्र विवरण अद्यावधिक गरी आधिकारिक कागजात पेश गरेको नपाइएमा प्रचलित कानून बमोजिम कारबाही हुनुको साथै सम्बन्धन/स्वीकृति खारेजी (रद्द) सम्मको प्रक्रिया हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सम्पर्कका लागि**
**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**फोन नं. ०१-६६३०४०८, सानोठिमी, भक्तपुर।**
**इमेलः ctevtaccreditation061@gmail.com**



**त्रिभुवन विश्वविद्यालय**
**अर्थशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर**

## सिलबन्दी कोटेसन पेस गर्ने सम्बन्धी सूचना।

**प्रकाशित मिति : २०८३।०५।३०**

यस अर्थशास्त्र केन्द्रीय विभागको वार्षिक दिवसको अवसरमा सञ्चालन हुने **CEDECON's Annual International Conference in Economics (CAICE-2026)** आगामी October 2-3.2026 (२०८३ असोज १६ र १७) गते हुने भएकोले काठमाडौं उपत्यका भित्रका ३ तारे वा सोभन्दा माथिका होटलले ३०० जना क्षमता भएको उपयुक्त तथा स्तरीय हल, खाना (प्रति व्यक्ति, प्रति दिन लन्च, चिया/कफी र अन्य प्रबन्ध) विभागले तोकिएको ढाँचाभित्र रही के–कति दररेटमा सेवा उपलब्ध गराउन सकिन्छ सूचनाको मितिले ७ दिनभित्र विभागमा आवश्यक कागजात सहित सिलबन्दी कोटेसन पेश गर्न सूचित गरिन्छ। विस्तृत जानकारीका लागि विभागको फोन नं. ०१-४३३०९५० मा सम्पर्क गर्न सकिनेछ।

**अर्थशास्त्र केन्द्रीय विभाग**
**त्रि वि कीर्तिपुर**



**नेपाल सरकार**
**ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय**
**विद्युत विकास विभाग**
**सानोगौचरण, काठमाण्डौ**

## पाल्पा सौर्य विद्युत आयोजनाको १३२ के.भी. विद्युत प्रसारण लाइन आयोजना सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/३०)**

लुम्बिनी प्रदेश अन्तर्गतको पाल्पा जिल्ला, माथागढी गाउँपालिका वडा नं. ६ मा प्रस्तावित पाल्पा सौर्य विद्युत आयोजना अन्तर्गत Block A (२० मे.वा.)को स्वीचयार्ड देखि शुरु भई Block B (५ मे.वा.) को स्वीचयार्ड, Block C(१० मे.वा.)को स्वीचयार्ड र Block D (१५ मे.वा.) को स्वीचयार्ड हुँदै नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाको सुनवल नगरपालिका वडा नं. ७ मा रहेको नेपाल विद्युत प्राधिकरणको १३२/३३ के.भी. सुनवल सवस्टेसनसम्म जम्मा १२ कि.मी. लम्बाई भएको विद्युत प्रसारण लाइन निर्माण गर्न विद्युत ऐन, २०४९ को दफा ४ को व्यवस्था अनुसार विद्युत नियमावली, २०५० को नियम १३ मा उल्लेखित विवरण खुलाई विद्युत प्रसारण लाईनको अनुमतिपत्रको लागि प्रवर्द्धक कम्पनी श्री गोग्रिन इनर्जी लि.ले दरखास्त पेश गरेकोले विद्युत नियमावली २०५० को नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी नियम १६ को प्रयोजनको लागि निम्न विवरणहरु खुलाई यो सूचना प्रकाशित गरिएको छ। प्रस्तावित प्रसारण लाईन निर्माण तथा संचालन गर्दा उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस विभाग वा प्रवर्द्धक श्री गोग्रिन इनर्जी लि.मा आफ्नो लिखित राय प्रतिक्रिया दिनुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**आयोजना सम्बन्धी विवरणहरु :**

१. श्री गोग्रिन इनर्जी लि. प्रचलित कम्पनी ऐन, २०६३ अन्तर्गत गठन भएको संस्था हो।
२. यस प्रसारण लाईनको भोल्टेज १३२,००० भोल्ट, सिङ्गल सर्किट रहने र ५० मेगावाट सम्मको विद्युत शक्ति प्रसारण गर्न सकिनेछ।
३. यस प्रसारण लाईन आयोजना लुम्बिनी प्रदेश अन्तर्गतको पाल्पा जिल्ला, माथागढी गाउँपालिका वडा नं. ६ मा प्रस्तावित पाल्पा सौर्य विद्युत आयोजना अन्तर्गत Block A(२० मे.वा.)को स्वीचयार्ड देखि शुरु भई Block B(५ मे.वा.)को स्वीचयार्ड, Block C(१० मे.वा.)को स्वीचयार्ड र Block D(१५ मे.वा.)को स्वीचयार्ड हुँदै नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाको सुनवल नगरपालिका वडा नं.७ मा रहेको नेपाल विद्युत प्राधिकरणको १३२/३३ के.भी. सुनवल सवस्टेसनसम्म जम्मा १२ कि.मी. लम्बाई भएको विद्युत प्रसारण लाइन निर्माण गरिनेछ।
४. यस प्रसारण लाईनको लम्बाई जम्मा १२ कि.मी. हुनेछ जसमा ४४ वटा सिङ्गल सर्किट टावरहरु निर्माण गरिने छन् तथा ACSR "BEAR" Conductor जडान गरिने छ। टावरको अधिकतम उचाई ३५ मी. र टावर बीच न्यूनतम र अधिकतम दुरी ३३.९४ मी. देखि ९३२.९२ मी. सम्म हुनेछ। आयोजना निर्माणको लागि कूल २३.१०४२ हेक्टर जमिन आवश्यक पर्ने छ, जसमध्ये टावर निर्माणको लागि ०.५३१९ हेक्टर जग्गा आवश्यक पर्दछ। यस बाहेक विद्युत मार्गको क्षेत्राधिकार (Right Of Way) र Land for Bay अन्तर्गत २२.५७२३ हेक्टर जग्गा आयोजनालाई आवश्यक पर्नेछ।
५. यस प्रसारण लाईनको क्षेत्राधिकार (ROW) विद्युत नियमावली, २०५० मा तोकिए बमोजिम न्यूनतम दुरीमा नघटाई प्राविधिक दृष्टिकोणबाट १८ मी. (मध्य विन्दुबाट ९/९ मी. दायाँबायाँ) कायम गरिने छ।
६. यस प्रसारण लाईनको निर्माण कार्य करिब २ वर्ष भित्र सम्पन्न गरिने लक्ष्य रहेको छ।
७. यस प्रसारण लाईन निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भु–क्षय, बाढी, वायु प्रदुषण आदि द्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी निर्माण गरिने छ।

यस आयोजनाको सम्बन्धमा विस्तृत जानकारीको लागि निम्न ठेगानामा सम्पर्क राख्न सकिनेछ।

| प्रवर्द्धकः | सरकारी निकायः |
|---|---|
| **श्री गोग्रिन इनर्जी लि.**<br>त्रिपुरेश्वर, काठमाडौं<br>फोन नं.: ०१-४११७३२३, ९७०४५६३६८७<br>इमेलः gogreenenergy@rameshcorp.com | **विद्युत विकास विभाग**<br>सानोगौचरण, काठमाडौं,<br>फोन नं.: ०१–४५१९५०१, ०१-४५३४११९<br>पो.ब.नं.:२५०७ , फ्याक्स नं: ०१-५२४४२५७<br>इमेल : info@doed.gov.np,<br>karshanmaharjan017@gmail.com |

# पहाडबाट निरन्तर धुवाँको मुस्लो

## अध्ययन गर्न टोली आउँदै

**बोमलाल गिरी**
*नवलपुर, भदौ २९ गते*

नवलपुरको हुप्सेकोट गाउँपालिका–६, पेलेगास्थित घाँगीभिरबाट निरन्तर बारुदको जस्तो गन्ध आउने धुवाँ निस्किइरहेको छ। प्लेगा गाउँबाट करिब पाँच सय मिटर दक्षिण पश्चिममा रहेको घाँगीभिरबाट निरन्तर धुवाँको मुस्लो निस्किरहेको हो। पेलेगा र भडारीगाउँको बिचमा पर्ने पहाडमा झरेको सानो पहिरोबाट धुवाँको मुस्लो निस्कने र आगो लाग्ने गरेको स्थानीयको भनाइ छ। लामो समयदेखि धुवाँ निस्किरहेको र वरपर डढेलोसमेत लागेपछि स्थानीय त्रसित बनेका छन्। उनीहरूले त्यहाँ कुनै बहुमूल्य ग्यास वा धातुको खानी हुन सक्ने भन्दै त्यसबारे पनि अनुसन्धान गर्न आग्रह गरेका छन्।

हुप्सेकोट–६ का वडाध्यक्ष छमबहादुर सोमैमगरले १५, १६ वर्षअघि पनि यस्तै धुवाँ आउने गरेको र एक/डेढ वर्षपछि आफैँ हराएको बताउनुभयो तर अहिले फेरि त्यस्तै समस्या देखिएको उहाँको भनाइ छ। मगरका अनुसार पहिरो खसेको स्थानबाट धुवाँ आउनुका साथै कहिलेकाहीँ ठुलो आवाजसमेत आउने गरेको छ। यसले स्थानीयमा त्रास सिर्जना गरेको भन्दै यस विषयमा जिल्ला प्रहरी कार्यालय र गाउँपालिकामा पटक पटक जानकारी गराइएको उहाँले बताउनुभयो। जिल्ला प्रहरी कार्यालयले पनि त्यसको अनुगमन

> लामो समयदेखि धुवाँ निस्किरहेको र वरपर डढेलोसमेत लागेपछि स्थानीय त्रसित बनेका छन् ।

गरिसकेको छ। प्रहरी टोलीले लामो समयदेखि धुवाँ निस्किरहेको र त्यसको गन्ध बारुदको जस्तो भएको निष्कर्ष निकालेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक युवराज खड्काले बताउनुभयो। धुवाँ निस्किरहेको स्थानको तल्लो भागमा रहेको याल्ताखोलाको पानी फिटकिरीको स्वाद जस्तो भएको र खोलाको किनार पहेँलो देखिएको स्थानीय दमबहादुर सोमैमगरले बताउनुभयो। "हुप्सेकोट पालिका खानीको पालिका हो। धौवादीमा फलाम खानी पनि यहीँ छ। अब हामी यो धुवाँसँग सम्बन्धित कारण पनि पत्ता लगाएर यसको समाधानतर्फ लाग्ने छौँ," अध्यक्ष पाण्डेले भन्नुभयो।

पहिरो गएको स्थानबाट करिब एक किलोमिटर उत्तरतर्फ पेलेगामा ३५ घरधुरी रहेको मानवबस्ती छ। यसरी पिरो गन्ध आउने काम नरोकिएपछि जमिनमुनि ग्यास रहेकोले विस्फोट हुने हो कि भन्ने चिन्ता बढेको अध्यक्ष पाण्डेले बताउनुभयो। "यहाँको यो समस्याका बारेमा हामीलाई पनि पटक पटक जानकारी गराइएको थियो तर जाडोमा कुहिरो र हिउँदमा डढेलो लागेको हुन सक्ने भन्दै चुप लागेर बस्यौँ, पछिल्लो पटकको अनुगमनले त्यो होइन रहेछ भन्ने पुष्टि भयो," अध्यक्ष पाण्डेले भन्नुभयो।

### अध्ययन गर्न टोली आउँदै

भिरबाट निरन्तर बारुदको जस्तो गन्ध आउने धुवाँ निस्कन थालेपछि यो विषय संसद्देखि सरकारसम्म पुगेको छ। गत शुक्रबारको प्रतिनिधि सभा बैठकमा बोल्दै नवलपुर–१ का सांसद राजन गौतमले यसलाई सामान्य घटना मान्न नहुने बताउनुभयो। सांसद गौतमले प्रकृतिले हामीलाई केही सङ्केत दिएको भन्दै सरकारले तत्काल भूगर्भविद, ग्यास रसायनविज्ञ, विपत् व्यवस्थापन विज्ञसहितको टोली हुप्सेकोट पठाएर अध्ययन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसलगत्तै सरकारले अध्ययन टोली पठाउने भएको छ। विज्ञान तथा नवप्रवर्तनमन्त्री महावीर पुनले हुप्सेकोट गाउँपालिकाका अध्यक्ष पाण्डेलाई फोन गरेर अध्ययन टोली पठाउन लागेको जानकारी दिनुभएको हो। सोही अनुसार खानी तथा भूगर्भ विभाग अधिकृत प्रकाश लुइटेलको नेतृत्वमा मङ्गलबार अध्ययन टोली यहाँ आउन लागेको हो। अध्ययन टोलीमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठान (नाष्ट)को टोली पनि सहभागी हुने लुइटेलले जानकारी दिनुभयो।

### नजिकै फलाम खानी

धुवाँ निस्किएको क्षेत्रनजिकै धौवादी फलाम खानी रहेको छ। सरकारले त्यहाँ फलाम खानी सञ्चालन गरी फलाम र स्टिल उत्पादन गर्ने भनेको छ। सरकारले धौवादी फलाम कम्पनी नै खोलिसकेको छ। नेपाल सरकारको पूर्ण स्वामित्वमा रहने गरी धौवादी फलाम कम्पनी लिमिटेड २०७६ असोज ९ मा कम्पनी रजिस्ट्रार कार्यालयमा दर्ता गरिएको छ। फलाम खानी भण्डार पूर्वपश्चिम राजमार्गको कावासोतीदेखि करिब २० किलोमिटर उत्तरमा रहेको हुप्सेकोट गाउँपालिका अन्तर्गत पश्चिम नाम्जाकोटदेखि पूर्व धौवादी क्षेत्रमा रहेको छ।

धौवादी फलाम कम्पनी लिमिटेडले फलाम खानी उत्खननसम्बन्धी योजना पनि तयार गरेको जनाएको छ। कम्पनीले करिब ४१ वर्गकिलोमिटर क्षेत्रमा फैलिएको फलाम खानीबाट नौ करोड ६० लाख धाउँ फलाम उत्खनन गर्न सकिने योजनासहितको प्रतिवेदन खानी तथा भूगर्भ विभागमा बुझाएको हो।

खानी क्षेत्रलाई धौवादी पोखरी ब्लक र दुर्लुङ ब्लक गरी दुई भागमा विभाजन गरिएको छ। धौवादी पोखरी ब्लक २५ वर्गकिलोमिटर तथा दुर्लुङ ब्लक १६ वर्गकिलोमिटर क्षेत्रमा फैलिएको छ। उक्त योजना स्वीकृत भएपछि कम्पनीले फलामको भण्डारसम्बन्धी थप अनुसन्धान तथा उत्खनन कार्य अघि बढाउने जनाएको छ। नेपालमा फलामको व्यावसायिक उत्पादन गर्ने उद्देश्यले धौवादी फलाम कम्पनी लिमिटेड स्थापना गरिएको हो।

# करोडौँको अस्पताल सुनसान



निर्माण सम्पन्न भएर अलपत्र परेको वालिङ नगर अस्पताल ।

**वालिङ समाचारदाता**
*वालिङ (स्याङ्जा), भदौ २९ गते*

स्याङ्जाको वालिङ नगरपालिका–१, रामवाच्छामा आकर्षक नगर अस्पतालको भवन निर्माण सम्पन्न भएको झन्डै दुई वर्ष भएको छ। भवन बनेको लामो समयसम्म पनि अस्पताल सञ्चालन हुन नसकेका बेला गण्डकी प्रदेश सरकारको पछिल्लो निर्णयले झनै अन्योल बढाएको हो। गण्डकी प्रदेश सरकारले वालिङ नगर अस्पताललाई स्तरोन्नति गरी २५ शय्याको बनाएर प्रदेशमातहत ल्याउन नेपाल सरकारसमक्ष अनुरोध गरेको छ तर 'प्रदेश सरकारलाई थप आर्थिक दायित्व नपर्ने गरी' भन्ने सर्तले वालिङ क्षेत्रका नागरिक, जो घरदैलोमै स्वास्थ्यसेवा पाउने आशामा बसेका थिए, निराश बनेका छन्।

गण्डकी प्रदेश स्वास्थ्य मन्त्रालयका प्रदेश सचिव डा. युवानिधि बसौलाद्वारा हस्ताक्षरित २०८३ असार ११ गतेको पत्रका आधारमा अन्योल बढेको दाबी गरिएको छ। मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई पठाइएको पत्रमा "प्रदेश सरकारलाई थप आर्थिक दायित्व नपर्ने गरी वालिङ नगर अस्पताल (गह्रौं प्राथमिक अस्पताल) लाई २५ शय्यामा स्तरोन्नति गरी प्रदेशमातहत ल्याई सञ्चालन गर्न नेपाल सरकारसमक्ष अनुरोध गर्ने," उल्लेख गरिएको छ। प्रदेश सरकारको यो निर्णयपछि 'आर्थिक भार नबेहोर्ने भए अस्पतालमातहत ल्याउनुको औचित्य के ?' भन्दै सामाजिक सञ्जालमा तीव्र विरोध र विवाद सुरु भएको छ।

वालिङ नगर कार्यपालिकाको २०८१ भदौ २६ गते बसेको बैठकले स्थानीय तहमातहत सञ्चालित यस अस्पताललाई स्तरोन्नति गरी प्रदेश मातहत सञ्चालन गर्न अनुरोध गर्ने औपचारिक निर्णय गरेको थियो। स्थानीय तहको उक्त आग्रहपछि प्रदेशका स्वास्थ्यमन्त्रीस्तरीय निर्णयबाट स्तरोन्नतिको सम्भाव्यता अध्ययन गर्नेसमेत समिति गठन गरिएको थियो।

त्यति मात्र होइन, प्रदेश स्वास्थ्य मन्त्रालयले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा समेत प्रदेशमातहतका अस्पताललाई आवश्यकताका आधारमा स्तरोन्नति गर्ने स्पष्ट नीति समावेश गरेको थियो नीति तथा कार्यक्रममा अस्पताल स्तरोन्नतिका ठुला आश्वासन दिने तर कार्यान्वयनको चरणमा पुग्दा आर्थिक दायित्वबाट पन्छिने काम प्रदेश सरकारले गरेको हो।

नगरपालिकाले स्थानीय तहको बजेट र स्रोतसाधनले मात्र २५ शय्याको सुविधासम्पन्न अस्पतालको सञ्चालन, विशेषज्ञ चिकित्सकको व्यवस्थापन र दैनिक प्रशासनिक खर्च धान्न कठिन हुने भएकाले नै प्रदेशमातहत लैजान अनुरोध गरेको थियो। प्रदेश सरकारले सञ्चालन गरेको खर्चको दायित्व लिन अस्वीकार गरेपछि करोडौँको लागतमा बनेको भौतिक संरचना उपयोगविहीन हुने खतरा बढेको छ।

### भूलसुधार

मिति २०८३।५।२९ गते गोरखापत्रको पृष्ठ नं. १९ मा प्रकाशित श्री सर्लाही जिल्ला अदालतबाट जारी भएको लिलामी सूचना (बिगो नं. ११५९, वादी अनाया महर्जनको संरक्षक भई निजको पिता अन्जन महर्जन र प्रतिवादी हेमन्त प्रसाद वली भएको) मा काठमाडौँ जिल्ला अदालतको फैसला **मिति २०८१।०६।०९** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।


**नेपाल सरकार**
**युवा, श्रम तथा रोजगार मन्त्रालय**
**वैदेशिक रोजगार विभाग**
**ई.पि.एस. कोरिया शाखा, ग्वार्को, ललितपुरको**

**सुरक्षा गार्ड सेवा करारमा लिने सम्वन्धी सिलवन्दी दरभाउपत्र आव्हानको सूचना !**

**प्रथम पटक प्रकाशित मितिः– २०८३।०५।३०**

नेपाल सरकार, वैदेशिक रोजगार विभाग अन्तर्गत यस ई.पि.एस. कोरिया शाखालाई आर्थिक वर्ष २०८३/०८४ को (२०८३ असोज देखि २०८४ असार मसान्त सम्म १० महिना) लागि दैनिक ८ घण्टा कार्यालयको सुरक्षा गर्ने प्रयोजनार्थ ६ जना सुरक्षा गार्ड आवश्यक भएकोले सेक्युरिटी गार्ड सप्लाई गर्न नेपाल सरकारबाट इजाजत प्राप्त गरी योग्यता पुगेका इच्छुक फर्म/संस्था/कम्पनीहरूबाट रितपूर्वक यो सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । सूचना सम्वन्धी थप जानकारीको लागि यस शाखाको वेभसाईट httpsM://epsnepal.gov.np मा गई हेर्न सक्नुहुनेछ ।
**(यस संग सम्बन्धित बिस्तृत सूचना यस शाखाको वेभसाईट https://epsnepal.gov.np मा प्रकाशित गरिएको छ ।)**



**बागमती प्रदेश सरकार**
**स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**भक्तपुर अस्पताल, भक्तपुर**

**करारमा कर्मचारी भर्ना सम्बन्धी विज्ञापन स्थगित गरिएको सूचना**

**(सूचना प्रकाशित मिति २०८३/०५/३०)**

यस अस्पतालको लागि चिकित्सक तथा स्वास्थ्यकर्मीहरु करार सेवामा भर्ना गर्न मिति २०८३।०५।२९ मा प्रकाशित विज्ञापनमध्ये देहाएका विज्ञापनहरु हाललाई स्थगित गरिएको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | विज्ञापन नं. | पदनाम/ तह | सेवा/ समूह/ उपसमुह | माग पद संख्या |
|---|---|---|---|---|
| १ | ०३/२०८३/८४ | क. इ.एन.टी.सर्जन/नबौं | स्वास्थ्य/ अटोरिनोल्यारिंगोलोजी | १ (एक) |
| २ | ०५/२०८३/८४ | स्टाफ नर्स/पाँचौं | स्वास्थ्य/ ज.न. | १० (दश) |



**Government of Nepal (GoN)**
**Ministry of Agriculture , Forest and Environment**
**Department of Livestock Services**
**National Livestock Breeding Office, Pokhara**

**Invitation For Bid**

**IFB No. NLBO/NCB/G/2083-84/01**
**Date of publication: 15 september 2026**

1. The ***National Livestock Breeding Office (NLBO) Pokhara*** invites bids (not electronically) from eligible bidders for the procurement, supply and delivery of Semen Filling Straws at place and quantity specified by NLBO under National Competitive Bidding procedures. The name and identification of the contract are as follows:

| Contract ID No. | Name of Procurement | Bid Security NRs | Document Fee NRs |
|---|---|---|---|
| NLBO/NCB/G/2083-84/01 | Procurement, Supply and Delivery of Semen Filling Straws | Rs. 60,000/- With at least 120 days validity period | 3,000/- |

2. **Purchase, Submission and Opening**

| Purchase of Bid | | | Submission of Bid | | | Opening of Bid | |
|---|---|---|---|---|---|---|---|
| Date | Time | place | Date | Time | place | Date | Time |
| Till 5th October 2026 | Till 17:00 | NLBO Pokhara | On or before 6th October 2026 | Till 12:00 PM | NLBO Pokhara | 6th October 2026 | 14:00 |

| For Bid Fee | Bid Security in the form of Cash |
|---|---|
| Bank: Rastriya Banijya BankPrithivi Chowk , Kaski<br>Account No. 1000100200010000<br>Revenue Code No.: 14229<br>Office Code no.: 312023902<br>National Livestock Breeding, 0ffice, Pokhara, Kaski | Bank: Rastriya Banijya BankPrithivi Chowk, Kaski<br>Account No: 3020100102030000<br>Account Name: Ko.Le.Ni.Ka.Kaski<br>Office Code no.: 312023902<br>National Livestock Breeding, 0ffice, Pokhara, Kaski |

3. Eligible bidders may obtain further information at the office of ***NLBO, Pokhara,Tel 061-505389 and*** *email* nlbc.pokhara@gmail.com of this office.

**Office Chief**



**सुन्दरहरैँचा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**विराटचोक, मोरङ**
**कोशी प्रदेश, नेपाल ।**

**साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन र बिक्रीबाट प्राप्त हुने शुल्क ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति : २०८३।०५।३० गते)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (घ) (६) बमोजिम सुन्दरहरैँचा नगरपालिका नगर कार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्र बाहेकका नदी तथा खोलाहरूबाट स्वीकृत आईईमा तोकिएको क्षेत्र र नाकाबाट ढुङ्गा, गिटि, ग्रावेल, बालुवा र भरौट उत्खनन् सङ्कलन तथा बिक्री शुल्क असुली गर्न तपसिल बमोजिमको खोलाबाट तोकिएको परिमाणमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरूले तोकिएको अवधिभित्र तपसिल बमोजिमको सर्तको अधीनमा रही बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

**ठेक्काको नामः साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा बिक्री शुल्क अशुली ठेक्का।**

**बुढी खोलाका आईईले तोकेका विभिन्न नाकाहरूबाट उत्खनन् गर्न सकिने नदीजन्य पदार्थको परिमाण।**

| क्र.सं. | ठेक्का नं. | उत्खनन् योग्य परिमाण (घन.फि.) | न्यूनतम ठेक्का अङ्क रु. (मू.अ. कर वाहेक) | वोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | राजस्व १५/०८३/८४ | ५२९७२५ | ४२,६७,४६४।६ | ५,०००।०० | |

**गछिया खोलाका आईईले तोकेका विभिन्न नाकाहरूबाट उत्खनन् गर्न सकिने नदीजन्य पदार्थको परिमाण।**

| क्र.सं. | ठेक्का नं. | उत्खनन् योग्य परिमाण (घन.फि.) | न्यूनतम ठेक्का अङ्क रु. (मू.अ. कर वाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| २ | राजस्व १६/०८३/८४ | २८५३४६०.८२९ | २,७५,२७,२८३।२३ | ७,०००।०० | |

**लोहन्द्रा खोलाका आईईले तोकेका विभिन्न नाकाहरूबाट उत्खनन् गर्न सकिने नदीजन्य पदार्थको परिमाण।**

| क्र.सं. | ठेक्का नं. | उत्खनन् योग्य परिमाण (घन.फि.) | न्यूनतम ठेक्का अङ्क रु. (मू.अ. कर वाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| ३ | राजस्व १७/०८३/८४ | ४२३७८ | २,७१,२१९।२ | १,०००।०० | |

**नोटः** ठेक्का सम्वन्धी विस्तृत विवरण सुन्दरहरैँचा नगरपालिकाको Website: **www.sundarharaichamun.gov.np** मा हेर्न सकिनेछ।



**काठमाडौं महानगरपालिका कार्यालय**
**यें महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**३२ नं. वडा कार्यालय, कोटेश्वर, काठमाडौं**

**पत्र बुझ्न आउनेबारे**

भिजन पोलिक्लिनिकका अधिकार प्राप्त वारेस श्री संजय कार्कीलाई पत्र बुझ्न आउने बारेको ७ (सात) दिने सूचना तपाईंले यस कार्यालयमा मिति २०८३/०४/२१ गते दर्ता गर्नुभएको दर्ता नं. २३ निवेदनका साथ संलग्न उच्च अदालत, पाटनको र.नं. ०७-०८२-१६४५५ रिट नं. ०८२-WO-१७२९ निर्णय नं. १०५१ मिति २०८३/०३/३१ को परमादेश आदेशको प्रतिलिपि संलग्न राखी दिनुभएको निवेदन कार्यान्वयन गर्ने क्रममा तपाईंलाई यस कार्यालयबाट तयार पारिएको पत्र बुझ्न आउन पटक-पटक फोन सम्पर्क गरी अनुरोध गर्दा समेत हालसम्म पनि नआउनुभएकोले अतः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र पत्र बुझ्न आउनुहुन सूचित गरिन्छ।



**कोशी प्रदेश सरकार**
**पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**प्रदेश वन निर्देशनालय**
**डिभिजन वन कार्यालय, झापा**
**भद्रपुर, नेपाल**

**गोलिया काठ र दाउराको शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८३।०५।३०**

यस कार्यालयबाट मिति २०८३।०५।३० मा प्रकाशित सूचना बमोजिम नमुना सा.व. उ. स., अर्जुनधारा ९, झापा तथा अरिदमण गण, चारआली ब्यारेक कम्पाउण्डको घाटगद्दीमा रहेका साल, जङ्गली सिसौ, सागवान, कालो सिरिस, क्यामुना लगायतका जातका वन पैदावारहरू जे-जस्तो अवस्थामा छन्, सोही अवस्थामा शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । वन पैदावारको कारोबार गर्ने प्रयोजनका लागि प्रचलित कानूनबमोजिम दर्ता भएका तथा उद्योग दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर (मु. अ. कर) मा दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र तथा उद्योग सूचीकरण प्रमाणपत्र भएका, वा अद्यावधिक गर्नुपर्ने भए सो समेत अद्यावधिक गरेका योग्य फर्म/उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र यस कार्यालयबाट दरभाउपत्र/बोलपत्र खरिद गरी तोकिएका शर्त तथा प्रचलित कानूनी व्यवस्थाको अधीनमा रही बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । विस्तृत जानकारीका लागि कार्यालयको वेबसाइट dfojhapa.koshi.gov.np तथा कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा अनुरोध छ।

**थप जानकारीका लागि :**
**डिभिजन वन कार्यालय, झापा**
**तथा मोबाइल नं. ९८५२६५५१९३ मा**
**कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।**



**म्याङलुङ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**म्याङलुङ, तेह्रथुम**

**म्याङलुङ नगरपालिकाका स्थानीय खोला तथा खानीबाट ढुङ्गा, गिट्टी, बालुवा लगायतका निर्माण सामाग्री उत्खनन तथा सङ्कलन कार्यका बिक्री कर असुलीको ठेक्का बन्दोबस्ती सम्बन्धी बोलपत्र आह्वानको सूचना ।**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०५/३०**

स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा ६४(च) मा व्यवस्था भए बमोजिम यस म्याङलुङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले IEE प्रतिवेदनमा उल्लिखित स्थानीय खोला तथा खानीबाट ढुंगा, गिट्टी, बालुवा लगायतका निर्माण सामाग्री उत्खनन तथा सङ्कलन कार्यका लागि बिक्री कर असुली गर्न तपसिलको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इजाजत प्राप्त ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले तोकिए बमोजिमको शर्तहरूको अधिनमा रही (BOQ भरी) बोलपत्र पेश गर्नुहुन यो सार्वजनिक सूचना जारी गरिएको छ। विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्नुहुन तथा कार्यालयको वेबसाइट www.myanglungmun.gov.np मा हेर्नुहुन जानकारी गराइन्छ।

**तपसिल :**
**ठेक्का नं.** : 02/MM/Rajaswa/083/84
**विवरण** : म्याङलुङ्ग नगरपालिकाका स्थानीय खोला तथा खानी बाट ढुङ्गा, गिट्टी, बालुवा लगायतका निर्माण सामाग्री उत्खनन तथा सङ्कलन कार्यका बिक्री कर असुली
**न्यूनतम ठेक्का अङ्क (भ्याट बाहेक)** : रु. २३,९०,०००.००।–, **बोलपत्र दस्तुर** : रु. ३,०००.००।–
**बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय** : २०८३।०६।२० दिनको १२ बजेसम्म
**बोलपत्र खोलिने अन्तिम मिति र समय** : २०८३।०६।२० दिनको १:०० बजे

**प्रमुख प्रशासकीय अधिकृत**



**बागमती प्रदेश सरकार**
**खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय**
**जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय**
**धुलिखेल, काभ्रेपलाञ्चोक**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना**

मिति: २०८३/०५/३०

यस कार्यालयको तपशिल बमोजिमका निर्माण कार्यहरू खरिद सम्बन्धी विभिन्न मितिमा प्रकाशित सूचनाहरू बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरूको प्राविधिक बोलपत्रहरूको ITB 29, ITB 30 र ITB 32 अनुसार मूल्याङ्कन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताहरूको प्राविधिक बोलपत्र सारभूतरुपमा प्रभावग्राही तथा प्राविधिक रुपमा योग्य रहेको हुँदा ITB 25.7 र 25.8 तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ज) को उपनियम ७ बमोजिम निजहरूको आर्थिक बोलपत्र तपशिल बमोजिमको स्थान, मिति र समयमा खोलिने हुँदा ITB 25.7 र ITB 25.8 बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। **तपशिल :**

| ठेक्का नं. र ठेक्का विवरण | सारभूतरुपमा प्रभावग्राही प्राविधिक रुपमा योग्य बोलपत्रदाताहरू |
|---|---|
| IMEP/Kavre/B-1b/CW-90, Construction of Kumaitaar Irrigation Sub Project, Paanchkhal-3, Kavrepalanchowk | 1. M/S Dibyashwori Nirman Sewa, Banepa-7, Kavre<br>2. M/S Bijaya Structure Pvt. Ltd., Banepa-5, Kavre |

आर्थिक बोलपत्र खोलिने स्थान : जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक।
मिति : २०८३/०६/०५, समय : दिनको १:०० बजे।

*डिभिजन प्रमुख*



**Kushmisera Primary Health Center**
**Kushmisera, Baglung**
**Gandaki Province, Nepal**

**बोलपत्र रद्द तथा पुनः आह्वान सम्बन्धी जरुरी सूचना**

**(प्रकाशित मितिः– २०८३।०५।३०।** September 15, 2026)

यस कुश्मिसेरा प्राथमिक स्वास्थ्य केन्द्र , कुश्मिसेरा, बागलुङबाट मिति २०८३।०५।११ गते तपसिल बमोजिमको कार्यका लागि विद्युतीय खरिद प्रणाली (e–GP System) मार्फत पेश गर्नेगरी बोलपत्र आह्वान गरिएकोमा सार्वजनिक खरिद अनुगमन कार्यालय, केशरमहल, काठमाडौंको प.सं सू.प्र.–०८३/८४, च.नं. MIT/१८२ मिति २०८३।०५।११ गतेको सूचना मार्फत हाल e–GP System स्थगन भएको र हार्डकपी (Hard Copy) मार्फत खरिद प्रक्रिया अगाडि बढाउन सकिने निर्देशन भएकोले विद्युतीय खरिद प्रणाली (e–GP System) बाट प्रकाशित उक्त बोलपत्र आह्वानको सूचना रद्द गरी हार्डकपी (Hard Copy) मार्फत खरिद प्रक्रिया अगाडि बढाउनका लागि निम्नानुसारको बोलपत्र पुनः आह्वान गरिएको छ।

| क्र.सं. | ठेक्का नं. | आयोजनाको नाम | लागत अनुमान | बोलपत्र जमानत रकम | बोलपत्र दस्तुर रकम |
|---|---|---|---|---|---|
| १ | 01/PHC/NCB/GOODS/MEDICINES/2083/84 | Supply and Delivery of Medicines for Kushmisera Primary Health Centre | रु. ३,४९,९९,९९।२० | रु. ९०,०००।०० | रु. ३,०००।०० |

**बोलपत्र पेश गर्दा पालना गर्नुपर्ने सर्तहरू :**
१. बोलपत्र कागजात पेश गर्ने अन्तिम मितिः २०८३ असोज २० गते (October 6, 2026) दिनको १२ बजेसम्म।
२. बोलपत्र खोल्ने मितिः २०८३ असोज २० गते (October 6, 2026) अपराह्न १ बजे, कुश्मिसेरा प्राथमिक स्वास्थ्य केन्द्र, कुश्मिसेरा, बागलुङ।

**बोलपत्र कागजातको दस्तुर र नगत धरौटी रकम जम्मा गर्ने बैंक विवरण**
- बैंकको नाम : एनमबि बैंक, कुश्मिसेरा शाखा, बागलुङ
- कार्यालयको नाम : कुश्मिसेरा प्राथमिक स्वास्थ्य केन्द्र
- खाता नं. : १३७०१०३६२३०००१२

बोलपत्र सम्बन्धी कागजात तथा थप जानकारीः इच्छुक बोलपत्रदाताहरूले बोलपत्रको दस्तुर बापत रकम तोकिएको बैंक खातामा जम्मा गरी सोको सक्कल भौचर पेश भएपछि यस कुश्मिसेरा प्राथमिक स्वास्थ्य केन्द्र, कुश्मिसेरा, बागलुङबाट बोलपत्र सम्बन्धी कागजात (Bid Document) प्राप्त गर्न सक्नेछन्। साथै, अन्य आवश्यक विषयमा थप जानकारी प्राप्त गर्न कुश्मिसेरा प्राथमिक स्वास्थ्य केन्द्र, कुश्मिसेरा, बागलुङमा सम्पर्क गर्न सक्नेछन्। फोनः ९८५७६६८००१, ९८६५१७१२६६ इमेलः– health1.jaimimun@gmail.com।

**कुश्मिसेरा प्राथमिक स्वास्थ्य केन्द्र**

## हुलाकी सडकको पीडा

# चार किलोमिटरका लागि चार पटक ठेक्का

**कलैया समाचारदाता**
*बारा, भदौ २९ गते*

हुलाकी सडक अन्तर्गत बाराको कलैया बजार क्षेत्रमा पर्ने करिब चार किलोमिटर सडक निर्माण सुरु भएको १६ वर्ष भयो तर निर्माण प्रक्रियामै अल्झिएको छ। पूर्व–पश्चिम महेन्द्र राजमार्गको मानमतदेखि भारतसँगको सीमा जोडिएको मटिअर्वासम्मको यो सडक निर्माणका लागि पटक पटक ठेक्का लागे पनि काम पूरा हुन नसकेपछि अहिले चौथो पटक ठेक्का आह्वान गर्ने प्रक्रिया अघि बढाइएको हो।

मानमत–कलैया–मटिअर्वा हुलाकी सडकखण्ड करिब २७ किलोमिटर लामो छ। यसका अधिकांश भागमा दुई लेनको कालोपत्रे सडक निर्माण भइसके पनि कलैया बजार क्षेत्रको करिब चार किलोमिटर सडक अझै अधुरो छ। हुलाकी सडक आयोजना कार्यालय वीरगन्जका अनुसार अधुरो खण्डमध्ये कलैयाको संस्कार एफएमदेखि दुर्गा स्कुल अगाडिसम्मको सडकलाई चार लेनमा विस्तार गर्ने तयारी छ। आयोजनाले अधुरो सडक निर्माणका लागि नयाँ लागत अनुमानसमेत तयार गरेको छ।

आयोजनाका इन्जिनियरहरूका अनुसार करिब चार किलोमिटर सडक चार लेनमा निर्माण गर्न ५० करोड रुपियाँभन्दा बढीको लागत अनुमान गरिएको छ। नयाँ बोलपत्रबाट निर्माण सम्झौता भने करिब ३५ देखि ४० करोड रुपियाँको हाराहारीमा हुन सक्ने अनुमान आयोजनाको छ। हुलाकी सडक आयोजना कार्यालय वीरगन्जका प्रमुख अरुणकुमार कर्णका अनुसार यसअघि सम्झौता गरिएको ओम साई एन्ड कम्पनी–सप्तकोशी जलाधार जेभीसँगको ठेक्का सम्झौता तोडेर नयाँ ठेक्का प्रक्रिया अघि बढाइएको हो। अधुरो सडक निर्माणका लागि उक्त कम्पनीले करिब २३ करोड रुपियाँमा ठेक्का पाएको थियो।



तस्बिर : शिवशङ्कर मिश्र

**कलैया चोकअगाडिको सडक ।**

### तीन वटा ठेक्का असफल

हुलाकी सडक निर्माणको काम सुरु भएको १६ वर्षमा कलैया क्षेत्रका अधुरा सडकका लागि पटक पटक ठेक्का लगाइएको छ। सुरुमा भारतीय अनुदान अन्तर्गत भारतीय निर्माण कम्पनी भिस्वा कन्स्ट्रक्सनसँग सम्झौता भएको थियो।

२०६७ चैत १२ गते हुलाकी राजमार्ग निर्देशनालयसँग सम्झौता गरेको भिस्वा कन्स्ट्रक्सनले २६ महिनाभित्र सडक निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको थियो तर सडक क्षेत्रमा रहेका विद्युत्का पोल, खानेपानीका पाइप तथा अन्य भौतिक संरचना हटाउने विषयमा समस्या देखिएपछि निर्माण कम्पनीले काम अधुरै छाडेको आयोजना स्रोतले जनाएको छ।

त्यसपछि दोस्रो पटक काठमाडौँको आशिष–डिएस जेभीसँग सम्झौता गरिएको थियो। २०७३ कात्तिक ३ गते ४८ करोड ५८ लाख रुपियाँमा २७ किलोमिटर सडक ३० महिनाभित्र निर्माण सम्पन्न गर्ने ठेक्का सम्झौता भएको थियो।

सम्झौता भएपछि तत्कालीन भौतिक पूर्वाधार तथा यातायातमन्त्री रमेश लेखकले २०७३ पुसमा मटिअर्वामा सडकको शिलान्यास पनि गर्नुभएको थियो। आयोजनाका अनुसार सडक सीमाभित्र पर्ने संरचना हटाउने, विद्युत्का पोल तथा खानेपानीका पाइप सार्ने र जग्गा अधिग्रहणसम्बन्धी विवादका कारण निर्माण प्रभावित भएको थियो। दोस्रो ठेकेदारले पनि कलैया बजार क्षेत्रको सडक अधुरै छाडेपछि बाँकी खण्डका लागि तेस्रो पटक ठेक्का लगाइएको थियो। तेस्रो पटक ओम साई एन्ड कम्पनी–सप्तकोशी जलाधार जेभीले करिब २३ करोड रुपियाँमा अधुरो सडक निर्माणको जिम्मा पाएको थियो। २०७८ पुस २७ गते भएको सम्झौता अनुसार २०७९ माघ १ गतेभित्र काम सम्पन्न गर्ने लक्ष्य थियो। निर्माण सम्पन्न नभएपछि पहिलो पटक २०८१ फागुन २९ गतेसम्म म्याद थप गरिएको थियो। थपिएको समयभित्र पनि काम पूरा नभएपछि सम्झौता तोडिएको आयोजना प्रमुख कर्णले बताउनुभयो। यसरी पटक पटक म्याद थप गर्दा पनि निर्माण पूरा नभएपछि सम्झौता तोडेर नयाँ ठेक्का प्रक्रियामा जानु परेको उहाँले बताउनुभयो।

### मुआब्जा र संरचना हटाउने विषयमा विवाद

कलैया बजार क्षेत्रमा हुलाकी सडक निर्माण सुरु भएदेखि नै सडक सीमाभित्र पर्ने जग्गा तथा भौतिक संरचनाको विषय विवादित रहँदै आएको छ।

सुरुमा सडकको मुख्य भागबाट दायाँबायाँ १५–१५ मिटर क्षेत्र अधिग्रहण गर्ने प्रक्रिया अघि बढाइएको थियो। स्थानीयले भने १५–१५ मिटरका आधारमा जग्गा अधिग्रहण गर्न नहुने भन्दै विरोध गरे पनि मुआब्जा वितरण प्रक्रिया अघि बढेपछि कतिपय स्थानीयले मुआब्जा रकम बढाउन माग गर्दै संरचना हटाउन अस्वीकार गरेको स्थानीयको भनाइ थियो।

तेस्रो पटक निर्माणको जिम्मा पाएको ओम साई एन्ड कम्पनीका सञ्चालक होमनाथ गौतमले पनि सडक निर्माण क्षेत्रमा विद्युत्का पोल, खानेपानीका पाइप र अन्य संरचना समयमै नहटाउँदा काम प्रभावित भएको दाबी गर्दै आएका छन्। उहाँले उपमहानगर प्रमुख विनोद साहमाथि निर्माणमा असहयोग गरेको आरोप लगाउँदै आएका छन्।

## अजयको प्रतीक्षामा

# सुरेखाको बित्यो बिस दिन



**सम्पर्कविहीन अजयसँगै श्रीमती र दुई सन्तानको तस्बिर ।**

**धीरेन्द्रप्रसाद साह**
*राजविराज, भदौ २९ गते*

पतिको दीर्घायुको कामना गर्दै सोमबार महिलाहरू तिजको व्रत बसेका छन्। मिथ्या कलङ्कबाट मुक्ति पाउने जनविश्वासमा चौरचन पर्व पनि मनाइएको छ। गाउँघरमा तिज र चौरचनको रौनक छ तर सप्तरी विष्णुपुर गाउँपालिका–१, खुरहुरियाकी सुरेखाकुमारी यादवको घरमा भने कुनै उत्सव छैन। उहाँको मन पर्वको रमझमभन्दा २० दिनदेखि सम्पर्कविहीन श्रीमान् अजयकुमार यादवको खबरमा अडिएको छ।

भदौ १० गते बुधबार बिहान करिब ८:३० बजे अजयसँग भएको अन्तिम कुराकानी सुरेखाका लागि अहिले पनि ताजै छ। त्यसबेला अजयले खाना खाइसकेको र नजिकिँदै गरेको रक्षाबन्धन मनाउन घर आउने तयारीमा रहेको बताउनुभएको थियो। “खाना खाएँ, रक्षाबन्धन मनाउन घर आउँछु,” अजयले पत्नीलाई भन्नुभएको थियो। त्यो सामान्य कुराकानी नै उहाँहरूबिचको अन्तिम संवाद बन्न पुग्यो। त्यसपछि सुरेखाले श्रीमान्को आवाज सुन्न पाउनुभएको छैन।

सोही दिन रसुवाको भोटेकोशीमा आएको बाढीपहिरोपछि अजय सम्पर्कविहीन हुनुभएको हो। उहाँ रसुवाको उत्तरगया गाउँपालिका–५ स्थित नीलकण्ठ माध्यमिक विद्यालय, बोगटीटारमा प्राविधिक धारतर्फ इन्जिनियर शिक्षकका रूपमा कार्यरत हुनुहुन्थ्यो। उहाँ वेत्रावतीमा डेरा गरी बस्दै आउनुभएको थियो।

बाढीपहिरो गएको २० दिन बितिसक्दा पनि अजयको अवस्थाबारे परिवारले कुनै जानकारी पाउन सकेको छैन। समय बित्दै जाँदा परिवारको चिन्ता बढ्दै गएको छ तर आशा भने अझै मरेको छैन। कतैबाट श्रीमान्को फोन आउला, उहाँ सुरक्षित हुनुहुन्छ भन्ने खबर सुनिएला र कुनै दिन अचानक घरको ढोकामा आइपुग्नु होला भन्ने आशामा सुरेखा दिन काटिरहनुभएको छ।

यस वर्षको तिज सुरेखाका लागि पीडादायी बनेको छ। अरू महिलाहरू पतिको दीर्घायुको कामना गर्दै व्रत बसिरहेका बेला उहाँ पनि त्यही कामनासहित व्रतमा हुनुहुन्छ तर उहाँको प्रार्थनामा दीर्घायुको कामनासँगै श्रीमान् सकुशल फर्किनुहोस् भन्ने व्यग्र प्रतीक्षा मिसिएको छ।

अजयका दुई छोरा छन्। अजयका साढु बिन्दुकुमार यादवका अनुसार अजय सम्पर्कविहीन भएयता घरको अवस्था निकै दुःखद छ। “२० दिनदेखि घरमा राम्रोसँग खाना पकाइएको छैन,” उहाँले भन्नुभयो, “सबैको ध्यान उहाँको खबरमा छ।” अजयको खोजीका लागि दाजु श्यामसुन्दर यादव र साढु बिन्दुकुमार यादव वेत्रावतीसम्म पुग्नुभएको छ। सम्भव भएसम्मका ठाउँमा खोजी गर्नुका साथै प्रहरी प्रशासन, अजय कार्यरत विद्यालय र उहाँ डेरा गरी बस्ने ठाउँमा पुगेर खोज तथा उद्धारका लागि आग्रह गरिएको छ।

बाढीपहिरोका कारण सडक तथा सञ्चार सञ्जाल प्रभावित हुँदा सम्पर्कविहीन व्यक्तिको अवस्था पत्ता लगाउन कठिनाइ भइरहेको परिवारको भनाइ छ। हरेक पटक आउने नयाँ सूचनाले परिवारमा आशा जगाउँछ तर अजयको यकिन खबर नआउँदा त्यो आशा फेरि अनिश्चित प्रतीक्षामा बदलिन्छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले अजयकुमार यादव रसुवाको भोटेकोशीमा आएको बाढीपहिरोपछि सम्पर्कविहीनको सूचीमा रहेको बताउनुभयो। तिजमा सुरेखाका लागि सबैभन्दा ठुलो कामना एउटै छ। श्रीमान् अजय सकुशल घर फर्किनुहोस्। दुई छोराले बुबालाई फेरि देख्न पाऊन्। २० दिनदेखि आवाज नसुनिएको घरमा अजयको आवाज फेरि गुञ्जियोस्।

## झाद्वारा पदभार ग्रहण

**धनुषा समाचारदाता**
*जनकपुरधाम, भदौ २९ गते*

बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का नवनियुक्त अध्यक्ष कौशल किशोर झा र बोर्ड सदस्य अजितकुमार मिश्रले सोमबार पदभार ग्रहण गर्नुभएको छ। बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का प्रशासकीय अधिकृत जितेन्द्रकुमार यादवले अध्यक्ष झा र बोर्ड सदस्य मिश्रलाई कार्यालयमा पदभार ग्रहण गराउनुभएको छ। पदभार ग्रहण कार्यक्रममा विश्व हिन्दु परिषद् धनुषाका पदाअधिकारी तथा नागरिक समाज र पत्रकारहरूको उपस्थिति रहेको थियो।

---

Government of Nepal
**Ministry of Infrastructure Development**
**Department of Roads**
**Pushpalal (Midhill) Highway Project Directorate**
## Pushpalal (Midhill) Highway Project Office
**Sitkha, Ramechhap**

## Invitation for Bids (Hard Copy)

**Tender Notice Number : 03-083/84**
**First Date of Publication : 2083/05/30 (September 15, 2026)**

1. Pushpalal (Midhill) Highway Project Office, Sitkha, Ramechhap, invites Open Competitive Bidding (Single Stage Double Envelope Tender) from eligible bidders for the following contracts as mentioned below under National Competitive Bidding procedures:

| S. N. | Contract Identification No. | Work Site & Work Descriptions | Est. Amount (Exclusive of VAT & Contingencies) NRs. | Bid Security Amount (NRs.) | Bid Validity Period/Bid Security Validity Period | Bid Document Fees, NRs. |
|---|---|---|---|---|---|---|
| 1. | MIDHLPR/ 337011144/ 083/84-03 | Roadway Improvement Works at Khurkot-Ghurmi Section (Chainage 55+060 to 59+760) of Midhill Highway, Sindhuli and Udaypur districts. | N/A | 44,00,000.00 | 120 Days/ 150 Days | 10,000.00 |

2. Sealed bids (Hard Copy) must be submitted to the office Pushpalal (Midhill) Highway Project Office, Sitkha, Ramechhap by hand/courier.
3. Information to deposit the cost of bidding document and bid security in the bank:

| Office Name | District Treasury Controller Office (Ko.Le.Ni.Ka.) Manthali, Ramechhap | Pre-bid meeting | Last date of Submission | Opening |
|---|---|---|---|---|
| Name of Bank | Rastriya Banijya Bank | 28th September, 2026 (2083/06/12) Time: 13:00 PM | 6th October, 2026 (2083/06/20) Time: 12:00 PM | 6th October, 2026 (2083/06/20) Time: 13:00 PM |
| Rajaswa khata No. | 1000100200010000 | | | |
| Rajaswa shirshak No.: | 14229 | | | |
| Deposit Account No.: | 1680100102030000 | | | |
| Office code No.: - | 337012404 | | | |

4. Any conditions so far not covered shall be as per Public Procurement Act 2063, and Public Procurement Regulation 2064 (Latest Amendment) and prevailing laws of Nepal.
5. Bank Guarantee shall be in the format specified in the bid documents.
6. Pushpalal(Midhill) Highway Project Office, Sitkha, Ramechhap reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

**Project Chief**

---

## Road Division, Mahendranagar, Kanchanpur

**Invitation for Bids**

**Notice No.: IFB/RDMNR/083/84-05**
**Date of First Publication: September 15th,2026**

1. Government of Nepal, Ministry of Infrastructure Development , Department of Roads, Road Division, Mahendranagar, Kanchanpur invites Open Competitive sealed bids (hard copy) (Single Stage Single Envelope Tender and Single Stage Double Envelope Tender) from eligible bidders for the following works under National Competitive Bidding procedure.

| S. N. | Contract No. | Name of work | Bid Security Amount (NRs) | Bid Fee (NRs) | Estimated amount with VAT and PS. | Bid Validity Period/ Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | RDMNR/ 33701122/ 083/84-21 | Granular Filter Pile works for Maintainance/Repair Works for Daijee Bridge, Kanchanpur | 1,40,000 | 3,000 | 5,886,299.77 | 90/120 days |
| 2 | RDMNR/ 33701136/ 083/84-22 | Road Saftey Works in Mahendra Highway, Chisapani-Attariya Section (Ch-901+000 to 979+000) | 2,25,000 | 3,000 | 9,558,784.40 | 90/120 1days |
| 3 | RDMNR/ 33701193/ 083/84-23 | Road improvement Works on Mohanyal Sugarkhalko Malika Mandir Religious & Tourism Sector Development for Baghmara to Malika 21 km Road | 11,50,000 | 5,000 | N/A | 90/120 days |
| 4 | RDMNR/ 33701193/ 083/84-24 | Road Improvement works on Solta-Tamcha-Raksa Road Mohanyal Rural Municipality Ward no. 6, 3, &1 (25 km), Kailali | 11,50,000 | 5,000 | N/A | 90/120 days |

| Last Date & Time for Bid Purchase | Last Date & Time for Bid Submission | Date & Time for Bid Opening |
|---|---|---|
| 6th October 2026 within office hours | 7th October 2026, 12:00 | 7th October 2026, 13:00 |

2. Under the single stage, Two Envelope Procedure, Bidders shall submit simultaneously two separate sealed envelopes, one containing the technical bid and other containing the price bid, both enclosed in one outer sealed envelope as specified in the ITB 21 of Bidding Document.
3. Bid Document fee: Bank Name: Rastriya Banijya Bank, A/C Name.: Road Division Mahendranagar, A/C No.: 1000100200010000, Office Code: 337017602,Rajaswa Shirshak No.: 14229
4. Bid Security (Mandatory): Bid Security shall be submitted along with the Technical Bid either in the form of a Bank Guarantee issued by Class A Commercial Bank, Valid for a minimum of 120 days from the bid submission deadline, or by Cash Deposit into, Bank Name: Rastriya Banijya Bank Ltd, A/C Name.: Dhauratikhata,Treasury Controller’s office, Mahendranagar, A/C No.: 4180100102030000, Office Code: 337017602
5. A complete set of Bidding Documents may be purchased from Road Division Mahendranagar, Kanchanpur or from office website by eligible bidders on the submission of written application, along with the copy of Company/Firm Registration Certificate, and upon payment of a non-refundable fee on the account specified above, till specified date and time.
6. Any conditions not covered herein shall be governed by the prevailing provisions of the Public Procurement Act, 2063 (with Second Amendment) andPublic Procurement Regulations, 2064 (with Sixteenth Amendment). Any Amendment or modification to this tender shall be published on the Official website of this Division.
7. Eligible Bidders may obtain further information from Road Division Mahendranagar, Kanchanpur (Contact Info: 9858783021 and , Email:dromnr3@gmail.com, Website: www.dor.gov.np/mahendranagar.

**Division Chief**

---

## प्रदेश लोक सेवा आयोग
**कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत**
**(प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा)**

**स्थानीय सेवाका नवौँ र सातौँ तहका (अप्राविधिक/प्राविधिक) पदहरूको ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्य क्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना ।**

**सूचना नं. ०८।२०८३-८४** **प्रकाशित मितिः- २०८३।०५।३०**

ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्य क्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २८ बमोजिम सम्भाव्य उम्मेदवारले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८३।०७।०२ गते सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ। ज्येष्ठता गणना स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३४ बमोजिम हुनेछ। दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट **https://ppsc.karnali.gov.np** बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेस गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइसक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिनेछैन। रीतपूर्वक प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रूपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ।

**१. स्थानीय सेवाको नवौँ तहका बढुवाद्वारा हुने पदको विवरण**

**क. ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र. सं. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह | पद | पद सङ्ख्या |
|---|---|---|---|---|
| १. | ०१।२०८३-८४ | स्थानीय इन्जिनियरिङ, सिभिल | सिनियर डिभिजनल इन्जिनियर | ४ |
| २. | ०२।२०८३-८४ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | उपसचिव (शिक्षा) | ५ |
| ३. | ०३।२०८३-८४ | स्थानीय स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज | मेडिकल सुपरिटेन्डेन्ट | १ |

**ख. कार्य क्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र. सं. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह | पद | पद सङ्ख्या |
|---|---|---|---|---|
| १. | ०४।२०८३-८४ | स्थानीय इन्जिनियरिङ, सिभिल | सिनियर डिभिजनल इन्जिनियर | ३ |
| २. | ०५।२०८३-८४ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | उपसचिव (शिक्षा) | ४ |

**२. स्थानीय सेवाको सातौँ तहको बढुवाद्वारा हुने पदको विवरण**

**क. कार्य क्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र. सं. | बढुवा सूचना नं. | सेवा, समूह | पद | पद सङ्ख्या |
|---|---|---|---|---|
| १. | ०६।२०८३-८४ | स्थानीय इन्जिनियरिङ, सिभिल | इन्जिनियर | १ |
| २. | ०७।२०८३-८४ | स्थानीय प्रशासन, लेखा | वरिष्ठ लेखा अधिकृत | २ |

---

## पर्सागढी नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**हरपुर पर्सा**
**मधेश प्रदेश, नेपाल ।**
**दोस्रो पटक प्रकाशित मिति : २०८३।०५।३० गते**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ क र यस पर्सागढी नगरपालिकाको आर्थिक ऐन २०८३ को दफा १८ (१) र (२) बमोजिम सिग्याही खोलाको स्वीकृत घाटबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८२/८३ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी तपसिल बमोजिमका सर्तहरूको अधीनमा रही २१ (एक्काइस) दिनभित्र बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | ठेक्काको नाम | परिमाण | न्यूनतम रकम रु. (भ्याट बाहेक) | बोलपत्र दस्तुर रु. | धरौटी रकम रु. (बिड सेकुरिटी) | बोलपत्र मान्य हुने अवधि | बिड सेकुरिटी मान्य हुने अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०१/खोला/ ०८३–०८४ | सिग्याही खोलाबाट नदीजन्य पदार्थ उत्खनन कार्य | १०,७४,५२८.८४ घ.न. फिट | ६४,४७,२३३।०४ | ३,०००।०० | कुल कबोल अङ्कको ५% ले हुन आउने रकम | ९० दिन (बोलपत्र खोलिने मितिदेखि) | १२० दिन (बोलपत्र खोलिने मितिदेखि) |

| | |
|---|---|
| बोलपत्र खरिद गर्ने अन्तिम मिति : | सूचना प्रकाशन भएको मितिले २१औँ दिन ५:०० बजेसम्म |
| बोलपत्र पेश गर्ने अन्तिम मिति : | सूचना प्रकाशन भएको मितिले २२औँ दिन दिउँसो १२:०० बजेसम्म |
| बोलपत्र खोलिने मिति : | सूचना प्रकाशन भएको मितिले २२औँ दिन दिउँसो १३:०० बजे, पर्सागढी नगरपालिकाको कार्यालय, हरपुर, पर्सा। |
| धरौटी रकम (बिड सेकुरिटी) का लागि खाता नं. : | बैंकको नाम : सानिमा बैंक, पर्सागढी शाखा, पर्सा |
| | कार्यालयको नाम : पर्सागढी नगरपालिका, हरपुर, पर्सा |
| | खाता नं. : ग–३ धरौटी खाता |
| | कार्यालयको खाता नं. : ०६३०१००२००००००३ |

१. ठेक्काको अवधि २०८३ कात्तिक १ गतेदेखि २०८४ जेष्ठ मसान्तसम्म र परिमाणको आधारमा हुने भएकोले जे पहिले आउँछ सोलाई गणना गरी ठेक्का अन्त्य गरिनेछ।
२. ठेक्का सम्बन्धी अन्य विस्तृत जानकारी यस कार्यालयको वेबसाइट **www.parsagadhimun.gov.np** बाट लिन सकिन्छ।

# हात्तीको आक्रमणबाट सन्तानब्बे जनाको मृत्यु

**बाबुराम कार्की**
*वराहक्षेत्र, भदौ २९ गते*

पूर्वी नेपालमा जङ्गली हात्तीको आक्रमणबाट पछिल्लो दुई दशकमा ९७ जनाको मृत्यु भएका छन्। यही अवधिमा विभिन्न कारणले ४५ वटा जङ्गली हात्तीसमेत मरेको तथ्याङ्कले देखाएको छ।

यसले मानव बस्ती विस्तारसँगै हात्तीको परम्परागत आवागमन क्षेत्र खुम्चिँदै जाँदा दुवैतर्फ जोखिम बढेको बताइएको छ। राष्ट्रिय प्रकृति संरक्षण कोष, कोशी संरक्षण केन्द्रका प्रमुख वीरेन्द्र गौतमका अनुसार आर्थिक वर्ष २०६२/६३ देखि हालसम्म कोशी प्रदेशमा ४५ वटा जङ्गली हात्ती मरेका छन्। तीमध्ये सबैभन्दा धेरै २५ वटा हात्ती झापामा मरेका छन्। कोशीटप्पु वन्यजन्तु आरक्ष तथा आसपासको क्षेत्रमा छ वटा हात्तीको मृत्यु भएका छन्।

तीमध्ये चार वटा करेन्ट लागेर र दुई वटा गोली प्रहारबाट मरेका हुन्। उदयपुरमा दुई वटा हात्ती गोली लागेर र सप्तरीमा दुई वटा करेन्ट लागेर हात्ती मरेको तथ्याङ्क सार्वजनिक गरिएको छ।

सार्वजनिक गरिएको तथ्याङ्क अनुसार मोरङमा आठ वटा हात्ती मरेका छन्। तीमध्ये एउटा गोली लागेर र एउटा करेन्ट लागेर मरेको छ भने अन्य छ वटाको मृत्युको कारण स्पष्ट हुन नसकेको विवरणमा उल्लेख छ। सुनसरीमा दुई वटा हात्ती करेन्ट लागेर मरेका छन्। कोशी प्रदेशको जिल्लागत रूपमा झापा जिल्ला हात्तीको मृत्यु र मानव हात्ती द्वन्द्व दुवै दृष्टिले उच्च जोखिममा रहेको बताइएको छ।

हात्तीको नियमित आवागमन हुने क्षेत्रमै बस्ती विस्तार, खेतबारीमा विद्युत् प्रयोग, असुरक्षित विद्युतीय संरचना र मानवीय गतिविधि बढ्दा मानव हात्ती द्वन्द्व बढ्दै गएको राष्ट्रिय प्रकृति संरक्षण कोष, कोशी संरक्षण केन्द्रले जनाएको छ। आव २०८०/८१ यता मात्रै कोशी प्रदेशमा १२ वटा जङ्गली हात्ती मरेको विवरण कोशी संरक्षण केन्द्रले सार्वजनिक गरेको छ।

हात्ती संरक्षणका लागि बासस्थान र आवागमन मार्ग जोगाउनेसँगै बस्ती क्षेत्रमा विद्युतीय जोखिम घटाउनु चुनौती रहेको कोशी संरक्षण केन्द्रका प्रमुख वीरेन्द्र गौतमले बताउनुभयो।



सुनसरीमा २०८२ असार २ गते मृत फेला परेको जङ्गली हात्ती।

### ९७ जनाको मृत्यु

राष्ट्रिय प्रकृति संरक्षण कोष, कोशी संरक्षण केन्द्रको तथ्याङ्क अनुसार पूर्वी नेपालमा आव २०६२/६३ देखि २०८१/८२ सम्म कोशी प्रदेशमा हात्तीको आक्रमणबाट ९७ जनाको मृत्यु भएको छ। यसमा सबैभन्दा ठुलो मानवीय क्षति झापा जिल्लामा भएको छ। झापामा आव २०६२/६३ देखि २०७५/७६ सम्म मात्रै ४० जना हात्तीको आक्रमणमा परी ज्यान गुमाएका छन्। त्यसपछि आव २०७६/७७ मा तीन जना, २०७७/७८ मा पाँच जना, २०७८/७९ मा पाँच जना २०७९/८० मा आठ जना, २०८०/८१ मा सात जना र २०८१/८२ मा चार जनाको मृत्यु भएको कोशी संरक्षण केन्द्रले जनाएको छ।

झापामा सबैभन्दा बढी ७२ जनाको मृत्यु भएको तथ्याङ्कमा उल्लेख छ। मोरङमा आव २०६२/६३ देखि २०७५/७६ सम्म सात जनाको मृत्यु भएको छ। आव २०७७/७८ मा तीन जना, २०७८/७९ मा एक जना, २०८०/८१ मा एक जना, २०८१/८२ मा पाँच जनासहित मोरङमा १७ जनाको मृत्यु भएको बताइएको छ।

त्यस्तै सुनसरीमा तीन जना, इलाममा तीन जना र उदयपुरमा दुई जनाको मृत्यु भएको तथ्याङ्कमा उल्लेख छ। सुनसरीमा आव २०८०/८१ मा दुई जना र २०८१/८२ मा एक जनाको मृत्यु भएको राष्ट्रिय प्रकृति संरक्षण कोष, कोशी संरक्षण केन्द्रले जनाएको छ। केन्द्रका अनुसार इलाममा आव २०७७/७८, २०७८/०७९ र २०८१/८२ मा एक/एक जनाले हात्तीको आक्रमणमा परी ज्यान गुमाएका छन्। हात्तीकै आक्रमणमा परि उदयपुरमा आव २०७५/७६ मा दुई जनाको मृत्यु भएको बताइएको छ।

### बालीदेखि घरगोठसम्म क्षति

मानवीय क्षतिसँगै जङ्गली हात्तीले घरगोठ, अन्नबालीमा भएको क्षतिले प्रभावित परिवारको आर्थिक जोखिमसमेत बढाएको छ। सार्वजनिक विवरण अनुसार झापा, मोरङ, सुनसरी र उदयपुरमा हात्तीबाट भएको क्षतिका आधारमा राहत वितरण गरिएको बताइएको छ।

झापामा आव २०७६/७७ देखि आव २०८१/८२ सम्म बाली तथा घरगोठ क्षतिको लागि आठ करोड ५४ लाख ४२ हजार १४ रुपियाँ राहत वितरण गरिएको कोशी संरक्षण केन्द्रले जनाएको छ। मोरङमा आव २०७६/७७ देखि आव २०८१/८२ सम्म बाली तथा घरगोठ क्षतिका लागि एक करोड ४१ लख १९ हजार ८११ रुपियाँ राहत वितरण गरिएको छ।

सुनसरीमा पुराना घटनासहित आव २०७६/७७ देखि आव २०८१/८२ सम्म बाली तथा घरगोठ क्षतिका लागि ३५ लाख १८ हजार ९५६ रुपियाँ राहत वितरण गरिएको अभिलेखमा उल्लेख छ। इलाम जिल्लामा बाली तथा घरगोठ क्षतिका लागि ३१ लाख नौ हजार ७५० रुपियाँ राहत वितरण गरिएको छ। उदयपुरमा जिल्लामा आव २०७६/७७ देखि आव २०८१/८२ सम्म हात्तीबाट भएको बाली तथा घरगोठ क्षतिका लागि आठ लाख ३२ हजार ८३३ रुपियाँ राहत पीडित परिवारलाई वितरण गरेको कोशी वन्यजन्तु आरक्ष कार्यालयले जनाएको छ।

कोशीटप्पु वन्यजन्तु आरक्षका प्रमुख तथा वरिष्ठ संरक्षण अधिकृत भूपेन्द्रप्रसाद यादवका अनुसार मानव बस्ती र वन्यजन्तुको बासस्थानबिचको दुरी घट्दै जाँदा मानव वन्यजन्तु द्वन्द्व जटिल बन्दै गएको छ। वन्यजन्तु संरक्षणसँगै स्थानीय बासिन्दाको जीउधन र सम्पत्तिको सुरक्षा पनि उत्तिकै आवश्यक रहेको उहाँको भनाइ छ।

हात्तीको परम्परागत हिँड्ने बाटोमा बस्ती र खेती विस्तार हुनु, विद्युत्‌का तार तथा अन्य संरचना जोखिमयुक्त हुनु र वन तथा बस्तीबिचको दुरी कम हुँदै जानुले द्वन्द्व बढाउँदै गएको बताइएको छ। हात्तीको आवागमन हुने क्षेत्रमा सुरक्षित विद्युतीय संरचना निर्माण, पूर्वसूचना प्रणाली विस्तार, परम्परागत हात्ती हिँड्ने मार्गको संरक्षण र क्षतिपूर्तिको प्रक्रिया छिटो र प्रभावकारी बनाउन सके मानव र हात्ती दुवैतर्फको जोखिम घट्दै जाने थियो।

# हटाइयो अनधिकृत संरचना

**ओखलढुङ्गा समाचारदाता**
*ओखलढुङ्गा, भदौ २९ गते*

जिल्लाको चम्पादेवी गाउँपालिका-७ स्थित सल्लेरी रानी सामुदायिक वन क्षेत्रमा अतिक्रमण गरी निर्माण गरिएका अनधिकृत संरचना हटाइएको छ।

वन क्षेत्रभित्र निर्माण गरिएका तीन वटा टहरा र दुई वटा शौचालय हटाइएको डिभिजन वन कार्यालय ओखलढुङ्गाले जनाएको छ। संरचना हटाइएसँगै करिब ०.५ हेक्टर वनक्षेत्र अतिक्रमण मुक्त भएको डिभिजन वन कार्यालयका प्रमुख मनाराज राईले जानकारी दिनुभयो।

स्थानीय लालबहादुर विश्वकर्माले वन क्षेत्रभित्र ती संरचना निर्माण गर्नुभएको थियो। सम्बन्धित व्यक्ति, डिभिजन वन कार्यालय, जिल्ला प्रहरी कार्यालय र स्थानीय तहका प्रतिनिधिसहितको संयुक्त टोलीले आपसी समझदारीमा संरचना हटाएको कार्यालयले जनाएको छ। वन क्षेत्र अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाएसँगै उक्त क्षेत्रलाई पुनः वन संरक्षण र व्यवस्थापनमा ल्याइने कार्यालयले जनाएको छ। वन क्षेत्रको अतिक्रमण नियन्त्रण तथा संरक्षणलाई प्रभावकारी बनाउन अनधिकृत संरचना हटाउने कार्यलाई निरन्तरता दिइने प्रमुख राईले बताउनुभयो।

# सरकारी अस्पतालप्रति बढ्दै भरोसा

**उर्लाबारी समाचारदाता**
*उर्लाबारी, भदौ २९ गते*

मोरङको उर्लाबारीस्थित मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरप्रति बिरामीको विश्वास बढ्दै गएको छ। अस्पतालका अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा एक लाख ५६ हजार ७७२ जना बिरामीले सेवा लिएका छन्। अघिल्लो आवमा अस्पतालबाट एक लाख १७ हजार १८४ जनाले सेवा लिएका थिए। अघिल्लो आवको तुलनामा गत आवमा ३३.८ प्रतिशतले बिरामीको चाप बढेको छ।

सरकारले २०८३ जेठ १५ गते स्वास्थ्य बिमा कार्यक्रम निजी अस्पतालबाट रोकिएपछि असार महिनामा मात्र एक हजार ३०३ जना बिरामी ओपिडीमा थपिएका थिए। अस्पतालका सूचना अधिकारी नीराजन पौडेलका अनुसार जेठमा १२ हजार ४३० जना बिरामी ओपिडीमा भर्ना भएका थिए। असारमा १३ हजार ७३३ बिरामी थपिए। कोशी प्रदेश सरकारको व्यवस्थापनमा रहेको ट्रमा सेन्टरमा गत आव २०८२/८३ मा छ लाख १७ हजार १०७ जना बिरामीले प्रयोगशाला सेवा लिएका थिए। अघिल्लो आवमा प्रयोगशाला सेवा पाँच लाख दुई हजार ५७६ जनाले लिएका थिए। पूर्वपश्चिम राजमार्गसँगै जोडिएको ट्रमा सेन्टरमा एक हजार ६८१ वटा शल्यक्रिया भएको सूचना अधिकारी पौडेलको भनाइ छ। अघिल्लो आवमा एक हजार ४०५ वटा शल्यक्रिया भएका थिए। उहाँका अनुसार अस्पतालमा गत आवमा सात हजार ४३० जना आकस्मिक सेवामा भर्ना भएका थिए।

प्रदेश सरकारले अस्पतालको सेवा विस्तार गर्न हाल नयाँ भवन निर्माण गरिरहेको छ। विराटनगरबाहिर मोरङमा पोस्टमार्टम सेवासमेत सञ्चालन गरिरहेको अस्पतालले गत वर्ष मात्र १३६ जनाको पोस्टमार्टम गरेको तथ्याङ्कमा उल्लेख छ। अस्पतालका डाक्टर योगेन्द्र मण्डलले भन्नुभयो, "प्राथमिक स्वास्थ्य केन्द्रबाट नगर अस्पताल हुँदै प्रदेशस्तरीय अस्पतालमा स्तरोन्नति भएको अस्पतालले हाल मुटु, हाडजोर्नी, इन्टरनल मेडिसिन, महिला रोग, सर्जनलगायतका विशेषज्ञ सेवा दिइरहेको छ। अस्पतालमा दरबन्दी अनुसारका डाक्टर छैनन्। ५५ शय्याको सेवा दिन जनशक्ति कम भएको डाक्टर मण्डलले बताउनुभयो।

# विपत्का घटनामा दुई जनाको मृत्यु

**ओखलढुङ्गा समाचारदाता**
*ओखलढुङ्गा, भदौ २९ गते*

ओखलढुङ्गामा आर्थिक वर्ष २०८२/८३ मा विभिन्न प्रकृतिका ९० वटा विपत्का घटना भएका छन्। ती घटनामा परी दुई जनाको मृत्यु भएको छ भने २३ जना घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाका अनुसार विपत्का घटनाबाट एक वर्षको अवधिमा आठ करोड ७२ लाख ५४ हजार ७५० रुपियाँ बराबरको भौतिक क्षति भएको छ। आगलागी, बाढी-डुबान, पहिरो, हावाहुरी, चट्याङ तथा जनावरबाट भएको क्षतिलगायतका घटना जिल्लामा भएका हुन्।

विपत्का कारण ३७ घर प्रभावित भएका छन् भने १३ घर विस्थापित भएका छन्। घरमा क्षति पुगेपछि प्रभावित परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको प्रहरीले जनाएको छ। विपत्बाट पाँच सरकारी कार्यालय, तीन विद्यालय र तीन गोठमा समेत क्षति पुगेको छ। प्रहरीको तथ्याङ्क अनुसार विपत्का घटनामा १३ पशुचौपाया र सात पन्छी मरेका छन्। यस्तै ११ वन, २५ अन्य संरचना र एउटा बसमा क्षति पुगेको छ।

ग्रामीण सडक निर्माण तथा जिल्लाको भौगोलिक अवस्थाका कारण बर्खाको समयमा पहिरो जाने, सडक अवरुद्ध हुने र बस्ती जोखिममा पर्ने समस्या दोहोरिँदै आएको जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाका सूचना अधिकारी प्रहरी निरीक्षक शेखरकुमार साहले बताउनुभयो।


## Invitation for Bids

**Nepal Rastra Bank, Assets and Service Management Department**
Invitation for Bids No.: **NRB/WORKS/NCB/03/083/84**
Date of publication: **2083/05/30**

1. **Nepal Rastra Bank, Assets and Service Management Department, Baluwatar, Kathmandu** invites sealed bids from Nepalese eligible bidders for **Interior and Setup Works of Breastfeeding, Dispensary and Doctor's Consultation Rooms at Nepal Rastra Bank, Thapathali** under National competitive bidding of single-stage and single envelope procedures, without pre-qualification criteria of bidders. The estimated amount for the bid is **NRs. 32,76,936.61** ***(without VAT & Contingency but including PS ).***
2. Eligible Bidders may obtain further information and inspect the Bidding documents at the office of **Nepal Rastra Bank, Assets and Service Management Department, Baluwatar, Kathmandu**, Telephone :977 1 5719641/42/43/44 Extension No.: 1186 E-mail address: construction@nrb.org.np.
3. A complete set of Bidding Documents may be purchased from the office of **Nepal Rastra Bank, Assets and Service Management Department, Baluwatar, Kathmandu** or the office of **Nepal Rastra Bank, Banking Department, Thapathali, Kathmandu** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of ***3,000/-*** before 12:00 Noon of **2083/06/21** in the account as specified below.
   Name of the Bank: Nepal Rastra Bank
   Name of Office: Banking Department, Thapathali, Kathmandu
   Account no.: 1100000-030-012-524
   Rajaswa (revenue) Shirshak no. : Miscellaneous Income, Financial Management Department
4. Pre-bid meeting shall be held at Nepal Rastra Bank, Assets and Service Management Department, Baluwatar, Kathmandu, Nepal on 2083/06/08 at 11:00 A.M.
5. Only Sealed bids must be submitted by eligible bidders to the office of **Nepal Rastra Bank, Assets and Service Management Department, Baluwatar, Kathmandu, Nepal** by hand or through courier service before 12:00 Noon on **2083/06/21**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on 2083/06/21 at the office of Nepal Rastra Bank, Assets and Service Management Department, Baluwatar, Kathmandu, Nepal. Bids must be valid for a period of ***90 days*** from the bid submission deadline and must be accompanied by a bid security amounting to a minimum of Rs.***90,000/-*** in the form of bank guarantee which shall be valid for 30 days beyond the validity period of the bid or cash deposit into the account as specified below:
   Name of the Bank: Nepal Rastra Bank
   Name of Office: Banking Department, Thapathali, Kathmandu
   Account no.: 1109901/011-203-524
   Rajaswa (revenue) Shirshak no. : Earnest Deposit Account, Financial Management Department
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. If the blacklisted (as per Public Procurement Act, 2063) firm, institution or company including its director or beneficial owner has opened or operated a firm, company, or institution - partially or fully, such firm, institution, or company shall not be eligible to submit the bid.
9. Nepal Rastra Bank reserve the right to accept or reject any bid, and to cancel the bidding process and reject all bids at any time prior to contact award, without thereby incurring any liability to bidders.

## भरतपुर महानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**भरतपुर, चितवन**

**कारबाही प्रक्रिया अगाडि बढाउने सम्बन्धी अत्यन्त जरुरी सूचना**

**प्रकाशित मिति : २०८३।०५।३०**

भरतपुर महानगरपालिका नगर कार्यपालिका कार्यालयसँग तपसिलमा उल्लिखित ठेक्का तथा कार्यहरू सम्पन्न गर्ने गरी तपसिलमा उल्लिखित निर्माण कम्पनी/फर्म/निर्माण व्यवसायीहरूले सम्झौता गरेता पनि निर्धारित समयभित्र निर्माण कार्य सम्पन्न गर्न ठोस प्रयास नगरेको हुँदा निर्माण कार्य सम्पन्न गर्नका लागि यस अघिको पटक पटक सूचना, लिखित पत्र तथा मौखिक निर्देशन मार्फत आग्रह गर्दा समेत लामो समयसम्म बेवास्ता गरी खरिद सम्झौता बमोजिमको निर्माण कार्यहरू समयमै सम्पन्न गर्नेतर्फ पहल तथा चासो नै नदेखाई बेवास्ता गरेकोले हालसम्म पनि सो योजना सम्पन्न नगरेको/अलपत्र भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र ठेक्का सम्झौताको शर्त (GCC ७२) मा प्रावधान भए बमोजिम ठेक्का सम्झौता तोडी कार्य सम्पादन जमानत जफत गर्ने, कालोसूचीमा राख्न सिफारिस गर्ने, हर्जाना असुल गर्ने, बाँकी निर्माण कार्यहरूको मूल्याङ्कन गरी ठेक्का सम्झौता बमोजिम सरकारी सम्पत्ति बाँकी सरह असुल उपर गर्ने लगायतका कारबाही प्रक्रिया किन अगाडि नबढाउने ? कारबाही अगाडि बढाउनु नपर्ने मनासिब कारण भए यो सूचना प्रकाशित मितिले सात (७) दिनभित्र यस कार्यालयमा अनिवार्य रूपमा कम्पनीको आधिकारिक व्यक्ति स्वयं उपस्थित भई स्पष्टीकरण पेश गर्नुहुन यो सूचना प्रकाशित गरिन्छ। यो सूचनाको बेवास्ता गरी कार्य स्थलमा निरन्तर तीव्रताका साथ निर्माण कार्य नगराई उल्लिखित स्पष्टीकरण पेश नगरी बसेमा वा कुनै मनासिब कारण पेश हुन नआएको खण्डमा सम्झौता बमोजिम कारबाही प्रक्रिया अगाडि बढाइने समेत जानकारी गराइन्छ।

| क्र.सं. | ठेक्का नं./कामको विवरण | निर्माण कम्पनी/फर्म/व्यवसायीको नाम र ठेगाना | ठेक्का सम्झौता मिति |
|---|---|---|---|
| 1. | 72-BMC/081/082/W/NCB/132 Construction of Drain in Astha and Ananda Tole to Dhital Rice Mill Chowk, BMC-12 | Riyush Construction Company Pvt. Ltd., Kathmandu-10, Buddhanagar | 2082/03/18 |
| 2. | 06-BMC/082/083/W/NCB/06 Construction of Blacktopped Roads at Different Places of BMC-8 | Anubhab-Om saraswati JV | 2082/08/22 |
| 3. | 06-BMC/082/083/W/NCB/07 Construction of Blacktopped Roads at Different Places of BMC-14 | B.M.R Asphalt and Construction Pvt.Ltd., Bharatpur-12, Chitwan. | 2082/08/25 |
| 4. | 07-BMC/082/083/W/NCB/08 Construction of Blacktopped Roads at Different Places of BMC-12 | B.M.R Construction and Supplier Pvt.Ltd., Bharatpur-12, Chitwan. | 2082/08/11 |
| 5. | 12-BMC/082/083/W/NCB/18 Construction of Blacktopped Roads at Different Places of BMC-27 (082/83) | Gahaukali Builder, Bharatpur Chitwan | 2082/09/04 |
| 6. | 12-BMC/082/083/W/NCB/29 Construction of Blacktopped Road in BMC-28 | Gahaukali Builder, Bharatpur Chitwan | 2082/09/04 |
| 7. | 12-BMC/082/083/NCB/W/30 Construction of different road of ward no. 5 | Akul Builder and Supplier Private Limited, Bharatpur-9 | 2082/10/02 |
| 8. | 15-BMC/082/083/NCB/W/33 Construction of Blacktopped Roads at BMC-9 (2082/083) | B.M.R. Asphalt and Construction Pvt.Ltd., Bharatpur-12, Chitwan. | 2082/10/15 |
| 9. | 16-BMC/082/083/W/NCB/35 Construction of Different Blacktopped Roads and Protection Works at BMC-13 | Samriddha Nepal Nirman Sewa, Bharatpur | 2082/10/07 |
| 10. | 19-BMC/082/083/W/NCB/51 Construction of different Blacktopped Roads at BMC-11 | Darshan/Samriddhi JV, Bharatpur | 2082/10/27 |
| 11. | 22-BMC/082/083/W/NCB/58 Construction of different roads at BMC-19 | B.M.R Asphalt and Construction Pvt.Ltd., Bharatpur-12, Chitwan. | 2082/10/15 |
| 12. | 22-BMC/082/083/W/NCB/59 Construction of Blacktopped roads at BMC-6 | B.M.R Asphalt and Construction Pvt.Ltd., Bharatpur-12, Chitwan. | 2082/11/13 |
| 13. | 24-BMC/082/083/W/NCB/63 Blacktopped Road Construction Package of Ward 16 | B.M.R Construction and Supplier Pvt.Ltd., Bharatpur-12, Chitwan. | 2082/11/10 |
| 14. | 25-BMC/082/083/W/NCB/66 Blacktopped Road Construction on different roads of BMC ward-21 | B.M.R Construction and Supplier Pvt.Ltd., Bharatpur-12, Chitwan. | 2082/10/28 |
| 15. | 45-BMC/082/083/W/SQ/116 Construction of Blacktopped Road (Lalitchowk to Narayani Road) at BMC-17 | Gahaukali Builder, Bharatpur Chitwan | 2082/12/17 |
| 16. | 48-BMC/082/083/W/SQ/122 Blacktopped Road Construction (Ratna Mani Paudel's House Line) BMC-4 | Gahaukali Builder, Bharatpur Chitwan | 2083/02/21 |
| 17. | 57-BMC/082/083/W/NCB/137 Construction of Blacktopped Road at Different Roads of Jagriti Tole and Sangam Marga, BMC-05 | R.S. Nirman Sewa, Bharatpur | 2083/03/09 |
| 18. | 47-BMC/082/083/W/NCB/120 Construction of Blacktopped Road(Jaya Nepal Dairy Chowk Adhuro Sadak) BMC-15 | Gahaukali Builder, Bharatpur Chitwan | 2082/12/17 |
| 19. | 46-BMC/082/083/W/NCB/119 Construction of Blacktopped Roads at BMC-18,19 | Gahaukali Builder, Bharatpur Chitwan | 2082/12/20 |
| 20. | 44-BMC/082/083/W/NCB/111 Construction of Drain and Culvert at BMC-16 | Saby Groups Pvt.Ltd., Bharatpur, Chitwan. | 2082/12/16 |
| 21. | 34-BMC/082/083/W/NCB/84 Blacktopped Road Construction at Ada ha Tole Sahid Dinesh Marga BMC-15 | Kali Samundra Builder Pvt.Ltd., Bharatpur | 2082/11/26 |
| 22. | 34-BMC/082/083/W/SQ/82 Construction of Blacktopped road and drain in Kachpache Chowk at BMC-04 | Gahaukali Builder, Bharatpur Chitwan | 2082/12/01 |
| 23. | 12-BMC/082/083/W/NCB/21 Construction of Different Blacktopped Roads at BMC-16,17,18 and 19 | Hemanta Nirman Sewa, Bharatpur | 2082/10/14 |
| 24. | 12-BMC/082/083/W/NCB/20 Construction of Different Blacktopped Roads at BMC-28 (2082/83) | Gahaukali Builder, Bharatpur Chitwan | 2082/09/04 |
| 25. | 08-BMC/082/083/W/NCB/11 Construction of Blacktopped Road at BMC- 3, 4, 5 and 7 | Shubham Nirman Sewa Bharatpur-7, Chitwan | 2082/07/27 |
| 26. | 12-BMC/082/083/W/NCB/23 Kerunga Khola Niyantran (Wall Construction), Nilakantha Shivamandir Kshetra, Bharatpur 12 | Ugrachandi builder, Bharatpur-11 | 2082/08/29 |

**प्रमुख प्रशासकीय अधिकृत**

## नेपाल नागरिक उड्डयन प्राधिकरण
**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचर, काठमाडौँ**

**बोलपत्र आह्वानको सार्वजनिक सूचना**

**(सूचना प्रकाशित मिति : २०८३।०५।३०**
**कर्पोरेट महाशाखा/सूचना नं. ०४-०८३/८४**

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको एयर कार्गो कम्प्लेक्स परिसरमा कार्यालयले तोकेको ५२ व.मि. क्षेत्रफलमा Public Canteen सञ्चालन गर्ने सम्बन्धमा आयठेक्का बन्दोबस्तका लागि सम्बन्धित निकायबाट क्याफे/होटल/रेस्टुरेन्ट/चमेना गृह/क्याटरिङ सेवा सम्बन्धी कारोबार गर्न इजाजत प्राप्त इच्छुक संस्था/फर्म/कम्पनीहरूले प्रचलित कानूनको अधीनमा रही तपसिल बमोजिम बोलपत्र दाखिला गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना विस्तृत रूपमा नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.np र यस कार्यालयको Website: www.tiairport.com.np मा उपलब्ध छ। साथै यस कार्यालयको सम्पर्क नं. ०१-४११३०३३, एक्सटेन्सन नं. २४९७ मा सम्पर्क गरी थप जानकारी प्राप्त गर्न सकिनेछ।

**तपसिल**

| क्र.सं. | विवरण | क्षेत्रफल (व.मि.) | बोलपत्र दस्तुर (रु.) | न्यूनतम बहाल रकम (५) वर्षका लागि (रु.) | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|---|---|
| १. | Public Canteen सञ्चालन | ५२ | ३,३९०/- (मू.अ.क. सहित) | ४७,०४,९६०/- (अक्षरेपि सतचालिस लाख चार हजार नौ सय साठी रुपैयाँ मात्र) | सूचना प्रकाशित भएको मितिले २१औँ दिनको कार्यालय समयभित्र | सूचना प्रकाशित भएको मितिले २२औँ दिनको १२ बजेभित्र | बोलपत्र दाखिला गर्ने अन्तिम दिनको १४ बजे |

गोरखापत्र
gorkhapatraonline.com
# अर्थबजार

सुनचाँदी
(प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | ३,०१,००० ▼ |
| चाँदी | : | ४,६२० ▼ |

सेयर बजार

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २५५८.०४ (+२५.५५) ▲ |
| कारोबार रकम | : | ४,६८८,६८२,३०३.७१ ▲ |
| कारोबार भएका सेयर | : | ११,५१५,६५४ |
| कारोबार सङ्ख्या | : | ४१,०७४ |
| कारोबार भएका कम्पनी | : | ३३६ |

भोटेकोशी बाढी

# विद्युत्‌मा सोह्र अर्ब चौंतिस करोडको क्षति

## विद्युत् उत्पादन वार्षिक दुई हजार ७३० गिगावाट घण्टा कम हुने



बाढीले क्षतिग्रस्त सबस्टेसन ।

फाइल : तस्बिर

- जलविद्युत् उत्पादनतर्फ वार्षिक दुई हजार ५२० गिगावाट घण्टा विद्युत् उत्पादन गुम्ने, यसबाट १४ अर्ब ८२ करोड रुपियाँ बराबरको क्षति हुने अनुमान
- अप्पर सान्जेन र सान्जेन जलविद्युत्‌को ५७.३ मेगावाट सुपर सान्जेनको ७८ मेगावाटलगायत केही आयोजनाको बिजुली प्रसारण लाइन बग्दाका कारण खेर जाने अवस्था
- क्षति बेहोरेको ऊर्जा क्षेत्रलाई पूर्ववत् अवस्थामा फर्काउन करिब तीन खर्ब ९० अर्ब ६२ करोड ३० लाख रुपियाँ आवश्यक पर्ने प्रारम्भिक अनुमान

**गोपालचन्द्र सुवेदी**
*काठमाडौँ, भदौ २९ गते*

भोटेकोशी बाढीका कारण विद्युत् आयोजना तथा प्रसारण लाइनमा भएको क्षतिका कारण विद्युत् उत्पादनमा मात्रै १६ अर्ब ३४ करोड रुपियाँ बराबरको क्षतिको अनुमान गरिएको छ।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सार्वजनिक गरेको द्रुत क्षति तथा आवश्यकता आकलन प्रतिवेदनले औँल्याए अनुसार विद्युत् उत्पादन र सो उत्पादनपछि प्राप्त हुने रोयल्टीसमेत गुम्न पुग्दा १६ अर्ब ३४ करोड ६९ लाख रुपियाँको क्षति हुने देखिएको हो।

प्रतिवेदन अनुसार बाढी तथा पहिरोका कारण वार्षिक दुई हजार ७३९.४८ गिगावाट घण्टा विद्युत् उत्पादनमा कमी आउने छ। जलविद्युत्, सौर्य ऊर्जा उत्पादन र ऊर्जा रोयल्टीमा हुने क्षतिसमेत जोड्दा ऊर्जामा यस्तो आर्थिक क्षति हुने प्रारम्भिक मूल्याङ्कन गरिएको हो।

प्रतिवेदन अनुसार जलविद्युत् उत्पादनतर्फ वार्षिक दुई हजार ५२० गिगावाट घण्टा विद्युत् उत्पादन गुम्ने छ। यसबाट १४ अर्ब ८२ करोड रुपियाँ बराबरको क्षति हुने अनुमान गरिएको छ।

त्यस्तै सौर्य ऊर्जा उत्पादनमा वार्षिक २१०.४८ गिगावाट घण्टा कमी आउने र त्यसबाट एक अर्ब २३ करोड ८४ लाख रुपियाँ बराबरको क्षति हुने जनाइएको छ। ऊर्जा रोयल्टीतर्फ थप २८ करोड ८५ लाख रुपियाँ क्षति हुने अनुमान छ।

नेपाल विद्युत् प्राधिकरणको उत्पादन निर्देशनालय प्रमुख उपकार्यकारी निर्देशक किरणकुमार श्रेष्ठका अनुसार वार्षिक ऊर्जा उत्पादनको क्यालेन्डर र आयोजना र प्रसारण लाइनमा भएको क्षतिले प्रभावित हुने उत्पादन हिसाब गर्दा योखाले क्षति भएको हो।

"विद्युत् उत्पादनमा रहेका क्षतिग्रस्त आयोजना, निर्माणाधीन आयोजना तथा प्रसारण लाइनमा भएको क्षतिका कारण प्रणालीमा ल्याउन नसकिने आयोजनाको विद्युत्‌को हिसाब गर्दा यस्तो क्षति आकलन भएको हो," उहाँले भन्नुभयो।

बाढीका कारण सञ्चालनमा रहेका १११ मेगावाटको रसुवागढी, ६० मेगावाटको माथिल्लो त्रिशूली थ्री 'ए', २२ मेगावाटको चिलिमे जलविद्युत्, २४ मेगावाटको त्रिशूली जलविद्युत् केन्द्र, १४.१ मेगावाटको देवीघाट जलविद्युत् २५ मेगावाटको नुवाकोट सौर्य विद्युत् आयोजना क्षतिग्रस्त भएर विद्युत् उत्पादन गर्न नसक्ने अवस्थामा पुगेका छन्। यसबाहेक परीक्षण उत्पादनकै क्रममा रहेका २० मेगावाटको लाङटाङखोला जस्ता यसै वर्ष प्रणालीमा जोडिने तय भएका आयोजना पनि क्षतिग्रस्त हुँदा ऊर्जामा नोक्सानी भएको हो। कतिपय सञ्चालनमै रहेका आयोजना आफैँमा क्षति नभए पनि प्रसारण लाइन नै क्षतिग्रस्त भएका कारण विद्युत् उत्पादन नगर्नुपर्ने अवस्थामा पुगेका छन्।

अप्पर सान्जेन र सान्जेन जलविद्युत्‌को ५७.३ मेगावाट सुपर सान्जेनको ७८ मेगावाटलगायत केही आयोजनाको बिजुली प्रसारण लाइन बग्दाका कारण खेर जाने अवस्था छ। "प्रसारण लाइन पुनर्निर्माण त अबको एक वर्षमा हुन सक्ला," उहाँले भन्नुभयो, "तर रसुवागढी, चिलिमे, माथिल्लो त्रिशूली थ्री 'ए' जस्ता आयोजना पुनर्निर्माणका लागि केही वर्ष लाग्दा यो ऊर्जाको क्षति आगामी वर्षमा पनि बेहोर्नुपर्ने हुन्छ।"

### तीन खर्ब नब्बे अर्ब रुपियाँ आवश्यक

सो प्रतिवेदनमा क्षति बेहोरेको ऊर्जा क्षेत्रलाई पूर्ववत् अवस्थामा फर्काउन करिब तीन खर्ब ९० अर्ब ६२ करोड ३० लाख रुपियाँ आवश्यक पर्ने प्रारम्भिक अनुमान गरिएको छ।

यो रकममध्ये छ महिनाभित्रै गर्नुपर्ने कामका लागि एक अर्ब पाँच करोड रुपियाँ आवश्यक पर्ने छ। तत्कालीन पुनर्स्थापना योजना अन्तर्गत प्रसारण प्रणाली पुनर्स्थापनाका लागि ५९ करोड रुपियाँ, सबस्टेसनका लागि ४० करोड रुपियाँ, वितरण प्रणालीका लागि १० करोड रुपियाँ र माइक्रो-हाइड्रोतर्फ पाँच करोड रुपियाँ आवश्यक हुने औँल्याइएको छ।

बाँकी तीन खर्ब ८९ अर्ब ५७ करोड ३० लाख रुपियाँ दीर्घकालीन पुनर्स्थापनाका लागि आवश्यक पर्ने प्रतिवेदनमा उल्लेख छ।

प्राधिकरणले यी आकलन विस्तृत आयोजना लागत नभई प्रारम्भिक तथा सूचकात्मक योजना आवश्यकताको अनुमानका आधारमा तय गरिएको जनाएको छ।

माइक्रो-हाइड्रोसम्बन्धी कामलाई घरायसी नवीकरणीय ऊर्जा कार्यक्रमसँग समन्वय गरेर अघि बढाउनुपर्ने प्रतिवेदनमा उल्लेख छ। यसबाट एउटै काममा दोहोरो खर्च हुन नदिने र पुनर्स्थापना कार्यक्रमलाई व्यवस्थित बनाउने उद्देश्य राखिएको छ।

### विद्युत् उत्पादन र ग्रिड पुनर्निर्माण आवश्यक

दीर्घकालीन पुनर्स्थापना योजनामा क्षतिग्रस्त विद्युत् उत्पादन आयोजना, प्रसारण तथा ग्रिड संरचना पुनर्निर्माण गर्ने कामलाई प्राथमिकता दिइएको छ। निर्माणाधीन आयोजनाका बाँकी काम पूरा गरी उत्पादनमा ल्याउने विषयसमेत योजनामा समेटिएको छ।

प्रतिवेदन अनुसार विद्युत् पुनर्स्थापना उत्पादन संरचना र त्यससँग जोडिएको प्रसारण सञ्जाल दुवैको अवस्थामाथि निर्भर हुने छ। सडक तथा पहुँचको समस्या, नदीजन्य गेग्रान, भिरालो भूभागको अस्थिरता, उपकरणको उपलब्धता र प्रसारण जडानले मर्मत तथा पुनर्स्थापनाको समय प्रभावित गर्न सक्ने छ।

प्रतिवेदनले क्षति तथा नोक्सानीको विवरणमा विद्युत् आपूर्तिविहीन ग्राहकको एकीकृत सङ्ख्या भने समावेश नभएको जनाएको छ। आयोजनागत रूपमा विद्युत् अवरुद्ध भएको अवधि र पुनः सञ्चालनको मिति उपलब्ध नभएकाले ग्राहक सङ्ख्या यकिन गर्न नसकिएको हो।

ऊर्जा क्षेत्रमा तत्काल देखिएको क्षति १६ अर्ब ३४ करोड ६० लाख रुपियाँ भए पनि पुनर्स्थापनाका लागि आवश्यक रकम त्यसको तुलनामा निकै ठुलो छ। यसले क्षतिग्रस्त आयोजना, प्रसारण लाइन, सबस्टेसन र वितरण प्रणाली पुनर्निर्माण गर्न दीर्घकालीन वित्तीय स्रोत आवश्यक पर्ने देखाएको छ।

# दूरसञ्चार पूर्वाधारमा ६३ करोडको क्षति

## पुनरुत्थानका लागि ९४ करोड आवश्यक

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २९ गते*

भोटेकोशी नदीको बाढीका कारण दूरसञ्चार पूर्वाधारमा करिब ६३ करोड रुपियाँको क्षति पुगेको आकलन गरिएको छ।

सरकारले हालै सार्वजनिक गरेको द्रुत क्षति आवश्यकता आकलन प्रतिवेदन अनुसार मोबाइल टावर, फाइबर नेटवर्क, प्रसारण प्रणाली, फाइबर टु दी होम (एफटिटिएच) र इन्टरनेट सेवाप्रदायक (आइएसपी) का पूर्वाधारसमेत गरेर ६२ करोड ८७ लाख रुपियाँको क्षति पुगेको हो।

गत भदौ १० गते रसुवास्थित भोटेकोशी नदीको बाढीका कारण नेपाल टेलिकमको तीन वटा र एनसेलको एउटा टावरमा क्षति पुगेको थियो। त्यस्तै नेपाल टेलिकमको ९१ किलोमिटर र एनसेलको ६१ किलोमिटर गरी १५२ किलोमिटर फाइबरमा पनि क्षति पुगेको पाइएको प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै नेपाल टेलिकमको दुई वटा प्रसारण प्रणाली र तीन वटा एफटिटिएच युनिटसहित आइएसपीको पूर्वाधारमा पनि क्षति पुगेको पाइएको छ। कुल क्षतिमध्ये फाइबरले मात्र ४२.१ प्रतिशत र आइएसपीको पूर्वाधारमा २८.२ प्रतिशत क्षति पुगेको प्रतिवेदनमा उल्लेख छ। सेवाप्रदायकका अनुसार कुल क्षतिमध्ये नेपाल टेलिकमको क्षति ५२.७ प्रतिशत रहेको छ।

प्रतिवेदन अनुसार क्षति पुगेका दूरसञ्चार पूर्वाधारको पुनरुत्थानका लागि भने ९४ करोड ३० लाख रुपियाँ लाग्ने अनुमान गरिएको छ। त्यसमध्ये प्रारम्भिक पुनरुत्थानका लागि ३४ करोड र दीर्घकालीन पुनरुत्थानका लागि ६० करोड ३० लाख रुपियाँ आवश्यक पर्ने देखिएको छ। समय अवधिका हिसाबले तीन महिनाभित्र आइएसपीको पुनरुत्थानका लागि १२ करोड र चार महिनाभित्र दूरसञ्चार प्रणाली पुनरुत्थानका लागि २२ करोड रुपियाँ आवश्यक पर्ने छ।

स्थायी प्रकृतिका नेटवर्कको पुनर्स्थापना भने प्रतिवेदनले दीर्घकालीन पुनरुत्थान अन्तर्गत राखेको छ। खास गरी यस्तो प्रकृतिको दूरसञ्चार पूर्वाधार पुनर्स्थापना गर्दा जोखिमयुक्त स्थानमा उत्थानशील प्रकृतिको पूर्वाधार प्रयोग गर्नुपर्नेमा प्रतिवेदनले जोड दिएको छ।

त्यस्तै आवश्यकता अनुसार उपकरणको सुरक्षा वा स्थानान्तरण र भरपर्दो ऊर्जा व्यवस्थापनलाई प्राथमिकतामा राखेर दूरसञ्चार पूर्वाधार पुनर्स्थापना गर्नुपर्ने पनि प्रतिवेदनमा उल्लेख छ। यसबाहेक सडक कोरिडोर पुल पार गर्ने संरचना र विद्युतीय जडानलाई असर गर्ने काममा आवश्यक समन्वय गरिनुपर्ने विषयलाई पनि प्रतिवेदनले जोड दिएको छ।

दूरसञ्चार सेवाप्रदायकले भने बाढीका कारण अवरोध पुगेका क्षेत्रमा विभिन्न वैकल्पिक उपाय प्रयोग गर्दै अधिकांश ठाउँमा सेवा पुनः सञ्चालनमा ल्याएको जनाएका छन्।

# सङ्कटमा सहयोगी भएन तातोपानी नाका

**सिन्धुपाल्चोक समाचारदाता**
*सिन्धुपाल्चोक, भदौ २९ गते*

नेपाल-चीनबिचको दोस्रो ठुलो उत्तरी व्यापारिक नाका तातोपानी सङ्कटका बेला पटक पटक बन्द हुँदै आएको छ। बाढी, पहिरो, भूकम्प, महामारी तथा सीमा सुरक्षाका विभिन्न कारण देखाउँदै चीनतर्फबाट नाका बन्द हुने र नेपाल सरकारको पहलपछि आंशिक तथा पूर्ण रूपमा सञ्चालनमा आउने गरेको छ।

पछिल्लो पटक रसुवाको टिमुरे क्षेत्रमा भदौ १० गते आएको भीषण बाढीपछि चीनले सुरक्षा जोखिम देखाउँदै भदौ १४ गतेदेखि तातोपानी नाका बन्द गरेको छ। चीनतर्फबाट तातोपानी भन्सार कार्यालयलाई इमेलमार्फत सूचना पठाएर नाका बन्द गरिएको हो। त्यसयता तातोपानी नाका सुनसान छ। भन्सार, अध्यागमनलगायतका कार्यालयका कर्मचारी कार्यालयमा रहे पनि व्यापारिक गतिविधि ठप्प छ।

प्रमुख जिल्ला अधिकारी शशिधर घिमिरेले अर्को सूचना जारी नभएसम्म नाका बन्द रहने जानकारी चीनतर्फबाट आएको बताउनुभयो। उहाँका अनुसार व्यापारिक गतिविधि बन्द रहे पनि पर्यटकको आवतजावत खुला रहेको जानकारी प्राप्त भएको छ।



नेपाल-चीनबिचको दोस्रो ठुलो उत्तरी व्यापारिक सीमा तातोपानी नाका ।

यसअघि २०७१ साउन १७ गतेको जुरे पहिरोपछि बाह्रबिसेदेखि तल्लो तटीय क्षेत्रमा बाढी तथा पहिरोको जोखिम बढेको भन्दै चीनले तातोपानी नाका क्रमशः सीमित गर्दै बन्द गरेको थियो। २०७२ वैशाख १२ गतेको भूकम्पपछि नाका पूर्ण रूपमा बन्द भयो। त्यसपछि करिब चार वर्षसम्म नाका नियमित रूपमा सञ्चालन हुन सकेन।

२०७३ असार २१ गते भोटेकोशी नदीमा आएको भीषण बाढीले तातोपानी आसपासका करिब ८० घर बगाएपछि नाका सञ्चालनमा थप अवरोध भएको थियो। त्यसपछि २०७४ सालको बर्खे पहिरोका कारण पनि नाका बन्द भएको थियो।

त्यस्तै २०७६/७७ सालको कोरोना महामारीका बेला चीनले तातोपानी नाका बन्द गरेको थियो। २०७७ सालमा तिब्बतको न्यालम काउन्टी क्षेत्रमा रहेका ताल फुट्न सक्ने जोखिम देखाउँदै नाका बन्द गरिएको थियो। सोही वर्ष माघमा नेपाल-चीन मितेरी पुलको मर्मतसम्भारका कारण पनि नाका बन्द भएको थियो।

पछिल्ला वर्षमा बर्खे पहिरो, सडकको दयनीय अवस्था, बाढी तथा सीमाक्षेत्रमा हुन सक्ने सुरक्षा जोखिमलाई कारण देखाउँदै नाका बन्द तथा आंशिक सञ्चालन हुँदै आएको स्थानीय प्रशासनको भनाइ छ।

तातोपानी नाका बन्द हुँदा चीनसँगको व्यापारमा मात्र नभई नाकासँग प्रत्यक्ष जोडिएका व्यवसायी, कन्टेनर चालक, सहचालक, मजदुर तथा होटेल व्यवसायीसमेत प्रभावित हुँदै आएका छन्। पछिल्लो पटक नाका बन्द भएपछि तातोपानी क्षेत्रमा निर्भर कतिपय स्थानीय अन्यत्र जान थालेका छन्।

स्थानीय व्यवसायीका अनुसार नाका बन्द हुँदा दैनिक उपभोग्य तथा निर्माण सामग्रीको आयात प्रभावित हुनुका साथै व्यापारिक कारोबारमा ठुलो असर पर्ने गरेको छ। लामो समय नाका बन्द हुँदा वैकल्पिक उत्तरी नाका तथा अन्य व्यापारिक मार्गमा समेत दबाब बढ्ने गरेको छ।

२०७१ सालको जुरे पहिरोअघिदेखि नै तातोपानी नाका बाढी, पहिरो, सडक अवरोध, सीमा सुरक्षालगायतका कारण पटक पटक प्रभावित हुँदै आएको छ। नाका बन्द भएपछि नेपाल सरकारले कूटनीतिक तथा प्रशासनिक तहबाट पहल गर्दै पुनः सञ्चालन गराउने गरेको छ।

भदौ १४ गतेदेखि बन्द रहेको नाका कहिले खुल्छ भन्ने यकिन नभए पनि चीनबाट पुनः सञ्चालनसम्बन्धी सूचना आउने अपेक्षा गरिएको प्रमुख जिल्ला अधिकारी घिमिरेले बताउनुभयो।

༄༅། །སོ་ལུ་རྡུད་ཁུནྜ་ནགར་པ་ལི་ཀ།
**सोलुदुधकुण्ड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
सल्लेरी, सोलुखुम्बु

**Invitation For Bids**

**Date of First time Publication: 2083-05-30 (15 Sep 2026)**

Solududhkunda Municipality, Solukhumbu invites Sealed bids from Nepalese eligible bidders for the following project under National Competitive Bidding procedures.

| IFB No. | Description of Work | Estimated Amount (Inclusive of VAT and PS ) | Bid Security NRs | Bid Document Fee NRs | Bid Validity Period | Bid bond security period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 01-WORKS-NCB-SDM-2083/84 | Mopung Basti Paryatan Purwadhar Nirman | 17,519,165.45 | 4,65,000/- | 3,000/- | 90 Days | 120 Days | 1S1E |
| 02-WORKS-NCB-SDM-2083/84 | Solukhumbu Multiple campus Gherabar nirman tatha Jana Jagriti khel Maidan Pyarafit nirma | 1,18,82292.49 | 3,15,000/- | 3,000/- | 90 Days | 120 Days | 1S1E |

1. A complete set of Bidding Documents may be purchased from the office Solududhkunda Municipality-5 Salleri, Solukhumbu and the office Solududhkunda Municipality by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of 3000 till 2083-06-19 during office hours in the account as specified below.
   Name of the Bank: Rastriya Banijya Bank — Name of Office: Solududhkunda Municipality
   Office Code no.: 80101139 — Account no.: 2020100301010005
   Rajaswa (revenue) Shirshak no.: 14229
2. Pre-bid meeting shall be held at Solududhkunda Municipality at 2083-06-09 11:00.
3. Sealed bids must be submitted to the office Solududhkunda Municipality by hand/courier before 12:00 on 2083-06-20. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 2083-06-20 at the office of Solududhkunda Municipality-5 salleri. For Bid Security account as specified below.
   Account Number: 2020100303000005
   Account Name: Solududhkunda Municipality
   Bank Name: Rastriya Banijya Bank
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
6. For detail information contact in Solududhkunda Municipality, Mobile No. 9851174089, email: solududhkundamun@gmail.com.

**Chief Administrative Officer**

# सहुलियतपूर्ण कर्जाको दायरा फराकिलो बनाइँदै

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २९ गते*



प्राकृतिक विपत्बाट घरबार तथा जीविकोपार्जनमा क्षति बेहोरेका नागरिकलाई पुनर्स्थापनामा सघाउने गरी सरकारले सहुलियतपूर्ण कर्जाको व्यवस्था थप पुनर्संरचना गरिएको छ। नयाँ व्यवस्था अनुसार बाढी, पहिरो, भूकम्पलगायत विपत्बाट प्रभावितले निजी आवास निर्माणका लागि पाँच लाख रुपियाँसम्म कर्जा पाउने भएका छन् भने सरकारले कर्जाको ब्याजमा वार्षिक तीन प्रतिशतसम्म अनुदान दिने भएको छ।

नेपाल राष्ट्र बैङ्कले अर्थ मन्त्रालयको निर्णय अनुसार 'सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०८२' को दोस्रो संशोधन सोमबार कार्यान्वयनमा ल्याएको हो। बैङ्क तथा वित्तीय संस्थालाई नयाँ व्यवस्था अनुसार कर्जा प्रवाह गर्न पनि राष्ट्र बैङ्कले निर्देशन दिएको हो।

नयाँ व्यवस्थाले सहुलियतपूर्ण कर्जाको दायरा परम्परागत कृषि तथा उद्यममा मात्र सीमित नराखी स्टार्टअप, वैदेशिक रोजगारीबाट फर्किएका युवा, शिक्षित युवा, महिला उद्यमी, दलित समुदाय, जेनजी आन्दोलनका सहिद परिवार तथा घाइते र प्राकृतिक विपत्पीडितसम्म विस्तार गरेको छ। यसले कर्जा सुविधालाई उत्पादन, स्वरोजगार र पुनर्स्थापनासँग जोड्ने प्रयास गरेको राष्ट्र बैङ्कले जनाएको छ।

कार्यविधि अनुसार कृषि तथा पशुपन्छी क्षेत्रमा सबैभन्दा बढी पाँच करोड रुपियाँसम्म सहुलियतपूर्ण कर्जा लिन सकिने छ। उद्योगमा बोइलर प्रतिस्थापनका लागि ५० लाखसम्म, महिला उद्यमशीलता र स्टार्टअपका लागि २५ लाखसम्म तथा वैदेशिक रोजगारीबाट फर्केका युवा, शिक्षित युवा र दलित समुदायका लागि २० लाख रुपियाँसम्म कर्जा उपलब्ध हुने छ।

त्यस्तै जेनजी आन्दोलनका सहिद परिवार तथा प्रमाणित घाइतेले स्वरोजगार उद्यम सञ्चालन गर्न १५ लाख रुपियाँसम्म कर्जा पाउने भएका छन्। बाढीपहिरो, भूकम्पलगायत प्राकृतिक विपत्बाट प्रभावित व्यक्तिको निजी आवास निर्माणका लागि भने पाँच लाख रुपियाँसम्म कर्जा उपलब्ध हुने व्यवस्था गरिएको छ। यस कर्जामा सरकारले वार्षिक तीन प्रतिशत ब्याज अनुदान दिइने संशोधित कार्यविधिमा उल्लेख छ। बैङ्क तथा वित्तीय संस्थाले आफ्नो आधार दरमा बढीमा १.५ प्रतिशतसम्म मात्र प्रिमियम थप्न पाउने छन्। कर्जा सूचना शुल्क र बिमा शुल्कबाहेक अन्य अतिरिक्त शुल्क वा प्रशासनिक प्रिमियम लिन नपाउने व्यवस्था गरिएको छ। ब्याज अनुदान स्वीकृति भएको मितिदेखि बढीमा पाँच वर्षसम्म उपलब्ध हुने छ तर सहुलियतपूर्ण कर्जाको सुविधा स्थायी कार्यक्रम भने होइन। कार्यविधि अनुसार यस्तो कर्जा २०८७ साल असार मसान्तसम्म मात्र प्रदान गर्न सकिने छ।

कार्यविधिले बैङ्किङ प्रक्रियालाई पनि समयबद्ध बनाएको छ। आवश्यक कागजातसहित निवेदन परेपछि बैङ्क तथा वित्तीय संस्थाले १५ कार्यदिनभित्र कर्जाको निर्णय गर्नुपर्ने छ। कर्जा अस्वीकृत भए त्यसको कारणसहित तीन कार्यदिनभित्र आवेदकलाई लिखित जानकारी दिनुपर्ने छ।

कार्यविधिको नीतिगत सहजीकरणका लागि अर्थ मन्त्रालयका सचिवको संयोजकत्वमा केन्द्रीय निर्देशन समिति र कार्यान्वयन तथा समन्वयका लागि राष्ट्र बैङ्कका डेपुटी गभर्नरको संयोजकत्वमा समिति रहने छ। यसले सहुलियतपूर्ण कर्जालाई केवल बैङ्किङ सुविधा नभई सरकारको लक्षित उद्यम, स्वरोजगार र पुनर्स्थापना कार्यक्रमका रूपमा अघि बढाउने आधार तयार गरेको छ।

# बैङ्किङ जोखिममा बाढी र एआई पनि

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २९ गते*

बाढीले घर–पूर्वाधार मात्र होइन, बैङ्कको कर्जा पनि डुबाउन सक्छ। ऋणीको व्यवसाय र धितोमा क्षति पुग्दा कर्जा असुली प्रभावित हुने जोखिमलाई ध्यान दिँदै नेपाल राष्ट्र बैङ्कले जलवायु तथा प्राकृतिक विपत्को वित्तीय असरको नियमित मूल्याङ्कन र 'स्ट्रेस टेस्ट' अनिवार्य गरेको छ।

राष्ट्र बैङ्कले सोमबार 'जोखिम व्यवस्थापन निर्देशिका, २०२६' जारी गर्दै बैङ्क तथा वित्तीय संस्थाको जोखिम व्यवस्थापन प्रणालीलाई व्यापक बनाएको हो। सन् २०१८ को पुरानो निर्देशिकालाई विस्थापन गर्दै ल्याइएको नयाँ व्यवस्थाले वित्तीय क्षेत्र तीव्र डिजिटल रूपान्तरण, जलवायु सङ्कट र नयाँ प्रकृतिका प्रणालीगत जोखिमतर्फ प्रवेश गरिसकेको निष्कर्षसहित जोखिम व्यवस्थापनको दायरा विस्तार गरेको छ।

नयाँ व्यवस्थाले बाढी आए बैङ्कले दिएको कर्जामा कति असर पर्छ, पहिरोले कुन क्षेत्रमा गरिएको लगानी जोखिममा पार्न सक्छ, मोबाइल बैङ्किङ कति समयसम्म बन्द रहन सक्छ र एआई प्रयोग गर्दा नयाँ जोखिम के आउन सक्छ भन्ने प्रश्नको समेत पूर्वमूल्याङ्कन गर्नुपर्ने बनाएको छ।

निर्देशिकाले जलवायु जोखिमलाई बैङ्किङ क्षेत्रको प्रत्यक्ष वित्तीय जोखिमका रूपमा स्थापित गरेको छ। बाढी, पहिरो, खडेरीलगायत चरम मौसमी घटनाबाट उत्पन्न हुने जोखिमलाई भौतिक जोखिम तथा न्यून कार्बन अर्थतन्त्रतर्फको सङ्क्रमणका क्रममा नीति, प्रविधि र बजारमा आउने परिवर्तनबाट उत्पन्न हुने जोखिमलाई सङ्क्रमण जोखिमका रूपमा वर्गीकरण गरिएको छ।

नयाँ व्यवस्था अनुसार बैङ्क तथा वित्तीय संस्थाले कृषि, ऊर्जा, जलविद्युत्, पूर्वाधारलगायत जलवायु संवेदनशील क्षेत्रमा गरेको कर्जा तथा लगानीको जोखिम पहिचान र मूल्याङ्कन गर्नुपर्ने भएको छ। आफ्नै भौतिक सम्पत्तिमा बाढी, पहिरो वा अन्य प्राकृतिक विपत्ले पार्न सक्ने असरसमेत मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गरिएको छ। अब बैङ्कले कुनै परियोजनालाई कर्जा दिँदा परियोजनाको आम्दानी र धितो मात्र हेरेर नपुग्ने भएको छ। त्यो परियोजना बाढी, पहिरो, खडेरी वा जलवायु परिवर्तनबाट कति प्रभावित हुन सक्छ भन्ने पक्ष पनि कर्जा जोखिमकै हिस्सा बन्ने भएको छ।

राष्ट्र बैङ्कले जलवायुजन्य जोखिमको वित्तीय प्रभाव मापन गर्न परिदृश्य विश्लेषण र 'स्ट्रेस टेस्टिङ' गर्नुपर्ने व्यवस्था गरेको छ। छोटो, मध्यम र दीर्घकालीन अवधिलाई आधार बनाएर बैङ्कले विभिन्न जोखिमपूर्ण अवस्था परीक्षण गर्न सक्ने छ।

कुनै निश्चित भौगोलिक क्षेत्रमा ठुलो बाढी वा पहिरो गएमा त्यहाँ रहेको बैङ्कको कर्जा कति जोखिममा पर्छ, ऋणीको भुक्तानी क्षमता कति घट्छ र त्यसबाट बैङ्कको नाफा तथा वित्तीय अवस्थामा कस्तो असर पर्छ भन्ने विषय अब परीक्षणको दायरामा आउने निर्देशिकामा उल्लेख छ।

# नेवानिको जहाज एक महिनादेखि इटालीमा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २९ गते*

नेपाल वायुसेवा निगमको वाइडबडी नाइन एन एलजेट 'मकालु' जहाज एक महिनादेखि इटालीमा रोकिएको छ। नियमित विस्तृत परीक्षण (सी–चेक) का लागि साउन २४ गते इटाली पुगेको उक्त जहाजको दायाँ इन्जिनको अटो ब्रेकिङ सिस्टममा समस्या देखिएपछि समयमै मर्मत हुन नसक्दा ३५ दिनदेखि उतै रोकिएको हो।

निगमका प्राविधिक प्रवक्ता देवेन्द्र पुनका अनुसार साउन २४ गते इटाली पुगेको उक्त जहाज भदौ १५ गते नेपाल फर्किने तालिका थियो तर सी–चेकका क्रममा जहाजको दायाँ इन्जिनको अटो ब्रेकिङ सिस्टममा समस्या देखिएपछि आवश्यक पार्ट फेर्नुपर्ने अवस्था आएको र उक्त पार्ट तत्काल इटालीमा उपलब्ध नभएपछि जहाजको मर्मत अवधि लम्बिएको हो।

विस्तृत परीक्षणका क्रममा अतिरिक्त खराबी भेटिने गरे पनि समस्या पहिचान भएपछि आवश्यक पार्ट तत्काल उपलब्ध गराउन नसक्दा जहाजको ग्राउन्डिङ अवधि लम्बिएको उहाँको भनाइ छ।

इटालीको एसपी एटिटेक कम्पनीमा सी–चेक गराउन उक्त जहाज व्यावसायिक उडानमार्फत २० दिनमा फर्किने गरी दुबई हुँदै इटाली पुगेको हो। निगमले यसअघि पनि यही कम्पनीमा वाइडबडी जहाजको मर्मत गराएको थियो।

सी–चेकका क्रममा जहाजको संरचना, दुई वटै इन्जिन, ल्यान्डिङ गियर, हाइड्रोलिक, एभियो निक्सलगायत प्रणालीको परीक्षण गर्दा उक्त समस्या फेला परेको निगमले जनाएको छ।

# अध्यक्षमा कँडेल निर्विरोध

**मकवानपुर समाचारदाता**
*मकवानपुर, भदौ २९ गते*

निर्माण व्यवसायी सङ्घ मकवानपुरको अध्यक्षमा बालगोपाल कँडेल निर्विरोध निर्वाचित हुनुभएको छ। सङ्घको २६ औँ साधारण सभा तथा १२ औँ अधिवेशनबाट कँडेल दोस्रो कार्यकालका लागि अध्यक्षमा पुनः निर्वाचित हुनुभएको हो।

प्रमुख निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता ईश्वरराज ढकालले आन्तरिक उपमहासचिवमा सूर्यबहादुर रोक्का र कार्यसमिति महिला सदस्यमा पम्फा बर्तौला पनि निर्विरोध निर्वाचित हुनुभएको जानकारी दिनुभयो। निर्वाचनको अन्तिम मत परिणाम अनुसार वरिष्ठ उपाध्यक्षमा राजेन्द्रप्रसाद चौलागाईं, पहिलो उपाध्यक्षमा भवनाथ अधिकारी, द्वितीय उपाध्यक्षमा भीमसेन श्रेष्ठ र महासचिवमा सुरज बर्तौला निर्वाचित हुनुभयो। त्यस्तै उपमहासचिव (नीतिगत) मा नवराज पाठक, कोषाध्यक्षमा प्रकाश लामा र सहकोषाध्यक्षमा आकाशकुमार गोले निर्वाचित हुनुभयो। कार्यसमितिका आठ सदस्यमा रोशन ठकुरी, निरञ्जन पौडेल (निराजन), साहस गोपाली, दावा लामा, विवेक उप्रेती, ऐशन पौडेल, नीतेश थापामगर र बालकृष्ण केसी निर्वाचित हुनुभएको छ।

# कायम हुन सकेन अधिकतम खुद्रा मूल्य

**सीता शर्मा**
*काठमाडौँ, भदौ २९ गते*

कानुनमा उत्पादक वा आयातकर्ताले तोकेको अधिकतम खुद्रा मूल्य (एमआरपी) भन्दा एक रुपियाँ पनि बढी लिनु अपराध हो तर बजार अनुगमन कमी र चेतनाको अभावका कारण उपभोक्ता ठगिने क्रम रोकिएको छैन। नेपालमा एमआरपीभन्दा बढी मूल्य लिने समस्या लामो समयदेखि रहेकाले कार्यान्वयनमा समस्या भएको हो।

सरकारले सबै उपभोग्य वस्तु तथा सेवाक्षेत्रमा केही समयदेखि एमआरपी अनिवार्य कडाइका साथ कार्यान्वयन गरेको दाबी गरे पनि व्यवहारमा परिणत हुन नसकेको सरकारकै अनुगमनबाट भेटिन्छ। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको अनुगमन टोलीले काठमाडौँको बालुवाटारमा रहेको आकाश फुड्सले अधिकांश वस्तु वा सेवाको एमआरपीभन्दा बढी लिएको भेटर तीन लाख रुपियाँ जरिबाना गराएको छ।

विभागको अनुगमन टोली गएको गत बिहीबार उक्त पसलको अनुगमन गर्दा हरेक वस्तुमा एमआरपीभन्दा बढी लिएको भेटेपछि सो बराबरको रकम जरिबाना गरेको जनाएको छ। विभागका अनुसार पछिल्ला एक साताको बिचमा एमआरपीभन्दा बढी मूल्य लिएको भेटिनेमा आकाश फुड्स जस्तै ११ वटा छन्।

आकाश फुड्सबाहेक अन्यलाई न्यूनतम पाँच हजार र बढीमा ५० हजार रुपियाँ जरिबाना गरिएको विभागका निर्देशक अनिल किराँतीले जानकारी गराउनुभयो। उहाँले उपभोक्ताले खरिद गर्ने वस्तु तथा सेवाको अधिकतम मूल्य थाहा पाउने अधिकार रहेकाले त्यसको संरक्षण गर्ने उद्देश्यले सो नियम कार्यान्वयनमा कडाइ गरिएको पनि जानकारी गराउनुभयो।

कालोबजारी नियन्त्रण गर्न तथा उपभोक्ता ठगिने क्रमलाई अन्त्य गर्न सहयोग पुऱ्याउने र उक्त नियमले अनौपचारिक व्यवसायलाई करको दायरामा ल्याउन सहयोग पुग्नेसमेत अपेक्षा गरिएको निर्देशक किराँतीको भनाइ छ।

वाणिज्य विभागले २०८२ चैत ३० गते सूचनामार्फत आयातित वस्तुमा अनिवार्य एमआरपी उल्लेख गर्नुपर्ने बाध्यात्मक व्यवस्था वैशाख १५ गतेदेखि लागु हुने जानकारी गराइसकेको थियो।

पूर्वअर्थसचिव कृष्णहरि बाँस्कोटाले कानुन अनुसार दर्ता भएका व्यापारिक प्रतिष्ठानले सरकारले बनाएको कानुन कार्यान्वयनमा अहिले पनि बहानाबाजी गर्नु व्यावहारिक नभएको टिप्पणी गर्नुभयो। उहाँका अनुसार वस्तु नेपालमा उत्पादन गरेको होस् वा बाहिरबाट पैठारी गरेको होस् कुनलाई कति परेको हो, खरिद मूल्य, भन्सारमा तिरेको र आफ्नो नाफा सबै छुट्याएर एमआरपी राख्नु पर्छ। त्यो नगरी एमआरपीभन्दा बढी लिनु कानुनी अपराध हो।

यो व्यवस्थाले राज्य, व्यापारी, उपभोक्ता सबैलाई राम्रो हुने भएकाले यसको कार्यान्वयनमा सबैको साथ सहयोग हुनुपर्नेमा पूर्वसचिव बाँस्कोटाले जोड दिनुभयो।

वस्तुको हरेक एकाइमा एमआरपी स्टिकर लगाउन प्याकेजिङ खोल्नुपर्ने, स्टिकर लगाइसकेपछि पुनः प्याकिङ गर्दा सुन्दरता बिग्रने र प्याकेजिङ खोलेको वस्तु नबिक्ने जस्ता व्यवसायीको गुनासो छ। विभागका निर्देशक किराँतीले कानुनमा भएको व्यवस्थाबाट तलमाथि गर्न नमिल्ने तर्क गर्नुभयो। आउटलेटमा बिक्रीका लागि राखिने सामानमा मात्रै एमआरपी अनिवार्य रहेको पनि उहाँले स्पष्ट पार्नुभयो।

उहाँका अनुसार विभागले बिक्री हुने हरेक वस्तुको बिल र रसिद जारी गर्नुपर्ने कानुनी प्रावधान पनि अनिवार्य गर्न लागेको छ। बिस प्रतिशतभन्दा बढी नाफा राख्न नपाइने कानुन खारेज भइसकेको अवस्थामा (एमआरपी) को सीमा नभएको उहाँले बताउनुभयो।


**सबैला नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सबैला, धनुषा, मधेश प्रदेश, नेपाल**

**पोखरी ठेक्का बन्दोबस्तसम्बन्धी दरभाउपत्र आह्वानको ३ दिने सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८३/०५/३० गते**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ बमोजिम बहाल विटौरी कर सङ्कलन गर्ने प्रयोजनार्थ सबैला नगरपालिकाको स्वामित्वमा रहेको तपसिलका पोखरीहरूलाई ठेकेदार स्वयंले सरसफाई तथा पोखरी खनी डिल मर्मत गर्ने सर्तमा बढाबढ प्रक्रियाबाट ठेक्का बन्दोबस्त गर्नेसम्बन्धी सूचना प्रकाशित गरिएको छ। यससम्बन्धी विस्तृत जानकारीका लागि सबैला न.पा.को कार्यालय तथा website - www.sabailamun.gov.np मा सम्पर्क गर्न सकिनेछ। **तपसिल-**

| आय ठेक्का नं. | पोखरीको नाम | स्थान | ४ वर्षको न्युनतम मोल मू.क. कर समेत रु. | कैफियत |
|---|---|---|---|---|
| ५/०८३/०८४ | नेवतिया पोखरी, मटही | सबैला न. पा. ७, | १३,७३,४६७।– | सरसफाई वापत थप एक वर्ष निशुल्क म्याद थप गरी जम्मा ५ वर्षका लागि मात्र |
| ६/०८२/०८३ | पोखरी नं. २ दुर्योधन पोखरी, | सबैला न. पा. ४, | ३,४०,०००।– | सरसफाई वापत थप एक वर्ष निशुल्क म्याद थप गरी जम्मा ५ वर्षका लागि मात्र |
| ७/०८२/०८३ | पोखरी नं. ४ कोठिया सडकदेखि दक्षिण पोखरी, | सबैला न. पा. ४, | २,०६,६७०।– | सरसफाई वापत थप एक वर्ष निशुल्क म्याद थप गरी जम्मा ५ वर्षका लागि मात्र |
| ८/०८२/०८३ | पोखरी नं. ५ कोठिया सडक छेव वाला पोखरी, | सबैला न. पा. ४, | १,९३,३३५।- | सरसफाई वापत थप एक वर्ष निशुल्क म्याद थप गरी जम्मा ५ वर्षका लागि मात्र |
| ९/०८२/०८३ | दह पोखरी नं १ देखि ५ सम्म, | सबैला न. पा. ४, | १२,३३,३३५।- | सरसफाई वापत थप एक वर्ष निशुल्क म्याद थप गरी जम्मा ५ वर्षका लागि मात्र |
| १०/०८२/०८३ | गेरुवाही पोखरी | सबैला न. पा. १०, | ८,००,०००।– | सरसफाई वापत थप एक वर्ष निशुल्क म्याद थप गरी जम्मा ५ वर्षका लागि मात्र |
| ११/०८२/०८३ | निम पोखरी ईनर्वा | सबैला न. पा. ११ | ४,००,०००।– | सरसफाई वापत थप एक वर्ष निशुल्क म्याद थप गरी जम्मा ५ वर्षका लागि मात्र |
| १२/०८२/०८३ | मसोमात पोखरी ईनर्वा | सबैला न. पा. ११ | २,८०,,०००।– | सरसफाई वापत थप एक वर्ष निशुल्क म्याद थप गरी जम्मा ५ वर्षका लागि मात्र |
| १३/०८२/०८३ | डवरा पोखरी खरिहानी, | सबैला न. पा. १० | ३,००,०००।– | सरसफाई वापत थप एक वर्ष निशुल्क म्याद थप गरी जम्मा ५ वर्षका लागि मात्र |
| १४/०८२/०८३ | पुर्णी पोखरी ईनर्वा | सबैला न. पा. ११ | ८,७३,३३५ ।- | सरसफाई वापत थप एक वर्ष निशुल्क म्याद थप गरी जम्मा ५ वर्षका लागि मात्र |
| १५/०८२/०८३ | चौ. मटही नयाँ पोखरी | सबैला न. पा. ७ | १,४०,०००।- | सरसफाई वापत थप एक वर्ष निशुल्क म्याद थप गरी जम्मा ५ वर्षका लागि मात्र |

प्रमुख प्रशासकीय अधिकृत



**Government of Nepal**
**Ministry of Home**
**Ward Police Office Rambazar, Kaski**
**Invitation for Bids**
*Date of publication: 2083/05/30 (2026 September 15)*

1. Ward Police Office Rambazar, Kaski invites sealed bids (Hard copy only) from eligible bidders for the construction of works given in the table below under National Competitive Bidding procedures.

| S. N. | Contract Identification No. | Description of works | Estimated Amount without VAT & including PS. (NRs) | Bid Security Amount (NRs.) | Bid Validity Period (Days) | Bid Document Purchase Amount (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | NCB/GP/WORKS/ WPORAMBAZAR/ 2083-084/01 | Construction of Reception Block, Canteen, Toilet, Garage and Allied Works. | 86,28,367.90 | 2,50,000.00 | 90 | 3,000.00 |

| Pre-bid Meeting | Last Date and Time for Bid Purchase | Last Date and Time for Bid Submission | Last Date and Time for Bid Opening |
|---|---|---|---|
| 2083/06/13 (Sep-29, 2026); 13:00 Hours | 2083/06/19 (Oct 05, 2026); Office Hours | 2083/06/20 (Oct 06, 2026); 12:00 Hours | 2083/06/20 (Oct 06, 2026); 13:00 Hours |

2. Information regarding Bid Document and Bid Security Fee is mentioned below:

| Description | Rajaswa Khata (Bid Document Fee) | Dharauti Khata (For Bid Security) |
|---|---|---|
| **Bank** | Rastriya Banijya Bank Ltd., Prithvi Chowk, Pokhara | Rastriya Banijya Bank Ltd., Prithvi Chowk, Pokhara |
| **Account Name** | Ward Police Office Rambazar Kaski | Ko.Le.Ni.Ka. Kaski |
| **Account Number** | 1000100200010000 | 3020100102030000 |
| **Office Code** | 314043907 | 314043907 |
| **Revenue Head** | 14229 | - |

Further information: Phone: - 9856090168, Email: wporambazar_ac@nepalpolice.gov.np



**Government of Nepal**
**Ministry of Infrastructure Development**
**Department of Urban Development & Building Construction**
**Federal Urban Development and Building Construction Office**
Dhanusha, Janakpurdham

**Invitation for Bids**

**Date of Publication: 20283/05/30 (15 September 2026)**

1. Federal Urban Development and Building Construction Office, Dhanusha, Janakpurdham, invites bid (Hard Copy Only) from eligible bidders for the following works.
2. Interested & Eligible bidders shall submit an application, copy of the firm/company registration certificate, and proof of payment of the non-refundable document fee to this office, and thereafter purchase the bidding documents and submit their sealed hard copy bids within the prescribed time.

| S. N. | Contract ID | Description and Location of Work | Estimated Amount with PS | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|
| 1 | FUDBCO/Dhanusha/ Works/NCB/ 01-083/ 084 | Remaining Construction & Finishing Work At Shree Ramdev Janta Maa. Vi., Loharpatti-07, Bhamarpura, Mahottari. | 76,24,612.85 | 2,20,000.00 | Nrs.3000.00 |
| 2 | FUDBCO/Dhanusha/ Works/NCB/ 02-083/ 084 | Construction of Heavy Equipment Office Building, Janakpurdham, Mujeliya, Dhanusha. | 1,72,61,995.38 | 5,00,000.00 | Nrs.3000.00 |

3. **Submission and Opening of Bids:**

| Last Date of Bid Purchase | | Last Date of Bid Submission | | Opening Bid | |
|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time |
| 2083-06-19 (2026-10-05) | 5:00 pm | 2083-06-20 (2026-10-06) | Before 12:00 noon | 2083-06-20 (2026-10-006) | 1:00 pm |

4. **Bank Account Details:**

| Account Name | Bank Name | Bank Address | Account Number | Heading Number |
|---|---|---|---|---|
| FUDBCO, Dhanusha, Janakpur | Rastriya Banijya Bank | Janakpurdham | 1000100200010000 (Rajaswa) | 14229 Revenue |



**भक्तपुर नगरपालिकाद्वारा सञ्चालित**
**ख्वप अस्पताल**
**च्याम्हासिंह, भक्तपुर–९**
KHWOPA HOSPITAL

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०८३ भाद्र ३० गते

यस अस्पतालको फार्मेसी शाखाको लागि आवश्यक औषधी तथा औषधीजन्य मालसामानहरू खरिद गर्न मिति २०८२ चैत्र १८ गते गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार रीतपूर्वक प्राप्त हुन आएका बोलपत्रहरूमध्ये प्राविधिक मूल्याङ्कनबाट सफल बोलपत्रदाताको आर्थिक प्रस्ताव मिति २०८३ श्रावण २० र मिति २०८३ भाद्र ०५ गतेका दिन खोलिएकोमा तपसिल बमोजिमको बोलपत्रदाताको आर्थिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही भई बोलपत्र स्वीकृत भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र (३) अनुसार सम्बन्धित बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। **तपसिल**

| S/N | Particulars | Bidders' Name and Address | No. of Items Awarded |
|---|---|---|---|
| 1 | **Procurement of General Medicines (KH/GOODS NCB/082/83/06)** | Bluemoon Meditech Pharma, Naxal, Kathmandu | **55** |
| | | Quest Pharmaceuticals Pvt. Ltd., Birgunj | **26** |
| | | Shree Ganesh Drug House, Dharambadh, Biratnagar | **175** |
| | | Sohan Medi Health, Chyamasingh, Bhaktapur | **148** |
| 2 | **Procurement of Emergency Drugs (KH/GOODS/ NCB/082/83/07)** | Bluemoon Meditech Pharma, Naxal, Kathmandu | **40** |
| | | Shree Ganesh Drug House, Dharambadh, Biratnagar | **12** |
| | | Sohan Medi Health, Chyamasingh, Bhaktapur | **24** |
| 3 | **Procurement of Vaccine (A) (KH/GOODS NCB/082/83/08)** | Mediaids (Nuraz) Pte. Ltd., Sundhara, Kathmandu | **1** |
| | | Sohan Medi Health, Chyamasingh, Bhaktapur | **1** |
| 4 | **Procurement of Vaccine (B) KH/GOODS/ NCB/082/83/09)** | Sohan Medi Health, Chyamasingh, Bhaktapur | **1** |
| 5 | **Procurement of Surgical Items (KH/GOODS NCB/082/83/10)** | Sohan Medi Health, Chyamasingh, Bhaktapur | **6** |
| | | Parth International, Sanepa, Lalitpur | **62** |
| | | Sejin Enterprises Pvt. Ltd., Prayagmarg, Kathmandu | **3** |
| | | Sunbridge International Pvt. Ltd., Thapathali, Kathmandu | **53** |
| | | Rishav Surgical Suppliers Pvt. Ltd., Bhaktapur | **11** |
| | | Medipoint International Pvt. Ltd., Gairidhara, Kathmandu | **6** |
| | | Jaya Saibaba Surgical House Pvt. Ltd., Pepsicola, Kathmandu | **18** |
| 6 | **Procurement of Pharmaceuticals Items (KH/GOODS NCB/082/83/11)** | Nepamed Healthcare, Thapathali, Kathmandu | **2** |
| | | New Devika Trade Concern, Sanepa, Lalitpur | **12** |

**विस्तृत जानकारीको लागि फोन: ०१–६६१०३१७**

## ओली र साउदको जोडी पहिलो

**धम्बोझी** (गोरखापत्र), भदौ २९ गते । बाँके जिल्लास्तरीय अन्तरविद्यालय मेयर कप तथा बी लेभल खुला पुरुष डबल्स ब्याडमिन्टन प्रतियोगितामा बाँकेका बिजन ओली र राजेश साउदको जोडी बुटवल लाफाका मदन खड्का र सुदीप चौधरी जोडीलाई हराएर पहिलो भएको छ।

नेपालगन्ज ब्याडमिन्टन क्लबको आयोजनामा नेपालगन्ज रङ्गशालास्थित कभर्ड हलमा भएको दुईदिने प्रतियोगिता अन्तर्गत यु–१५ पुरुष एकलमा सुर्खेतका विपिन केसी पहिलो, कपिलवस्तुका विराट बस्नेत दोस्रो तथा बाँकेका संस्कार खत्री र सुर्खेतका रविन अधिकारी तेस्रो स्थानमा रहनुभयो । यु–१५ एकल महिलामा कपिलवस्तुकी विल्सना सिंह पहिलो, कैलालीकी चाहना चौधरी दोस्रो तथा कैलालीकै अपिसा गुप्ता र कपिलवस्तुकी केरोल सेनले तेस्रो स्थान हासिल गर्नुभयो।

यु–१३ एक पुरुष विधामा कपिलवस्तुका विराट बस्नेत पहिलो, नेपाल आर्मी क्लबका कृमोन रिजाल दोस्रो, सुर्खेतका रवीन्द्र अधिकारी र कपिलवस्तुका सुदेव खनाल तेस्रो हुनुभयो । महिला यु–१३ एकल महिलातर्फको विधामा कपिलवस्तुका केरोल सेन पहिलो, बाँकेकी बुनु क्रिज्मा शाक्य दोस्रो र बाँकेकै आरोसी थापा तेस्रो हुनुभयो। प्रतियोगितामा नेपाल आर्मीका कृमोन रिजाल सर्वोत्कृष्ट खेलाडी घोषित हुनुभएको थियो।

## प्रीति आइजेएफ लेभल वान प्रशिक्षक




**काठमाडौँ** (गोरखापत्र), भदौ २९ गते। सोलुखुम्बुकी प्रीतिमाया तामाङले अन्तर्राष्ट्रिय जुडो फेडरेसन (आइजेएफ) को लेभल वान कोर्ष उत्तीर्ण गर्नुभएको छ। टर्कीको इस्तानबुलमा सेप्टेम्बर ७ देखि १३ तारिखसम्म भएको कोर्ष उत्तीर्ण गरेपछि प्रीति औपचारिक रूपमा आइजेएफ लेभल वान प्रशिक्षक बन्नुभयो।

नेपालमा रहेकामध्ये प्रीति यो उपलब्धि हासिल गर्ने दोस्रो भएको नेपाल जुडो सङ्घका पूर्वमहासचिव एवं रेफ्री डाइरेक्टर धर्मकुमार श्रेष्ठले जनाउनुभयो । प्रीतिअघि यो उपलब्धि पृथ्वी आलोकले हासिल गर्नुभएको थियो। टर्कीमा भएको कोर्षमा १० राष्ट्रका ३० प्रशिक्षकले सहभागिता जनाएको बताइएको छ। प्रीति सोलुखुम्बुस्थित एभरेस्ट जुडो क्लबकी प्रशिक्षक हुनुहुन्छ।

# जेरेभ अमेरिकी ओपन च्याम्पियन



**न्युयोर्क**, भदौ २९ गते। जर्मनीका अलेक्ज्यान्दर जेरेभले सोमबार अमेरिकाका बेन सेल्टनलाई चार सेटमा ६–३, ७–६ (२), ५–७, ६–२ ले हराएर अमेरिकी ओपन पुरुष एकलको उपाधि जित्नुभएको छ।

जेरेभले अमेरिकी ओपनको उपाधि जितेपछि ट्रफीसहित ५५ लाख डलर प्राप्त गर्नुभयो । ग्रान्डस्लामकै इतिहासमा यो सर्वाधिक ठूलो पुरस्कार राशि हो । यस वर्ष जेरेभ प्रमुख प्रतियोगितामा सबभन्दा उत्कृष्ट खेलाडीका रूपमा प्रस्तुत हुनुभएको छ । यस वर्ष चार ग्रान्डस्लाममा उहाँको प्रदर्शन २५ जित र दुई हार रह्यो । सेल्टनले पनि हारपछि जेरेभलाई विश्वका सर्वश्रेष्ठ खेलाडीमध्ये एक तथा यस वर्ष विश्वकै सर्वश्रेष्ठ खेलाडी भएको बताउनुभयो।

शीर्ष वरीयताप्राप्त जेरेभको जितसँगै यस प्रतियोगितामा अमेरिकी पुरुष खेलाडीको उपाधिको पर्खाइ अझ लम्बिएको छ । सन् २००३ मा एन्डी रोडिकपछि घरेलु पुरुष खेलाडीले वर्षको अन्तिम ग्रान्डस्लाम अमेरिकी ओपनको उपाधि जित्न सकेका छैनन् । सेल्टनसमक्ष सन् १९६८ पछि यस प्रतियोगिताको पुरुष एकल उपाधि जित्ने पहिलो अश्वेत खेलाडी बन्ने अवसर पनि थियो।

जेरेभको यो दोस्रो ग्रान्डस्लाम उपाधि हो । यसै वर्ष जेरेभले फ्रेन्च ओपनमा च्याम्पियन बनेर ग्रान्डस्लाम उपाधि जित्ने लामो समयदेखिको पर्खाइ समाप्त पार्नुभएको थियो। सन् २०२० मा पनि जेरेभले अमेरिकी ओपनको फाइनल खेल्नुभएको थियो । यद्यपि सो फाइनलमा जेरेभ पाँच सेटमा डोमिनिक थिमसँग निराश बन्नुभएको थियो । यसै गरी जेरेभ विम्बल्डनको फाइनलमा यानिक सिनरसँग पराजित हुनुभएको थियो।

गत विजेता कार्लोल अल्कारेजलाई पाँच सेट चलेको क्वाटरफाइनल र आफ्नै देशका फ्रान्स टियाफोइविरुद्ध सेमिफाइनलमा पुनरागमन जितपछि सेल्टनलाई पनि फाइनलमा उत्तिकै भाउ दिइएको थियो तर जेरेभले दर्शकको समर्थनबिना नै अलराउन्ड प्रदर्शन गरेपछि सेल्टन र अमेरिकी दर्शक निराश बने । जेरेभले जितपछि भन्नुभयो, "मलाई थाहा छ, आज ९९.९ प्रतिशत समर्थकले बेन जितेको हेर्न चाहन्थे, त्यसैले सबैभन्दा पहिलो म सबैसँग माफी माग्न चाहन्छु। मेरो विपक्षमा रहे पनि दर्शक निष्पक्ष थियो।" एजेन्सी

## आयोजकलाई महिला फुटबलको उपाधि

**उर्लाबारी समाचारदाता**
*उर्लाबारी, भदौ २९ गते*



आयोजक स्पर्श सामाजिक क्लब गौरादहले भारत पश्चिम बङ्गालको रोथखोला फुटबल एकेडेमीलाई ३–० गोलले हराएर पहिलो गौरादह महिला फुटबल प्रतियोगिता–२०८३ को उपाधि जितेको छ।

झापाको गौरादह–१ को जनता माध्यमिक विद्यालयको खेल मैदानमा भएको फाइनलमा विजयी टिमका लागि सजना पालुङ्वा, मनिता तुम्रोक र समीक्षा मगरले गोल गर्नुभयो । प्रतिकूल मौसमका कारण ७० मिनेट मात्र खेलाइएको फाइनलमा पूर्वार्धको इन्जुरी समयमा सुजताले गोलको खाता खोल्नुभएको हो । हिलाम्मे मैदानमा सुजताले अञ्जली चन्दको पासलाई सदुपयोग गर्दै गोल गर्नुभयो । त्यसपछि मनिताले ४३ औँ मिनेटमा उत्कृष्ट गोल गर्दै गौरादह टिमको अग्रता दोब्बर बनाउनुभयो । १० मिनेटपछि समीक्षाले पनि गोल गरेपछि आयोजक स्पर्श सामाजिक क्लबको उपाधि पक्का भयो।

आयोजक स्पर्श सामाजिक क्लबले ट्रफीसहित एक लाख एघार हजार एक सय एघार रुपियाँ प्राप्त गरेको छ। उपविजेता रोथखोला फुटबल एकेडेमीले ५५ हजार ५५५ रुपियाँमा चित्त बुझायो। कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विजेता तथा उपविजेतालाई पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभयो । भदौ १९ गते सुरु भएको प्रतियोगितामा आठ टिमको सहभागिता थियो।

# बार्सिलोनाको विजयी यात्रा कायम




*तस्बिर : एपी*

**बार्सिलोनाका लामिने यमाल गोल गरेपछि ।**

**लन्डन**, भदौ २९ गते । लामिने यमालको दुई गोलको सहयोगमा बार्सिलोनाले स्पेनी लिगमा आइतबार राति लाभान्टेलाई उसकै मैदानमा ४–२ ले हराएको छ । बार्सिलोनाका लागि अर्का १९ वर्षीय खेलाडी जाभी इस्पार्टले पनि गोल गर्नुभयो। बार्सिलोना एकेडेमीका उत्पादन इस्पार्टले पाँचौँ मिनेटमै राफिनाको पासमा गोलको खाता खोल्नुभयो। इस्पार्टको सिनियर टिमबाट यो पहिलो गोल भएको छ । यु–१० बाटै बार्सिलोनाको एकेडेमीमा रहेका इस्पार्टले गत वर्ष सिनियर टिमका लागि पदार्पण गर्नुभएको हो।

त्यसपछि खेलको १९ र ४३ औँ मिनेटमा यमालले दुई गोल गरी बार्सिलोनालाई ३–० ले अगाडि पार्नुभयो । यमालले आफ्नो दोस्रो गोल पेनाल्टीमा गर्नुभएको हो। खेलको ७९ औँ मिनेटमा इस्पार्टका 'ब्याकपास' गलत बनेपछि लाभान्टेका इभान रोमरोले गोल गर्दै गोल अन्तर घटाउनुभयो। निर्धारित समय सकिन दुई मिनेट बाँकी छँदा रोजर ब्रुगले पनि गोल गरी खेल ३–२ को रोमाञ्चक स्थितिमा आएको थियो तर इन्जुरी समयमा करिम आडिऐमीले गोल गरी बार्सिलोनाको दुई गोलको अग्रता कायम राख्नुभयो। यस सत्रमा बार्सिलोनाको यो पाँच लिग खेलमा पाँचौँ जित हो।

अर्को खेलमा एट्लेटिको म्याड्रिडले रियल सोसिड्याडलाई ३–० ले हरायो । एट्लेटिकाका लागि अलेज्यान्द्रो ग्रिमाल्डो, जोनाथन डेभिड र गिउलियानो सिमियोनीले गोल गर्नुभयो । अङ्क तालिकामा बार्सिलोना १५ अङ्कसहित शीर्ष स्थानमा रहेको छ। दोस्रो स्थानमा रहेको रियल म्याड्रिड तीन अङ्कले पछाडि छ । एट्लेटिको १० अङ्कसहित चौथो स्थानमा रहेको छ।

### सिटीको विवादास्पद जित

इङ्ग्लिस प्रिमियर लिग अन्तर्गत शनिबार राति म्यान्चेस्टर सहरका दुई क्लबबिच भएको खेलमा म्यान्चेस्टर सिटीले म्यान्चेस्टर युनाइटेडलाई १–० ले हरायो । यस सत्रमा खेलेका चार खेलमा म्यान्चेस्टर युनाइटेडको यो दोस्रो हार भएको छ । एक मात्र जित हात पारेको म्यान्चेस्टर युनाइटेड १३ औँ स्थानमा रहेको छ।

खेलको २३ औँ मिनेटमा ब्रुनो फर्नान्डेजलाई प्रहार गरेपछि सिटीका फिल फोडेनले रातो कार्ड पाउनुभएको थियो तर १० खेलाडीमा सीमित रहेर पनि सिटीले युनाइटेडलाई हराउन सफल भयो । सिटीको सो जित विवादास्पद भने बन्यो। खेलको ६० औँ मिनेटमा सिटीका स्ट्राइकर इर्लिङ हालान्डले गोल गर्नुभयो। यद्यपि सो गोल अफसाइड देखिएको थियो । प्रिमियर लिगका रेफ्री कमिटीले पनि सो गोलमा भारले गलत निर्णय लिएको स्वीकारेको छ।

म्यान्चेस्टर डर्बीमा हालान्डले नौ गोल गरेर कीर्तिमान बनाएको छ। यसअघि उहाँ वायने रुनी र सर्जियो अगुवेरोसँग बराबरीको स्थितिमा हुनुहुन्थ्यो। हालान्डले आठ खेलमै नौ गोल गर्नुभएको हो। रुनी र अगवुरोले आठ गोल गर्न क्रमशः २१ र १३ खेल खेल्नुभएको थियो। एपी

## कला / साहित्य

# हरितालिका तिजको उमङ्ग

**यलु जोशी**
*काठमाडौँ, भदौ २९ गते*

हिन्दु नारीहरूको महान् चाड हरितालिका तिज भगवान् शिवको पूजाआराधना गरी मनाइएको छ । भाद्र शुक्ल तृतीयामा व्रत बसी शिवपार्वतीको पूजा, उपासना गरेमा पारिवारिक सुख, शान्ति र कल्याणको प्राप्ति हुने धार्मिक विश्वास छ। धर्मशास्त्रमा महिला र पुरुष दुवैले हरितालिका (तिज) को व्रत गर्नुपर्ने भए पनि महिलाले श्रीमान्को दीर्घायुको कामनाका लागि तिजमा व्रत बस्छन् भन्ने बुझाइ छ। विवाह नभइसकेका महिलाले आफूले चिताएको जस्तै राम्रो र असल श्रीमान् पाइयोस् भन्ने कामनासहित यो व्रत बस्ने जनविश्वास रहेको छ।

पशुपति र अन्य विभिन्न शिव मन्दिरमा भक्तजनको भिडभाड थियो । रातो सारी, चुरापोतेमा सजिएर महिलाहरू पशुपति र शिव मन्दिरहरूमा पूजा गर्न र नाचगानमा व्यस्त बने । यस दिन महिलाले स्वच्छन्द रूपमा निर्धक्क भएर नाच्ने र आआफ्ना मनका कुरा पोखेर गीत गाउने गर्छन् । जुन महिला स्वतन्त्रताको एक प्रदर्शन हो भन्दा फरक पर्दैन।



*तस्बिर : विकास द्वारी*

गृहिणी अभिलासा भुजेलले तिजको व्रत बस्ने र महादेवको पूजा गर्ने सन्दर्भमा देशैभर विभिन्न स्थानमा रहेका महादेवको मन्दिरमा महिलाले मेला भर्ने, गाउने र नाच्ने गरेर रमाइलो गर्ने बताउनुभयो। यो महिलाको दिन भएको बताउने भुजेलले दिनभर व्रत बसेर महादेवको पूजा गरेर रातमा महादेव र पार्वतीको बालुवाको मूर्ति बनाएर विशेष रूपमा पूजा गर्ने जानकारी दिनुभयो।

### आराधनाका साथसाथै टिकटक र सेल्फी

तिज मनाउने तरिका केही फरक पनि बन्दै आएको छ। शिवालयमा टिकटक बनाउन र सेल्फी खिच्न व्यस्त महिला तथा पुरुष पनि उत्तिकै देखिन्थ्यो भिडमा। धेरै तिजका गीतमा नाच्दै टिकटक बनाउन व्यस्त देखिन्थे। भिडमा केही नखाई व्रत बस्नु मुर्खता हो, त्यसैले फलफूल, जुस पानी प्रशस्त मात्रामा खानु पर्छ अनि रमाइलो गरी नाच्नु पर्छ भन्ने व्रतालु नै धेरै थिए।

विगतमा पीर, वेदना, व्यथा, हर्ष र दुःखसुख मिसिएर तिजका भाका गुञ्जिन्थ्यो। सासूबुहारीका कुरा तथा थिचोमिचो अनि विरह, वेदना मिसिएका गीतले हरितालिका तिजमा रौनक थपिन्थ्यो तर अहिलेका गीतमा यस्ता विरहका भाका कमै सुनिन्छ। हिन्दी तथा नेपाली आधुनिक गीतमा छमछमी नाचिरहेकी २७ वर्षीय रमिता विष्ट भन्नुहुन्छ, अहिले आधुनिकताको जमाना हो तिज भन्नेबित्तिकै दुःख र वेदनाको गीत गाउने र नाच्ने भन्ने होइन यो पर्व त दिदीबहिनी भेटघाट गरी रमाइलो गर्ने हो।

धार्मिक कथन अनुसार हिमालयपुत्री पार्वतीले महादेव स्वामी पाऊँ भनी व्रत बसेकी र व्रत पूर्ण भई महादेव पति पाएको दिनलाई हिन्दु नारीहरूले हरितालिका तिजका रूपमा मनाउँदै आएका छन्। पार्वतीले महादेवलाई श्रीमान्का रूपमा पाउन १०७ जन्मसम्म घोर तपस्या गरी १०८ औँ जन्ममा मात्र उहाँको तपस्या पूरा भएको कुरा शास्त्रमा बताइएको छ। यही मान्यतालाई अनुसरण गर्दै विवाहित महिलाले आफ्ना श्रीमान्को दीर्घायु एवं अविवाहित महिलाले सुयोग्य वर पाऊँ भनी तिजको व्रत बस्ने नेपाली चलन छ।

## उचाइमा केःलाङ नाच



**ताप्लेजुङ समाचारदाता**
*ताप्लेजुङ, भदौ २९ गते*

समुद्री सतहदेखि चार हजार दुई सय मिटर उचाइ रहेको ताप्लेजुङको सिदिङ्वा गाउँपालिकास्थित तिम्बुङ पोखरी क्षेत्रमा केःलाङ प्रस्तुत गरिएको छ । पर्यटनसँगै विविध संस्कृतिको उजागर र प्रवर्धन गर्ने उद्देश्यले तिम्बुङ पोखरी क्षेत्रमा केःलाङ (च्याब्रुङ नाच) प्रस्तुत गरिएको हो।

तिम्बुङ पोखरी अन्तर्राष्ट्रिय ट्रेल रन (हाफ म्याराथन) प्रतियोगिताका अवसरमा लिम्बू (याक्थुङ) जातिको मौलिक संस्कृतिमा आधारित केःलाङ प्रस्तुत गरिएको हो । चार हजारभन्दा बढी उचाइ रहेको भूभागमा पहिलो पटक केःलाङ प्रदर्शन भएको तिम्बुङ पोखरी पर्यटन विकास समितिका अध्यक्ष अमिर राईले दाबी गर्नुभयो। मौलिक संस्कृतिको प्रदर्शनले पनि पर्यटन प्रवर्धनमा महत्त्वपूर्ण टेवा पुग्ने भएकाले लिम्बू जातिको संस्कृति केःलाङ प्रस्तुत गरिएको समितिका अध्यक्ष राईले बताउनुभयो । पर्यटन प्रवर्धनसँगै मौलिक संस्कृतिको उजागर साथै संरक्षण गर्ने उद्देश्य राखेर पनि केःलाङ प्रस्तुत गर्ने कार्यक्रम राखिएको उहाँको भनाइ छ।

तिम्बुङ पोखरी पर्यटन विकास समितिले केःलाङ प्रस्तुत गर्नाले जिल्लाकै एक पर्यटकीय गन्तव्यका रूपमा रहेको तिम्बुङ पोखरी क्षेत्रको प्रचारप्रसार र प्रवर्धनमा टेवा पुग्ने अपेक्षा राखेको छ । नेपाली पोसाक र मौलिक गरगहना लगाएर लिम्बू समुदायका युवकयुवतीले च्याब्रुङ (ढोलबाजा) र झ्याम्टा झ्याली बजाउँदै केःलाङ प्रस्तुत गरेका थिए।

## सूर्यको उपासना गरेर मनाइयो अटवारी

**धनगढी समाचारदाता**
*धनगढी, भदौ २९ गते*

प्रकृतिपूजक थारू समुदायले अटवारी पर्व सुरु मनाएको छ। सूर्य देवताको उपासना गरेर यो समुदायले आइतबारदेखि दुई दिनसम्म अटवारी पर्व मनाएको छ। सुदूरपश्चिम प्रदेशको कैलाली, कञ्चनपुरसहित लुम्बिनी प्रदेशको विभिन्न जिल्लामा यो पर्व धुमधामसँग मनाइन्छ। पानीसमेत नखाई निराहार व्रत बसेर अटवारी पर्व मनाउने गरिन्छ। सूर्यले ताप, शक्ति र उज्यालो दिने गरेका कारण अटवारी पर्वमा सूर्य देवताको पूजा गरेमा सुख, शान्ति र दीर्घजीवन मिल्ने थारू बुद्धिजीवी एवं साहित्यकार छविलाल कोपिलाको भनाइ छ। उहाँले थारू समुदाय प्रकृतिपूजक रहेकाले अग्निपूजाका रूपमा सूर्य देवताको पूजा गरेर अटवारी पर्व मनाउने गरेको उल्लेख गर्नुभयो।

अटवारी पर्व मनाउनुको अर्को कारण महाभारतसँग पनि जोडिएको छ । पाँच पाण्डवमध्येका माइलो भाइ भीमले अप्ठ्यारोमा परेकी थारू चेलीलाई सहयोग गरेका कारण भीम अर्थात् भैँवाको पूजाआराधना गरेर अटवारी मनाउने गरेको किंवदन्ती रहेको छ । भीमले तावामा राखेको रोटी एकतर्फबाट मात्रै खाएकाले अटवारीमा खाने अनदीको रोटी पनि एकैतर्फबाट मात्रै पकाउने गरिएको कैलारी गाउँपालिका–७, रतनपुरका दीपक चौधरीले बताउनुभयो । यसै गरी थारू राजा दङ्गीशरणलाई लडाइँमा सहयोग गर्ने भीमको सम्झनामा थारू समुदायले अटवारी पर्व मनाउन थालेको अर्को किंवदन्ती पनि छ।

यो पर्वमा मध्यरातमा भिन्सर्या भात (दर) खाएपछि पर्वको पहिलो दिन आइतबार आधा दिनसम्म निराहार व्रत बस्ने चलन रहेको छ। व्रतालुले दिउँसोतिर नुहाइधुवाई गर्ने र अग्यारी (गुइँठाको आगो) बालेर विधिपूर्वक पूजा गर्ने गरेको जनाइएको छ । उहाँका अनुसार व्रतालुले पूजाआजा गरेर मात्र जल ग्रहणका साथै अनदीको रोटी, फलफूल, दुध खाने चलन रहेको छ। "यी परिकार खानुभन्दा अगाडि व्रतालुले एक भाग निकालेर आफ्ना विवाहित दिदीबहिनीका लागि छुट्टै राख्ने चलन छ," चौधरीले भन्नुभयो।

पर्वको दोस्रो दिन पनि व्रतालुले बिहान स्नान गरेर पूजाआजा गर्ने र घरमा बनाइएका विभिन्न परिकार खाने चलन रहेको छ। यो दिन खरिया, फुलौरी, खुर्मा, माछा, मासु जस्ता परिकार खाइन्छ। पर्वको अन्तिम दिन बिहान अन्न ग्रहण गर्नुलाई 'फरहार' भन्ने गरिन्छ । खानुभन्दा अगाडि सबै परिकार एक भाग निकालेर आफ्ना विवाहित दिदीबहिनी वा छोरीका लागि छुट्टै राखिन्छ। यसरी छुट्टै निकालेर राखेपछि मात्रै व्रतालुले खाने चलन छ। अनदीको रोटीसहित खानाका सबै परिकार पर्वको दोस्रो दिन आफ्ना विवाहित छोरीचेलीलाई पर्वको उपहारका रूपमा दिने चलन छ। यसलाई 'अग्रासन' भनिन्छ। विवाहित चेलीबेटी यो पर्वमा अग्रासनको पर्खाइमा बस्ने गरेकाले कतिपयले आआफ्ना दिदीबहिनी वा चेलीका लागि व्रत बस्ने गरेको बताइन्छ।

अटवारी पर्व सामाजिक, सांस्कृतिक र धार्मिक महत्त्व बोकेको पर्व रहेको स्थानीय गौरीदेवी चौधरीले बताउनुभयो। यो पर्वले आपसी सम्बन्धलाई बलियो बनाउने गरेको उहाँको भनाइ छ।

## आजको राशिफल

डा. नारायणप्रसाद निरौला
पञ्चाङ्गकार, आर्यावर्तपञ्चाङ्गम् ।

**मेष** – यात्राका योग देखिन्छ। अध्ययनमा सफलताका साथै धार्मिक कार्यमा रुचि रहने छ।

**तुला** – प्रेम पक्ष मध्यम रहने छ । शत्रु भयका साथै आलश्यता बढ्न सक्ने देखिन्छ।

**वृष** – वाणिज्य क्षेत्र सुखद रहने छ। सेयर लाभदायी रहनुका साथै नयाँ चिन्तनमा प्रवृत्ति बढ्ने छ।

**वृश्चिक** – लेखन क्षेत्र रुचिकर रहने छ। सङ्गीतमा रुचिका साथै प्रिय लाभ हुने छ।

**मिथुन** – कार्यक्षेत्र सङ्घर्षदयी रहने छ । मित्र हानिका साथै खर्चमा वृद्धि हुन सक्ने छ।

**धनु** – व्यापारमा वृद्धि हुने छ । कार्य प्राप्तिका साथै शारीरिक स्फूर्ति बढ्ने छ।

**कर्कट** – भौतिक सुख मिल्ने छ । जलीय वस्तुबाट लाभका साथै मित्र मिलनका योग देखिन्छन्।

**मकर** – पारिवारिक सुख मिल्ने छ। अध्ययनमा सफलताका साथै यात्राका योग देखिन्छन्।

**सिंह** – सिर्जनात्मक पक्ष सार्थक रहने छ । व्यवसायमा उन्नतिका साथै यात्राका योग देखिन्छन्।

**कुम्भ** – कीर्ति लाभ हुने छ। व्यवसायमा वृद्धिका साथै मनोरञ्जनमा रुचि बढ्ने छ।

**कन्या** – पराक्रम बढ्ने छ । अध्ययनमा रुचिका साथै वाक्कलामा वृद्धि हुने छ।

**मीन** – भौतिक सुख मिल्ने छ । अध्यात्ममा रुचि बढ्नुका साथै चिन्तन पक्ष सबल रहने छ।

## नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

### नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर

२०८३ साल भदौ ३० गते (सेप्टेम्बर १५, २०२६) मङ्गलबारको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १५२।५९ | १५३।१९ |
| युरो | १ को रु. | १७६।०९ | १७६।७८ |
| पाउन्ड स्टर्लिङ | १ को रु. | २०५।७४ | २०६।५५ |
| स्विस फ्रैङ्क | १ को रु. | १८६।८० | १८७।५४ |
| अस्ट्रेलियन डलर | १ को रु. | १०८।७४ | १०९।१६ |
| क्यानेडियन डलर | १ को रु. | १०९।८१ | ११०।२४ |
| सिङ्गापुर डलर | १ को रु. | १२०।०५ | १२०।५२ |
| जापानी येन | १० को रु. | ९।८६ | ९।९० |
| चिनियाँ युआन | १ को रु. | २२।७५ | २२।८३ |
| साउदी अरब रियाल | १ को रु. | ४०।६३ | ४०।७९ |
| कतारी रियाल | १ को रु. | ४१।८६ | ४२।०२ |
| थाई भाट | १ को रु. | ४।५९ | ४।६० |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ४१।५५ | ४१।७१ |
| मलेसियन रिङ्गिट | १ को रु. | ३७।४४ | ३७।५८ |
| दक्षिण कोरियन वन | १०० को रु. | ११।३५ | ११।३९ |
| स्विडिस क्रोनर | १ को रु. | १५।६१ | १५।६७ |
| डेनिस क्रोनर | १ को रु. | २३।५५ | २३।६५ |
| हङकङ डलर | १ को रु. | १९।४५ | १९।५३ |
| कुवेती दिनार | १ को रु. | ४९७।२० | ४९९।१५ |
| बहराइन दिनार | १ को रु. | ४०४।७७ | ४०६।३७ |
| ओमानी रियाल | १ को रु. | ३९६।३३ | ३९७।८९ |

**नोट**: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

**गोरखापत्र संस्थान**का लागि महाप्रबन्धक **हिक्मतबहादुर रावल**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित। पो.ब.नं. २३, काठमाडौँ, नेपाल। द.नं. ०२। गो.हु.का.द.नं. ०९/०८१/०८२। प्रधान सम्पादक **जुनारबाबु बस्नेत**
सम्पादकीय : फोन नं. ०१–५३२२९२१, रिपोर्टिङ : ०१–५३४४४२९, डेस्क : ०१–५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१–५३२७४९३, ०१–५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१–५३२०६३८, टोल फ्री नं. १६६०–०१–९४४४४

राष्ट्रको गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः। gorkhapatraonline.com






वर्ष १२६ | अङ्क १३२ | २०८३ साल भदौ ३० गते मङ्गलबार | भाद्र शुक्ल चतुर्थी | नेपाल संवत् ११४६ ञँलाथ्व ४ | 2026 September 15 Tuesday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

# पुनर्निर्माणमा स्रोतको कमी हुँदैन : प्रधानमन्त्री

## भोटेकोशी बाढी प्रभावित क्षेत्रमा सुरक्षित बस्ती विकासको तयारी



तस्बिर : प्रधानमन्त्रीको सचिवालय

**प्रधानमन्त्री वालेन्द्र शाह भोटेकोशी हिमबाढीबाट प्रभावित क्षेत्रका जनप्रतिनिधिहरूसँग सोमबार प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय सिंहदरबारमा छलफल गर्नुहुँदै ।**

“ जोखिमयुक्त तटीय क्षेत्रमा पुनः बस्ती बसाउँदा भविष्यमा थप क्षति हुन सक्ने भएकाले प्रभावित नागरिकलाई नजिकैको सुरक्षित स्थानमा व्यवस्थित रूपमा पुनर्स्थापना गर्नु पर्छ ।

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २९ गते*

प्रधानमन्त्री वालेन्द्र शाहले भोटेकोशी बाढीबाट क्षतविक्षत भएका मानव बस्ती, सडक, पुललगायत भौतिक संरचनाको पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि आर्थिक स्रोतको कुनै कमी हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबारमा सोमबार बाढी प्रभावित नुवाकोट, रसुवा, धादिङ, गोरखा र तनहुँका १५ स्थानीय तहका प्रमुख तथा प्रतिनिधि सभा सदस्यसँग छलफल गर्दै उहाँले सरकारसँग उपलब्ध तथा दातृ निकायबाट प्राप्त स्रोतसाधन परिचालन गरी पुनर्निर्माण तथा पुनर्स्थापनाको काम अघि बढाउने बताउनुभएको हो।

छलफलका क्रममा प्रधानमन्त्री शाहले भोटेकोशी बाढीको विपत्मा सङ्घ, प्रदेश र स्थानीय तहबिच तत्काल समन्वय भई उद्धार तथा राहतका काम अघि बढेकोमा खुसी व्यक्त गर्नुभयो। प्रधानमन्त्री शाहले भन्नुभयो, “यसअघि सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय हुँदैन भन्ने सुन्दै आएका थियौँ तर यस विपत्मा हामी एकै ठाउँमा उभियौँ, मिलेर काम गर्‍यौँ।” प्रभावित क्षेत्रको वस्तुस्थिति बुझ्न जनप्रतिनिधिसँगको छलफल महत्त्वपूर्ण रहेको बताउँदै प्रधानमन्त्री शाहले स्थानीय तहका प्रमुख तथा प्रतिनिधि सभा सदस्यबाट प्रभावित क्षेत्रको अवस्थाबारे जानकारी लिनुभएको थियो।

उहाँले प्रभावित क्षेत्रका जनप्रतिनिधिलाई निर्धक्क भएर पुनर्निर्माणमा जुट्न आग्रह गर्दै सडक सञ्जाल र पुलको पुनर्निर्माण तत्काल अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। बाढीबाट प्रभावित नागरिकलाई पूर्ववत् अवस्थामा फर्काउन सडक सञ्जालको पुनर्स्थापना पहिलो प्राथमिकतामा रहेको उहाँले बताउनुभयो।

### सुरक्षित स्थानमा नयाँ बस्ती विकास

प्रधानमन्त्री शाहले भोटेकोशी बाढीबाट प्रभावित नदी तटीय क्षेत्रमा पुनः बस्ती बसाउन सम्भव नहुने बताउँदै सुरक्षित स्थानमा नयाँ बस्ती विकास गर्नुपर्नेमा जोड दिनुभएको थियो। उहाँले जोखिमयुक्त तटीय क्षेत्रमा पुनः बस्ती बसाउँदा भविष्यमा थप क्षति हुन सक्ने भएकाले प्रभावित नागरिकलाई नजिकैको सुरक्षित स्थानमा व्यवस्थित रूपमा पुनर्स्थापना गर्नुपर्ने बताउनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

प्रधानमन्त्री शाहले नयाँ बस्ती विकास गर्दा प्रभावित नागरिकको रोजगारी, शिक्षा, स्वास्थ्य, संस्कृति तथा सामाजिक जीवनलाई प्राथमिकतामा राख्नुपर्ने बताउँदै खेतीयोग्य जमिनको संरक्षण गर्दै वैज्ञानिक बस्ती व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले सुरक्षित स्थानमा बस्ती विकासका लागि आवश्यक जग्गा पहिचान गरी सङ्घीय सरकारलाई सिफारिस गर्न स्थानीय जनप्रतिनिधिलाई आग्रह पनि गर्नुभयो।

» बाँकी पृष्ठ २ मा

## क्षतिग्रस्त सडक सञ्जाल असोजभित्रै सञ्चालनको तयारी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २९ गते*

सरकारले रसुवाको भोटेकोशीमा आएको हिमबाढीका कारण क्षतिग्रस्त सडक सञ्जाल असोजभित्रै पूर्ण रूपमा सञ्चालनमा ल्याउने गरी मर्मत तथा पुनर्निर्माणको कामलाई तीव्रता दिएको छ।

नागरिकको आवतजावत सहज बनाउन र नजिकिँदै गरेका ठुला चाडपर्वमा आपूर्ति व्यवस्थापनमा कुनै अवरोध नआओस् भन्ने उद्देश्यसहित सरकारले यो कदम चालेको हो। विशेष गरी बाढीले बढी क्षति पुर्‍याएका राजमार्ग र रणनीतिक सडकहरूमा प्राथमिकताका साथ जनशक्ति र उपकरण परिचालन गरिएको छ।

बाढी प्रभावित क्षेत्रमा तत्काल वैकल्पिक सडकहरू सञ्चालन, तुइन र झोलुङ्गे पुल जडानलाई तीव्रता दिइरहेको सरकारले त्यो सकिएलगत्तै पक्की सडक र पुल निर्माणतर्फ केन्द्रित हुने बताएको छ। बाढीपछि रसुवाको मुख्य राजमार्ग भदौ १० गतेदेखि नै पूर्ण रूपमा अवरुद्ध छ। मैलुङ-स्याफ्रुबेँसी सडकखण्डमा बाढी तथा पहिरोको जोखिमका कारण यातायात प्रभावित भएको छ भने टोखा-छहरे सडकखण्ड (नुवाकोट) मा पहिरोको जोखिम र रात्रिकालीन समयमा सवारी आवागमनमा रोक लगाइएको छ।

प्रधानमन्त्री वालेन्द्र शाहसँग सोमबार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा भएको छलफलमा पूर्वाधार विकासमन्त्री सुनील

» बाँकी पृष्ठ २ मा

# साइबर अपराधविरुद्ध साझा सङ्कल्प प्रस्ताव



तस्बिर : एआई

महिला तथा बालिकामाथि हुने बलात्कार, यौन हिंसा र साइबर अपराधका घटना नियन्त्रणमा राज्य संयन्त्रलाई प्रभावकारी बनाउन सत्तापक्ष-प्रतिपक्षका सांसदहरूको साझा सङ्कल्प प्रस्ताव ।

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २९ गते*

महिला तथा बालिकामाथि हुने बलात्कार, यौन हिंसा र साइबर अपराधका घटना नियन्त्रण र न्यूनीकरणमा राज्य संयन्त्रलाई प्रभावकारी बनाउनुपर्ने विषयमा सत्तापक्ष र प्रतिपक्षका सांसदहरू एकै ठाउँ उभिएका छन्। सत्तापक्ष तथा प्रतिपक्षका सांसदहरू सम्मिलित रहेर संयन्त्र प्रभावकारी र क्रियाशील बनाउन प्रतिनिधि सभामा सङ्कल्प प्रस्ताव दर्ता भएको छ। नेकपा (एमाले) का संसदीय दलका प्रमुख सचेतक नीता घतानी प्रस्तावक रहेको सङ्कल्प प्रस्ताव दर्ता भएको हो। प्रस्तावमा सत्तारूढ तथा अन्य विपक्षी दलका सांसदहरूले समर्थन गरेका छन्।

घटना नियन्त्रण र न्यूनीकरणका लागि मौजुदा कानुनको प्रभावकारी कार्यान्वयन, पीडितहरूको सुरक्षा तथा पुनर्स्थापना र शीघ्र न्यायका लागि संयन्त्र आवश्यक भएको सङ्कल्प प्रस्तुत गरिएको छ। सांसद घतानीको प्रस्तावमा सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद श्रद्धा कुँवर, नेपाली कांग्रेसकी रेनुका काउचा, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सांसद बलावती शर्मा र पार्वती विकले समर्थन गर्नुभएको छ। यस्तै श्रम संस्कृति पार्टीका अम्बिका देवी सङ्ग्रौला तथा राप्रपा संसदीय दलका सचेतक खुश्बु ओलीले प्रस्तावको समर्थन गर्नुभएको छ।

सार्वजनिक महत्त्वको कुनै पनि विषयमा राय वा सिफारिस प्रकट गर्न तथा सन्देश वा निर्देशन दिन सङ्कल्प प्रस्ताव दर्ताको अधिकार प्रतिनिधि सभा नियमावलीले सांसदहरूलाई दिएको छ। यस्तै नेपाल सरकारको कुनै कार्य वा नीतिको समर्थन वा विरोध प्रकट गर्न वा पुनर्विचारका लागि ध्यानाकर्षण गर्न पनि सङ्कल्प प्रस्ताव दर्ता गर्न सकिने व्यवस्था नियमावलीले गरेको छ। सङ्कल्प प्रस्तावको मागअनुसार सभाले सरकारलाई सम्बन्धित विषयमा आवश्यक निर्देशन दिन सक्ने छ।

सङ्कल्प प्रस्तावमा नेपालको संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, बालबालिकाको हक तथा महिलाको हकको अधिकार प्रत्याभूत गरेको उल्लेख छ। हिंसा तथा शोषणविरुद्धको अधिकार मौलिक हकका रूपमा सुनिश्चित भए पनि व्यवहारमा महिला तथा बालिकामाथि हुने बलात्कार, यौन हिंसा र साइबर अपराध जस्ता घटना निरन्तर वृद्धि भइरहनु गम्भीर चिन्ताको विषय भएको उल्लेख गरिएको छ।

प्रस्तावमा भनिएको छ, “बालिका तथा किशोरीमाथि हुने यौन अपराधले उनीहरूको मानसिक, शारीरिक र भविष्यमा दीर्घकालीन असर पारिरहेको छ। अर्कोतर्फ डिजिटल प्रविधिको विस्तारसँगै साइबर बुलिङ, चरित्रहत्या जस्ता नयाँ प्रकृतिका अपराधले महिलाको सम्मान र गोपनीयतामा गम्भीर आघात पुर्‍याएका छन्।” संविधानले प्रत्याभूत गरेको मौलिक हक व्यवहारमा सुरक्षित नहुन राज्य र समाज दुवैका लागि चिन्ताको विषय भएको प्रस्तावमा उल्लेख छ। प्रस्तावमा गृह मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयलाई सम्बन्धित मन्त्रालयका रूपमा प्रस्तुत गरिएको छ।

दर्ता प्रस्तावमा सम्बन्धित मन्त्रीसँगको परामर्शमा सभामुखले छलफलको मिति र आवश्यक समय तोक्ने अधिकार नियमावलीले दिएको छ। छलफल भई स्वीकृत प्रस्तावलाई कार्यान्वयनका लागि सभाका सचिवले मन्त्रीपरिषद् र सम्बन्धित मन्त्रीलाई पठाउने व्यवस्था नियमावलीमा छ। स्वीकृत सङ्कल्प प्रस्तावको कार्यान्वयन गरी त्यसको जानकारी सम्बन्धित मन्त्रालयले सम्बद्ध समिति र सचिवालयलाई हरेक तीन/तीन महिनामा नियमित रूपमा उपलब्ध गराउनुपर्ने व्यवस्थासमेत प्रतिनिधि सभा नियमावलीले गरेको छ।

पारित प्रस्तावको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको समेत व्यवस्था नियमावलीले गरेको छ। कार्यान्वयनको आवधिक रूपमा अनुगमन र मूल्याङ्कन प्रतिनिधि सभाका सम्बन्धित विषय हेर्ने समितिले गर्ने व्यवस्था नियमावलीमा छ।

## सुरुङ क्षेत्रमा खोजी जारी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २९ गते*

भोटेकोशी बाढीपछि रसुवाका जलविद्युत् आयोजनाका सुरुङ तथा प्रभावित क्षेत्रमा हराइरहेकाको खोजीलाई तीव्र पारिएको छ।

नेपाली सेना, आयोजनाका प्रतिनिधि तथा विदेशी प्राविधिकसहितको संयुक्त टोलीले माथिल्लो त्रिशूली-१ र त्रिशूली थ्री ‘ए’ जलविद्युत् आयोजनामा पावरहाउस तथा सुरुङ क्षेत्रमा खोजी जारी राखेका छन्।

सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार त्रिशूली थ्री ‘बी’ मा एक्साभेटर र ब्याकहो लोडर प्रयोग गरी आवासगृह, कार्यालय भवन तथा सुरुङ क्षेत्रमा खोजी गर्दै पावरहाउसतर्फ खोजी केन्द्रित गरिएको छ। त्यसै गरी रसुवागढी, लाङटाङ, चिलिमे, माथिल्लो त्रिशूली-१, त्रिशूली थ्री ‘ए’ र त्रिशूली थ्री ‘बी’ जलविद्युत् आयोजनाका सुरुङ तथा आसपासका क्षेत्रमा खोजी जारी राखेको हो।

नेपाली सेनाले हालसम्म हवाई माध्यमबाट मात्र चार हजार १७७ जनाको उद्धार गरिएको छ। उद्धार गरिएकामध्ये तीन हजार ८९४ जना नेपाली र २८३ जना विदेशी नागरिक छन्।

रसुवागढी जलविद्युत् आयोजनामा आयोजनाका प्रतिनिधि तथा विदेशी प्राविधिकसहितको संयुक्त टोलीले सुरुङ तथा आयोजनाका अन्य संरचनामा खोजी गरिरहेको छ। लाङटाङ जलविद्युत् आयोजनामा ड्रोन प्रयोग गरी सुरुङभित्र खोजी गरिए पनि हालसम्म कुनै व्यक्ति फेला नपरेको सेनाले जनाएको छ। त्यसै गरी चिलिमे जलविद्युत् आयोजनामा भने खोजी कार्य थप कठिन बनेको छ।

» बाँकी पृष्ठ २ मा

# पाठ्यपुस्तक छपाइ प्रभावित

अहिले काम नपाउँदा कर्मचारीहरू हात बाँधेर बस्नुपर्ने अवस्था आएको छ। ढिलो गरी काम आएपछि कर्मचारीलाई अतिरिक्त समयमा काम लगाउनुपर्ने हुन्छ, जसले संस्थामा आर्थिक भारसमेत बढाउँछ।



**सूर्यप्रसाद पाण्डे**
*काठमाडौँ, भदौ २९ गते*

विद्यालय तहमा नयाँ पाठ्यक्रम लागु गर्ने कि पुरानो भन्ने अन्योलका कारण विद्यालय तहको पाठ्यपुस्तक छपाइ प्रभावित भएको छ।

तत्काल यो अन्योलको अन्त्य नभएमा आगामी शैक्षिक सत्र २०८४/८५ मा विद्यालय तहमा पाठ्यपुस्तक अभावको समस्या निम्तिने चिन्ता बढेको छ। विद्यालय तहको पाठ्यपुस्तक छपाइ र वितरणको जिम्मेवारी पाएको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले समेत यसमा चिन्ता व्यक्त गरेको छ। विद्यालय तहमा हाल रहेको राष्ट्रिय पाठ्यक्रम प्रारूप (एनसिएफ) २०७६ को परिमार्जनका लागि सरकारले कार्यदल बनाएर काम गरिरहेको छ। कार्यदलले विभिन्न समूहमार्फत जिल्लामा गएर विद्यार्थी, शिक्षक, अभिभावक, नीति निर्मातालगायत अन्य सरोकारवाला समूहबाट पृष्ठपोषण लिइरहेको छ।

पृष्ठपोषण सङ्कलन तथा चरणबद्ध छलफल सकेर नयाँ पाठ्यक्रम निर्माणको तहमा पुग्न केही समय लाग्न सक्छ। नयाँ पाठ्यक्रम अनुसार पाठ्यपुस्तक छपाइसम्मको चरणमा पुग्न झन कति दिन लाग्छ भन्ने यकिन छैन।

यही अन्योलका बिच जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले पाठ्यपुस्तक छपाइका लागि आवश्यक निर्णय गरिदिन पाठ्यक्रम विकास केन्द्रलाई पटक पटक अनुरोध गरिसकेको छ। पाठ्यपुस्तक छपाइका लागि आवश्यक पर्ने मुद्रणीयप्रति (प्रिन्ट राइट कपी) पाठ्यक्रम विकास केन्द्रले दिनुपर्ने हुन्छ। मुद्रणीय प्रतिका आधारमा पाठ्यपुस्तक छपाइको काम हुन्छ।

जनक शिक्षाका प्रबन्ध सञ्चालक यदुनाथ पौडेलले मुद्रणीय प्रति उपलब्ध गराइदिन पाठ्यक्रम विकास केन्द्रलाई अनुरोध गरिएको तर हालसम्म निर्णय नभएको बताउनुभयो। समयमै निर्णय भएर आफूहरूलाई पाठ्यक्रमको मुद्रणीय प्रति उपलब्ध गराइदिएमा पाठ्यपुस्तक छाप्न सहज हुने उहाँले बताउनुभयो।

जनक शिक्षाले गत वर्ष साउन महिनाबाट नै पाठ्यपुस्तक छपाइ सुरु गरेको थियो। बेलैमा छपाइको काम गर्न पाएका कारण उसले प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि आवश्यक पर्ने मतपत्रसमेत छापेको थियो।

» बाँकी पृष्ठ २ मा

## ‘सुझावका आधारमा पाठ्यक्रम परिमार्जन’

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २९ गते*

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विद्यार्थी, शिक्षक, अभिभावक तथा स्थानीय समुदायबाट प्राप्त सुझाव र गुनासोलाई आधार बनाएर शिक्षा प्रणाली र पाठ्यक्रममा आवश्यक सुधार गरिने बताउनुभएको छ।

मधेश प्रदेशको भ्रमणका क्रममा सप्तरीका विभिन्न विद्यालयमा पुगेर विद्यार्थी, शिक्षक तथा अभिभावकसँग प्रत्यक्ष संवाद गर्दै उहाँले विद्यार्थीले दिएका सुझाव र गुनासो शिक्षा सुधारका लागि महत्त्वपूर्ण रहेको बताउनुभयो।

प्राप्त सुझावलाई समेटेर अहिलेको पाठ्यक्रममा आवश्यक परिवर्तन गरी नयाँ पाठ्यक्रम निर्माणको प्रक्रिया अघि बढाइने उहाँले बताउनुभयो। उहाँले काठमाडौँमा बन्द कोठामा बसेर मात्र पाठ्यक्रम निर्माण गर्ने अभ्यासलाई अन्त्य गर्नुपर्ने बताउनुभयो।

“विद्यार्थी भाइबहिनीले दिएका सुझाव र गुनासो अत्यन्तै मार्मिक छन्,” उहाँले भन्नुभयो, “प्राप्त सुझावलाई सम्बोधन गरेर अहिलेको पाठ्यक्रममा आवश्यक परिवर्तन गरी नयाँ पाठ्यक्रम निर्माण गर्ने दिशामा अघि बढ्छौँ।” भदौ २६ गते धनुषाबाट सुरु भएको मन्त्रीसहितको टोलीको मधेश यात्रा सप्तरीको महावीर माध्यमिक विद्यालयमा पुगेर सम्पन्न भएको थियो।

» बाँकी पृष्ठ २ मा

अन्तर्राष्ट्रिय

## साउदी अरबमाथि हुथीको आक्रमण

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २९ गते*

यमनको हुथी विद्रोहीले साउदी अरबमाथि क्षेप्यास्त्र र ड्रोन आक्रमण गरेको छ। अब्हा विमानस्थललाई लक्षित गरी ब्यालेस्टिक क्षेप्यास्त्र र विस्फोटक ड्रोनहरू प्रहार गरिएको हो। साउदी नेतृत्वको गठबन्धनका अनुसार यस नागरिक विमानस्थल र वरपरका क्षेत्रमा भएका आक्रमणहरूमा परी ७३ जनाभन्दा बढी सर्वसाधारण घाइते भएका छन्। यसमा महिला तथा बालबालिकासमेत घाइते भएका छन्।

त्यसै गरी साउदी अरबको दक्षिणी क्षेत्रमा शक्तिशाली विस्फोट भएका छन्। स्थानीय प्रशासनद्वारा सीमावर्ती सहरका बासिन्दालाई सुरक्षा चेतावनी जारी गरिएको छ। हुथी विद्रोहीले साउदी अरबको दक्षिणी क्षेत्रमा क्षेप्यास्त्र आक्रमणको नयाँ लहर चलाएको इरानी सरकारी सञ्चारमाध्यम प्रेस टिभीले सोमबार दाबी गरेको छ।

अल जजिरा टेलिभिजनका अनुसार साउदी नागरिक सुरक्षाले दक्षिणपश्चिमी क्षेत्रका खामिस मैसुत र आभाका बासिन्दालाई एक घण्टाभित्र दोस्रो पटक चेतावनी जारी गरेको थियो। यमनको सीमासँग नजिक रहेका यी दुवै सहरमा हुथी आक्रमणको जोखिम बढेको छ।

हुथी सैन्य प्रवक्ता याह्या सारीले साउदी अरबको सारुराहस्थित सैन्य अड्डाको हतियार भण्डार तथा कमान्ड र नियन्त्रण कक्षमा आक्रमण गरेको दाबी गरेका छन्।

» बाँकी पृष्ठ २ मा

राष्ट्रको गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।

gorkhapatraonline.com








कोहलपुर संस्करण | विचार | प्रभावकारी जलवायु कूटनीति | विद्युत्मा सोह्र अर्ब चौँतिस करोडको क्षति १४



वर्ष १२६ | अङ्क १३२ | २०८३ साल भदौ ३० गते मङ्गलबार | भाद्र शुक्ल चतुर्थी | नेपाल संवत् ११४६ ञलाथ्व ४ | 2026 September 15 Tuesday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ


# पुनर्निर्माणमा स्रोतको कमी हुँदैन : प्रधानमन्त्री

## भोटेकोशी बाढी प्रभावित क्षेत्रमा सुरक्षित बस्ती विकासको तयारी



तस्बिर : प्रधानमन्त्रीको सचिवालय

**प्रधानमन्त्री वालेन्द्र शाह भोटेकोशी हिमबाढीबाट प्रभावित क्षेत्रका जनप्रतिनिधिहरूसँग सोमबार प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालय सिंहदरबारमा छलफल गर्नुहुँदै ।**

> जोखिमयुक्त तटीय क्षेत्रमा पुनः बस्ती बसाउँदा भविष्यमा थप क्षति हुन सक्ने भएकाले प्रभावित नागरिकलाई नजिकैको सुरक्षित स्थानमा व्यवस्थित रूपमा पुनर्स्थापना गर्नु पर्छ ।

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २९ गते*

प्रधानमन्त्री वालेन्द्र शाहले भोटेकोशी बाढीबाट क्षतविक्षत भएका मानव बस्ती, सडक, पुललगायत भौतिक संरचनाको पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि आर्थिक स्रोतको कुनै कमी हुन नदिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबारमा सोमबार बाढी प्रभावित नुवाकोट, रसुवा, धादिङ, गोरखा र तनहुँका १५ स्थानीय तहका प्रमुख तथा प्रतिनिधि सभा सदस्यसँग छलफल गर्दै उहाँले सरकारसँग उपलब्ध तथा दातृ निकायबाट प्राप्त स्रोतसाधन परिचालन गरी पुनर्निर्माण तथा पुनर्स्थापनाको काम अघि बढाउने बताउनुभएको हो ।

छलफलका क्रममा प्रधानमन्त्री शाहले भोटेकोशी बाढीको विपत्मा सङ्घ, प्रदेश र स्थानीय तहबिच तत्काल समन्वय भई उद्धार तथा राहतका काम अघि बढेकोमा खुसी व्यक्त गर्नुभयो । प्रधानमन्त्री शाहले भन्नुभयो, "यसअघि सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय हुँदैन भन्ने सुन्दै आएका थियौँ तर यस विपत्मा हामी एकै ठाउँमा उभियौँ, मिलेर काम गर्‍यौँ ।" प्रभावित क्षेत्रको वस्तुस्थिति बुझ्न जनप्रतिनिधिसँगको छलफल महत्त्वपूर्ण रहेको बताउँदै प्रधानमन्त्री शाहले स्थानीय तहका प्रमुख तथा प्रतिनिधि सभा सदस्यबाट प्रभावित क्षेत्रको अवस्थाबारे जानकारी लिनुभएको थियो ।

उहाँले प्रभावित क्षेत्रका जनप्रतिनिधिलाई निर्धक्क भएर पुनर्निर्माणमा जुट्न आग्रह गर्दै सडक सञ्जाल र पुलको पुनर्निर्माण तत्काल अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । बाढीबाट प्रभावित नागरिकलाई पूर्ववत् अवस्थामा फर्काउन सडक सञ्जालको पुनर्स्थापना पहिलो प्राथमिकतामा रहेको उहाँले बताउनुभयो ।

### सुरक्षित स्थानमा नयाँ बस्ती विकास

प्रधानमन्त्री शाहले भोटेकोशी बाढीबाट प्रभावित नदी तटीय क्षेत्रमा पुनः बस्ती बसाउन सम्भव नहुने बताउँदै सुरक्षित स्थानमा नयाँ बस्ती विकास गर्नुपर्नेमा जोड दिनुभएको थियो । उहाँले जोखिमयुक्त तटीय क्षेत्रमा पुनः बस्ती बसाउँदा भविष्यमा थप क्षति हुन सक्ने भएकाले प्रभावित नागरिकलाई नजिकैको सुरक्षित स्थानमा व्यवस्थित रूपमा पुनर्स्थापना गर्नुपर्ने बताउनुभएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्री शाहले नयाँ बस्ती विकास गर्दा प्रभावित नागरिकको रोजगारी, शिक्षा, स्वास्थ्य, संस्कृति तथा सामाजिक जीवनलाई प्राथमिकतामा राख्नुपर्ने बताउँदै खेतीयोग्य जमिनको संरक्षण गर्दै वैज्ञानिक बस्ती व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले सुरक्षित स्थानमा बस्ती विकासका लागि आवश्यक जग्गा पहिचान गरी सङ्घीय सरकारलाई सिफारिस गर्न स्थानीय जनप्रतिनिधिलाई आग्रह पनि गर्नुभयो ।


बाँकी पृष्ठ २ मा


## क्षतिग्रस्त सडक सञ्जाल असोजभित्रै सञ्चालनको तयारी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २९ गते*

सरकारले रसुवाको भोटेकोशीमा आएको हिमबाढीका कारण क्षतिग्रस्त सडक सञ्जाल असोजभित्रै पूर्ण रूपमा सञ्चालनमा ल्याउने गरी मर्मत तथा पुनर्निर्माणको कामलाई तीव्रता दिएको छ ।

नागरिकको आवतजावत सहज बनाउन र नजिकिँदै गरेका ठुला चाडपर्वमा आपूर्ति व्यवस्थापनमा कुनै अवरोध नआओस् भन्ने उद्देश्यसहित सरकारले यो कदम चालेको हो । विशेष गरी बाढीले बढी क्षति पुर्‍याएका राजमार्ग र रणनीतिक सडकहरूमा प्राथमिकताका साथ जनशक्ति र उपकरण परिचालन गरिएको छ ।

बाढी प्रभावित क्षेत्रमा तत्काल वैकल्पिक सडकहरू सञ्चालन, तुइन र झोलुङ्गे पुल जडानलाई तीव्रता दिइरहेको सरकारले त्यो सकिएलगत्तै पक्की सडक र पुल निर्माणतर्फ केन्द्रित हुने बताएको छ । बाढीपछि रसुवाको मुख्य राजमार्ग भदौ १० गतेदेखि नै पूर्ण रूपमा अवरुद्ध छ । मैलुङ–स्याफ्रुबेँसी सडकखण्डमा बाढी तथा पहिरोको जोखिमका कारण यातायात प्रभावित भएको छ भने टोखा–छहरे सडकखण्ड (नुवाकोट) मा पहिरोको जोखिम र रात्रिकालीन समयमा सवारी आवागमनमा रोक लगाइएको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहसँग सोमबार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा भएको छलफलमा पूर्वाधार विकासमन्त्री सुनील


बाँकी पृष्ठ २ मा


# साइबर अपराधविरुद्ध साझा सङ्कल्प प्रस्ताव



तस्बिर : एआई

महिला तथा बालिकामाथि हुने बलात्कार, यौन हिंसा र साइबर अपराधका घटना नियन्त्रणमा राज्य संयन्त्रलाई प्रभावकारी बनाउन सत्तापक्ष-प्रतिपक्षका सांसदहरूको साझा सङ्कल्प प्रस्ताव ।

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २९ गते*

महिला तथा बालिकामाथि हुने बलात्कार, यौन हिंसा र साइबर अपराधका घटना नियन्त्रण र न्यूनीकरणमा राज्य संयन्त्रलाई प्रभावकारी बनाउनुपर्ने विषयमा सत्तापक्ष र प्रतिपक्षका सांसदहरू एकै ठाउँ उभिएका छन् । सत्तापक्ष तथा प्रतिपक्षका सांसदहरू सम्मिलित रहेर संयन्त्र प्रभावकारी र क्रियाशील बनाउन प्रतिनिधि सभामा सङ्कल्प प्रस्ताव दर्ता भएको छ । नेकपा (एमाले) का संसदीय दलका प्रमुख सचेतक नीता घतानी प्रस्तावक रहेको सङ्कल्प प्रस्ताव दर्ता भएको हो । प्रस्तावमा सत्तारूढ तथा अन्य विपक्षी दलका सांसदहरूले समर्थन गरेका छन् ।

घटना नियन्त्रण र न्यूनीकरणका लागि मौजुदा कानुनको प्रभावकारी कार्यान्वयन, पीडितहरूको सुरक्षा तथा पुनर्स्थापना र शीघ्र न्यायका लागि संयन्त्र आवश्यक भएको सङ्कल्प प्रस्तुत गरिएको छ । सांसद घतानीको प्रस्तावमा सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद श्रद्धा कुँवर, नेपाली कांग्रेसकी रेनुका काउचा, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सांसद बलावती शर्मा र पार्वती विकलले समर्थन गर्नुभएको छ । यस्तै श्रम संस्कृति पार्टीका अम्बिका देवी सङ्ग्रौला तथा राप्रपा संसदीय दलका सचेतक खुश्बु ओलीले प्रस्तावको समर्थन गर्नुभएको छ ।

सार्वजनिक महत्त्वको कुनै पनि विषयमा राय वा सिफारिस प्रकट गर्न तथा सन्देश वा निर्देशन दिन सङ्कल्प प्रस्ताव दर्ताको अधिकार प्रतिनिधि सभा नियमावलीले सांसदहरूलाई दिएको छ । यस्तै नेपाल सरकारको कुनै कार्य वा नीतिको समर्थन वा विरोध प्रकट गर्न वा पुनर्विचारका लागि ध्यानाकर्षण गर्न पनि सङ्कल्प प्रस्ताव दर्ता गर्न सकिने व्यवस्था नियमावलीले गरेको छ । सङ्कल्प प्रस्तावको मागअनुसार सभाले सरकारलाई सम्बन्धित विषयमा आवश्यक निर्देशन दिन सक्ने छ ।

सङ्कल्प प्रस्तावमा नेपालको संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, बालबालिकाको हक तथा महिलाको हकको अधिकार प्रत्याभूत गरेको उल्लेख छ । हिंसा तथा शोषणविरुद्धको अधिकार मौलिक हकका रूपमा सुनिश्चित भए पनि व्यवहारमा महिला तथा बालिकामाथि हुने बलात्कार, यौन हिंसा र साइबर अपराध जस्ता घटना निरन्तर वृद्धि भइरहनु गम्भीर चिन्ताको विषय भएको उल्लेख गरिएको छ ।

प्रस्तावमा भनिएको छ, "बालिका तथा किशोरीमाथि हुने यौन अपराधले उनीहरूको मानसिक, शारीरिक र भविष्यमा दीर्घकालीन असर पारिरहेको छ । अर्कोतर्फ डिजिटल प्रविधिको विस्तारसँगै साइबर बुलिङ, चरित्रहत्या जस्ता नयाँ प्रकृतिका अपराधले महिलाको सम्मान र गोपनीयतामा गम्भीर आघात पुर्‍याएका छन् ।" संविधानले प्रत्याभूत गरेको मौलिक हक व्यवहारमा सुरक्षित नहुन राज्य र समाज दुवैका लागि चिन्ताको विषय भएको प्रस्तावमा उल्लेख छ । प्रस्तावमा गृह मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयलाई सम्बन्धित मन्त्रालयका रूपमा प्रस्तुत गरिएको छ ।

दर्ता प्रस्तावमा सम्बन्धित मन्त्रीसँगको परामर्शमा सभामुखले छलफलको मिति र आवश्यक समय तोक्ने अधिकार नियमावलीले दिएको छ । छलफल भई स्वीकृत प्रस्तावलाई कार्यान्वयनका लागि सभाका सचिवले मन्त्रीपरिषद् र सम्बन्धित मन्त्रीलाई पठाउने व्यवस्था नियमावलीमा छ । स्वीकृत सङ्कल्प प्रस्तावको कार्यान्वयन गरी त्यसको जानकारी सम्बन्धित मन्त्रालयले सम्बद्ध समिति र सचिवालयलाई हरेक तीन/तीन महिनामा नियमित रूपमा उपलब्ध गराउनुपर्ने व्यवस्थासमेत प्रतिनिधि सभा नियमावलीले गरेको छ ।

पारित प्रस्तावको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको समेत व्यवस्था नियमावलीले गरेको छ । कार्यान्वयनको आवधिक रूपमा अनुगमन र मूल्याङ्कन प्रतिनिधि सभाका सम्बन्धित विषय हेर्ने समितिले गर्ने व्यवस्था नियमावलीमा छ ।

## सुरुङ क्षेत्रमा खोजी जारी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २९ गते*

भोटेकोशी बाढीपछि रसुवाका जलविद्युत् आयोजनाका सुरुङ तथा प्रभावित क्षेत्रमा हराइरहेकाको खोजीलाई तीव्र पारिएको छ ।

नेपाली सेना, आयोजनाका प्रतिनिधि तथा विदेशी प्राविधिकसहितको संयुक्त टोलीले माथिल्लो त्रिशूली–१ र त्रिशूली थ्री 'ए' जलविद्युत् आयोजनामा पावरहाउस तथा सुरुङ क्षेत्रमा खोजी जारी राखेका छन् ।

सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार त्रिशूली थ्री 'बी' मा एक्साभेटर र ब्याकहो लोडर प्रयोग गरी आवासगृह, कार्यालय भवन तथा सुरुङ क्षेत्रमा खोजी गर्दै पावरहाउसतर्फ खोजी केन्द्रित गरिएको छ । त्यसै गरी रसुवागढी, लाङटाङ, चिलिमे, माथिल्लो त्रिशूली–१, त्रिशूली थ्री 'ए' र त्रिशूली थ्री 'बी' जलविद्युत् आयोजनाका सुरुङ तथा आसपासका क्षेत्रमा खोजी जारी राखेको हो ।

नेपाली सेनाले हालसम्म हवाई माध्यमबाट मात्र चार हजार १७७ जनाको उद्धार गरिएको छ । उद्धार गरिएकामध्ये तीन हजार ८९४ जना नेपाली र २८३ जना विदेशी नागरिक छन् ।

रसुवागढी जलविद्युत् आयोजनामा आयोजनाका प्रतिनिधि तथा विदेशी प्राविधिकसहितको संयुक्त टोलीले सुरुङ तथा आयोजनाका अन्य संरचनामा खोजी गरिरहेको छ । लाङटाङ जलविद्युत् आयोजनामा ड्रोन प्रयोग गरी सुरुङभित्र खोजी गरिए पनि हालसम्म कुनै व्यक्ति फेला नपरेको सेनाले जनाएको छ । त्यसै गरी चिलिमे जलविद्युत् आयोजनामा भने खोजी कार्य थप कठिन बनेको छ ।


बाँकी पृष्ठ २ मा


# पाठ्यपुस्तक छपाइ प्रभावित

> अहिले काम नपाउँदा कर्मचारीहरू हात बाँधेर बस्नुपर्ने अवस्था आएको छ । ढिलो गरी काम आएपछि कर्मचारीलाई अतिरिक्त समयमा काम लगाउनुपर्ने हुन्छ, जसले संस्थामा आर्थिक भारसमेत बढाउँछ ।



**सूर्यप्रसाद पाण्डे**
*काठमाडौँ, भदौ २९ गते*

विद्यालय तहमा नयाँ पाठ्यक्रम लागु गर्ने कि पुरानो भन्ने अन्योलका कारण विद्यालय तहको पाठ्यपुस्तक छपाइ प्रभावित भएको छ ।

तत्काल यो अन्योलको अन्त्य नभएमा आगामी शैक्षिक सत्र २०८४/८५ मा विद्यालय तहमा पाठ्यपुस्तक अभावको समस्या निम्तिने चिन्ता बढेको छ । विद्यालय तहको पाठ्यपुस्तक छपाइ र वितरणको जिम्मेवारी पाएको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले समेत यसमा चिन्ता व्यक्त गरेको छ । विद्यालय तहमा हाल रहेको राष्ट्रिय पाठ्यक्रम प्रारूप (एनसिएफ) २०७६ को परिमार्जनका लागि सरकारले कार्यदल बनाएर काम गरिरहेको छ । कार्यदलले विभिन्न समूहमार्फत जिल्लामा गएर विद्यार्थी, शिक्षक, अभिभावक, नीति निर्मातालगायत अन्य सरोकारवाला समूहबाट पृष्ठपोषण लिइरहेको छ ।

पृष्ठपोषण सङ्कलन तथा चरणबद्ध छलफल सकेर नयाँ पाठ्यक्रम निर्माणको तहमा पुग्न केही समय लाग्न सक्छ । नयाँ पाठ्यक्रम अनुसार पाठ्यपुस्तक छपाइसम्मको चरणमा पुग्न झन कति दिन लाग्छ भन्ने यकिन छैन ।

यही अन्योलका बिच जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले पाठ्यपुस्तक छपाइका लागि आवश्यक निर्णय गरिदिन पाठ्यक्रम विकास केन्द्रलाई पटक पटक अनुरोध गरिसकेको छ । पाठ्यपुस्तक छपाइका लागि आवश्यक पर्ने मुद्रणीयप्रति (प्रिन्ट राइट कपी) पाठ्यक्रम विकास केन्द्रले दिनुपर्ने हुन्छ । मुद्रणीय प्रतिका आधारमा पाठ्यपुस्तक छपाइको काम हुन्छ ।

जनक शिक्षाका प्रबन्ध सञ्चालक यदुनाथ पौडेलले मुद्रणीय प्रति उपलब्ध गराइदिन पाठ्यक्रम विकास केन्द्रलाई अनुरोध गरिएको तर हालसम्म निर्णय नभएको बताउनुभयो । समयमै निर्णय भएर आफूहरूलाई पाठ्यक्रमको मुद्रणीय प्रति उपलब्ध गराइदिएमा पाठ्यपुस्तक छाप्न सहज हुने उहाँले बताउनुभयो ।

जनक शिक्षाले गत वर्ष साउन महिनाबाट नै पाठ्यपुस्तक छपाइ सुरु गरेको थियो । बेलैमा छपाइको काम गर्न पाएका कारण उसले प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि आवश्यक पर्ने मतपत्रसमेत छापेको थियो ।


बाँकी पृष्ठ २ मा


## 'सुझावका आधारमा पाठ्यक्रम परिमार्जन'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २९ गते*

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विद्यार्थी, शिक्षक, अभिभावक तथा स्थानीय समुदायबाट प्राप्त सुझाव र गुनासोलाई आधार बनाएर शिक्षा प्रणाली र पाठ्यक्रममा आवश्यक सुधार गरिने बताउनुभएको छ ।

मधेश प्रदेशको भ्रमणका क्रममा सप्तरीका विभिन्न विद्यालयमा पुगेर विद्यार्थी, शिक्षक तथा अभिभावकसँग प्रत्यक्ष संवाद गर्दै उहाँले विद्यार्थीले दिएका सुझाव र गुनासो शिक्षा सुधारका लागि महत्त्वपूर्ण रहेको बताउनुभयो ।

प्राप्त सुझावलाई समेटेर अहिलेको पाठ्यक्रममा आवश्यक परिवर्तन गरी नयाँ पाठ्यक्रम निर्माणको प्रक्रिया अघि बढाइने उहाँले बताउनुभयो । उहाँले काठमाडौँमा बन्द कोठामा बसेर मात्र पाठ्यक्रम निर्माण गर्ने अभ्यासलाई अन्त्य गर्नुपर्ने बताउनुभयो ।

"विद्यार्थी भाइबहिनीले दिएका सुझाव र गुनासो अत्यन्तै मार्मिक छन्," उहाँले भन्नुभयो, "प्राप्त सुझावलाई सम्बोधन गरेर अहिलेको पाठ्यक्रममा आवश्यक परिवर्तन गरी नयाँ पाठ्यक्रम निर्माण गर्ने दिशामा अघि बढ्छौँ ।" भदौ २६ गते धनुषाबाट सुरु भएको मन्त्रीसहितको टोलीको मधेश यात्रा सप्तरीको महावीर माध्यमिक विद्यालयमा पुगेर सम्पन्न भएको थियो ।


बाँकी पृष्ठ २ मा


अन्तर्राष्ट्रिय

## साउदी अरबमाथि हुथीको आक्रमण

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २९ गते*

यमनको हुथी विद्रोहीले साउदी अरबमाथि क्षेप्यास्त्र र ड्रोन आक्रमण गरेको छ । अब्हा विमानस्थललाई लक्षित गरी ब्यालेस्टिक क्षेप्यास्त्र र विस्फोटक ड्रोनहरू प्रहार गरिएको हो । साउदी नेतृत्वको गठबन्धनका अनुसार यस नागरिक विमानस्थल र वरपरका क्षेत्रमा भएका आक्रमणहरूमा परी ७३ जनाभन्दा बढी सर्वसाधारण घाइते भएका छन् । यसमा महिला तथा बालबालिकासमेत घाइते भएका छन् ।

त्यसै गरी साउदी अरबको दक्षिणी क्षेत्रमा शक्तिशाली विस्फोट भएका छन् । स्थानीय प्रशासनद्वारा सीमावर्ती सहरका बासिन्दालाई सुरक्षा चेतावनी जारी गरिएको छ । हुथी विद्रोहीले साउदी अरबको दक्षिणी क्षेत्रमा क्षेप्यास्त्र आक्रमणको नयाँ लहर चलाएको इरानी सरकारी सञ्चारमाध्यम प्रेस टिभीले सोमबार दाबी गरेको छ ।

अल जजिरा टेलिभिजनका अनुसार साउदी नागरिक सुरक्षाले दक्षिणपश्चिमी क्षेत्रका खामिस मैसुत र आभाका बासिन्दालाई एक घण्टाभित्र दोस्रो पटक चेतावनी जारी गरेको थियो । यमनको सीमासँग नजिक रहेका यी दुवै सहरमा हुथी आक्रमणको जोखिम बढेको छ ।

हुथी सैन्य प्रवक्ता याह्या सारीले साउदी अरबको सारुराहस्थित सैन्य अड्डाको हतियार भण्डार तथा कमान्ड र नियन्त्रण कक्षमा आक्रमण गरेको दाबी गरेका छन् ।


बाँकी पृष्ठ २ मा